CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम

शाहदेव सरकारको ४५ औं

शुभ-जन्मोत्सवको

उपलक्ष्यमा आर्षत्वबोध गराउने यो आर्ष वाङ्मय

जन्मोत्सव विशेषाङ्कको रूपमा स-भक्तिपूर्ण प्रकाशन

गर्ने सौभाग्यका क्षण आर्ष अनुकम्पाबाटै मिलेको हुँदा श्री ५ को

सभक्ति सुशासन, सुस्वास्थ्य र दीर्घायुष्यको मंगलमय

कामना व्यक्त गर्दछौं ।

–आर्ष वाङ्मय "त्रिवेणी" परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ स्वस्ति

वैदिक, बौद्धिक, पौराणिक, सांस्कृतिक, साहित्यिक, एवं आध्यात्मिकताले परिपूर्ण-पत्रिका

आर्ष वाङ्मय

(प्रथम पुष्प: पौष १४ शुभ-जन्मोत्सव विशेषांक)

वर्ष : १ * २०४६ * अङ्क : १

The Full of Vedic, intelectual, mythological, Cultural, literary and spritual-magazine.

प्रकाशक :

आर्ष वाङ्मय 'त्रिवेणी' परिवार

पोष्ट वक्स नं. . .   काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ ॐ श्री:

आत्मा खलु विश्वमूलम् । वेदोऽखिलो धर्म मूलम् !

"ध्रुवा द्यौर्ध्रुवा पृथिवीध्रुवासः पर्वता इमे ।
ध्रुवं विश्वमिदं जगदध्रुवो राजा विशामयम्" ॥

आकाश ध्रुव छ, पृथिवी ध्रुव छिन्, यी डाँडा काँडा ध्रुव छन् ।
दुनियाका निम्ति यी राजा ध्रुव छन्, सनातन छन्, अपरिहार्य छन् ।

—ऋग्वेद म १०। अ १३। सू १७३। मं. ४

मुकुट टोपी राष्ट्रिय ध्वज घण्टा र पटुका ।
भोटो र चोलो देवल चैत्य कैलास कुटका ।

92508

आर्ष वाङ्मय विशेषांक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जन्मदेखि मरणसम्म, सूर्योदयदेखि सूर्यास्तसम्म इहलोकदेखि परलोकसम्म जीवनका प्रत्येक क्षणका हाम्रा सम्पूर्ण क्रियाकलापलाई सनातन हिन्दू धर्मले निर्देशित गरेको हुन्छ । जन्मजन्मान्तरको पीडा जीवनमा भोग्नु पर्ने अनेक कष्टबाट मुक्त भई मोक्ष प्राप्त गर्नु नै हिन्दू धर्मले हामीलाई जीवनको लक्ष्य देखाएको छ र हाम्रो समाजलाई अनादिकालदेखि गतिमान् बनाउँदै ल्याएको छ ।

—श्री ५ वीरेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३४

ॐ २६

! कृण्वन्तो विश्वमार्यम् ! ! सा प्रथमा संस्कृतिर्विश्ववारा !

आर्ष वाङ्मय

संस्थापक एवं प्रधान सम्पादक

अर्जुन विरक्ति

डा- काँचल प्रसाद चक्रवर्ती
सम्पादक

देवी प्रसाद रश्मि
सह- सम्पादक

सल्लाहकार मण्डल

* डा. स्वामी रामकृष्ण प्रपन्नाचार्य
(प्रमुख सल्लाहकार)

सल्लाहकार

* प्रा. डा. दुर्गाप्रसाद दवाडी
* प्रा. वसन्तकुमार शर्मा नेपाल
* प्रा. डा. बाबुराम पोखरेल
* प्रा. पूर्णप्रकाश नेपाल 'यात्री'
* प्रा. शिवहरि मरहट्ठा
* प्रा. गोपालनिधि तिवारी
* प्रा. डा. देवराज पौड्याल
* प्रा. चेतोकृष्ण उपाध्याय बझाङ्गी फँयाल

* आजीवन सदस्य – रु. १७००।–
* वार्षिक सदस्य – रु. १११।–
* प्रति अङ्कको रु. ३५।८

सहयोगी सदस्यहरू

❀ वालप्रसाद शाही
❀ भीष्म जिज्ञासु
❀ योगी नरहरिनाथः
❀ डा. सन्यासी काँचलप्रसाद चक्रवर्ती
❀ वासु शशी
❀ प्रा. मोहन सिटौला
❀ गेहेन्द्रमान अमात्य
❀ शिवराज सेवक
❀ दिवा आस्थिक
❀ अनुशाही मल्लिक

प्रथम आजीवन सदस्यः- चेतोकृष्ण उपाध्याय बझाङ्गी फँयाल 'विभागाध्यक्ष' पटना विश्व विद्यालय, संस्कृत विभाग

आवरण प्रस्तुतिकरण-: 'त्रिवेणी'

आवरणकलाः- गणेश न्यौपाने 'मुनाल'

विशेषाङ्क रु. १००।८

मुद्रक : हिसि प्रेस सेतो दरबार, जमल, काठमाडौं । फोन नं. २२६-४१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"एकोवशी सर्वं भूतान्तरात्मा एकं रूपं बहुधाय: करोति"

प्रथम–खण्ड

मंगल–सूची

क्र. सं.	विषय	नाम	पृष्ठ
प्रथम	वैदिक राष्ट्रिय गीत	यजुर्वेद	ॐ
द्वितीय	मन्तव्य	सम्माननीय बडा गुरुज्यू श्री अम्बिकाप्रसाद अधिकारी	श्री
तृतीय	शुभ-कामना	माननीय शिक्षा तथा संस्कृति मन्त्री श्री परशुनारायण चौधरी	अ
चतुर्थ	शुभ-सम्मति	भू. पू. प्रधान मन्त्री श्री लोकेन्द्रबहादुर चन्द	आ
पञ्चम	शुभ-सम्मति	माननीय शिक्षा तथा संस्कृति सहायक मन्त्री श्री क्षेत्रप्रताप अधिकारी	इ
षष्ठ	शुभ-कामना	कुलपति श्री माधवप्रसाद घिमिरे	ई
सप्तम	शुभ-कामना	उप-कुलपति श्री शङ्करराज पाठक	उ
अष्टम	शुभ-कामना	डा. स्वामी श्री रामकृष्ण प्रपन्नाचार्य	ऊ
नवम	शुभ-सम्मति	प्रा. डा. शिक्षाध्यक्ष श्री दयानन्द वज्राचार्य	ऋ
दशम	प्रस्तावना तथा विषयगत उद्देश्य:	आर्ष वाङमय	ॠ
एकादश	पाठक एवं ग्राहक वर्गमा निवेदन	आर्ष वाङमय	ऌ
द्वादश	सदस्यताको प्रतीक	आर्ष वाङमय	ॡ
त्रयोदश	प्रकाशकीय	'त्रिवेणी'	ए
चतुर्दश	सम्पादकीय	प्र. सं. आर्ष वाङमय	ऐ–अं
पञ्चदश	मङ्गलाचरण	शुक्ल यजुर्वेद	अः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

वैदिक राष्ट्रियगीत

आ ब्रह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायतामाराष्ट्रे
राजन्यः शूर इषव्योतिव्याधी महारथो जायतान्दोग्धी-
धेनुर्वोढानड्वानाशुः सप्तिः पुरन्धिर्य्योषा जिष्णुरथेष्ठाः
सभेयोयुवास्य यजमानस्य वीरो जायतां निकामेश्‍नः
पर्जन्यो वर्षतु फलवत्यो न ओषधयः पच्यन्तां
योगक्षेमो नः कल्पताम् ॥ —यजुर्वेद—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य

उत्साही विद्वानहरूले आर्ष वाङमय भन्ने पत्रिका प्रकाशित गर्ने प्रयत्न गर्नु भएको थाहा पाउँदा आनन्द लागेको छ । ऋषि हामी सनातनिहरूका पुरूखा विश्व बन्धु हुनुहुन्छ । उहाँहरूका विचारहरूको मानवकल्याणकारी अति उपदेशहरूको जानकारीले जसलाई पनि लाभ हुन्छ । तिनको परिचालनले विश्वमानबको सर्वोपरी कल्याण हुन्छ । आजको भौतिकतामोहले ग्रस्त मानव समाजलाई विश्वशान्ति प्रदान गर्ने दिशाबोध कतैबाट हुन सक्छ भने ऋषिहरूको त्याग तपस्या सिद्धि, सिद्ध आर्ष वाङमयका सार्वजनीन, सार्वभौम, कल्याणकामनायुक्त उपदेशको प्रचार प्रसारबाटनै हुन सक्छ ।

ऋषि शब्दको प्रयोग प्रधानतः चार अर्थमा भएको पाइन्छ– प्राण, नक्षेत्र, तत्वद्रष्टा र मअद्रष्टा । ऋग्वेदको अति प्रसिद्ध नासदीयसूक्तमा 'आनीद वातं स्वधया तदेकं' भनिएको मूलप्राणलाई शतपथ ब्राह्मणले ऋषि मानेको छ। शतपथ ब्राह्मणले ती ऋषि को हुन् ? भन्ने प्रश्न गरेर "प्राणावै ऋषयः" भनी स्पष्ट पारेको छ । शतपथ ब्राह्मणले नै प्राणलाई वसिष्ट ऋषि, मनलाई भारद्वाज ऋषि, चक्षुलाई जमदग्नि ऋषि, श्रोत्रलाई विश्वामित्र ऋषि, मानेको पाइन्छ । प्राणरूप ऋषिहरूको वैविध्य, वैश्वरूप्पलाई सकारेर आध्यात्मिक, आधिदैविक, आधिभौतिक सबै जगतमा ऋषिहरूबाटै अनेक वृत्ति तथा प्रवृत्तिहरू चलिरहेको सत्य ठाउँ-ठाउँमा स्पष्ट पारिएको छ– "विरूपाक्ष इद् ऋषयः" ।

नक्षेत्र ताराहरूलाई ऋक्ष भन्दछन् । ऋक्षलाई नै पछि-पछि ऋषि भनिएको हो । शतपक्षको द्वितीय काण्डमा भनिएको– "सन्तर्षीनुह स्म वै पुरर्क्षा इत्याचक्षते" । ऋग्वेदका केही मन्त्रहरूमा ध्रुव, मत्स्य, अगस्त्य, वशिष्ठि आदि तारालाई लक्ष्य गरेर ऋषि शब्दको प्रयोग भएको पाइन्छ। अहिले पनि कैयन ताराहरू ऋषिहरूकै नामबाट प्रख्यात छन् ।

प्राणरूप ऋषिको, नक्षत्रात्मक ऋषिको, वेदमन्त्रहरूको तथा अतिन्द्रिय तत्वहरूको रहस्यलाई साक्षात्कार गर्ने महात्माहरू तथा त्यस्तो रहस्यको उपदेश गर्ने तपस्वीहरू पनि वेदमा ऋषि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दले अभिहित भएका छन् । वेदानुगामी परवर्ती ग्रन्थहरूमा ऋषिको महिमा स्पष्ट गरी बताइएको छ र ऋषि सम्बन्धी अनेक आख्यान उपाख्यानहरूको समेत वर्णन भएको छ । ज्ञाननिष्ठा, तपोनिष्ठा र सत्यनिष्ठा समाजमा समन्वित भएर रहेका हुन्छन् र जसलाई जहिले सुकैका र जहासुकैका कुराहरूको साक्षत्कार हुन्छ तिनलाई ऋषि भन्दछन् । ऋषिको ज्ञानलाई र सामर्थ्यलाई देश, काल आदिले छेक्दैनन् । ऋषिको वाणी सत्य हुन्छ अर्थात् ऋषि सत्य बोल्छन र ऋषिले बोलेको सत्य हुन्छ । ऋषिले परमेश्वरको साक्षात्कार गरेका हुन्छन् । उनीहरू कर्मवासनाका प्रभावले हैन, अनासक्त भावले मर्यादाका लागि व्यवहारसँग सम्वद्ध रहन्छन्; लोक कल्याणका खातिर तपस्या गरिरहन्छन् । जगतको सृष्टि स्थिति लयको कार्यमा धर्म प्रचारार्थ सदा सहायक बनिरहन्छन् । संसारमा ऋषिको महिमा अनिर्वचनीय छ ।

"आर्ष वाङमय" पत्रिकाको प्रकाशन प्रयत्न सफल बनोस् प्रकाशित यो पत्रिकाले आर्ष सत्रको प्रचार प्रसार कार्यमा सफल बनेर सेवा गरिरहन सकोस् भन्ने शुभ आशीर्वाद दिन्छु ।

! सुभम् !

— अम्बिकाप्रसाद अधिकारी
बडा गुरुज्यू

०४६ साल मार्ग २७ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ-कामना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ४५ औं शुभ-जन्मोत्सवको शुभ-अवसरमा आर्ष वाङमय, काठमाडौंले "विशेषाङ्क" प्रकाशित गर्न लागेको सुन्दा ज्यादै हर्ष लागेको छ ।

यस प्रकारको "विशेषाङ्क" प्रकाशनवाट संस्कृति, कला, साहित्य, संगीत र शिक्षा क्षेत्रमा ठूलो योगदान पुग्न जाने आशा राख्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

–परशुनारायण चौधरी
शिक्षा तथा संस्कृति मन्त्री

मिति २०४६।६।१४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ-सम्मति

"वयं राष्ट्रे जागृयाम पुरोहिता:" वैदिक धर्मश्रेयस तपोभूमि नेपालमा, आजको भौतिकवादी संसारमा, यस किसिमका क्रियाकलापहरू अतिनै समसामयिक र सराहनीय छन् । यसरी हाम्रा पूर्वजहरूको उपदेशहरूको आर्षत्व पुस्तौं-पुस्तामा अक्षुण्ण हुने छन् भने पूर्ण विश्वास लिएको छु । यस्तो वैदिक विधालाई राष्ट्र भाषामा पाउनु सौभाग्य नै मान्दछु । यसका संस्थापक एवं प्रकाशकहरूको यसप्रतिको उच्च अभिलाषालाई ईश्वरले पनि साथ दिनेनै छन् । आर्ष वाङमय पनि एउटा सुन्दर तपोवनरूपी बगैंचा बनेर सबैलाई शान्ति र सम्वृद्धि प्रदान गरिरहोस् भनेर यसका सहभागी प्रति सद्भावना प्रदान गर्दछु ।

अस्तु ।

— लोकेन्द्र बहादुर चन्द
भू. पू. प्रधानमन्त्री

मिति २०४६।८।२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ-सम्मति

'अध्यात्म विद्या विद्यानाम्'– गीतामा भगवान् श्री कृष्णबाट भनिएको पाइन्छ। अध्यात्मविद्या आत्मविद्या हो। यसको प्रकाशनको लागि– हितकारी प्रयास हुनु निश्चय नै गौरवपूर्ण कार्य मान्नु पर्दछ। त्यो पनि हाम्रा राष्ट्र नायकको शुभ-जन्मोत्सवको पुनीत उपलक्ष्यमा ! –सुनमा सुगन्ध भरिएको अनुभूति हुन्छ मलाई। पूर्वले संसारभर सधैं उज्यालो फैलाउँदै आएको छ– वाणीमा ! अब पनि– वैदिक संस्कृतिको प्रकाश फैलाउन गरिएको सत्कार्यबाट राष्ट्र र विश्वकै निम्ति ठूलो योगदान हुनेछ भन्ने विश्वास मलाई छ। यसैले आर्ष वाङ्मय फलोस् फुलोस् र नेपालको फुलबारी मगमगाओस् भन्ने पवित्र कामना सहित चेतनाको ज्योति झलमलाउनेहरूप्रति कृतज्ञता व्यक्त गर्छु।

–क्षेत्रप्रताप अधिकारी
शिक्षा तथा संस्कृति सहायक मन्त्री

मिति २०४६।९।२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ-कामना

आर्ष साहित्य हाम्रा ऋषिमुनिहरूको अन्तर्दृष्टिबाट प्रादुर्भूत साहित्य हो । जीवनलाई धर्म, अर्थ, कार्य र मोक्षका चारै आयामबाट हेर्ने हाम्रो आर्ष साहित्य आदर्शवादी साहित्य मात्र नभएर जीवनवादी साहित्य पनि हो र हाम्रो जीवन दर्शन यसैबाट निर्मित बनेको छ । यसले प्रतिपादित गरेका मूल्य र मान्यतालाई मनन गर्नु र समयानुकूल संवर्द्धन गर्नु आज अत्यन्त आवश्यक छ यस आवश्यकतालाई आर्ष वाङमय नामक पत्रिकाले परिपूर्ति गर्ने छ भन्ने आशा राख्तै यसको निरन्तर सफलताको निम्ति शुभ-कामना अर्पित गर्दछु ।

–माधवप्रसाद घिमिरे
कुलपति
नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

मिति २०४६।६।१ गते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ-कामना

श्री ५ महाराजाधिराज सरकारको ४५ औं शुभ-जन्मोत्सवको महान उपलक्ष्यमा "आर्ष वाङमय" नामक धार्मिक त्रैमासिक पत्रिकाको प्रकाशन प्रारम्भ हुन लागेकोमा हर्षको अनुभव भएको छ। विश्वको एकमात्र हिन्दू अधिराज्य हाम्रो देशमा एक स्तरीय प्रकाशनको आवश्यकतालाई यस पत्रिकाले पूरा गर्नेछ भन्ने ठानेको छु।

हाम्रा ऋषिमुनिहरूले विभिन्न किसिमका अमूल्य र उपयोगी ग्रन्थहरूको निर्माण गर्दै गए। यिनै आर्ष वाङमयद्वारा प्रतिपादित एवं निर्देशित कतिपय विषयहरू त्यस बेलाको लागि उपयुक्त थिए भने कैयौं विषयहरू वर्तमान समयमा पनि सार्वभौम सत्यको रूपमा अनुशीलन गर्न लायक छन्। यस कारण आर्ष वाङमय आजको सन्दर्भमा पनि जीवन्त छ। यही आर्ष वाङमयको आधारबाट नै हाम्रो आर्यजातिको इतिहास हजारौं हजार वर्ष लामो छ र हाम्रो सभ्यता र संस्कृति पनि विकसित एवं व्यापक हुँदै आएको छ।

हाम्रा हिमालय, हिमनदीहरू, विभिन्न विस्मयकारी गुफाहरू र प्रकृतिको आफ्नै किसिमको बनौट र विशेषता, राजतन्त्रको सुदीर्घ झै उज्वल इतिहास र देवी देवताका प्राचीन मन्दिर तथा अमूल्य प्राचीन ग्रन्थहरूको कारण नेपाल अधिराज्यले आर्ष वाङमयलाई अहिले पनि सुरक्षित एवं सम्वर्धित गर्दै आएको छ भन्न सकिन्छ। आर्ष वाङमयको यस उर्वर पृष्ठभूमिमा यस पत्रिकाको प्रकाशन निश्चय नै उत्साहप्रद कुरा हो। यस प्रकाशनको उत्तरोत्तर प्रगति हुँदै जाओस् भन्ने हार्दिक शुभ-कामना व्यक्त गर्न चाहन्छु।

–शङ्करराज पाठक
उप-कुलपति
त्रिभुवन विश्वविद्यालय

मिति २०४६।९।५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ-कामना

"आर्ष वाङमय" विश्वको एकमात्र हिन्दूराष्ट्र नेपालको एकमात्र प्राचीन निधि हो। प्राचीन ऋषिहरूले सङग्रह गरेका समस्त ग्रन्थ राशिलाई आर्ष भनिन्छ। अथवा 'ऋषिणा प्रोक्तम् आर्षम्' ऋषिले भनेको वा रचना गरेको सङग्रह गरेको संहिता, ब्राह्मण, आरण्यक पुराण, रामायण, महाभारत आदि समस्त वाङमयलाई हामी आर्ष वाङमय भन्छौ। वाङमय शब्द पनि उत्तिकै महत्त्वपूर्ण अर्थ गाम्भीर्य र रहस्यले भरिएको छ। वाङमय शब्दको अर्थ विशेष रूपले 'वाचः प्राचुर्य वाङमयम् वा वाङमयः, ऋषिहरूको वाणी राशीको आधिक्य भएको हुनाले नै वाङमय भनिएको हो। सामान्यतया 'आर्ष वाङमय, शब्दको अर्थ प्राचीन ऋषिमुनिहरूद्वारा निर्मित साहित्य हो।

आर्ष वाङमय, पत्रिकाको उद्देश्य पनि यही हो। सम्पूर्ण प्राचीन वेद शास्त्र पुराण आदि ग्रन्थहरूको सार या अनुवाद गरेर जनता तथा राष्ट्रको सेवा नै 'आर्ष वाङमय' ले आफ्नो चरम-उद्देश्य ठानेको छ। आर्ष वाङमयको यथार्थ बोध नभएको हुनाले हाम्रा भविष्यका सन्तान दिशा शून्य भएका छन्। यस परिस्थितिमा आर्ष वाङमय पत्रिकाले यथार्थ दिशा बोध गराएर समाजलाई यथार्थ आर्य हिन्दू वाङमयको ठूलो उपकार गर्नेछ। यस्तो पत्रिकाहरूको नितान्त आवश्यक छ। आर्ष वाङमयले पनि राष्ट्र सेवामा टेवा पुर्‍याउने छ भन्ने विश्वाससाथ प्रमुख सल्लाहकारको हैसियतले म शुभ-कामना व्यक्त गर्दछु।

–डा. स्वामी प्रपन्नाचार्य

मिति २०४६।४।२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ-सम्मति

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ४५ औं शुभ-जन्मोत्सवको सन्दर्भमा विशेषाङ्कको रूपमा हाम्रो पूर्वीय वैदिक संस्कृति र आर्ष वाङमय जस्तो धार्मिक पत्रिकाको प्रथम प्रकाशन हुन लागेकोमा सहर्ष हार्दिक स्वागत गर्दछु ।

विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा अवस्थित ऋषि-महर्षिहरूको तपोः भूमिको रूपमा प्रसिद्ध भएको एक मात्र हिन्दू अधिराज्य नेपालको वैदिक कालदेखि नै आफ्नै विशिष्ट स्थान रहँदै आएको छ । यस पृष्ठभूमिमा यस हिन्दू राष्ट्रका प्रत्येक मानव समाजवाट राष्ट्रको संस्कृति र वैदिक सनातन धर्मको जगेर्ना गर्दै राजमुकुट, राजा र प्रजाको संरक्षणगर्न बौद्धिक क्षेत्रबाट यी विद्वानहरूले आर्षत्वको महत्वमा ठूलो योगदान दिने छन् र यस संगको प्रक्रियालाई धारण गर्न गराउन आध्यात्मिक एवं वैदिक क्षेत्रमा महत्त्वपूर्ण कदम चालेको मान्नु पर्दछ । यस्तो महत्त्वपूर्ण विधालाई लिएर 'आर्ष दर्शनको, रूपमा प्रस्तुत हुने यो "आर्ष वाङमय" प्रकाशनलाई पूर्ण सफलताको कामना गर्दै मेरो अन्तर हृदयदेखि शुभ-सम्मति दिन चाहन्छु ।

—प्रा. डा. दयानन्द वज्राचार्य
शिक्षाध्यक्ष
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति २०४६।६।७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्ष वाङ्मय

प्रस्तावना:-१

आर्ष वाङ्मय- "ब्रह्माण्डको वैदिक एवं आध्यात्मिक वगैंचा भित्र राष्ट्र, राष्ट्रियता, भाषा, साहित्य, कला, कलाकारिता, साँस्कृतिक, धार्मिक सामाजिक र नीतिशास्त्रका प्रक्रिया भित्र नै ब्रह्माण्ड अडेको हुन्छ, प्राणी बँचेको हुन्छ र देश अटाएको हुन्छ।"

आर्ष वाङ्मय- चराचर ब्रह्माण्डमा, ऋषिमुनिहरूको साझा बगैंचा हो। ऋषिमुनिहरूको भाषा र भावनाका प्रकाशमा आधुनिक समाजलाई दिग्दर्शन दिदै भौगोलिक पृष्ठभूमि हिमालय, पृथ्वी, सूर्य, पशुपतिनाथ, दुर्गा, ३३ कोटी देवी देवता, ८८ हजार ऋषिमहर्षि मुनिश्वरादिहरूको जन्म, कर्म, तपो: भूमि नेपाल: वेद देश हिमालय:, ऋषिदेश, शिवदेश, उत्तरापन्थको परिमार्जित भाषामा परिमार्जित भावना दिनु आर्ष वाङ्मयको मूल कर्तव्य रहेको छ।

त्यसैले चरित्र निर्माणमा राष्ट्रका शाश्वत: मूल्यहरूको जगेर्ना गर्दै आजको परिप्रेक्षमा (साम, दाम, दण्ड, भेद, असत्य, कपट, द्वेष, द्वेषी, अशान्ति, लोभ, मोह, भय, अहङ्कार र कलङ्कका कतिपय विवस्यताका कारणले) प्राणीपक्षवाट आध्यात्मिक चिन्तनको अभिव्यक्ति नहुँदा आर्ष वाङ्मयको स्तर दिन प्रतिदिन घट्दै गएकाले, राष्ट्रका शाश्वत: मूल्य धर्म संस्कृति- "वैदिक सनातनधर्मको" संरक्षण र सम्बर्द्धन गर्दै आध्यात्मिक चिन्तनको दिशावोध गराउन र प्राणीको उत्थानका साथै देशलाई उन्नत अभिवृद्धि गराउन विश्वमा एकमात्र हिन्दू राष्ट्र नेपालको बौद्धिक क्षेत्रवाट पौराणिक गरिमामय, सार्वभौमिक अखण्डताको प्रक्रियालाई धारण गर्दै सञ्जीवनी र दर्पणको रूपमा प्राणीमात्रका लागि यो आर्ष वाङ्मय- पत्रिका प्रकाशन गर्नु परेको हो। यसले आध्यात्मिक दिशावोधमा पूर्णदक्षताको रूपमा प्रतिनिधित्व गर्दै सेवा गरिनै रहने लक्ष्य पूर्णरूपले लिएको छ।

विषयगत उद्देश्य:-२

(अ) ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद सम्बन्धी दिशाबोध गराउन वेदका ऋचाहरूलाई नेपाली भाषामा अनुवाद गरी प्रकाशनमा ल्याउने।

(आ) भक्तिज्ञान, वैराग्य धर्म र सदाचार सम्बन्धी आध्यात्मिक चिन्तनमा शाश्वत: कल्याणको पथ-प्रदर्शन गराउने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(इ) भगवत्-भक्ति कर्मयोग, धर्मयोग र तत्वमासमा, राष्ट्रसेवा, विश्वशान्ति, वैदिक धर्म संस्कृति र चरित्र निर्माणमा कर्मयोगको साधनालाई प्रकाशन गर्दै लैजाने ।

(ई) ऋषि, महर्षि, देवर्षिहरूका क्षेत्रमा वैदिक चर्चा गर्दै लैजाने ।

(उ) धार्मिकस्थल, मठ, मन्दिरहरूको शीलाभिलेख, ताल, तलाउ र घाटहरूको परिचय दिंदै प्रकाशनमा ल्याउने ।

(ऊ) वनस्पति, आयुर्वेद, (अश्विनी कुमार, धन्वन्तरी) सम्बन्धी प्रकाशन गर्दै लैजाने ।

(ऋ) पौराणिक कालमा धर्म प्रतिको आस्था, चाँहना, पथ– परेजका वैदिक प्रक्रियाहरू र धार्मिक सन्धिहरूलाई क्रमशः प्रकाशन गर्दै लैजाने ।

(ॠ) वेद, उप-वेद, पुराण, उपनिषद् शिवपुराण, १८ पुराण आदि र कथा, उपकथा, स्मृति, श्रुति, समेतका सम्बन्धमा प्रकाशन गर्दै लैजाने ।

(लृ) देवी महीमामा चारै युगमा दैविशक्ति र हाम्रा आराद्य देव देवीहरूका सम्बन्धमा प्रकाशन गर्दै योगाभ्यास सम्बन्धी दिशाबोध गराउँदै जाने ।

(ॡ) लोक साहित्य र लोक संस्कृतिका उक्तिहरूलाई प्रकाशन गर्दै लैजाने ।

(ए) ॐ शब्दाक्षरका सर्वोधर्म र बुद्ध आदि धर्मको चर्चा परिचर्चामा प्रकाशन गर्दै लैजाने ।

(ऐ) वैंदिक सनातन धर्ममा आधारित नाम आदि भएका देशहरू समेतको जानकारी दिलाउँदै जाने ।

(ओ) पञ्चतत्व आदि, जलचर, थलचर, नभचर, स्थावर जंगम, जीवादि किट, पतङ्गका महत्त्वबारे आध्यात्मिक दिशाबोध गराउँदै लैजाने ।

(औ) आर्ष भेष भूषा सभ्यता, कला-कौशलता, देवी देवताको मुकुटको महत्त्व र मुकुटमा भिन्नता सम्बन्धी वैदिक जानकारी दिलाउँदै, आराद्य देव देवीहरूको रूप, वाहन आदिको महत्त्वमा प्रकाशन गर्दै लैजाने ।

(अं) पौराणिक ज्ञान, विज्ञान, नवरस, गृहस्थजीवन र अद्वैत पथ– प्रवर्तक तथा दार्शनिकहरूको दिशाबोध गराउँदै बलिप्रथा, जुठो, सूतक र कर्मकाण्ड आदिलाई यथार्थ परिमार्जन गर्दै वैदिक एवं आध्यात्मिक मार्गदर्शन दिंदै जाने ।

(अः) सत्य, नेत्रा, द्वापर र कलियुगमा धार्मिक, आर्थिक, सामाजिक र नीतिशास्त्रका प्रक्रिया सम्बन्धी विवेचना गर्दै उपरोक्त सम्पूर्ण विषयमा पथ-प्रदर्शन गर्ने र गर्दैजाने "आर्ष वाङमयले प्रमुख उद्देश्य लिएको छ ।"

! अस्तु !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ तत्सद्ब्रह्मणे नमः

पाठक एवं ग्राहक वर्गमा निवेदन

— नियममा लेखेका कुराहरू समय-समयमा हेरफेर तथा थपघट गर्न सकिने छ।
— यस पत्रिकाको नामबाट पूर्व स्वीकृति बेगर कसैबाट कुनै प्रकारको दान, उपहार, चन्दा, व्यापार, व्यवसाय आदि आधिकारिक व्यक्ति वाहेकले गर्न पाउने छैनन्। तर आर्ष वाङमय सम्बन्धी साहित्यिक, ऐतिहासिक, वैज्ञानिक, कलात्मक कार्य गर्न सक्ने छन्।
— यो पूर्ण धार्मिक (वैदिक) पत्रिका हो। यसर्थ यो धार्मिक विधि अनुसार पनि सम्बद्ध छ।
— प्रकाशित सामाग्री शास्त्र अनुसार तथा लेखकहरूको लेख रचनाहरू अनुसार रहने हुँदा निजहरू नै यसका सबै प्रकारका सामुहिक जवाफदेही हुने छन्।
— यसका प्रकाशन देश विदेशमा पनि बिक्री वितरण समेतमा ग्राह्य हुने छन्।
— यो न्यायोचित सहयोगलाई स्वीकार्दछ।
— उद्देश्य अनुरूपका लेख रचनाहरू पठाउँदा विषय अटाएको, छोटो, मिठो, सुपाच्य, शुद्ध, सफा किनाराछोडी एकातर्फमात्र लेखिएको वा टाइप गरी नाम, ठेगाना खुलाई पठाउनु पर्ने छ।
— संस्कृत, नेपाली र अंग्रेजी भाषाका रचनाका सामाग्रीहरू पनि अनुवाद वा मूल भाषामै प्रकाशन गर्ने लक्ष्य छ।
— तीन अङ्कसम्म पनि रचनाहरू प्रकाशित नभएमा अस्वीकृत भएको संझनु पर्ने छ। अस्वीकृत रचनाहरू फिर्ता गर्ने व्यवस्था छैन।
— रचनाहरूका लागि नियमानुसार पारिश्रमिक दिइने छ। पारिश्रमिकको लागि स्वयं लेखक वा पत्यारिलो व्यक्तिलाई प्रमाणित गरी पठाउनु पर्ने छ। यस्तो रकम समेत ३ महिनाभित्र भुक्तानी लिई सक्नु पर्ने छ। म्यादभित्र भुक्तानी नलिएमा कोषको लागि २५% कटाई एक वर्षसम्म भुक्तानी दिइने छ। सो पछि रकम पत्रिकाको सम्पति मानिने छ।
— वेद लगायत उपनिषद् आदि, महत्त्वपूर्ण ग्रन्थ वा सो संग सन्दर्भित सामाग्री उपलब्ध गराउने सहयोगी सदस्यलाई एक अङ्क पत्रिका उपलब्ध गराई परिचय प्रकाशित गरिने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

– शुलभ तरीकाले पत्रिका उपलब्ध गराउने यथोचित व्यवस्था गरिने छ ।

– आर्थिक र अन्य सहयोग प्रदान गर्न चाहेमा स्वयं उपस्थित भै वा अन्य प्रचलित प्रावधान अपनाउन सकिने छ ।

– ठेगाना परिवर्तनको जानकारी म्याद भित्रै दिनु पर्ने छ । पुरानै ठेगानामा पत्रिका गएमा आर्ष वाङमय जिम्वेवार हुने छैन ।

– पत्रिकालाई अरु गहन, उत्तम सामाग्रीयुक्त बनाउन यथोचित सुझावको स्वागत गर्दछ ।

– हुलाक खर्च व्यहोरिने छैन । पत्रिकाको लागि धनादेश (मनि अर्डर) गर्नु पर्ने छ ।

– यसको सबै प्रकारको अधिकार संस्थापक (त्रिवेणी) मा सुरक्षित छ । अन्य अधिकार तोकिए तथा प्रत्यायोजन बमोजिम हुनेछ । यसरी तोकिएका तथा प्रत्यायोजित अधिकार संस्थापकहरूले जुनसुकै समयमा फिर्ता लिन सक्ने छन् ।

! इति !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक बौद्धिक, पौराणिक, सांस्कृतिक, साहित्यिक, एवम् आध्यात्मिकताले परिपूर्ण पत्रिका

आर्ष वाङ्मय

२०४६

काठमाडौं नेपाल

नामः-

ठेगानाः-

सदस्य सं. पो.ब.नं.

सदस्यताको किसिम्

मितिः- बाट सम्म

AARSHA VAANMAYA, RELIGIOUS MAGAZINE

सदस्यता

आजीवन सदस्य – १,७००।–

वार्षिक " – १११।–

(सदस्यहरूको आ-आफ्नै महत्त्व र विशेषता रहने छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

''असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय''

प्रकाशकीय

उत्तरापन्थको अलौकिक र दिव्य साहित्यिक सम्पदाको रूपमा वेदको महत्त्व अक्षुण्ण तथा अविनाशी छ । यस्का ऋचाहरूमा ओजपूर्ण एवं तेजोमय सन्देश ज्ञान र विज्ञानले परिपूर्ण छ । यही हाम्रो निधि हो । यसैमा गर्व र गौरव गाथा पनि छ । यिनै वेद (आर्ष वाङमय) सँग सम्बन्धित अनेकौं शास्त्रहरूका विषयमा परिचय, व्याख्या, स्थिति आदि विषय नेपाली भाषाका पाठक, जिज्ञासु र विद्यार्थीहरूलाई खट्किदो अभावमा उपयोगी ज्ञानवर्धक सहयोग पुऱ्याउने विश्वासमा प्रस्तुत आर्ष वाङमयको नामले सबैको समक्ष राखेका हौं ।

यो सम्पूर्ण मावनका अन्तस्करणले आकृष्ट भावका पूजारीहरू समान छ । किनकि यस्का लेख, रचना, अनुवाद पाठकको परीक्षामा विश्रान्ति पाउन कति सफल हुने हो, महत्त्व र उपयोगिता तिनै आत्मामा सजाउन दिएका छौं ।

यसले साधारण पाठक र विद्यार्थीहरूलाई उपयोगी र ज्ञानबर्धक तिता मिठा स्वाद दिने विश्वास गर्दछौं । प्रायः वेद के हो ? भन्ने जिज्ञासा राख्नेहरूका लागि अझ वेद, व्याख्या, ऋचा र विशदताका परिचयहरूले नौलो फूल फुलाउने छ । श्रम र निष्ठा पूर्वक यसलाई पत्रिकाको रूप दिइएको हो ।

आशा छ; प्रायः लुप्तहुने परिस्थितिमा गुज्रिएका हाम्रा आर्ष मूल ग्रन्थहरू समेतले यसमा प्रथम स्थान पाएको छ र अझ यसको खोज, विश्लेषण, परिचयका शृङ्खला क्रमबद्धता पूर्वक, संस्थागतरूपमा स्थायित्व दिई पाठक, जिज्ञासु र सबैमानवलाई अभिनन्दन गरिनै रहन्छ ।

इतिः

–त्रिवेणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुखमस्यात्मनो रूपं सर्वेहोपरतिस्तनुः

सम्पादकीय

अति प्राचीन मन्त्रार्थ भावमा अधिदैविक, आध्यात्मिक, आधिभौतिक अधियज्ञिय तथा इन्द्रले भरद्वाजलाई "वेदा वा एते: अनन्त वै वेद: (तै. ब्रा. ३. १०. ११. ३) यो वेद हो। वेदराशि अनन्त छ भनेर बताए झैं अशान्त घोडा शान्त गर्न सफल अथर्व वेद सहित अनुभूति, अभिप्राय र शब्दहरूमा; प्रकृति: मनुष्य, प्राणी, समाज, यज्ञ अनुसार चेष्टामा; प्रत्येक कल्प सम्वत्सर मन्वन्तरादिमा याज्ञिक, तान्त्रिक, आध्यात्म, सत्यविद्या, राष्ट्रवाद, रहस्यात्मक अनुभूति जस्ता विशेष दृष्टिमा भास्य आए। नाचिकेताका प्रश्नहरू झैं ब्राह्मणकालका विचार, विवादहरू, गोपथ ब्राह्मणहोस् वा पाश्चात्य विज्ञ। तर पनि ब्राह्मण, निरुक्त, उपनिषदहरू वेदलाई अनादि, अपौरुषय भएको अभिमत गर्दछन्।

यो ज्ञान भण्डारको अमूल्यता कालान्तरहरूमा नयाँ क्षितिज नआएको उत्तर वैदिक शास्त्र समेतले वताएकै हुदा भीन्नता भेदबाट नेपथ्यतीर जान नदिई यो गुप्त धनलाई दयानन्द, मैक्समूलरको प्रयास झैं खनी खोस्री उपभोग गर्ने क्रममा धर्म, अर्थ, काम, मोक्ष तथा स्त्री-पुरुष, विद्यार्थी, बिशेषज्ञ, पाठक, जिज्ञासु, प्रथा र प्रमाणका शासक भएर रहेका छन्।

तपस्या, ब्रह्मचर्य, साधना हिनले वैयक्तिक जीवन भ्रमपूर्ण र असफल बन्दछ। राष्ट्रको उन्नति, पदको दर्शन गराउन यिनै नियमको अनुशीलन, अभ्यासको प्रचण्ड आवश्यकतालाई तैतरिय आरण्यकको– "सत्यमिति सत्यवचा राथीतरः। तद्धि तपस्पद्धितयः" र पतञ्जली योग दर्शनको यम नियमले अनुमोदन गर्न अनिवार्य बनाएकै छ।

यस्तै-यस्तै विविध अनिवार्यताले हाम्रो जिज्ञासा यी अमूलनिधिका श्रोत (आर्ष वाङमय) वेदका सांख्यायन स्वरूपको विनम्र परिचय दिई अनन्तलाई संकेतको संकेतसम्म गरिएको छ। स्वर, व्यञ्जन र अङ्कको १ र ० को अध्ययन समाप्त गर्ने मानव इतिहास नभए पनि ज्ञातालाई सामान्य लाग्न सक्छ। सामान्यलाई सामान्यतर्फ दैवी गुप्त विद्यालाई सरल र सरस बनाउने यो प्रयासको होस्टेको जमर्कोलाई पाठक महोदय एवं सबै मानवहरूले हैंठे मिलाउने छन्। जसवाट रूचि राख्नेहरूलाई सहयोग पुग्ने पूर्ण विश्वास पनि लिएका छौं। यसका प्रस्तावना, उद्देश्य र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामाग्रीको प्रस्तुति सरल, सुपाच्च र ज्ञानवर्धक बनाउने प्रयत्न रहेर पनि कहीं कतै तारतम्य चिप्लिएको भए सुझाव र सुधारले नयाँ क्षितिज उदाउने संकल्प बन्दछ। किन्तुः मौलिकता, यथार्थता र सन्दर्भले विचारका परिहार गरिएतर्फ पाठ्य सामाग्रीले बताउने नै छन्। आर्ष वाङ्मयको अवनतिलाई सर्वोत्तम समुन्नतिबाट जनजीवनमा क्रियासील सहयोग पाउन र पुऱ्याउँन उपयोगी तथा दृढ विश्वास भएर नै समयको अन्तरालमा बदलिएका ध्वनि प्रतीकहरू वार्णिक वा व्याकरणीक पुस्तामा परंपरासार्ने कार्य उद्देश्य, प्रस्तावनाको लक्ष प्राप्त गर्ने दृढ संकल्पले हाम्रा महान आदरणीय पूर्वजहरूको वैदिक, धार्मिक, भूगोल, भाषिक, समयका पक्षलाई अनवरत मार्गदर्शन गर्न लामो समयसम्मको सम्पर्क कायम गराउन, सामन्जस्य कायम गर्न, सनातनदेखि चलि आएको धर्मको अवलम्वनमा व्यापक दृष्टिकोण र साझा प्रोत्साहन पुऱ्याउने प्रयास हो।

श्रुति, स्मृति जस्ता कालन्तरहरूनै आवश्यकता, आविष्कार र शान्ति विकासकी जननीं हुन्? आर्ष वाङ्मय एकैकालको हो? वैदिक शास्त्र के के थिए? विकासक्रम र कारण के हो? दैवहरूले नै यस्ता ग्रन्थ मनुष्यलाई दिए? आदि-आदि तर्कको बूता भन्दा पर भएकाले आशा, जिज्ञासा, प्रतीक्षा, भ्रान्ति र चरणव्यूहहरूको फन्दाबाट मुक्त गर्ने स्वयं परमेश्वर नै हुन। यो विश्लेषणपूर्वक गरिने समान बौद्धिक बोधमै प्रशिक्षित र प्रतिष्ठित छ।

वैदिक प्रज्ञाको शब्द, भाव, संकेत, उत्कटरूप र उत्प्रेरित एवं जीवन्त उपदेशको उपादेयता प्रत्येक मानव आत्मामा आस्थाको उज्यालोको अनुभव हुने– सत्य न्यायको वास्तविक व्रत, मनन र पालनाको बाटो बिराउँदा विविध दूर्वलता आउँदछ। के यस्तै दूर्वलतावाटै आदि सभ्यता र संस्कृतिको इतिहास आज सबैको मूक्ति मार्ग भएको हो त? नभए आसावाद नैतिक आस्था, आध्यात्मिक गरिमा वेदबाटै अनुस्यूत छ भन्न सकिने थिएन। जो सशक्त मानवतावादी, नैतिक, शिक्षा, प्रेरणास्पद बिश्वास खानीमात्र नभएर देश व्यक्ति, उर्जस, वर्चस भद्रता र श्रेयस् प्रदान गर्ने सत्य एवं जीवन्त रहन योग्य पनि हुने थिएन।

यस्तो हाम्रो धर्म, संस्कृति वैदिक भए पनि उच्च शिक्षा हासिल गर्नेलाई पनि जिज्ञासा आँउन सक्छ। यस्तै जिज्ञासाको उपज आर्ष वाङ्मय, समकक्ष र कौतुहलता, संस्कृत सम्वन्धी ज्ञान परिज्ञान, अध्ययनादिमा अल्झनु पनि पर्दछ। यसर्थ राष्ट्रिय भाषामा थोरै भए पनि जानकारी दिने प्रयासबाट वलशान्ति महत्त्वाभिज्ञापन तर्फ डोऱ्याउने यिनै वाङ्मय हुन्। जसलाई अनुशिलन, सत्यसत्ता, वैदिक देवतावाद आदिको बहुमूल्य निस्कर्ष र जानकारी व्यक्त, अव्यक्त संकेतसाथ स्पष्ट पार्ने कोसिस हो। विराटरूपको प्रेरणादायी उदघोष, उपलब्धी, विवेचनको विविध अध्यायलाई मिठो समन्वयकारिणी प्रक्रियामा प्रस्तुति गर्ने छ। यो "यस्मिन वेदाः निहिता विश्वरूपाः अथर्व ४–३५–६" बाट वेद विश्वरूप भएको तथा वैदिक वाङ्मय परमेश्वरको निःश्वास हो। वृ. दा. २.४.१० तर कल्प-कल्पान्तरमा वैदिक महत्ता आर्थिक, सामाजिक, धार्मिक,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सांस्कृतिक, नैतिकादि परिहासमा सजिनुको वदला उपेक्षा, अपहेलना, तर्कले आ-आपना सुविधामुखि स्वभावमा अपनाउनाले मुक्त कण्ठको स्वीकार वदलिए। तत्त्वहीन शब्द आडम्बरको काफि वाल्यबुद्धि, साहसको विकासले नितान्त उदासीन, अशान्त, अनाचार दुराचार, अतिरञ्जित, कल्पना शब्द जालको आश्रयमा मानवहरू जादैछन् । यसैले मनुष्यलाई दैवी र अन्तरिक्ष लोक पनि जिज्ञासानीय वन्दै छ। जो परवर्ती वैदिक, यज्ञिक, धार्मिक साहित्य आजको निष्कर्ष र अवलोकनमा चौध छन्दहरू (१४ विद्या ६४ कला) मा परिश्रमपूर्वक ज्ञानभूतिमा आउन सकेका छैनन् ।

सबै आचरण, शिक्षा, धर्म, नीति, अर्थ, काम, मोक्षको अध्ययन मनन् र पालन प्रत्येक व्यक्तिमा उम्रन सकेमा व्यक्ति समूह परिवार, परिवार समूह समाज र समाज समूहको राष्ट्र, राष्ट्र समूहको यो चराचर जगत आसै आसको भण्डार, विकासै-विकासको नादहरू गुन्जन्थे। यो शिव (असल) प्रत्यय महत्त्वपूर्ण, अन्तिम, यथार्थ, अमूर्त प्रत्यय कल्पनामात्र कदापि होइन । वरु मूल्य मिमांशात्मक शब्दको उपस्थिति हो । जो नैतिक तत्त्वले प्रतिस्थापित छ । आजपनि सत्य भोलि पनि सत्य छ। तर आधुनिक विज्ञान दर्शन एकत्व प्रमाणवादी, निरपेक्षतावाद विरुद्ध प्रतिक्रिया आउँछ । यसरी नै प्राचीन देव विद्या पुनर्व्याख्या, प्रक्रिया, घटना र इतिहासको शब्दमा जादैछ । अस्थिरता विविधता एवं परिवर्तनको प्रतिविम्व वन्दै छ । तब व्यक्तित्ववादी, तार्किक र अमूर्त अवधारणाका श्रस्टा सम्प्रादयगत दृष्टिकोणले मात्र हामी देववादी आस्थिक वन्दैनौं । वरु समन्वित सामाजिक जीवन र सन्तुलित दृष्टिकोणको निर्माण वेदले नै आधुनिक उत्तम रूपान्तकारी आधारभूत नागरिक र नैतिक शिक्षा चाहने सामाजिक विज्ञानको संसारमा प्रदान गर्न सक्दछ । जो दृश्यप्रपञ्चात्मक सामान्यीकरणमा बाँच्दछन् ।

किनकि नैतिक शिक्षाका लागि बुद्ध, शङ्कराचार्य, इशामसिह, महावीर,नानक, गान्धी, कान्ट आदिले ठूलो प्रेरणा ल्याए तर पूनर्रचना भएन। तथापि इदंमे ब्रह्म च क्षत्रं चोभे श्रियमनुस्ताम् । यजु ६३०–२–१६ र ब्रह्मचर्येण राजा राष्ट्रं विरक्षति अथर्व– ३–५–१६ अनुसार अनुशासन आत्मा संयमको नैतिक संहिताको अनुर्वातित्ववाट राजा र राष्ट्रको रक्षा हुन्छ । यसको लागि मानव जीवनका उर्ध्वगामी यात्रा पार्थिव भोगवाट मानसलोक, अन्तरिक्षवाट देवलोकको लौकिक ज्ञानजगतवाट ब्रह्मज्योतिक्षत्रमा पुग्नुमा रहनु पर्दछ । किनकि– "पवमानो अजिजनद दिवश्चित्रं न तन्यतुम् । ज्योति-वैश्वानरं वृहत ।" साम सं ४०४।। "यत्र ज्योतिरजश्रंम् यस्मिन्लोके स्वर्हितम् । तस्मिन् मां वेहि पवमानाऽमृते लोके, अक्षित इंद्रायंदो परिश्रव"। ऋक ९–११३–७ ले पनि ईश्वरद्वारा प्रस्फूटित दिव्य प्रकाश जो जनमानसमा सत्यासत्य विवेकको क्षमता स्थापित हुन्छ । यसैवाट साधक अखण्डज्योति वन्ने संकल्प गर्दछ । बन्दना गर्दछ । परमलक्ष प्राप्त गर्दछ । वैश्वानर ज्योतिबाटै विश्वका मानव विश्व कल्याण गर्दछन् आदि ।

यस्तो अखण्ड सत्य संकल्पतर्फ निर्देश गर्ने वैदिक शास्त्रहरूको समूह वाचक भित्रैको सरल रूप प्रदान गर्ने जमर्को यो हो । त्यसभन्दा भिन्न पनि होइन । वरु अनुकरण हो । किनभने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"हरि ॐ पुरुष सहस्राक्ष: सहस्रपात" ऋक मं- १०- सू ९० बाट सृष्टिको आदिकारण अथवा महापुरुषको हजारौं मस्तक, हजारौं आँखा र हजारौं चरण भएको ज्ञात हुन आउँछ। यस्तै ऋक मं. २ सू. ३ को रात (रात्री) र उषाको कालस्वरूप फैलिएको धागोबाट वस्त्र बन्ने उल्लेख तथा वलकल (रूखको बोक्रा) को हो ! दुवै उत्तिकै शसक्त छन्।

यसरी भौतिक र उपल्लो गति संगै हे पृथ्वी तिम्रा पहाड र हिमाच्छादित पर्वत, अरण्य प्रसन्नदाय छ। जो पृथ्वो खैरो, निलो, कालो, रातो, अनेकरूपा दृढ र इन्द्ररक्षित छ। त्यसैमा म अजित अहत र अक्षत भएर नै प्रतिष्ठित रहुँ भन्ने राष्ट्रियता तथा धर्ती प्रतिको मायालाई पनि "गिरयस्ते पर्वता हिमवन्तोऽरण्यं .. पृथ्वीमहम्।" अथर्व ११। भनेर आवश्यकतालाई बढाएको छ। अर्थात् "प्रकृति अनुसार बाँच ! विश्वलाई कारणले निर्दिष्ट गरेको हुन्छ।"

यिनै कारण, प्रकृति–

वेदा: विभिन्ना: स्मृतयो विभिन्ना नासौ मुनिर्यस्य मतं नभिन्नम्।
धर्मस्य तत्वं: निहितं ग्रुहायां महाजनोयेन गत: स पन्था।।

'महाभारत'

वेद विभिन्न छन्। स्मृति पनि विभिन्न छन्। मत फरक नभएका मुनि पनि छैनन्। धर्मको तत्त्व गुफा (अन्धकार) मा रहेको छ। अत: विद्वान जुन बाटो हिड्दछन् वा जस्तो गर्दछन् उसै गरी उनीहरूको बाटोको अनुशरण गर्नुपर्दछ भनि सर्वसाधारणलाई बताएको होइन भन्न पनि सकिन्न।

त्यसर्थ, वेद अर्थ बुझ्ने मन्त्रद्रष्टा मुनिहरूले स्मृतिहरूको रचना गर्थे प्राचीनकालमा। समाजमा परिवर्तन आयो, तर नयाँ स्मृति लेख्ने भएनन्। युगानुकुल पारि व्याख्या (टिका) अनुवाद लेख्नु पर्ने भयो। अनि टिका टिप्पणीहरू आए। विश्वरूप, विज्ञानेश्वर, शुलपाणीहरूले स्मृतिको टिका गरे तर पनि विभिन्नताले सबै शास्त्र जान्न कठिन भएर नै 'महाजनोयेन गत: स पन्था' भनेर आचरणलाई संकेत गर्दै समस्याको निराकरण औंल्याएको पाइन्छ।

यस्ता विभिन्न वेदको स्वरूप, ध्वनि, प्रतीकलाई विषयसूचीको श्री गणेश, वेदा: मन्त्रहरूको आ-आफ्नै अस्तित्व लिएर रहेका मात्र छैनन्। वेदलाई चिनाउँछ पनि। अर्को राष्ट्रिय आराध्यदेव पशुपतिको नाम अनुसारको काम लिएका पञ्चमुखको प्रतीक छोटो जानकारी विश्व वाङमय प्रकटको केन्द्रको रूपमा लिइएको छ। यस्ता शास्त्र सम्मत ज्ञान भण्डारले विजारोपण भएको मानव 'जन्म' लिन्छ। अस्तित्वको सुषुप्ति सलवलाउन थालछ। शब्दले नखाम्ने भाषा पनि हुन्छ, वर्णले नवाध्ने पनि ध्वनि हुन्छ र ध्वनि नघन्कने बोली पनि हुन्छ... यस्तै निरन्तरतामा समयका पलाहरू टुक्रिन्छन्, आकृति आशय हैन ता पनि मूर्तिमै आशय रहि दिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी जन्मनेहरूले 'धर्मो विश्वश्य जगतः प्रतिष्ठालाई पालना गर्न जन्मे पछि आ-आपनु वर्ण अनुसारको संस्कार गर्नु गराउनु पर्ने मात्र हैन ज्योतिष कल्पद्रुम अन्तर्गत भाव प्रकाश समेतमा आउने संहिता, होरा सिद्धान्त अनुसारको ग्रह, दशाका चक्रमा बाँधिनु पर्दछ। यस्ता बन्धनलाई, फुकाउने, रोक्ने, घटाउने क्रममा रूद्र (शिव, पशुपति) ॐ र त्रिवेणीको पूजन आरधना तथा ब्रह्मचर्य तर्फ निर्देश गर्दछ।

यस्ता भव मूक्तिका मार्गको अवलम्वनको क्रममा पर ब्रह्मस्वरूपः अखण्ड ब्रह्मचारी श्री कृष्णलाई उदाहरण र आस्थामा सजाई आध्यात्मिक दृष्टिकोणिय राम (रामायण) स्वस्थानी शक्ति, आस्था तथा विश्वासमा पुराण, वैदिक वाङमय र अर्थः शिव-विवाहमा विद्या र बुद्धिका प्रतीक भै पूजिएका गणपतिलाई श्री गणेश गर्दै आर्ष वाङमयको व्यापकता, यथार्थतालाई अनौठो दीक्षामा लिनु पनि पर्दछ र लिन पनि हुन्न किनकि त्यहाँ विश्व कारण, कर्म र परिणामको विवेचन बाँकिनै हुन्छ। यो नै समाजमा धर्म र संस्कृतिको समन्वयरूप बनेर रहेको हुन्छ। जसले मानवहरूलाई निर्भय, इच्छाशक्ति मानसिक सिद्धि संपुटित गर्दछ।

-यस्ता अनेकौं विषयले समन्वयतामा आधारित आर्ष वाङमय धार्मिक पत्रिकालाई राष्ट्रनायक; हिन्दू सम्राट् श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ४५ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा प्रकाशन गर्न पाउने श्रेय सदा सर्वदा मिलि नै रहोस् भन्ने ईश्वरप्रति प्रण गर्दै श्री ५ को सुस्वास्थ्य, दीर्घायु र सुशासनको मङ्गलमय हार्दिक शुभ-कामना व्यक्त गर्दछौं।

प्रधान सम्पादक

—आर्ष वाङ्मय, परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

मंगला चरण

ॐ द्यौ शान्ति रन्तरिक्ष ६. शान्ति
पृथिवी शान्ति रापः शान्ति रोषधयः शान्तिः
व्वनस्पतयः शान्तिः विश्वेर्देवाः शान्ति ब्र्ह्म शान्तिः
सर्व्व ६. शान्तिः शान्तिरेव शान्तिः सामा शान्ति रेधि ।।

शुक्ल यजुर्वेद, ३६।१७

आकाश शान्तिमय होस्, अन्तरिक्ष शान्तिमय होस्, पृथ्वीमा सर्वत्र शान्ति होस्, जलिय तत्त्वहरू शान्तिमय बनून, औषधिहरू शान्तिमय बनून, वनस्पति जगतमा सर्वत्र शान्ति होस्, विश्वेदेवाहरूले शान्ति प्रदान गरून्, सम्पूर्ण ब्रह्म सत्ता शान्तिमय बनोस्, सम्पूर्ण सृष्टि शान्तिमय बनोस्, शान्ति स्वयं शान्तिको लागि होस्, यस प्रकारको सर्वव्यापि शान्तिले हामीलाई सधैं वरणगरिरहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय-खण्ड

आर्षत्वको-सूची

क्र. सं.	विषय	लेखकको नाम	पृष्ठ
१.	ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, संकलनः अनुवादक द्वय	–डा. दुर्गाप्रसाद दवाडी, अर्जुन विरक्ति	१
२.	श्री पशुपतिनाथका पाँच मुखहरू,	–प्र. सम्पादक	६
३.	वेदाः	–योगी नरहरिनाथः	१०
४.	जन्म	–हुमकान्त पाण्डे	१४
५.	चमत्कारी यार्सा गुम्बा	–कुलराज शर्मा बझाङ्गी फँयाल	१८
६.	ॐ र त्रिवेणी	–भीष्म जिज्ञासु	१९
७.	के तपाईलाई थाहा छ ?	–आर्ष वाङमय	२२
८.	मानिसको कर्ण वेध, संस्कार किन र कसरी	–प्रा. डा. देवराज पौडेल	२३
९.	मनन् गरौं	–आर्ष वाङमय	२५
१०.	ज्योतिष कल्पद्रुम	–ज्यो. पं. केदारनाथ उपाध्याय तिमल्सिना	२६
११.	शिवलिङ्ग स्थापन, लक्षण, पूजन...	–ऋषिप्रसाद गुरागाँई	३०
१२.	स्वस्थानी शक्ति	–ऐश्वर्यधर शर्मा	३४
१३.	निर्भय इच्छा, शक्ति, मानसिक शक्ति र सिद्धि	–आर्ष वाङमय	४०
१४.	नेपाली समाजमा धर्म र संस्कृतिको समन्वय रूप	–डा. तुलसीप्रसाद भट्टराई	४१
१५.	विश्व कारण, कर्म र परिणाम (दार्शनिक विवेचना)	–तुलसीराम कुँवर	४५
१६.	महाभारतको आध्यात्मिक दृष्टि	–प्रा. विष्णुप्रसाद ज्ञवाली	५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्र. सं.	विषय	लेखकको नाम	पृष्ठ
१७.	परब्रह्म स्वरूप: अखण्ड ब्रह्मचारी श्रीकृष्ण	–सन्यासी, डा. काँचल-प्रसाद चक्रवर्ती	५६
१८.	नेपाली समाज-संस्कृति परिशीलन: आस्था...	–पूर्ण प्रकाश नेपाल "यात्री"	६३
१९.	आर्ष वाङमय	–तुलसीप्रसाद चौलागाईं	७६
२०.	वैदिक सनातन धर्णाश्रमधर्मका केही ..	–डा. दुर्गाप्रसाद दवाडी	८०
२१.	उत्तरको प्रतीक्षा	–आर्ष वाङमय	८७
२२.	शिव-विवाहमा विद्या र बुद्धिका प्रतीक ..	–अर्जुन विरक्ति	८८
२३.	वैदिक वाङमय र अर्थ:	–लोकनाथ आचार्य	९१
२४.	अनौठो दीक्षा	–फणिन्द्रप्रसाद निरौला	९३
२५.	हाम्रो आर्ष भूमि	–रत्ननिधि रेग्मी	९५
२६.	रामायणकाल पछि...	–प्रा. ऋषिराम पोखरेल	९७
२७.	साहित्यिक एवं राजनैतिक पथ प्रदर्शक श्री ब्राह्मण ...	–अर्जुन विरक्ति	१०१
२८.	पुण्य स्मृति समारोह साझा श्राद्धा ..	–आर्ष वाङमय परिवार	१०६

अजमनिद्रमस्वप्नमनामकमरूपकम् ।
सकृद्विभातं सर्वज्ञं नोपचार: कथंचन ॥

जन्मरहित, अज्ञानरूपी निद्रा र स्वप्नरहित, नामरूप नभएको, सधैं प्रकाशमान र सर्वज्ञाप्तिरूप ब्रह्म छ । आत्मामा क्रिया आदि कुनै उपचार छैन ।

गो ३/३६

। इति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ऋग्वेद)



ऋग्वेदः श्वेतवर्णः स्याद्द्विभुजोरासभाननः ।
अक्षमालाधरः सौम्यः प्रीतोव्याख्यायनोद्यत ः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋग्वेद (को स्वरूप यस प्रकारको छ) श्वेतवर्णाद्विभुज (दुइ हात भएको) रासभानन (गदहाको जस्तो मुख भएको) अक्षमाला (जपमाला, रुद्राक्षमाला, तान्त्रिक भाषानुसार अ देखि क्ष सम्म वर्णमाला) धारण गर्ने सौम्य (शान्त, अत्यन्त सुन्दर) प्रसन्न तथा व्याख्यामनोद्यत (व्याख्या गर्न तत्पर जस्तो) हो । (यहाँ श्वेतवर्णले शान्ति, शुद्धता, स्वच्छता पवित्रताको भाव बुझिन्छ र ऋग्वेदको उच्चारण गर्दा गदहाको जस्तो गम्भीर ध्वनि गर्ने आशय बुझिन्छ अक्षमालाले अकरादिक्षान्तवर्णको प्रयोग र रुद्राक्षधारण र रुद्राक्षमालाद्वारा जपले सिद्धि प्राप्त गर्न सकिने आशय बुझ्न सकिन्छ ।) ऋग्वेदाध्यायी सौम्य प्रसन्न हुन्छन् र यसमा व्याख्याको आवश्यकता सदा रहन्छ भन्ने आशय बुझ्न सकिन्छ ।

ऋग्वेद :

"हामी सबै संगसंगै ज्ञानवर्धन गरौं । हाम्रो श्रद्धा संकल्प र निर्णयमा समानता होस् ।"

"तप एवं सदाचारको प्रभावबाट निम्न स्तरको व्यक्ति पनि उच्च स्थान प्राप्त गर्न सक्दछ ।"

सं गच्छध्वं सं वदध्वं सं वो मनोसि जानताम ।
देवा भागं यथा पूर्वे रतञ्जानाना उपासते ।।

मिलेर हिड मिलेर कुरा गर, एक अर्काको मनलाई चिन । उहिले देवताहरू आ-आफ्ना भाग ठम्याएर जसरी सेवा गर्थे त्यसरी नै परस्परमा मिलेर कर्त्तव्य गर ।

धर्मो विश्वस्य जगत: प्रतिष्ठा !

धर्म नै सम्पूर्ण विश्व जीवनको मूल आधार हो ।

छोरा र छोरीमा केही फरक छैन आमा बाबुकै शरीरबाट उत्पन्न भएका हुन–

"पौत्र दौहित्रंयोंर्लोके न विशेषोस्ति धर्मत ।
तयोर्हि माता पितरौ सम्भूतौ तस्य देहत :

९/१३३ याज्ञवल्क्य स्मृति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(यजुर्वेद)



अजास्यः पीतवर्णः स्याद्यजुर्वेदऽक्षसूत्रधृत् ।
वामे कुलिशपाणिस्तु भूतिदो मङ्गलप्रदः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यजुर्वेद (को स्वरूप यस प्रकारको छ) अजास्य (बोकाको [जस्तो] मुख) भएको पीत (पहेंलो) वर्ण भएको, अक्षसूत्र (जपमाला) धारण गर्ने वाम (देउरे हात) मा कुलिश (वज्र) धारण गर्ने भूति (ऐश्वर्य) दिने र मङ्गलप्रद (मङ्गल) दिने हो ।

(यहाँ अजास्य भन्नाले बोकाको जस्तो मुख र यजुर्वेदको उच्चारण गर्दा बोकाको जस्तो उच्च ध्वनि गर्ने आशय बुझिन्छ । पीतवर्ण त्याग र तपस्याको द्योतक मान्न सकिन्छ । अक्षसूत्रले जपद्वारा सिद्धि प्राप्त गर्न सकिने आशय बुझ्न सकिन्छ । वज्रले विपरीत (उच्चारण आदि) भएमा वज्रपात जस्तो हुने आशय बुझिन्छ ।)

यजुर्वेदः

"कुर्वन्नेवहे कर्माणि जिजी विषेच्छतं समाः

यहाँ काम गरी सयौं वर्ष बाँच्न खोज्नु पर्छ ।

करोड, कोटी र प्रकार पर्यायवाची मान्दा १२ आदित्य, ११ रुद्र, ८ वसु र १ प्रजापति गरी ३३ हुन्छन् । यसमा अग्नि, वायु, सूर्य प्रधान देवहरू ११-११ पर्न आउँछन् । जस्मा ब्रह्मा, विष्णु, महेश र त्यसमा पनि याज्ञवल्क्यको भनाई अनुसार– "प्राण नै एकमात्र देवता हो" ।

卐

"जसबाट प्राणीहरूको अत्यन्त हित हुन्छ त्यही नै धर्म हो" ।

।। महाभारत ।।

卐

"नरिसाउनु, शान्त रहनु, अर्काको कुरो नलगाउनु, नम्र हुनु, चंचल नहुनु, पाप गर्न लाज मान्नु र सबैलाई माया गर्नु नै धर्म हो ।

।। श्री मद्भागवत गीता ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(सामवेद)

नीलोत्पलदलाभासः सामवेदो हयाननः ।
अक्षमालान्वितो दक्षे वामे कुम्भधरः स्मृतः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामवेद (को स्वरूप यस प्रकारको छ) नीलकमल दल जस्तो कान्ति भएको हयानन (घोडाको जस्तो मुख) भएको दक्ष (दाहिने हात) मा अक्षमाला (जपमाला, रुदाक्षमाला, तान्त्रिक भाषा अनुसार अकरादिक्षकारान्तसम्म वर्णमाला) ले युक्त भएको वाम (देब्रे हातमा) कुम्भ (कलश) धारण गर्ने (समझिएको) छ ।

निलकमलको पत्र जस्तोले अत्यन्त कोमल मधुर ध्वनि र हयाननले सामवेदको उच्चारण गर्दा घोडाको जस्तो ध्वनि गर्ने आसय बुझिन्छ । अक्षमालाले, रुद्राक्षमालाले जपले शीघ्र सिद्धि प्राप्त हुन सक्ने आशय र, कुम्भले परिपूर्णता र मङ्गलप्रद बुझ्न सकिन्छ ।

"· · · · यहाँ अविश्वासको सट्टा विश्वासको आँखाले हेर्नु पर्छ, घृणाको सट्टा स्नेह र प्रेमले व्यवहार गर्नु पर्छ । सबैलाई समान देख्नु पर्छ । उदार र क्षमाशील हुनु पर्छ ।

- नारद

卐

"स्थूल देह भन्दा पर इन्द्रिय छ अनि क्रमश: मन, व्यष्टि, समष्टि बुद्धि, अनि अन्त्यमा अव्यक्त ब्रह्म छ । त्यही नै सबैको अन्तिम र उपल्लो गति हो ।"

।। कठोपनिषद् ।।

卐

दयाको रूवो कातेर बनेको सन्तोषको धागोमा सत्यताको गाँठो पारेर मेरो पवित्र जनै बनाउनु भए हुन्थ्यो ।

—गुरु नानक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अथर्ववेद)

अथर्वणाभिधो वेदो धवलो मर्कटाननः ।

अक्षमालान्वितो वामे दक्षे कुम्भधरः स्मृतः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथर्ववेद (को स्वरूप यस प्रकारको छ) धवल (श्वेतवर्ण) मर्कटाननः (बाँदरको जस्तो मुख) भएको अक्षमाला (जपमाला, रुद्राक्षमाला, तान्त्रिक भाषा अनुसार अकरादिक्षकारान्त वर्णमाला) ले युक्त भएको वाम (देब्रे हात) र दक्षमा दाहिने हातमा कुम्भधरः (कलश धारण गर्ने) भएको छ।

(श्वेतवर्णले शुद्धताको पवित्रताको आवश्यकता र मर्कटाननले अथर्ववेदको उच्चारण गर्दा बाँदरको मध्यम जस्तो ध्वनि गर्ने आशय बुझ्न सकिन्छ। अक्षमालाले रुद्राक्षमालाको जपद्वारा सिद्धि प्राप्त हुने र पूर्ण कुम्भले परिपूर्णता मङ्गलप्रद बुझ्न सकिन्छ।)

"वेद शास्त्रमा स्वरूपको कल्पना गरिए अनुसार ध्वनिको आधारमा उल्लेखित प्रतीकहरूको त्यो रूप भएको हो।"

–सम्पादक

अथर्ववेदः

"संज्ञाननं स्वेभीः संज्ञानं मरणेभीः"

"हाम्रो र विपक्षीहरूको विचारमा समेत समान्ता होस्। हामी मिलेर असल काम गर्न सकौं।"

"माटो, अन्न, पानी जे जति छ साझा रूपमा बाँडेर उपभोग गर!"

"पुरूषार्थ मेरो दाँया हातमा छ भने सफलता बायाँ हातमा।"

"सर्वप्रथम बाटोलाई जान र त्यसैमा हिड!"

सङ्कलन : अनुवादक द्वय

डा. दुर्गा प्रसाद दवाडी

अर्जुन विरक्ति

आकर्षण

"वाष्पित गन्धले पुरुष र स्त्री एक अर्का प्रति आकर्षित हुन्छन् जुन शरीरका विभिन्न केन्द्रबाट निस्कन्छन्।" यसैमा ममताका किटाणु हुन्छन्।

–शास्त्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्री पशुपति नाथका पाँच मुखहरू

卐 पूर्वमुखम् सद्योजातं सामवेद नादोदयम्
१– पूर्व सद्योजात मुख सामवेदको प्रतीक

卐 दक्षिण मुखम् घोरमऽथर्ववेद नादोदयम्
२– दक्षिण अघोर मुख अथर्व वेदको प्रतीक

卐 ऋग्वेद–नादोदयम् वामदेव पश्चिमं मुखम्
३– पश्चिम मुख वामदेव ऋग्वेदको प्रतीक

卐 उत्तरं मुखं तत्पुरुषं ययुर्वेद नादोदयम्
४– उत्तर तत्पुरुष मुख यजुर्वेदको प्रतीक

卐 ऊर्ध्वमुख मीशानं सूक्ष्मवेद–प्रणव–नादोदयम्
५– ऊर्ध्व इशान मुख सूक्ष्मवेदको प्रतीक

यीनै पञ्चमुखबाट नै (विश्व) समस्त वाङमयको प्रकट भएको छ ।

पञ्चाननः पशुपतिः कृतपञ्चतत्वः पञ्चामृतस्नपितपञ्च सुर प्रधानः ।
पञ्चोपचार परिपूजितबादपद्मः पञ्चस्थितिं प्रकुरुते कुल पञ्चकेन ।।

ऽ–सम्पादक

"मेरो मुलुकको एउटा कुकुर भोको रहुन्जेल त्यसलाई खुवाउनु नै मेरो पहिलो धर्म हो । . . . . भगवान्लाई भेट्न मनुष्यको सेवा गर्नु पर्दछ । . . . . पश्चिमी जगत अति आर्जनमा अल्झिएको छ भने पूर्वी जगत चाहिं प्रोहितवादको पासोमा परेको छ ।" "वेदान्त सबैलाई सुखी र समर्थ हुने निर्देशन दिन्छ । . . . . ।"

–स्वामी विवेकानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदा:

– योगी नरहरि नाथ:

ऋग्वेद:–

ॐ । अग्निमीले पुरोहितं यज्ञस्य देवमृत्विजम् ।
होतारं रत्नधातमम् ।।

यजुर्वेद: शुक्ल:–

ॐ इषेत्वोर्ज्जे त्वा वामण स्थ देवो व: सविता प्रार्प्पयतु श्रेष्ठतमाय कर्म्मणऽआप्यायध्वमघ्न्याऽइन्द्राय भागम्प्रजावतीरनमीवाऽअयक्ष्मा मा वस्तेन ऽईशत माघर(?) सो ध्रुवाऽअस्मिन् गोपतौ स्यात बह्व्यर्जमानस्य पशून् पाहि ।।

यजुर्वेद: कृष्ण:–

ॐ । यन्त्रु नद्यो वर्षन्तु पर्जन्या: । सुपिप्पलाऽओषधयो भवन्तु । अन्नवतामोदनवतामामिक्षवतामेषां राजा भूयासम् । ओदनमुद्ब्रुवते परमेष्ठी वा एष यदोदन: । परमामेवैनं क्षियं गमयति । मा भ्राता भ्रातरं द्विक्षन् मा स्वसारमुत स्वसा । सम्यञ्च: सव्रता भूत्वा वाचं वदत भद्रया ।। वाचं धेनुमुपासीत । तस्याश्चत्वार: स्तना: । स्वाहाकारो वषट्कारो हन्तकार: । स्वधाकारस्तस्यै द्वौ स्तनौ देवा उपजीवन्ति । स्वाहाकारञ्च वषट्कारञ्च हन्तकारं मनुष्या: । स्वधाकारं पितरस्तस्या: प्राणऽऋषभो मनो वत्स: ।।

सामवेद:–

ॐ । अग्न आयाहि वीतये गृणानो हव्यदातये । नि होता सत्सि वर्हिषि ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथर्ववेदः–

ॐ । ये त्रिषप्ताः परियन्ति विश्वा रूपाणि विभ्रतः । वाचस्पतिर्बला तेषा तन्वोऽअद्य दधातु मे ।।

ॐ । शन्नो देवीरभिष्टयऽआपो भवन्तु पीतये शं योरभिरत्रवन्तु नः ।

सूक्ष्मवेदः–

ॐ कारप्रौढमूलः ऋूमपदसहितच्छन्दविस्तिर्णं शाख ऋवपत्रः सामपुष्पो यजुरधिकफलोऽथर्वगन्धन्दधानः यज्ञच्छायासमेतोद्विजमधुपगणैः सेव्यमानः प्रभाते मध्ये सायं त्रिकाल सुचरित–चरितः पातुवो वेदवृक्षः ।

ऋग्वेदः– यज्ञका देवता पुरोहित हुन् ऋतु–ऋतुमा यज्ञ गर्ने रत्न धारकहरूमा उत्तम अग्नि देवताको स्तुति गर्छौं ।

शुक्ल यजुर्वेदः– हे ब्रह्म तरूशाखा ! इशे! तिमीलाई उर्जाकालागि हामी आव्हान गर्छौं, उनान्चास वायु तिम्रा अनुकूल रहून्, सविता, देवता, सूर्य तिमीलाई अभीष्ट वस्तु उच्चतम कर्मका लागि मार्ग प्रदान गरुन, तिमीले यी सर्वतोभावेन रक्षणीय अहन्नव्य गाई आमाहरूको सेवा र पुष्टी गरे, हे गाई आमाहरू ! तिमी पनि यक्ष्म आदि ठूला साना सबै प्रकारका रोगहरूवाट मुक्त रहेर इन्द्रादि देवताहरूलाई यज्ञा भाग हवि पंचामृत प्रदान गर्दै रहे । वाछा वादी वगाल वढाउँदै रहे । चोर, डाँका, श्वापद आदिले दुःख दिन नपाउन् । घातक व्याधा आदि पातकीहरूले हेप्न नपाउन् यी गोपति गोपालहरूका घर–गोठमा ध्रुव झैं स्थायी भएर रहे । हे पलाश–शाखेः समस्त जगतको कल्याण गर्ने, यज्ञ गर्ने यजमानकः प्रसस्त गाईवस्तुहरूको पालन पोषण गर्दै रहे ।

कृष्ण यजुर्वेदः– बगी रहून सङ्लो पानी बोकेर सबै नदीहरू, वर्षी रहून समस्त प्रजा चराचर जगतको हित गर्ने मेघहरू, सबै अन्न पात वनस्पति औषधीहरू फस्टाउन, फूलुन, फलुन, रसिला–पोशीला फलहरूले नम्र भईरहून् ।

प्रसस्त अन्न भएका, प्रसस्त पक्वान्न भएका, प्रसस्त गोरस भएका यी जनताको राजा हुन पाउँ ! कसैले कुनै प्रकारको अभाव र दुःख देख्न नपरोस् । ओदन भनेको परमेष्ठी ब्रह्म हो र परम् श्री समृद्धि–शोभा खाने ख्वाउने सबैलाई दिन्छ । भाईले भाईसित, बहिनीले बहिनीसित, दाजु–भाई, दिदी–बहिनीहरूले आपसमा राग द्वेष, इर्ष्या नगरून् । राम्रोसित मिली–जुली एउटै व्रत, एउटै शिक्षा–दीक्षा लिएर, भद्र भावना राखेर, भद्र वानी बोलौं । वेदवाणी रूपेणी कामधेनु गाईको उपासना, सेवा, पालन–पोषण सुरक्षा समस्त मानवले गर्नुपर्छ । ती कामधेनुका चार थुन छन्, स्वाहाकार चौथा थुनको दूध पित्रीगणले खान्छन् । ती कामधेनुको वसाहा प्राणवायु हो र मन वाछो हो । देवेग्य स्वाहा वखट भनेर देवताहरूलाई चरू होमिन्छ । हन्तक्ठैवरा भनेर दया

वेदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखी मनुष्यादि प्राणीहरूको पालन पोषण गरिन्छ । पित्रिव्यं स्वधा भनेर पित्रीगणलाई पिण्ड पानी श्राद्ध गरिन्छ । वलिष्ठ प्राणवायुले वेदको उच्चारण गरिन्छ । मनुरूपी बाछो लाएर अर्थरूपी दूध दुहुने काम हुन्छ ।

सामवेदः– हे अग्नीदेव यज्ञ विस्तार सुख समृद्धि विस्तारकालागि मङ्गलगान गर्दै हविको आदान गर्ने होता भएर कुशासनमा बस आऊ :

अथर्ववेदः– जो सात तीया एक्काइस विभक्तिहरू चारैतिर फैलिएर विश्वका असंख्य रूप धारण गर्छन्, एक शब्दका चौविस रूप धारण गर्छन तीनको धारण गर्ने र पोषण गर्ने सदपयोग गर्ने सामर्थ्य वाचस्पति देवगुरू, वृहस्पतिले हामीमा धारण गरून् । जसले विश्वमा हजारौं प्रकारका भाषा, कोष, व्याकरण, साहित्य आदि विर्वत वाङमय सातवटा विभक्तिद्वारा दिएका छन् । ती वाचस्पति प्रजापतिले वाणीको वल हामीमा पनि दिउन । यी सबै नदी देवीहरू आपनो पवित्र जल हाम्रो अभीष्ट सिद्धिका लागि प्रदान गरून । स्नानपान पूजन, अभीशेचन आदिका लागि तथा सबै प्रकारको कल्याण र शान्तिका लागि बाह्रै मास चारैतिर वर्षिरहुन् । छहरा (झर्ना) झरिरहुन्, नदीहरू बगिरहुन्, कुलो चलाएर खेतीपाती हरियो भरियो (हराभरा) भैरहुन । समस्त जीवजन्तुको जीवन स्वरूप जल जगतको कल्याण रहोस् ।

सूक्ष्मवेदः– ॐकार रूपी बलियो फेद भएको, क्रम, पद आदि सहित गायत्री आदि छन्द ११७२ शाखा दशै दिशामा विस्तृर्ण भएको ऋग्वेदका ऋचारूपी चिल्लापात भएको, सामवेदका सरस गानरूपी सुन्दर पुष्प भएको, यजुर्वेदका कण्डिकारूपी मधुर प्रशस्त फल भएको, अथर्ववेदका मन्त्ररूपी सुगन्धले सबैलाई मन्त्रमुग्ध पारिरहेको कोटिहोमादि यज्ञको धनुछाया (छाहारी) समेत ब्राह्मण, क्षेत्रीय, वैश्य रूपी मधुकरका गणहरूले (मौरी भमरा) प्रावः सन्ध्या मध्याह्न, सन्ध्या (शायं) (त्रिकाल) सन्ध्याहरूमा नित्य सेवा गरिएको वैद्धिक दिनचर्या र जीवनचर्या भएका समस्त सज्जनहरूका सुचरित्ररूपी अङ्ग–प्रत्यङ्ग पन्चाङ्ग भएको यो ज्ञानराशि वेदरूपी कल्पवृक्ष हामी सबैको सदा सर्वदा रक्षा गर्दै आएको छ। रक्षा गरिरहेको छ र अनन्तकालसम्म रक्षा गरिरहने छ ।

सर्वे भवन्तु सुखिनः सर्वेसन्तु निरामयाः ।
सर्वे भद्राणी पश्यन्तु मा कश्चिद दुःख भाग भवेत् ।।

विद् धातु सत्ता

विद् धातु सत्ता लाभ, ज्ञान, आदि विषयमा छ र विद्‌बाट वेद बनेको हो । वेद विद्या ज्ञान र बोध एउटै वस्तुका नाम हुन् । जात्या वेद एउटै हो । अर्चा पूजा प्रधान ऋग्वेद हो । गान सङ्गीत प्रधान सामवेद हो । यजन यज्ञ प्रधान यजुर्वेद हो । अथर्वा अर्थतन्त्र प्रधान अथर्ववेद हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकविंशतिधा वाह्वृच्यम् । ऋग्वेदका २१ शाखा छन् । ऋग्वेदको उपवेद आयुर्वेद हो । सहस्तवर्त्मा सामवेदः । सामवेदका एक हजार शाखा छन् । सामवेदको उपवेद गान्धर्ववेद सङ्गीत शास्त्र हो । यजुर्वेदका एक सय एक शाखा छन् । एकशतमध्वर्युशाखाः । यजुर्वेदको उपवेद धनुर्वेद हो । पञ्चाशच्छाखा अथर्वणः । अथर्ववेदका पचास शाखा छन् । अथर्ववेदको उपवेद अर्थशास्त्र कौटिल्यादि हो वेद र वैदिक वाङमय भनेको आर्ष वाङमय हो । वेदका यौटै फेदमा चारै दिशातीर चार मुख्य शाखा वेद व्यासका पालामा फैलिये । दमौली जन्मा वदरी वनस्थो व्यासो मुनिः सत्यवती सुतोऽसौ । पराशरात्मा सरिदन्तराले चिरं चकारात्र तपस्तपस्वी । तिपृकोट डोल्पा ऋग्म पुग्ममा ऋग्वेद लेखियो । ऋग्म मूल स्थलवाट ऋग्मी (रेग्मी) भये । जुमला मूल साम नौ मूलीमा सामवेद लेखियो । मत्स्यावतार माछापुच्छ्रेका दक्षिण पालमा रजत शुक्ल-शुक्ल गण्डकीतटमा शुक्ल यजुर्वेद लेखियो । पश्चिम पालपट्टी मुक्तिनाथवामतिर कृष्णशिला कृष्णमृतिका कृष्णायस्कान्त कनकवालुका कृष्ण गण्डकीका तटमा कृष्ण यजुर्वेद लेखियो । ऋक् यजुः साम तीनै वेदको परिशिष्ट अथर्ववेद हो । वेदव्यासले चारै वेद ब्राह्मी ब्रह्माजीका लिपिमा लेखेका हुन् । क्रमशः ब्राह्मी लिपिवाट देशकाल पात्र भेदले देव नागरी, नन्दी नागरी, नागरी आदि शत सहस्त्र भेद भै सके र हुँदैछन् । तर भाषा उही छ । पुरुष विद्यानित्यत्वात् कर्म सम्पत्तिर्मन्त्रो वेदे । मानिसहरूको भाषा परिवर्तनशील भएकाले सृष्टिका आदि देखि अन्तसम्म निर्विकार निरन्जन वेद भाषा नै पितृगण ऋषिमुनि जन र इनका सन्तानलाई मनपर्ने पनि वेद भाषा नै भएकाले धर्म कर्मको सफलता खोज्नेले वेद भाषाको प्रयोग गर्छन् । वेद भगवान्का निश्वास हुन र वेदबाट विश्वको रचना पालन र लय हुन्छ । "यस्य निश्वसितं वेदा यो । वेदेभ्योऽखिलं जगत् । निर्ममे तम हं वन्दे विद्या तीर्थं महेश्वरम् ।।"

(क्रमशः)

ॐ देवीह्येकाग्र आसीत् ।
ॐ जगतको उत्पत्तिभन्दा पहिले देवीमात्र हुनुहुन्थ्यो ।

— वहवृचोपनिषद्

卐

मनोदृश्यमिदं सर्बं यत्किञ्चित्स चराचरम् ।
मनसोप्युन्मनी भावेऽद्वैत भावं प्रकल्पते ।।

यो सम्पूर्ण चराचर जो देखिन्छ सो मनैको कारणले देखिने हो । मनको विषयस्फुरण-वृत्ति नभएमा सबै अद्वैत भावमा युक्त हुन्छ ।

— अमनस्क योग शास्त्रम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्म

हुमाकान्त पाण्डे
पोखरा

शून्य आफैमा यौटा अव्याख्येय अस्तित्व अनुभूत हुन्छ । गजधम्म, स्थिर र व्यापक यस अँध्याराका आयतनभित्र उकुसमुकुस निसास्सिँदो यातना सिर्जनाको निम्ति सह्य रहँदैन । अतः गतिशील कामनाका चपल-चञ्चल कुत्कुतीहरू कर्मी बनेर जडताको बाँझो छातीमा आवादीका जाँगरिला ज्यावल छक्छकाउनासाथ कल्कलाउँदा रहरमा चेतना जुर्मुराएर ब्युझन्छ । दृष्टिका जालमा समेत नबल्झिने अणुहरू आफैंमा गतिशीलता समेटेर सर्वत्र प्रवाहित छन् । यसरी नै समग्र प्रकृति-प्रपञ्च अनुशासनबद्ध रहेर गतिमय रूपमा उपस्थित छ । चेतना हो गति, वायुको मन्द-मन्द सिरिसिरि सुम्सुम्याइबाट स्थिर-गम्भीर महासिन्धु पुलकित लहरमा लहराए जस्तै आफैँभित्रको जुरमुरीले सुषुप्ति सल्बलाउन थाल्छ ।

गति सर्वत्र छ, रहर सर्वत्र छ र मातृत्व सर्वत्र परिव्याप्त छ । यसैले निद्रित पलाहरू पनि स्वप्निल तरङ्गमा तरङ्गिन्छन् । शून्यकै अयथार्थिक वृत्तभित्र उर्वरता सक्सकाउँछ, उसलाई मूर्तिने उत्कण्ठा हुन्छ, व्यक्तिने तलतलले झम्झम्याउन थाल्छ र आकृतिका चेहरामा पोतिएर रमाउने रहर हुन्छ; अनि त आमाले सुत्केरी वेदनाका अव्यारव्येय डहनलाई भुसुक्कै बिर्सेर प्रातः सूर्यको कोमल-कञ्चन, फक्रँदो चेहरा आपना काखका न्यानाका निम्ति रहर गर्छिन् । रातभरको सघन अन्धकारको पेलाइका विह्वलताबाट शीतका रूपमा छपक्कै बर्सेका आँसु प्रभाती किरणले चुस्तै गरेको प्रफुल्ल परिवेश जस्तै आमाले आफ्नै चेहरामा सन्तुष्टि छाम्छिन् । सन्तुष्टि सिर्जनामा छ, सिर्जना आफै यौटा क्रियाशील सन्तोष हो, जन्म त्यही हो– सन्तोषको आकारमा रूपान्तरण, गतिको आकारमा रूपान्तरण । म यौटा सन्तोष हुँ, प्रीतिको पवित्र कोसेली ! सिर्जनाको मुस्कान !

शब्दले नखाम्ने पनि भाषा हुन्छ, वर्णले नबाँध्ने पनि ध्वनि हुन्छ र ध्वनिमा नघन्कने पनि बोली हुन्छ; त्यही सर्वसुबोध हुन्छ– प्रीतिको स्पर्श जस्तै । लयका नदेखिने आफ्नै तरङ्ग छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुभूतिका भण्डार भरी नव्यक्तिने रसरङ्ग छन्, समग्रतामा अल्पिएर ती सर्वव्यापी वन्छन्– सन्तुलित शिल्पी संरचनामा सौन्दर्य जस्तै ! त्यहाँ खुलेको ललाट देखिन्छ, झिम्झिमे परेलीभित्र ज्योति युगल चंचमाउँछन्, बत्तीसदन्ते मुस्कुराहटमा मादक मोहनी पोतिन्छ, तर पनि भित्रभित्रै सर्वत्र अगोचर सौन्दर्य तल्लय वन्छ, चर्चामा जसको आकृतिमयता ब्युँझन्न । सिर्जनाका अव्यक्त इशाराहरू प्रतिपल सर्वत्र व्याप्त रहन्छन् । अतः यी आँकुरा, यी कोपिला, यी चिरिबिरी र यी चियाँचियाँमा जिज्ञासाका कुलकुले मूलहरू छन्, अनन्त इशाराका अगोचर आशयहरू छन् ।

जन्म, अव्यक्त स्रष्टाको व्यक्त–प्रकट लालसा हो, जसका कारणले व्यापक–निरन्तर तर निजात्मक उपस्थितिभित्र यौटा रन्को गुञ्जन्छ, यौटा विशिष्ट प्रकारको हलचल जन्मन्छ र अस्तित्व जाहेर हुन्छ । गति सर्वत्र छ, ऊ व्यापक र अनन्त छ, तापनि वस्तुका जगमा उभिन्छ, वस्तुकै गोरेटामा लुखुरलुखुर हिँड्छ । जन्म त्यस्तै यौटा कम्पन हो र अब उसभित्रका स्वरतन्त्रीहरू कताकताको उत्कण्ठाका प्रेरणाले सुख दुःखका रागमा समेटिएर झन्झनाइरहने छन् । अतः म यौटा रहर हुँ, म यौटा गति हुँ– सङ्केत डिग्रीमा नचढ्ने; म आफैं भाव र भाषा पनि हुँ– सुनिने, बुझिनें, प्रकट–स्पष्ट देखिने तर वर्णमालाका बल्छीमा नअल्झिएको र तिनीहरूद्वारा नचिथोरिएको ।

चकमन्न सुनसान सघन रात्रिका पोल्टामा निद्राको नशालु सामर्थ्यमा अरूबढी पराक्रमी पौरूष्व प्रवेश गर्छ । चुलबुले रहर र सकसके कामनाहरू मादक नशामा लट्ठिँदै आत्मविस्मृत सुस्तीको आनन्दानुभूति प्रकाशका अनुपस्थितिमा नै सँगालन पुग्छन् । आत्मविस्मृत निद्रित अवस्थामा मन्द मन्द स्वप्नमय भारहीन जादूगरी प्वाँखका सहाराले अनन्त ब्रह्माण्डका रसरङ्ग र विविधताले सजिएका अकल्पनीय झिलिमिलीलाई क्षण–क्षणमा छामेको र तिनीहरूसँग लुकामारी खेलेको वर्णनातीत सुखद संयोगले ब्युझँदो चेतनाकै स्मृतिपकडभित्र अल्झिएर मात्र आफ्नो हुनुलाई जाहेर गर्छ ।

प्रकृतिको अथाह व्याप्तिभित्र चलबलाएका चुलबुलीहरू त्यसरी नै वोल्दछन्, त्यसरी नै कुद्छन् र ब्युँझाइका तारमा चढेको स्वप्निल सन्तुष्टि जस्तै आकारयुक्त नवजात चेहरामा मुस्कुराहट प्रस्तुत गर्दछन्; जन्म प्रपञ्चभित्रको त्यही मुस्कुराहट हो, यही विन्दुदेखि अब अस्मिताको अनन्त यात्रा प्रारम्भ हुन्छ । सम्भवतः रित्तो-रित्तो चिच्याहटमय सीमाहीन, आधारहीन र गतिहीन निस्तब्धताका निचोराइभित्र शून्यता आफैं पनि कहालिएर आकारको भरोसामय आश्रय खोज्दो हो ! चम्किलो चेतनाको अगुवाइ खोज्दो हो ! सद्यजात निर्विकार चेहराको चोखो मुस्कुराहट अवश्य पनि त्यही विश्वासिलो आश्रयका अनन्त सम्भावना वोलिरहेको अनुरागको पवित्र भाषा हो ।

'छु' को घोषणा गर्दै हामी सनातनमा आफ्नो विशिष्ट सहभागिता जनाउँछौं र 'छ' को चेतना सङ्गालेर हामी उदार ज्ञाताका दर्जामा पङ्क्तिवद्ध हुन्छौं । यही 'छु' र 'छ' को अन्तः सम्वन्ध नै सांसारिकता हो र यसैको विघटन शून्य ! प्रलय ! यसै निरन्तरतामा समयका पलाहरू टुक्रिन्छन्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपसमा उनिन्छन् । अतः अस्थिर दगुर्दा–बित्दा क्षण क्षणमा सम्झौता नवीकरणको अटूट श्रृङ्खला चल्दै गर्छ । हाम्रो अस्तित्व अर्काका चेतनामा चढ्नुमा छ र हाम्रा सम्झनाका पत्र–पत्रमा छापिएर ती साराले पनि आ-आफ्नो हक खोज्ने गर्छन् । सम्झौता सहमतिकै सन्तुलनमा हुनेगर्छ । विस्मृति अन्धकार हो, जहाँ केही देखिँदैन । स्मृतिका झलमल्ल प्रकाशको स्पर्श पाउनासाथ सबका सब जाँगरिला बन्छन् । जन्म आगमन हो, आगमन उज्यालो हुन्छ– सम्झना जरतै ! सांसारिकता हाम्रो उज्यालो उपस्थितिमा प्रफुल्ल बन्छ, फलतः जिन्दगीका रहरहरू उसैको पोशिलो सत्कारमा लठ्ठ परेर गाँजिन्छ । मोहक सत्कारको कुशल शीप ऊसँग छ, शायद स्नेहका कोमल पत्रहरू उसैको अज्ञात इशारामा फर्फराइरहन्छन् । सत्कारका परिमित सिंचनले स्नेह झ्याँगिन्छ र त्यो चोखो स्नेह भन्नु बारम्वारको निमन्त्रणा हो ! सृष्टिको त्यही अनन्त आग्रह स्वीकृतिका अटूट श्रृङ्खलामा हामी आफूलाई कोसेलीका पवित्र भूमिकामा भाग्यमानी पाउँछौं ।

सच्चा उपहारमा हृदयको लालमोहर लागेको हुन्छ, अतः पवित्र र स्वीकार्य बन्दछ, किनकि मुटुका अविराम कंपनमय जीवनपर्यायी सङ्गीतमा छलछाम वा आडम्वर रहँदैन । ऊ सनातन छ । फलतः सनातनका मधुर साङ्गीतिक सुसेलीहरू आफैंभित्रको निर्विकार निरन्तर धुकधुकीमा सुनिन्छन् । यसैले हाम्रा उपस्थितिमा स्रष्टाको निति यौटा राग घन्कन्छ अनुराग र प्रेरणाको र फक्रँदो चेहरा मुहान बन्छ असीम आकांक्षा, अविराम यात्रा र अनन्त प्रकाशको । हामी सिमाभित्र आवद्ध, सीमाका परिचायक भएर पनि असीमका पहरेदार हौं । यही अनमोल महत्तालाई मुहारमा सजाएर ब्युझँदो कोमल अंकुरले सुरक्षा, स्याहार र आत्मोन्नतिको अधिकार माग्छ, त्वहाँ अनन्त विराट्ताको आशय घन्कन्छ । हाम्रा हृदयका पींघमा सङ्कलित स्नेह त्यसैका श्रुतिमधुर ध्वनि हो, जसलाई युग युगका महाप्रलयकामी भीषण ललकारले पनि तर्साउन, चुस्न र सोस्न सकेनन् । सिर्जनाको मुहान सुक्ने प्रश्नै पनि त रहेन ! सिर्जनशक्ति कससँग तर्सने र डराउने ! आर्द्र–प्रफुल्लता उसको अविनाशी वैभव हो ।

सौन्दर्य आकार हैन, तर पनि त्यो आकारमै सजिएर मुस्काउँछ, आकृति आशय हैन, तापनि मूर्तिमै आशय रहिदिन्छ । हरियो सिर्जनाका कोमल फुलारु मोहक मधुर मुस्कुराहटमा सनातन सन्तुष्टिले आकृतिमय रूपमा उपस्थित रहेर रसिलो हृदयका अविराम कंपनमा विश्व-भाषाका ध्वनिहरू टिप्दै सरागी अर्थ पारेर बोल्न थाल्छ अनन्त सिर्जनाको तिलस्मी प्रवाह नित्य नवीन चेहराका भोगाइयुक्त लहरले लहरलाई सघाउँदै खेदेर हामीलाई भेलमा समेट्ने चतुऱ्याइँमय अनुभूत हुन्छ । अपार पाराबाट अगणित जलविन्दुकै सिर्जनकामी सामूहिक विलयद्वारा निर्मित अजस्र स्रोत वनेर सुरम्य धर्तीको ममताशील पोषकका रूपमा सम्मानित रहेको छ । निर्देशन पालनमा कजिएका हत्केलामा ममताको कोमल सुम्सुम्याइ रहँदैन, त्यो त आमाको छाती पग्लिए जस्तै यावत् पौष्टिकताले भरिपूर्ण रही आफैँ सर्सराएर सिंचनमा रमाउने पवित्रता हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामीले अस्तित्वमा आएर सिर्जनाको अदृश्य अनन्त क्रियाशीलतामा ममताको मात्रा थपेका छौं, उसलाई अरु ताजा बनाएका छौं, त्यसैले नै हामी नबिझ्ने गरी निर्विकार कोमल चेहरामा उपस्थित हुन्छौं । हरेक बालकले तन्नेरी पराक्रम आफैंमा लुकाई चोखो अबोध आकर्षण मात्र: लिएर आउने रहस्य यही हो । क्षणिक वेदनाद्वारा अनन्त मुस्कानको द्वार खोलिएर जीवनको महिमा अलापिन्छ । रातले विश्रामका लागि उदार वक्ष फैलाइदेला तापनि फक्रँदा कामना र क्रियाशील रहरहरू विहानमै ब्युँझन्छन् । उषाका निम्तामा स्वार्थभन्दा बढी प्रबल प्रेरणा नै पाएको अनुभूति पुस्तौं पुस्ताको यात्रामा पौष्टिक सामल सरह हामीले सँगालेका छौं ।

छाँया छेकिएर पनि संधैं प्रकाशसँगै हिड्छ, प्रकाश देखिएर पनि सधैं छायाद्वारा छेकिन्छ । जन्मदा पाएका र जन्माउँदा गुमाएका अवस्थाहरू छाँया र छवि जस्तै छकिएका सम्बन्धमा आबद्धरहन्छन । यसरी नै वेगको गति र संगीतको शृङ्खला पगपगकै आगमन, अनुशासन र उछिनापाछिनमै आधारित हुन्छ । अनन्तको अथाह व्याप्तिभित्र हाम्रो आगमनमा पनि चेतनाका सुरिला नादहरू भित्रभित्रै गुञ्जन्छन्; तिनको आश्रय यथार्थ जत्तिकै रहस्यमय छ र प्रेरण' जत्तिकै रसमय छ । सिर्जना न हो, फूलमा पनि अनौठो छ, फलमा पनि अनौठो छ; तृप्ति र तिर्खा दुवै अनौठा छन्, यसैले ती सधैं ताजाछन् । प्रकाश कहिल्यै मैलिंदैन, शायद हरेक विहान धोएर, खारेर अन्धकारले त्यसलाई प्रस्तुत गर्छ । आमा र सन्तानको अनुहारलाई पनि यही सूत्रमा उनेर हेरुँ त: कति मीठो रहस्य ! कति चोखो तथ्य !

चोखो जहिले पनि उज्यालो हुन्छ । उज्यालो आफैंमा पूर्ण र स्पष्ट हुन्छ-मुटुको ढुक्ढुकी जस्तै, जसले आफ्नो प्रमाणीकरणकालागि साक्षी र सिफारिसका अड्डा अदालत गुहार्नु पर्दैन ।

सिद्ध तपसीहरू आँखा चिलेरै कता कताको अनन्तता देख्न समाधीमग्न र मस्त हुन्छन्, तर पनि यो टुंम्के सानो सीमित संसार आँखा नखोली देखिन मान्दैन । फाँटिला टारहरू प्रति-दिन ओसिलो शीतले आफैं आफ् रुझेकै हुन्छन् तापनि हराभरा उर्वरताका लागि वर्षाद्वारा भिज्नै पर्छ । आँसु पनि भाषा हो र हाँसो पनि भाषा हो, आफ्नो भित्री पींधको यथार्थ यिनमा बोल्छ, तापनि शब्दका आकारमा हामी भाषिक तृप्ति पाउँछौं । यसरी नै सिर्जनामा स्रष्टाले दृष्टि खोल्छ, र आकारमा अनन्तको रहस्य बोल्छ ।

अत: समस्त चेहरा शब्द र वाक्य भएर जिन्दगीको नटुङ्गिने कथा कथ्दै जान्छन्—समस्त अनुभूतहरू सुस्त-सुस्त ब्यूझँदा विचारहरू पङ्तिवद्ध भएर लामलाग, भाषाको सुविस्तृत फाँटको बैभवशाली उर्वरताको उपभोग गर्दै आफूलाई सुहाउँदा र मनपर्दा दौंतरीहरू रोजेर रमाउ ! रमाउन सक्नु आफैंमा यौटा कला हो ।

कतै मायाले लठ्याउँने र कतै काँढाले झस्काउने अनौठो आयोजनामा अब हाम्रो सह भागिता हुन्छ । रहस्य-रहस्य जस्तो, अलपत्र-अलपत्र जस्तो, केही खुले-खुले जस्तो केही-भुले भुले जस्तो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही आए गए जस्तो सधैं रहे भए जस्तो अवस्थामा हामी काखका न्यानामा हुन्छौं । रहरमा रूप-रूपमा सुवास, सुवासमा आकार र आकारमा रहस्य ! हामी सिर्जनाको हरियालीको ओठमा पँहेलपूर प्याउलीमय बसन्तको हाँसो हाँस्छौं । नटुङ्गिने आयोजना, नरित्तिने संभावना र नमिच्चिने सबै जना हामी आफ्नै अनुभवका संग्रहमा भेट्छौं अनि यसरी नै, तर कसरी-कसरी अगुवाको बिदाइ र नवागन्तुकको स्वागतका शृङ्खलामा आफै खटिएको पाउछौं । अनौठो आयोजना ! अनोठो सहभागी ! सहभागितामा खुसियालि!! खुसियाली आफैं गीत बन्छ र अनुराग आफैं भाका बन्छ । यही अनुरागमय भाकाका सुमधुर गुञ्जनमा "नानी" फुल्छ, "नानी" झुल्छ झुल्छ, झुल बाबु झुल ! यही झुलाइ यहाँको रहस्यमयी व्यवहारका प्रति उसको सहभागिता र स्वीकृति हो, जसमा हामी पनि आत्मविस्मृत भएर झुल्छौं र पनि गतिलाई सघाउने क्रम भने अनवरत नै रहि रहन्छ ।

चमत्कारी यार्सा गुम्बा

– कुलराज शर्मा बज्राङ्गी फँयाल

आधा झुसिल्कीरा र आधा बिरूवाको रूपमा देखापर्ने कीरा परजीवि आश्चर्यमय र अद्भूत वनस्पति (जडीबूटी) यार्सा गुम्बा जरा, पात, फल, फूल नहुने १२०००' को उचाईदेखि १८०००' को उचाईमा पाइने ५–८ मिलिमिटर अग्लो हुन्छ । एउटा झुसिल्कीराबाट एउटा मात्र बिरूवा हुने जेठ–असारमा पाइने, अन्य महिनामा हिउँले पुरिई कीराको रूपमा मृत अवस्थामा रहने, कीरा नै जराको रूपमा रहने, अन्यत्र सार्दा नबाँच्ने, संसारमा हालसम्म ५ प्रकारसम्म पाइने, यो झुसिल्कीरे यार्सा गुम्बा वेजोड शक्तिवर्धक र विर्य, तेज बढाउने ख्याति कमाएको छ । यो नेपालको कर्णाली, अन्नपूर्णा, लाङटाङ, सगरमाथा जस्ता हिमाली क्षेत्रमा पाइने सम्भवतः सर्वप्रथम चीनियाले प्रयोगमा ल्याएको यो यार्सा गुम्वालाई वैज्ञानिक कोर्डीडेप्स साइनेंसिस वनस्पतिमा हाइपोक्रियासी र थेलस, तिब्बतीमा यार्सा गुम्बा यार=वर्षा, चा=घाँस, गुम=हिउँद र वो=कीरा, छातावो=छाता वोक्ने कीरा, नेपालीमा ढुसी जातको जीवन बुटीको नामले चिनिन्छ । तेस्तो आश्चर्यले परिपूर्ण यसको अनुसन्धान-संरक्षण भएमा सञ्जीवनीकै विकल्प नबन्ला भन्न सकिन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ र त्रिवेणी

– भीष्म जिज्ञासु

ॐ : ३ खं ब्रह्म, परब्रह्म, अपरब्रह्म, (आ+ का+श = आकाश मण्डल) नै ब्रह्म हो । ॐ ब्रह्म एक छ । यसमा १० अनन्त, ९ विधि र १४ भूवनमा व्याप्त छ । यो एकाक्षर "ब्रह्म सप्राप्त व्याहृति" अर्थात ७ अन्तर्बाह्य जगत्, २ त्रिधात्मिका शक्ति, ३ अष्टधा प्रकृति, पंचमहाभूत (मन, बुद्धि, चित्त अहंकार) बाट आहत वा अनुष्यूत छ । यसै ॐ को ध्यान मनन् गरेमा षडविकार (काम, क्रोध, लोभ, मोह, मात्सर्य) नाश भएर पंचभूत (पृथ्वी, जल, अग्नि, वायु र आकाश) मा अधिकार सत्ता प्राप्त हुन्छ । ११ इन्द्रिय वशमा रहन्छ र चार पुरुषार्थ (धर्म, अर्थ, काम, मोक्ष) अवश्य प्राप्त हुन्छ ।

यसले समस्त सृष्टि त्रिधात्मक भएको दर्शाउँछ । सांकेतिक रूपमा र परा भाषामा अध्ययन गर्ने हो भने शंकरको त्रिशूलका तीन त्रिकोणले स्वर्ग, मर्त्य, पातल, र माझको टुप्पो परब्रह्म दाया र वाया आद्य र शक्तिले परिवेष्ठित जगत्, गुण-सत, रज-तम, त्रिदेव-ब्रह्मा विष्णु महेश, भैं ॐ अ+उ+म्, र+आ+म, राम बाटै रामलाई वेदमा तारक "प्रणव" ॐ भनिन्छ भने ॐ को ईश्वरलाई ब्रह्म मानेको पाइन्छ । यसबाट ईश्वर भनेको के हो ? भन्ने प्रश्न वाचक "तस्य वाचक प्रणवः" भनेर नै ईश्वरलाई ॐकार स्वरूपमा लिइएको पाइन्छ । यस्तै गीतामा श्रीकृष्णले अक्षर ॐकार मनै हुँ भनि भन्नु भएको पनि छ ।

यस्ता त्रिकोणीय तात्पर्य मा भूत, वर्तमान र भविष्य काल पनि रहेकोछ । यसैमा जीवन र मृत्यु छ । अनि त्रिशक्ति महाकाली, महालक्ष्मी, महासरस्वती । लोक-प्रधान तीन बुद्धिमा सायत बुद्धि, सच्चिदायत बुद्धि, स्वात्म बुद्धि । आमाहरूमा अम्बा, अम्बिका अम्बालिका (महाभारत), कौशल्या, कैकयी, सुमित्रा (रामायण) जो वास्तविक बुद्धिका प्रतीक भएर रहेका छन् । जसमा कौशल्या कुशलबुद्धि, सुमित्रा सुबुद्धि, कैकयी कुबुद्धि, भएको भान हुन आउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को पक्षका इच्छाहरूमा-राजेष्णा, लोकेष्णा, पुत्रेष्णा र देश, व्यक्ति कल्याणार्थका कामनाहरूले सिंगो जीवन्धारा दर्शाउँछ तमशोमा ज्योतिर्गमय:, असतोमा सद् गमय:, मृत्योर्मा अमृतं-गमय:, पारिवारिक घटकका संस्लेषणमा माता +पिता, पति+पत्नी, पुत्र+पुत्री, रहेको छ ।

मानव जीवनमा समेत परिचालित्त भएका देवताहरूमा ग्राम देवता+कुल देवता+इष्ट देवताले प्रथम स्थान पाएका छन् भने तिनै मानवहरूमा पनि आदि भौतिक मानव, आदि वैदिक र आध्यात्मिक भएका छन् । यीनैमा व्याप्त तापहरूमा संतृप्त ३, भ्रूण ३, मरण ३, जन्म, पूर्नजन्म, पूर्वजन्मको आधारशिलामा आरधाना उपासना र योगले धोई पखाल्ने सूक्ष्म, स्थूल र चेतन सहित विराट हिरण्यगर्भ र ईश्वर अभिप्रायले नै शरीर बनेको रहेछ । यसैको क्रिया कलापमा इडा, पिंगला, सुषुम्ना नाडीहरू झन्झनाएर संचारित र संचालित हुने क्रममा लागेका छन् । जसमा विश्व, तेजस् र प्राज्ञहुन्छन् ।

यसरी ॐ सनातन, प्रतीक, "ऋतं च सत्य" ऋत र सत्य पनि हो । किनकी श्रुति ओमिति ब्रह्म, अर्थात ब्रह्माको पर्याय हो । अर्थात् आमितीदं सर्वम" संपूर्ण ज्ञानका विषय नै ॐ मान्नु पर्दछ । वर्ण प्रतीकले "ओमित्येकाक्षरं "ब्रह्म" एकाक्षर ब्रह्मका वाचक मात्र नभएर "तस्य वाचक: प्रणव:-" आकार प्रणव हो भनि श्रुतिले भने कै छ ।

ॐ को श्री गणेश खोज्दै जाँदा वेद प्रकट पूर्वनै ब्रह्माजीको कण्ठबाट आएको तथ्य शास्त्रसम्मतै पाइयो ।

ॐ कार श्वाय शब्दश्च द्वावेतौ ब्रह्मण: पुरा ।
कण्ठं भित्वा विनिर्यातौ तस्मा मांगलिका वुभौ ।।
ॐ कार पूर्वमुच्चार्य ततोवेदमधीयेत् ।

वेद पूर्वनै ॐ ऊच्चारण भै सकेको भएबाट नै संपूर्ण वर्णको उद्भव एकाक्षर ब्रह्माबाटै भएको भन्न सकियो ।

आदौ भगवान शब्द राशी :

यसले सृष्टिको आदिमा भगवत्सत्ता शब्द राशीको रूपमा थियो । अर्थात् शुरूमा शब्द थियो । शब्दनै ईश्वरको साथ र शब्द नै ईश्वर थिए । जसबाट सबै वर्ण शिवात्मक "अक्षरं त्वं महेशी" भएको प्रष्ट हुन्छ ।

मूलत: ॐ का समस्त र **व्यवस्त** रूप भएको भन्ने तथ्यलाई पंचस्तवी **लघुस्तितिमा** भगवतीलाई ज्योतिर्मय वाङमयीभनि चिन्हाएझै "समस्त" ॐ पनि यस्तै नै रहेछ । तर **व्यवस्त** ॐ मा अकार, उकार मकार त्रयी रूपमा रहेका केही तथ्यलाई माथि दर्शाइए पनि त्रिपुटिरूपमा स्थूल, सूक्ष्म र कारण जागृत्, स्वप्न, सुषुप्तिका अवस्था, त्रिभूवन-स्वर्ग, भूमि, पाताल, वैखरी, मध्यम,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्यंती वाणीरूप, पीत, शुक्ल, कृष्ण वर्ण, मुख कंठ, हृदय स्थान, पुरक, कुंभक, रेचक प्राणायाम, नेत्र ३, स्वर ३ राग+ध्वनी+अनुराग त्रिवेणी, । आदि-आदि ई+श्व+र को विश्लेषण बाहिर पर्ने देखिएन ।

समष्टि **अभीमानि** भित्रका देव अधिभूत, अधिदैव र अध्यात्मका पथमा ध्वनिद्वारा लक्ष्य गरी ॐ को **आख्यायन** गरिएवाटै "मात्रातितं तु जप्यते" साघ गम्य छ, पराभक्ति जस्तो भक्तिले परिपूर्ण छ । शान्ति पाठको महामन्त्रयुक्त पनि छ ।

यसर्थ भू, भुर्वः स्वः, अग्नि, चन्द्र, सूर्य, ह्रस्व+दीर्घ प्लुत, सत्+चित्त+आनन्द, सृष्टि+स्थिति+संहार, इच्छा ज्ञान+कृया, नाद+ विंदु+कला, आदिले परिपूर्ण गणेश प्रतीक ॐ विंदुयुक्त ॐ कार कामनापूर्तिदायक र मोक्षदायक पनि छ ।

किनकी ब्रह्मवादीहरू ॐ को उच्चारण गरेरमात्र यज्ञ दान तप गर्दछन्, भनें योगी याज्ञ-वल्क्य धर्म, अर्थ, काम मोक्ष प्रदान गर्ने मान्दछन् । यो मंत्र प्रारंभको प्रण हो यसैवाट उत्पति र लय छ । यसर्थ यसलाई मन्त्रको नायक पनि हो भनेर प्रमाण दिनसकीन्छ । यसको जपले पाप नाश, मलनाश, भैं प्राणयाम पूरा हुन्छ भने ध्यानवाट जन्म मरणको पासोवाट मुक्ति मिल्दछ । तर अपूरो अनुष्ठान, अतिरिक्त, **छिन्न**, अशुद्धि भए पनि ॐ युक्त मंत्रको प्रभावले विफल भए पनि हानि भने हुदैन । जसमा "अ" ईश्वर, "उ" मुल प्रकृति, "म" माया शक्तिको वाचक भएर रहेकालेनै यस्तो भएको हो । त्यसैले उपनिषद्‌मा ध्यान विंदु प्रणव "ॐ" लाई धनुष्, आत्मालाई वाण र ब्रह्मलाई लक्ष्य गरेर अप्रयादि भैं तन्मयता पूर्वक संसोधन गर्ने कम्मर कस्नु पर्दछ । यसो गर्दा नै **सोहम्** शब्द रूपमा **'सं' र "ह" व्यञ्जन** लोप भैं ॐ शेष रहन जान्छ र जुन शेष नै अनंत ब्रह्म आतमा र परातमा वनेर रहेको हुन्छ ।

यसवाट जहाँ-जहाँ आकार छ त्यहाँ-त्यहाँ सनातन धर्म रहेको पुष्टिमात्र नभएर प्रणव चिंतन **तान्त्रिक आयाम** भएको पनि ज्ञान मिल्दछ ।

उपासनाका सृष्टि, स्थिति, संहार, अनाख्या भाषा गरी ५, प्रातः, मध्याह्न, साँझ, तुरीय मध्यरात्री जस्ता कालस्थिति र १० पद्म लगायत १०८ (प्रणव) भन्दा वढी आकृति छन् । अ,उ,म को अतिरिक्त चन्द्रकलो र नाद विंदुको समावेशलाई–

उर्ध्वशुण्डमधः शुण्डं द्विधा व्यावृत शुण्डकम् ।
विसर्ग-सर्ग सन्धीशं नौम्योङ्कार विनायकम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ले गणेश रूप, मध्य तलमाथि, सुंड रूप तथासर्ग चन्द्रकला र विसर्ग नादहरू संगै मणिपुरमा ॐ कार रहेको हुन्छ ।

ॐ नमः शिवाय' पनि एउटा रूपै हो यस्तै अनेकौं रूपको पुष्टि–

ॐ कार विन्दू संयुक्त नित्यं धायन्ति योगिनः
कामदं मोक्षदं चैव ॐ काराय नमो नमः

।।अस्तु।।

के तपाईलाई थाहा छ ?

१– वेदमा ११११०१ ऋचाहरू छन् । ऋग्वेदमा १०५०० मन्त्रहरू १०१७ सुक्त र १० मण्डल छन् । यजुर्वेद यस्को ३ खण्ड छ । गीतमय सामवेद, गद्य, पद्य युक्त अथर्ववेद ऋग्वेदको आधा छ । ३ वेदमा केही भेद सहित ऋग्वेदका मन्त्रहरू दोहोरिन्छन् सामवेदका १००० शाखाहरू छन् ।

२– हित गर्ने जातिनै हिन्दू हुन् ।

३– जगत जननी माहामायाले व्रह्मा, विष्णु र महेश्वरको सृष्ठि गरेकी हुन् ।

४– विश्वका १७२ भन्दा वढी राष्ट्रहरूमा ३१ देशमा राज परंपरा भए पनि वैदिक धर्ममा आधारित राजपरंपरा र हिन्दू अधिराज्य नेपालमात्र हो र सृष्ठिको आदिकाल देखिनै चलेको वैदिक सनातन धर्म "हिन्दुनै" हो ।

५– हालसम्म २०० भन्दा वढी उपनिषद्हरू भएको पाइन्छ ।

६– वेदमा चिन्ह र सारहरूले शब्द, अक्षर, भाव प्रकट गर्दछन् । यसलाई छन्द, व्याकरण, शिक्षा कल्प, निरूक्त, मन्त्रहरू समेतका ज्ञानले पढ्न र वुझ्न सकिन्छ ।

७– धर्म निरपेक्ष भारतमा झन्डै ६० लाख योगीहरू धर्मके नाममा वाचेका छन् ।

प्र. सम्पादक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसको कर्णवेध-संस्कार किन र कसरी

डा. देवराज पौडेल
सह-प्राध्यापक
म. स. वि. वाल्मिकि विद्यापीठ

कान छेड्नुलाई संस्कृत भाषामा 'कर्णवेध' भन्दछन् । यो मानव जातिका ४८ शास्त्रीय संस्कार मध्ये एक हो । संस्कार न भएका व्यक्तिले दिएको अन्न पानी देवता र पितृहरूले लिदैनन् । देवताहरू १ उत्कृष्ट जीवन विताउनका लागि हर्बखत मनुष्यलाई ज्योति दिन्छन् । त्यस कारण मनुष्यले आफ्नो जीवन स्तरउन्नत गराउनका लागि अनिवार्य रूपमा देवताहरू सँग नातो राख्नु पर्छ । पितृहरूको आशीर्वाद नपाई मनुष्यको वंश-परम्परा पृथिवीमा चिरस्थायिने हुन सक्तैन । अतः पितृहरूको आर्शीवाद पाउनु पनि मनुष्यका लागि आवश्यक हुन आउँछ ।

अर्को कुरा देवताहरूले रक्षा गरिएका वालकलाई खेती, स्कन्द, प्रेत, पिशाच आदि कुनै पनि वालग्रहहरूले कष्ट दिन सक्तैनन् । संस्कार न गरेका वालकलाई देवताहरूले रक्षा गर्दैनन् । त्यस कारण शास्त्रले तोकेका उचित समयमा बालकको कानछेड्ने काम (कर्णवेध संस्कार) अनिवार्य गर्नैपर्छ । २ । गर्दा वालकका जन्मदिनदेखि दशौं, वाह्रौं, सोह्रौं दिनमध्येकुनै एक दिनमा गर्नू । तिनमा संभव नभए–

१–"ते हि पुत्रासोऽदितेः प्रजीवसे भर्त्याय ज्योतिर्यच्छन्त्यस्तम् ।" 'यहाँ प्रकर्षेण जीविनुम्' अर्थमा 'तुमुन्' का ठाउँमा 'से' प्रत्यय भएर 'प्रजीवसे' प्रयोग भएको छ। शुक्ल यजुर्वेद अ.३ म. स. ३३ ।

२–दशमे द्वादशे वाऽह्नि योषडगे कर्णवेधनम् । मासे षस्ठे सप्तमे वाऽष्टमे दशमेऽपि वा । द्वादशे वा ततो कुदे च प्रथमे व तृतीयके ।। न कर्तव्यं समे वर्षे स्त्रीपुंसोः श्रुतिवेधनम् ।। (धर्मसिन्धु कर्णवेध प्रकरण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिलो या तेस्रो वर्ष भित्रमा कुनै एक शुभ दिनमा गर्नु । जोडी (सम) वर्षमा वालक बालिका कसैको पनि कर्णवेध गर्नुहुदैन । तीन वर्ष बिताएर गर्नुपरेमा राम्रो साइत हेराएर मात्र कर्णवेध (कान छेड्ने काम) गर्नुपर्छ ।

कानमा विभिन्न गहना (भूषण) हरू पहिरनका निमित्त पनि कान छेड्नु आवश्यक हुन आउँछ । जति जति वालक छिप्पिदै जान्छ उति उति कान छेड्ने काम समस्या-पूर्ण हुदै जान्छ । त्यस कारण पनि समयमै छेड्नु उपयुक्त हो । यस प्रसङ्गमा आयुर्वेदको दृष्टिकोण ।

सुश्रुत संहिता सूत्रस्थानको सोह्रौं अध्यायमा कान छेड्ने सम्बन्धमा अध्यायव्यापी विस्तृत व्याख्या पाइन्छ । यस अध्यायको नामकरण नै कानछेड्ने कामलाई लिएर भएको छ । १ । त्यसमा कान छेड्नाका प्रयोजनहरू यसरी बताइएका छन् । २

बालग्रहहरूवाट बालकलाई सुरक्षित राख्न र पछि गहना पहिरनका लागि बालकका कान छेड्नु पर्छ । छेड्दा जन्मदेखि छैटौ या सातौं महिनामा शुक्लपक्षमा असल तिथि करण नक्षत्र भएका दिनमा शिशुलाई मङ्गल स्नान गराएर स्वस्तिवाचन गरिवरी धाई वा बालकलाई खेलाउने डुलाउने उनका परिचित व्यक्तिका काखमा राखेर खेलाउनेहरूले उनलाई लोभ्याएर सान्त्वना दिदै चिकित्सकले विस्तारै आपना देब्रे हातले बालकको कान आफुतर्फ खिच्नु र सूर्यको प्रकाश तर्फ फिराई स्पष्ट देखिने दैवविहित छिद्रको डोवमा छेड्नू । वालकको कानको लोती पातलो भए सियोले वाक्लो भए आरोले' छेड्नू ।

१–'अथातः कर्णवेधबन्धनविधिमध्यायं व्याख्यास्यामः ॥१॥ इति स्माह भगवान् धन्वन्तरिः ॥२॥

२–रक्षाभूषणनिमितं बालस्य कर्णौ विध्येते । तौ षष्ठे मासि सप्तमे वा प्रशस्तेषु तिथि-करणनक्षत्रेषु कृतमङ्गल स्वस्तिवाधनं धात्र्यङ्के कुमारधाराङ्को वा कुमारमुपवेश्य बालक्रीडनकैः प्रलोभ्याभिसान्त्वयत् भिषग् वामहस्तेनाऽऽकृष्य कर्ण दैवकृते छिद्रे आदित्यकराव भासिते इत्यादि (सुक्त संहिता सूत्रस्थान अ.१६ श्लोक ३)

त्यसमा पनि कुमारको पहिले दाहिनु कान छेड्नू कुमारीको पहिले देब्रे कान छेड्नू त्यस छिद्रमा तुरुन्त औषधितेलमा भिजेको नरम रुवाको लुम्सो राखिदिनू ।

कान छेड्दा वर्तनुपर्ने होसियारीः–मूर्ख व्यक्तिद्वारा शिशुको कान छेडाउनें गल्ती किमार्थै गर्नु हुदैन, किन भने यसो गरिएमा बालकको स्वास्थ्यमा धेरै उपद्रहरू आइ पर्ने डर हुन्छ । जस्तै–मानवको कानमा कालिका, मर्मरिका र लोहितिका नामका तीन सूक्ष्म नसाहरू हुन्छन् । ती मध्ये कालिका नसामा छेडिएमा बालक ज्वरो, जलन, र कान सुन्निने रोग, एवं तीव्र व्यथाले पीडित हुन्छन् । मर्मरिका नामक नसामा छेडिएमा वेदना हुन्छ, ज्वरो आउँछ, गाँठा आउँछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोहितिका नामका नसा छेडिएमा बालकको गर्धन अररिने (मन्यास्तम्भ) अपतानक , एवं शिर अकडिने जस्ता रोगहरू हुन्छन् । यी रोगहरू उब्जिइगए भने तिनको उपचार यस ग्रन्थ (सुश्रुतीका ती,ती रोगहरूका प्रकरणहरूमा वताइए अनुसार गर्नुपर्छ ।)

कुनै कारणवश कसैका कानका लोती नै रहेनछन् भने पनि शल्यक्रियाद्वारा उसका गालाका मासुवाट उसका कानका लोती तयार गराई मासु भर्ने औषधि उपचारद्वारा गालाका घाउ ठीक गराई कर्णवेध गर्ने उपदेश भगवान् धन्वन्तरिवाट भएको छ । संस्कार लुप्त गराउने अधिकार शास्त्रले कसैलाई दिएको छैन ।

(अस्तु)

मनन गरौं

★ सदाचारको उलंघन गर्ने कसैले पनि कल्याण प्राप्त गर्न सक्तैन

— विष्णु पुराण

★ दैव केही गर्दैन । उ केवल कल्पनामात्र हो कि दैव केही गर्छ । जो केही लिदैन उसैलाई सवचीज दिइन्छ । —योग वासिष्ठ

★ पिशाच भएरनै ऐश्वर्य प्राप्त हुन्छ । — चाणक्य

★ हाम्रो वर्ण, (गोत्र) जाति सर्पको काँचुली समान छ । यसको अहंकारमा मनुष्य अन्धो बनि रहन्छ । — भगवान बुद्ध

★ "सदाचारको उलंघन गर्ने कसैले पनि कल्याण प्राप्त गर्न सक्तैन ।" सबैतिर समदृष्ठि राख समतानै अखिलेश्वर अच्यूतको आरधना हो ।

— विष्णु पुराण

★ योग समस्त बुद्धिको सार हो । — गीता

★ गिद्ध सारै माथि उड्दछ तर उस्का आँखा मूर्दाको खोजीमानै तल्लिन भएको हुन्छ । — विवेकानन्द

★ ब्राह्मण व्यवहारले वनिन्छ । — युधिष्ठिर

★ सन्देहास्पद विषयमा सज्जनहरू आफ्नो आत्माकै साक्षी प्रमाण मान्दछन् ।

-कालिदास

★ आमा बरावर गुरू पनि हुदैनन् । — महाभारत

★ काल, समय, र पुरुष समयको अधिष्ठात्री देवता हो ।

★ आत्मनस्तु कामाय सर्वं प्रियं भबती–वृहदा-उ. २।४।५ मनुष्य आफ्नो र आफ्नै स्वार्थको लागि सबै प्रिय हुन्छ ।

१८५०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतिष कल्पद्रुम

ज्यो . पं केदारनाथ उपाध्याय तिमल्सिना

(वेदव्यास)

१–ऋग्वेद २–यजुर्वेद ३–समावेद
४–अथर्व वेद ५–उपनिषद ६–पुराणानि
७–तन्त्राणी

ज्योतिषम्

१–संहिता:–

(क) पल्लिपतन विचार (ख) स्वप्नध्याय (ग) स्वर: ग्रन्थ
(घ) अंग स्फूरण शुभाशुभ फलं (ङ) ग्रहचारवश शुभाशुभ विषया:
(च) शकुन ग्रन्थ राशय: (छ) वास्तु समर्ध महर्ध विचार
(ज) अद्भूत उत्पात लक्षण ग्रन्था: (झ) शान्ति ग्रन्थ राशय:
(ञ) भूशोधनादि वास्तु ग्रन्था (ट) शामुद्रिक शास्त्र ग्रन्था

२–होरा:–

(क) जातक ग्रन्थ राशय: (ख) पञ्चाङ्ग निर्माण ग्रन्था:
(ग) ताजिक ग्रन्थ राशय: (घ) प्रश्न ग्रन्थ समुहा:
(ङ) मुहुर्त ग्रन्थ राशया (च) नष्ट जातक विषया:

३–सिद्धान्त:–

(क) करण ग्रन्थ राशय: (ख) ज्यामिति विषया:
(ग) चलन कलन विषया: (घ) गोलाध्याय (ङ) गोलोप रेखागणित
(च) त्रिकोणम् इति विषया: (छ) रेखा गणित विषया: (ज) पाटी गणित विषया:
(झ) विज गणित विषया: (ञ) प्रतिभाज्ञानौ आगमक विषया:
(ट) मापीय त्रिकोणम् इति विषया:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

–श्री परमब्रह्म परमेश्वरको शब्द ब्रह्ममय वेदहरूद्वारा स्तुति भै परमात्माद्वारा माया, मायाद्वारा महाशक्ति, महाशक्तिबाट महत–अहंकारादि सृष्टि भै त्रिगुण तथा पंच महाभूतले संयुक्त ज्ञान कर्मेंद्रियादि प्रवेशले नउठेको विराट चैतन्यरूप स्वयं प्रभूले प्रवेश गरि उठेको विराटका नाभी कमलमा ब्रह्ममै ब्रह्माका चार मुखबाट प्रादुर्भाव भएको वेदको सर्वाङ्ग शास्त्रै शास्त्रको थुप्रो वेदको अंग हुँदा चारै वेदका आँखारूप ज्योतिष् शास्त्र विश्वदर्शक ज्ञान चक्षु हो ।

सात जराले युक्त यो कल्पवृक्ष रूपी शास्त्रको उत्पत्ति समय, कयौं परार्द्ध वर्ष अगावै भएको सत्यतामै चारै वेद एवं ५ उपनिषद १८ पुराण, १८ उप-पुराणहरू र ६ तन्त्रहरू समेतले परिवेष्ठित भएको ज्योतिष कल्पद्रुम फेदसंम हो । उक्त स्तंभका ३ शाखा छन् । ती उत्तर शाखा, मध्ये शाखा र सिद्धान्त शाखामा पनि उत्तर शाखा संहिता छन् । स्वनप्नघाय, स्वरग्रन्थ, पल्लिपतन, अङ्ग स्फूरण, वृष्टि, विचार, गृहारम्भ, वास्तु, शान्ति ग्रन्थ, सामुद्रिक, अदभूत, उत्पात लक्षण ग्रन्थ, सकुन ग्रन्थ राशि, चारवसात, शुभाशुभं विषय, वस्तु समर्घ, महर्घता विचार समेत गरी जम्मा १२ विषयहरू छन् । यसका मध्य शाखामा होरा पर्दछ । सो होरामा जातक ग्रन्थ राशि, ताजिक, प्रश्न ग्रन्थ, मुहूर्त ग्रन्थ राशि, नष्ट जातक विषय, पञ्चाङ्ग-निर्माण ग्रन्थहरूले नै परिवेष्ठितभित्र ज्योतिष शास्त्र पर्दछ ।

यस्तै संहितामा १२ विषय, होरामा छ विषय ३ सिद्धान्त, ११ विषय शाखा सिद्धान्तका ११ विषयहरूमा शास्त्रले देखाइएका पाटि गणित, बीजगणित, ज्यामितिकरण ग्रन्थ राशि, प्रतिभा ज्ञान वगमक, रेखागणित, चापीय त्रिकोण, ज्यामिति गोला ध्याय, चलन, कलन, त्रिकोणमिति, गोलियारेखा गणित, विषय सहितको ज्योतिष् कल्प–द्रूमले ९ विषयहरूलाई समेटेको पाइन्छ ।

यस शास्त्रका ज्ञाता र शास्त्राधिकार सृष्टिकर्ता ब्रह्माजीका सनक, सनन्दन्, सनातन, सनत्कुमार, मरीचि, अत्री, अंगिरा, पुलस्त्य, पुलह, ऋतु, जमदग्नि, भृगु, वशिस्ठ, नारद तथा स्वयंभुव मनु जस्ता १५ छोराहरू, मध्ये परीक्षणपूर्वक भृगुले भृगु संहिता, नारदले नारद संहिता, पुलस्त्यले रावण संहिता पाए भने होरा तर्फपछि पारासर संहितामा विभाजन भै आएका मध्ये पहिलो स्थानमा भृगु संहितानै भएको पुष्टि हुन आयो । तर कनिष्ठ पुत्र सत्यवादी नारदको मूहूर्त भन्दा बढी कहिँ पनि वस्न नपाउने सराप मिले बाटै होरा-चक्रकै आधारमा झट्टै फल बताउनु पर्ने भै नारद संहिता अन्तर्गत समाविष्ट चतुर प्रश्न चहक ज्योतिष् शास्त्र अंश भागमा परेको पाइन्छ ।

यसरी प्रमुख स्थानमा रहेको भृगु संहिता विद्यमान रहेको अवस्थामा पनि फलादेशमा व्यावहारिक र अनेकौ कठिनाई र जिज्ञासा निवारण हेतु घर र घरवाहिरको तथा मानसीक र शारीरिक अवयव तात्विक तत्व र निवारणका ज्ञान भएको शक्ति दिने नारद संहिता भएकोलेनै भूत, वर्तमान र भबिष्यमा सबैले यसैलाई अँगालो हाली ममता मात्र दिएका छैनन्, व्यवहारमा समेत सजाएका छन् । यसर्थ नारद-संहिताको विज्ञान खण्डमा तोकिएकै समय भित्र समुद्रले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिलारूप हुन पर्नेमा समय सापेक्ष परिणाम उल्टै हुन गएकाले आखिर यस संहिताको अस्तित्वलाइनै मेट्ने पक्षमा समुद्रमा फ्याँकिदिनुनै समुद्रशिला रूप हुन गएको कारण भएकाले यसरी हेलत्वबाट नाशको अवस्थामा रहेकै यो संहिता मध्ये शिलारूपी समुद्रकै किनारामा पछि केही भाग नारदलेनै प्राप्त गर्न सकेकाले यो नारद संहिता चहक प्रख्यात रहेको स्पष्टै हुन आयो । जसले गर्दा यसमा रहेको अपार महिमाले धेरै पढ्नै नपरी फलादेश गर्न सफल भएका उदाहरणहरूले सिंगारिएको छ । हुनत नस्टैको लागि फ्याँकिएका बाँकी भागहरू समुद्रकै गर्भमै रहेको भनेर भन्न नसकिने पनि देखिएन । तर यसैको एक भाग पाश्चात्य देशमा . . . . पुग्न गै विज्ञानमा परिणत हुन गएको रहेछ भन्ने ठोकुवा नगर्न पनि सकिएन ।

भावार्थ, शब्दार्थ, आकाँक्षा, तत्वबोध, ज्ञानार्जन गर्ने मानसिक परा–अपरा शक्तिहरूले सजाइएकाहरूले जे जस्तो लेखेवा श्रुति, स्मृतिबाट पूनरूत्थान हूँदै आए उनै–उनैका त्यस्ता सम्बद्ध विषयलाई त्यही-त्यही संहिता भनेर बुझ्नु पर्ने हुन आयो ।

यस जगत्मा यो शास्त्रलाई पहिले स्वीकार गर्ने को रहेछ भनि खोज्दै जाँदा आदिराज स्वयंभुव मनुले संपूर्ण चराचरमा राज्य गर्दा विविध मुहूर्तको फल र संकेत अनुसारका प्रत्येक कर्म सफलताका सिंढीले आस्था र विश्वास सजाएबाटै मनुस्मृतिमा यसले आफ्नो ठाउँ ओगटेको पाइन्छ । आजको व्यवस्थापिकाभैं मनुको सभाले निर्माण गरेको ठहर निधि र विधि नै यस विषयको निर्णय-सिन्धु हो । त्यसमा पनि पहिलो पंक्तिमा यो ज्योतिष् शास्त्र नै परेको छर्लङ्गै छ ।

हुन त वेदका प्रश्नचिह्नहरू बोधगम्यबाट टाढै भए पनि ज्योतिष्शास्त्र वेदको आँखानै बनेर रहेको छ । अत: आँखाको भौतिकता भन्दा विवेक ज्ञानको बौद्धिकतालाई शब्दमा संगेल्न कठिन भएतापनि चम्किने, बल्नें, प्रकाशयुक्त सबै पदार्थ बाह्य र आन्तरिक जगत्को सबै यस अन्तर्गत पर्दछन् । यसका जति चक्रहरू छन्, त्यसमा शिशुभार चक्र, विराट भगवान्को ज्योतिः स्वरूप मानिन्छ ।

> शिशुमार स्वरूपश्च विश्वरूपस्य चैवहि !
> तन्त्रका भूषणं प्राहुर्ज्योतिष्चक्रमुदाहृतम् !!
> यो नरः शास्त्रमज्ञात्वा ज्योतिषं खलु निन्दति !
> रौ र वं नरकं भुक्त्वा चान्धत्वं चान्य जन्मनि !
> तिथि,वारं नक्षत्रंच योगं कारणमेव च !
> यः श्रृणोति नरोनित्य गङ्गानानं फलं लभेत् !!

माथिका प्रसंगसँग-सँगै उल्लेखित शब्दहरूमा पञ्चांगको नाम सुन्नु नै गंगा स्नानको फल मिल्ने कसरी रहेछ ? भन्ने 'तर्फ वेद-ज्ञाने' धातु ज्ञान खण्ड भावेद प्रधान भै ४ वेदमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यजुर्वेदीय कर्मकाण्डका विधानहरूले पहिलो श्रेणीमा श्रेय पाएको रहेछ । किनकि कर्मकाण्डको दृस्टि-प्रपंच पंचाङ्गविना कर्मकाण्डका विविध प्रक्रिया चलनमा प्रश्नचिन्ह उठ्ने निर्विवाद छ । यस्तै रूद्रीले दर्शाएको शिववास, अग्निवास, नारद ब्रह्मामा जुराइ गर्नु पर्ने श्राद्ध कर्ममा महिना, गते, तिथि, पक्षले प्रश्रय पाएको छ । यसरी परापूर्व कालदेखि संचालित जगगत्मा जन्म, मृत्यु, आवास निर्माण वास्तु, विवाह, ब्रह्मबन्धादि संपूर्ण कर्म गर्नु पर्ने तोकिएका जातिले फलित र अंकगणितीय आधारमा संचालित भएको यो विना, न हिजो चल्यो न आज चल्छ, नत भोली चल्दछ । यसरी ज्योतिष शास्त्रले समेटेका विविध पक्षमा नियाल्दा चराचरनै ज्योतिष्बाटै चलेको होइन भन्न सकिएन । किनकि

इह जगति सकललोक कल्याण मिलाषिणो ब्रह्मणो वदन-निः श्वासादेव चत्वारो वेदाः विनिर्गताः!
यदङ्गेषु तावुज्योतिष् शास्त्रमेव नयन रूपतथा मुख्यतां प्राप्त मस्तीति नापरिचितं, विपश्रिताम् !!

शब्द शास्त्रं मुखं ज्योतिषं चक्षुषी श्रोत्र मुक्तं निरूक्तं चः कल्पः करौ !
यातु शिक्षाऽस्य वेदस्च सा नासिका पादपद्मदृयं छन्द आधैर्बुधैः !!
वेदश्चक्षुः किलेदं स्मृतं ज्योतिषं मुख्यता चाङ्गमध्येषु तेनोच्यते !
संयुतोऽपीतरैं कर्ण नासादिभि श्वॅसुषाऽङ्गेन हीनोन किञ्चित्कर !!

(अस्तु)

"प्रत्येक मानिसले कमिला र माहुरीलेझैं कमाउनु पर्छ । आफूले कमाएको हो भन्दैमा त्यो सबै खर्च गर्ने हक पनि उसलाई हुँदैन । सो मध्य केही आफ्नो दुःखका दिनका निम्ति तथा समाज र राष्ट्रका निम्ति पनि छुट्टयाउनु पर्छ ।"

"कोही पनि नमरेको घरबाट एकमुठी रायो ल्याउ ! तिम्रो छोरो बाच्छ ।"

।।भगवान बुद्ध।।

卐

"जात छालाको होइन, रगतको होइन, मासुको होइन, हाडको होइन, त्योत व्यवहारका निम्ति कल्पना गरिएको हो ।"

।।निरालम्ब उपनिषद।।

卐

"संसारमा अद्वैत दृष्टिले हेर्ने ब्राह्मण होस् अथवा चाण्डल म त्यसलाई गुरू मान्छु ।"

।।आदि शंकराचार्य।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवलिंग स्थापन, लक्षण, पूजन शिवपद प्राप्ति विवेचन

–ऋषि प्रसाद गुरागाईं
साहित्याचार्य, कर्मकाण्डरत्न एम. ए.

वन्दे देवमुमापतिं सुर गुरुं वन्दे जगत्कारणम् ।
वन्दे पन्नग भूषणं मृगधरं वन्दे पशूनांपतिम् ।।
वन्दे सूर्य शशाङ्क वन्हिनयनं वन्दे मुकुन्दप्रियम् ।
वन्दे भक्तजनाश्रयं च वरदं वन्दे शिवं शङ्करम् ।।

ब्रह्माजीले भन्नुभयो; तपाईहरूले वडो उत्तम प्रश्न गर्नुभयो म यस विषय को वर्णन गर्ने छु । ध्यान दिएर सुन्नुहोस् र सम्झिनुहोस् ।

अनुकूल र शुभ समयमा कुनै पवित्र तीर्थमा नदीका तटमा आफ्ना रुचि अनुसार यस्तो ठाउँमा शिवलिंगको स्थापना गर्नु पर्छ जहाँ सँधै पूजन हुन सकोस् । पार्थिव द्रव्यबाट, जलमय द्रव्यवाट अथवा तेज पदार्थवाट शिवलिंगको निर्माण गरी त्यस्को पूजा गर्नाले पूजाको फल पाइन्छ । सम्पूर्ण शुभ लक्षणहरूले युक्त शिवलिंगको यदि पूजा गर्ने हो भने त्यसले पूजाको तत्काल फल मिल्छ । यदि चल प्रतिष्ठा गर्नु छ भने सानो शिवलिंग र अचल प्रतिष्ठा गर्नु छ भने स्थूल (ठूलो) शिवलिंग राम्रो मानिएको छ । उत्तम लक्षणले युक्त शिवलिंगलाई पीठ सहित अर्थात् अर्धाकृति सहित स्थापना गर्नुपर्छ । शिवलिंगको पीठ मण्डलाकार (गोलो) चतुष्कोण, त्रिकोण अथवा खाटको खुट्टाको आकृति जस्तै मास्तिर र तल्तिर मोटो र बीचमा पातलो हुनुपर्छ । यस्तो लिंग पीठ ठूलो फल दायी हुन्छ । पहिले माटोले ढुंगा आदिबाट रातो पानीवाट शिवलिंगको र पीठको निर्माण गर्नुपर्छ । शिवलिंगका विषयमा यही नै सबै भन्दा ठूलो कुरा छ । लिंग कति लामो हुनुपर्छ भन्ने प्रसंगमा ब्रह्माजी भन्नुहुन्छ–निर्माण गर्ने अथवा शिवलिंग स्थापना गर्ने प्राणी (यजमान) का १२ अम्ला वरावरको लिंग स्थापना गर्नुपर्छ । यसभन्दा थोरै लामो भएमा फल पनि थोरै हुन जान्छ । धेरै भएमा कुनै दोष हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नैमिषारण्यकापावन क्षेत्रमा विराजित सूतजीसँग अठासी हजार शौनकादि गणहरूले सोधेकि शिवलिंगको स्थापन, त्यसको लक्षण र पूजाका विधिहरूको वर्णन तथा शिवपदको प्राप्ति गराउने भएका सत्कर्महरूको वर्णन गरिबक्सियोस् । सूतजीले पनि प्रसन्नभइ– ब्रह्माजीले ऋषिहरूलाई वर्णन गरे अनुसार वर्णन गर्न लाग्नु भएको प्रसङ्ग यसप्रकार वर्णित छ ।

चरलिंग (अर्थात् यताउति लैजाने र पूजा गरिने) मा पनि त्यसै किसिमको नियम हुन्छ । त्यसको लंबाई कम से कम कर्ताका एक अम्ला बराबर लामो हुनुपर्छ । त्यसभन्दा सानो भएमा थोरै फल पाइन्छ । यजमानले अर्थात् कर्ताले पहिले शिल्पशास्त्रका अनुसार एउटा विमान अथवा देवालय बनाओस् जुन देव मन्दिर अनेकौं देवताहरूका मूर्तिहरूले अलङ्कृत भएको होस् । त्यसका मध्येभागमा "गर्भगृह" धेरै नै राम्रो सुन्दर,सुदृढ र ऐनाका समान सफाहोस् । त्यसलाई नौ प्रकारका रत्नहरूले विभूषित गरिएको होस् । त्यसमा पूर्व र पश्चिम दिशामा दुइटा मुख्य ढोकाहरू हुन् । जहाँ शिवलिंगको स्थापना गर्नु छ त्यस ठाउँका खाल्डामा, नीलम, वैदुर्यमणि, श्याममणि, रातोमणि, मरकतमणि, मोती, मूँगा, गोमेद र हीरा यी नौ रत्नहरूलाई तथा अन्य महत्वपूर्ण द्रव्यहरूलाई वैदिकमन्त्रहरूका साथ हालोस् ।

सद्योजातं प्रपद्यामि सद्योजाताय वै नमो नमः ।

भवे भवे नाति भवोद्भवाय नमः ।।

वामदेवाय नमो जेष्ठाय नमः श्रेष्ठाय नमो रुद्राय नमः ।

कालाय नमः कलविकरणाय नमो बलविकरणाय नमः बलाय नमो बलप्रमथनाय नमः ।

अघोरेभ्योऽथ घोरेभ्यो घोर घोर तरेभ्यः । सर्वेभ्यः सर्व सर्वेभ्यो नमस्ते अस्तु रुद्ररूपेभ्यः ।

तत्पुरुषाय विद्महे महादेवाय धीमहि । तन्नो रुद्रः प्रचोदयात् । ईशानः सर्वविद्यानां ईश्वरः सर्वभूतानां ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिर्ब्रह्मा शिवोम अस्तु सदा शिवोम् ।

यी मन्त्रहरूद्वारा शिवलिंगका पाँच स्थानहरूमा क्रमैले पूजन गर्दै आगोमा चरु आदिद्वारा अनेकौं आहुतिहरू देवोस् र परिवार सहित भगवान् सदाशिव भनिबक्सिन्छ– मेरो पूजा गरोस् र आचार्य गुरुलाई धनद्वारा तथा भाई बन्धुहरूलाई मन परेका वस्तुहरू दिएर संतोषगराओस् । याचकहरूलाई सुवर्ण, पृथ्वी, सम्पत्ति, गाई आदि वैभव प्रदान गरोस् ।

स्थावर जंगम सबै जीवहरूलाई यत्नपूर्वक सन्तोषगरी एउटा खाल्डामा सुन तथा नौ किसिमका रत्न भरेर सद्योजातादि वैदिक मन्त्रहरूको उच्चारण गरेर परम कल्याणकारी महादेवजीको ध्यान गरोस् । त्यसपछि नाइटादेखि कै बल भिकी उच्चारण गर्दै ॐकारको उच्चारण गरी त्यसै खाल्डामा शिवलिंगको स्थापना गरोस् र त्यसलाई राम्रा किसिमले चारै तर्फबाट चिप्लो तर पछि बलियो हुने खालबाट लेपगरी न हल्लिने पारोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस किसिमले त्यहाँ अति सुन्दर अरू-अरू मूर्तिहरूको पनि स्थापना गरिन्छ। लिंग प्रतिष्ठाका निम्ति प्रणवमन्त्र ॐकार को नै उच्चारण गरिने विधान छ, तर मूर्ति प्रतिष्ठाका निम्ति पञ्चाक्षर मन्त्र "नमः शिवाय" ले नै गर्नुपर्छ। जहाँ लिंगको प्रतिष्ठा भएको छ त्यहाँ पनि उत्सवका निम्ति वाहिर सवारी निकाल्ने आदिका निमित्त मूर्तिलाई राख्नु आवश्यक छ। मूर्तिलाई वाहिरवाट पनि लिन सकिन्छ। त्यसलाई गुरूजनहरूवाट ग्रहण गर्नुपर्छ। वाह्य मूर्तिहरू त्यही लिन योग्य हुन्छन् जुन साधुपुरुषहरूद्वारा पूजित हुन्छन्। लिंग दुई प्रकारका भनिएको छ। वृक्ष, लहरा आदिलाई स्थावर लिंग र कृमि, कीट (कीरा) आदिलाई जंगम लिंग भन्दछन्। स्थावर लिंगलाई सेचन आदिद्वारा सेवा गर्नुपर्छ र जंगमलिंगलाई आहार जल आदि दिएर तृप्त गर्नुपर्छ। ती स्थावर जंगम जीवहरूलाई सुख पुऱ्याउनमा अनुरक्त हुनु भगवान् शिव कै पूजन हो। यस किसिमले महालिंगको स्थापना गरी आफ्ना शक्ति अनुसार सँधै पूजन गर्नुपर्छ तथा देव मन्दिरका छेउमा ध्वजारोपण आदि गर्नुपर्छ। शिवलिंग साक्षात् शिवजीकै पदलाई प्रदान गर्ने वाला हो। आवाहन, आसन, अर्घ्य, पाद्य पाद्यांग, आचमन, अभ्यंगपूर्वक स्नान, वस्त्र, र यज्ञोपवीत, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य ताम्बूल, समर्पण, नीराजन, नमस्कार र विसर्जन– यी सोह्र ओटा उपचार हुन्। अथवा– अर्घ्यदेखि नैवेद्यसम्म विधिवत् पूजा गरोस्। अभिषेक, नैवेद्य, नमस्कार र तर्पण यी सबै यथाशक्ति सधैं गरोस्। कुनै मनुष्यद्वारा स्थापित शिवलिंगमा, ऋषिहरूद्वारा स्थापित शिवलिंगमा आफै प्रकट भएका स्वयम्भू शिवलिंगमा, देवताहरूद्वारा स्थापित शिवलिंगमा र आफूद्वारा नयाँ स्थापित गरिएका शिवलिंगमा पनि उपचार समर्पण पूर्वक जसै तसै पूजा गर्नाले या पूजाको सामग्री दिनाले शिवपूजाको फलहरू पाउँदछन्। क्रमैले नमस्कार र परिक्रमा गर्नाले पनि शिवपद हुन्छ। माटो, पीठो, गाईको गोबर, फूल, फल, गुड, मक्खन, भष्म अथवा अन्नवाट पनि आफ्ना रुचि अनुसार शिवलिंग बनाई तदनुसार त्यसक पूजन गरोस् अथवा प्रतिदिन दश हजार प्रणव मन्त्र (ॐकार) को जप गरोस् अथवा दुवै सन्ध्याकालमा एक-एक हजार प्रणवको जप पनि शिवपद प्राप्ति गराउने हुन्छ। जप कालमा मकारान्त प्रणवको उच्चारणले मनलाई शुद्ध गराउँछ। समाधिमा मानसिक जप कै विधान छ। अरू बेलामा मुखवन्द गरी जप गर्नु पर्छ। नाद र विन्दुवाट युक्त ॐकारको उच्चारण "समान" प्रणव भनिन्छ।

ब्राह्मणहरूका निम्ति अगाडी प्रणवलगाई पंचाक्षरमन्त्र राम्रो मानिएको छ। कलशवाट गरिएको स्नान, मन्त्रको दीक्षा, मातृकाहरूको न्यास, सत्यवाट पवित्र अन्तः करण भएका ब्राह्मण तथा ज्ञानी गुरु– यी सबैलाई उत्तम मानिएको छ।

ब्राह्मणहरूका निम्ति "नमः शिवाय" को उच्चारण गरिने विधान छ। ब्राह्मणदेखि अरूलाई आखिरीमा नमः पदका प्रयोगको विधि छ अर्थात् शिवाय नमः यस मन्त्रको उच्चारण गरोस्। स्त्रीजातिका निम्ति पनि कँहीं–काँही विधिपूर्वक "नमः" आखिरीमा नै उच्चारण गरिने विधान छ अर्थात् "शिवाय नमः" यसैको जप गर्नु नै उत्तम मानिएको छ। कुनै-कुनै ऋषि ब्राह्मणका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्रिहरूका निम्ति नमः पहिले भनि शिवायको जप गर्नका निम्ति अनुमति दिएको पाइन्छ अर्थात् "नमः शिवाय" कै जप गरुन् । पंचाक्षर अर्थात् पाँच ओटा अक्षर भएको "नमः शिवाय" को पाँच करोड जप गरे भगवान् सदाशिव कै समान हुन पुग्दछ । एक, दुई, तीन अथवा चार करोडको जप गर्नाले क्रमैले ब्रह्मा, विष्णु, रुद्र तथा महेश्वरको पद पाइन्छ । अथवा मन्त्रमा जति अक्षर छन्, उनको बेग्ला बेग्लै एक-एक लाख जप गरोस् अथवा सम्पूर्ण अक्षरहरूलाई एकै पल्ट नै जति अक्षर छन् उनिहरूको बेग्ला-बेग्लै एक-एक लाख जप गर्दा शिवपदको प्राप्ति सम्झिनु पर्दछ । एक हजार दिनमा प्रतिदिन एक सहस्र जपका क्रमले पंचाक्षर मन्त्रलाई दश लाख जप पूरा गरि प्रतिदिन ब्राह्मण भोजन गराउने हो भने आफूले इच्छाइएको कार्यको सिद्धि हुन थाल्दछ ।

ब्राह्मणहरूले प्रतिदिन प्रातः कालमा एक हजार आठ पल्ट गायत्रीको जप गरोस् यसो गर्दा गायत्रीले क्रमैले शिवपद प्रदान गर्ने वाली हुन्छिन् । वेदमन्त्रहरूमा र वैदिक सूक्तहरूको पनि नियमपूर्वक जप गर्नु पर्छ । वेदहरूको पारायणले पनि शिवपदको प्राप्ति हुन्छ । अरू–अरू जो अनेकौं मन्त्रहरू छन्, उनको पनि जति अक्षरहरू छन् उति लाख जप गरोस् । यस किसिमले जसले यथाशक्ति जप गर्दछ उस्ले क्रमैले मोक्ष पाउँदछ । आफ्ना रुचि अनुसार कुनै एक मन्त्रलाई अपनाई मृत्युपर्यन्त प्रति दिन त्यसको जप गर्नु पर्दछ अथवा (ॐ) यस मन्त्रको प्रतिदिन एकहजार जप गर्नु पर्दछ । यसो गर्दा भगवान् शिवको आज्ञाबाट सम्पूर्ण मनोरथको सिद्धि हुन्छ । जो मानिसले भगवान् शिवका निम्ति फुलवारी अथवा बगैंचा आदि लगाउदँछ तथा शिवका सेवाका निन्ति मन्दिरमा कुचो सफा सुधर आदिको व्यवस्था गर्दछ शिवपदलाई पाउँछ । भगवान् शिवका क्षेत्रहरू छन् तिनमा भक्ति पूर्वक वास गरोस् । त्यसले जडचेतन सबैलाई भोग र मोक्ष दिनेवाला हुन्छ ।

भगवान् शिवको यस्तै वचन छ । त्यस स्थानमा स्नान, दान, र जप गरेर मानिसले भगवान् शिवलाई पाउँदछन् । यसकारण मृत्युपर्यन्त शिवका क्षेत्रको आश्रय लियेर वस्नु पर्दछ । जसले शिवजीका क्षेत्रमा आफ्ना कुनै मृत सम्बन्धीको दाह, दशाह (दश दिनको कर्म) मासिक श्रांद्ध, सपिंडीकरण अथवा वार्षिक श्राद्ध गर्दछ अथवा कहिले पनि शिवका क्षेत्रमा आफ्ना पितृहरूलाई पिण्ड दिन्छ उ. सबै पापबाट मुक्तभएर शिवपद पाउँदछ । शिवका क्षेत्रका सात, पाँच, तीन या एकैरात वास गर्दा पनि क्रमैले शिवपद प्राप्ति हुन्छ ।

बिहानको समय शास्त्र वित नित्यकर्मको अनुष्ठानको समय जान्नु पर्दछ । दिउँसो सकाम कर्मका लागि उपयोगी हुन्छ तथा साँझ शान्ति कर्मका लागि उपयुक्त हुन्छ । यस्तो जान्नु पर्दछ । रातका चार प्रहरहरूमा जुनबीचका दुई प्रहरहरूछन् त्यसलाई निशीथकाल भनिएको छ । विशेषगरेर त्यसै कालमा गरिएको भगवान् शिवको पूजाको अभीष्ट फल हुन्छ ।

सर्वेभवन्तु सुखिनः सर्वे सन्तु निरामयाः!
सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दुःखभाग्भवेत्!!
ॐ शान्तिः शान्तिः शान्तिः

शिवलिंग स्थापन..

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वस्थानी–शक्ति

–ऐश्वर्यधर शर्मा

पत्नीं ज्ञेयान्महादेवीमात्मानं च महेश्वरः ।
ऐक्यभावेन संपश्येत् स शिवः सद्गृहाश्रमी

–कुमारीतन्त्र

पत्नीलाई महादेवीको रूप र आफूलाई महादेवको रूप जान्नुपर्छ। यस्तो ऐक्यबोधले जसले हेर्दछ, त्यो नै सद्गृहस्थी हो। शिव हो।

हिमवत्खण्ड यो नेपालमण्डलको मण्डपमा आर्ष वाङ्मय मुखरित छ। पर्वत-पंक्तिको प्रत्येक पत्थरमा अङ्कित छ। तराईको फाँटमा नर्तित छ। हिमाली आकाशमा प्रतिध्वनित छ, सिद्ध एवं प्रसिद्ध यो भलो थलो मानिने शिवशक्तिको देशमा दिव्यशक्ति भव्यरूपले अन्तर्निहित छ। अतः आर्ष वाङमयका मूलभूत विषयमाविशेष हेक्का राख्नु अति जरूरी छ।

यही शुभ शक्तितत्त्वको महाप्रसादले गर्दा यो नेपाल मण्डल शान्त एकान्त सुन्दर छ। यहाँ साधना-सङ्गममा स्नानमात्रले स्वस्थ र स्वच्छ बन्ने पुनीत फलोपलाब्धी हुन्छ। किनभने यहाँ साधनानुकूल वातावरण छ। यसकारण स्वाभाविक बनौटले पूर्ण यो पावन स्थानमा बहु-आयामिक आर्ष वाङमय जीवित छ। यो सबैको साझा सम्पत्ति हो।

पुरातात्त्विक यो पुण्यभूमि शक्तिप्रधान मानिन्छ। यहाँ अल्पसमयको प्रयासले पनि सद्-भाव र आत्मभाव सहज उद्भव हुन्छ। सर्वोच्च आनन्ददायक ब्रह्मभावमा लीन हुन सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किनकि गरिमा र महिमाले महामण्डित यो मण्डलको महामण्डपमा महाशक्तिपीठमण्डल शोभायमान छ, विराजमान छ। केवल युगानुकूल दधीचिको जस्ता दर्याद्र-दक्षताको प्रक्रियाकरणको दरकार छ। परोपदेशभन्दा परोपकारपरक सामाजिक क्रियाकलाप प्रयोगमा ल्याउन सक्नुपरेको छ। अतः दिव्य शक्तिको उपासनामा रमी मयूर-नाच नाचौं। भक्तिरसको आनन्दमा डुबौं। आर्ष वाङमयको शुभ-दिव्योपदेशलाई उदाहरणको रूपमा ग्रहण गरौं।

नेपालमण्डलको मण्डपमा महाकाली, नवदुर्गा, अष्टमातृका, त्रिमूर्ति, हरसिद्धि तथा भद्रकाली आदिका नृत्य हुन्छन्। कात्तिकनाच, ज्यापूनाच, लाखेनाच, मारुनीनाच, भालुनाच, बाँदरनाच तथा पुतलीनाच हुन्छन्। विभिन्न ठाउँ-गाउँमा नानाभाँति नाउँका नाचै नाच भएको यो मुलुकमा नाचको महत्त्व पूर्वकालदेखि रहेको छ।

साँच्चै सारा ब्रह्माण्डका नदी-नाला, झर्ना, आकाश, बादल, हावा, वनस्पति, पशुपंछी तथा कीटपर्यन्त नाच्दछन्। यसरी शक्तितत्त्वको सत्ता पाएर सारा प्रकृति उन्मुक्त नाच्दछ। यो नैसर्गिकताको प्रतीक हो। दिव्यताको द्योतक हो।

आर्ष वाङमयमा बताएअनुसार नटराज शिवले ताण्डव नृत्य गर्दछन्। नटराज स्वस्थानी-शक्ति लास्य नृत्य गर्दछिन। ब्रह्मादिदेवगण नृत्य गर्दछन्। मुनिजन निरन्तर स्वच्छन्द नृत्य गर्दछन्। स्वान्तःसुखाय एवं मूक्तिलाभका लागि अन्तरात्माको रङ्गमञ्चमा नर्तक-आत्माहरू नर्तन गर्दछन्। यसरी शिवसङ्कल्पयुक्त तुल्याउने पवित्र कर्मक्षेत्रमा सदादेखि सत्य नाच्दछ।

नर्तन्ति मुनयः सर्वे देवा ब्रह्मादयः सदा।
प्रीत्यर्थं मूक्तिलाभाय ह्यहं नर्तोऽस्मि चानघे ! ॥

बुद्धिकी देवी वाग्वादिनी शक्तिको छन्दशास्त्ररूपी पाउ, ऋग्वेदरूपी पिँडौला, यजुर्वेदरूपी नितम्ब, सामवेदरूपी पेट, तर्क र अथर्वरूपी स्तन, निरुक्तरूपी नङ, शिक्षारूपी जाँघ, श्रुतिस्मृतिरूपी हात, काव्यरूपी कान तथा वेदान्तरूपी मुहार नाच्दछ। अनि वाग्वादिनीका प्रतीक वाग्वती वाग्द्वारबाट प्रस्फुटिता भई नाच्दै गन्तव्योन्मुख बग्दछिन्। दिशाबोध दिँदै स्वस्थानको अनन्त यात्रा गर्दछिन्। यसैले म भन्छु—

बाधा नाना हटाई उचित पथमा लम्कँदै लम्कँदै जा
स्थायी सत्यान्तमा त्यो ध्रुवपद सरि नै ठाउँ भेटिन्छ साझा।
सार्यैमा बालुकाका कणकण गति झैं नित्यताशून्य चित्र
दर्शाई दृश्य सारा क्षणभर रहने विश्व यो हो विचित्र॥

जाँची जाँची विसञ्चो विकट पथमा साँच साँचो कुरा त्यो
नाची नाची रमाई विविध गतिले बाँच लौ बाँच्न जान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोची सोची बिताऊ तर तनु सदा काँच नै काँच जस्तो
घोची घोची निभाऊ कलुषित असत् आँच त्यो त्वाँच खाले ।।

साँच्चै ताल र लयको अभावमा पनि अन्तस्मा चिन्मयस्कुमिङ्ग अविर्भाव भएपछि अन्तर्मनको स्व-भावमा मस्त नाच स्वतः स्फूर्त हुन्छ यो चिन्मय शक्तिको भक्तिमा म नरम्दा वनमान्छे थिएँ । १– मान्छे हूँ भन्ने भावभित्र चढेपछि मान्छेको महत्त्व जानें । २– पूर्णमान्छेबन्ने सद्भाव उठेपछि म आनन्दमा मग्न भई ब्रह्मभावमा रम्न पुगें । ३– यो आर्ष वाङ्मयवर्णित साधना-कलाको प्रतिफल हो । यसरी मैले जीवनको खुड्किला खुदै क्रमिकरूपले उक्लने प्रभुप्रसाद भेट्टाएँ ।

माघ महीनामा स्वस्थानी महादेवीको व्रतोपासना गर्ने विधान हाम्रो समाजमा विद्यमान छ । कथा-माहात्मा वाचन-बखान गर्ने प्रथा छ । गान-वजान गर्ने चलन छ । माघ-स्नान गर्ने धर्मग्रन्थको कथन छ । माघे-जात्रा गर्ने परम्परागत प्रचलन छ । अनेक शुभ-उत्सवकर्म सुसम्पन्न गर्ने सुन्दर विधान छ । ४– अन्तस्मा अवोधावस्थामा रही गरिने अनुष्ठानमात्रले संस्कृतिमा व्याप्त विकृति निराकरण नहुने उद्घोष आर्ष वाङ्मयमा पाइन्छ । अतः यस्ता मूलगत विषयमा हाम्रो ध्यानाकर्षण नहुँदा प्रभावोत्पादकता लुप्तप्रायः भइरहेको छ । समाजमा जमान हराउँदो छ । कोरा भौतिक रमझममा मनोमृग खस्कँदो छ । आत्मौपम्य ह्रास हुँदो छ । दर्शन-दिग्दर्शन गर्ने व्यक्तित्व मर्दो छ । "तन्मे मनः शिवसङ्कल्पमस्तु" भन्ने वैदिक आर्ष वाङ्मय विस्तारै गिर्दो छ । मानवमान्यता, मानवसंस्कृति तथा मानवसभ्यता ओरालो झर्दो छ । आत्मबोधको कमी महसुस हुँदो छ ।

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ।।

["आफूले आफैलाई उद्धार गर्नुपर्दछ । आफूलाई अवसादमा पार्नुहुन्न । आफू नै आफ्नो वन्धु हो । आफू नै आफ्नो शत्रु हो ।"] भन्ने गीताको सारोक्तिको मध्यविन्दुमा बसी संस्कृतिका यावत् विकृति उखेल्न जुर्मुराउनुपरेको छ ।

स्वयमेवात्मनात्मानमवष्टभ्य विचारतः ।
संसारमोहजलधेस्तारयेत् स्वमनोमृगम् ।।

[विलक्षण बुद्धि भएका व्यक्तिले विवेक र विचारयुक्त बनि आफूले आफूलाई हठात् खिचेर आफ्नो मनरूपी मृगलाई संसारको मोहरूपी समुद्रबाट पार लाउनुपर्दछ ।]

यद्यपि विद्यमान विश्व एकाङ्गी भौतिकताको पक्षपातले पक्षाघातग्रस्त छ । यस स्थितिमा तारकतत्त्वसम्वन्धी चर्चा उठाउँदा हास्यास्पद ठानिएला । तथापि 'हामीले मर्नुपर्छ' भन्ने शाब्दिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानकारी अन्तस्मै "अद्य वाब्दशतान्ते वा मृत्युर्वै प्राणिनां ध्रुवम् ।" (आज वा सय वर्षपछि प्राणीहरूको मृत्यु ध्रुवसत्य छ ।) भन्ने आर्ष वाङ्मयको आधारबाट उद्बोधन ल्याउनुपरेको छ । अतएव "ज्ञानेन कुरुते यत्नं, यत्नेन प्राप्यते महत्" (ज्ञानले कोसीश गरिन्छ । यही कोसीशले ठूलो कुरो हात लाग्दछ ।) भन्ने निर्देश स्वदेशमा घनक्क घन्काउनुपर्दछ । खालि दोषदृष्टि राख्दा तात्कालिक लाभ होला । तर अर्काको मर्का टर्दैन । केशमा मात्र दोषदृष्टि रहँदा क्लेश (ताप-पाप) को मुण्डन हुँदैन । त्यसकारण खण्डनमा भन्दा मण्डनमा हाम्रो ध्यान जानुपर्दछ ।

"इदं कुर्यात् । इदं न कुर्यात् ।" (यो गर । यो नगर ।) भन्ने परोपदेशी बानी हामीमा छ । तर "कथं न कुर्यात् इति साहसेन कः अपि पृच्छति पण्डिताः तं नास्तिकं इति आरोपयन्ति ।" (कसैले कसरी नगर्ने ? भनी साहसपूर्वक सोध्यो भने पण्डितबाजेहरू इच्छुक पृच्छकमाथि तत्काल नास्तिक भनी दोष थुपार्छन् । यो आर्ष वाङ्मयको विपरीत कुरो हो । अतः दुत्कारपूर्ण होचाइमा सोच्नुपर्ने बेला आएको छ । यस्ता दोषदृष्टि सदाका लागि विदा दिनुपर्ने देखिन्छ ।

आर्ष परम्परामा फुलेको नेपालको विशाल पटाङ्गिनीमा जल्दाबल्दा कलात्मक मूर्ति कोपिएका छन् । यस्ता मूर्तिमध्ये एउटा मौलिक मूर्ति स्वस्थानी महादेवीको हो । नें. सं. ७९४ माघशुक्ल श्रीपञ्चमीको दिन कान्तिपुरका प्रतापी राजा प्रताप मल्लले भगवान् शिवसहितको महादेवी भगवती स्वस्थानीको प्रस्तर मूर्ति स्थापना गरेका छन् । यो मूर्तियुगल मखनको तारिणीबहालको मूलढोकाको सामुन्ने अवस्थित छ । यसको पाठपीठमा नेवारी भाषामा अभिलेख कुँदिएको छ । प्रसङ्गवश सो अभिलेखको मूलपाठको उतार यहाँ उल्लेख गर्नु उपयुक्त होला ।

मूलपाठ

१. स्वस्ति ।। श्री ३ शिवसहितन श्री ३ स्वस्थानी परमेश्वरी शस्त्रशास्त्रसंगीतादि-सकलविद्यापारग महाराजाधिराजधर्म्मराज–

२. नेपालेश्वरविदग्धचक्रचूडामणिसकलराजचक्राधीश्वरश्रीश्रीराजराजेन्द्र कवीन्द्र-जयप्रतापमल्लपरमभट्टारक देवन स्था–

३. पन याङ बिज्याङा ।। सम्वत् ७९४ माघमासे शुक्लपक्षे श्रीपञ्चमीयान्तिथौ अश्विनीनक्षत्र शुभयोग आदित्यवार कुन्हु ।।

कल्याण होस् । शस्त्र, शास्त्र तथा सङ्गीत आदि सबै विद्यामा पारङ्गत, महाराजाधिराज धर्मराज, नेपालका मालिक, रसिकसमूहका चूडामणि, सारा राजगणका अधीश्वर, श्रीश्रीराजराजेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(राजाहरूमा इन्द्र), कवीन्द्र (कविहरूमा इन्द्र), जय प्रताप मल्ल महापूजनीय देवले श्री ३ शिवसहित श्री ३ स्वस्थानी परमेश्वरी स्थापना गरिबक्सियाँ। संवत् ७९४ माघमहीना, शुक्लपक्ष, श्रीपञ्चमी तिथि, अश्विनी नक्षत्र, शुभयोग, रविवारका दिन।

शिवमूर्तिको चिनारी

शिवको मूर्ति स्वस्थानी शक्तिदेवीको दायाँपट्टि छ। शिवको माथिल्लो भागको दायाँ हातमा अक्षमाला छ। बायाँ हातमा ध्वजायुक्त त्रिशूल छ। तल्लो भागको दायाँ हात वरमुद्रामा छ। बायाँ हातमा पात्र छ। मुकुट मुण्डयुक्त छ। कानमा नागका कुण्डल र वाहुमा नागका वाजु छन्। जटा अर्धचन्द्रले अलङ्कृत छ। मुण्डमाला छ। साँढेमाथि बसेको छ।

(शिवसहित स्वस्थानीको मूर्ति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वस्थानीमूर्तिको चिनारी

शिवको मूर्तिको बायाँ भागमा श्रीस्वस्थानीको मूर्ति छ, माथिल्लो दायाँ हातमा खड्ग छ, बायाँ हातमा फेटक (ढाल) छ, तल्लो दायाँ हात अभयमुद्रामा छ, बायाँ हात नीलोत्पल (नीलोकमल) र ज्ञानमुद्रायुक्त वरदमुद्रामा छ, कानमा पुष्पकुण्डल छ, बाहुमा पुष्पका वलय र बाजुका आभूषण छन्, शिरमा मुकुट छ, पुष्पमाला छ, सिंहमाथि बसेको छ ।

आयुधः (आभूषण) प्रतीकार्थ

१. – पात्र = विवेकशक्ति, सत्त्वगुण, पोषण ।

२. – मुण्ड = बुद्धि, विवेक, ज्ञान ।

३. – नागभूषण = शीतलीकरण, महौषधी ।

४. – अर्धचन्द्र = अमृत, नाद, विमर्श ।

५. – मुण्डमाला = विवेकयुक्त बुद्धि, ५४ अक्षररूप ।

६. – वृषभ = धर्मस्वरूप ।

७. – अक्षमाला = मोक्ष, मंत्र, शक्ति, प्राणा, विश्वचक्र, पूर्णक्रिया ।

८. – ध्वजा = राजाचिह्न, रजोगुण, राष्ट्र ।

९. – त्रिशूल = उत्पातत्रय नाशकता ।

१०. – वरमुद्रा = अभीष्टसिद्धि ।

११. – खड्ग = ज्ञान, मारण ।

१२. – फेटक (ढाल) = सुरक्षा ।

१३. – अभयमुद्रा = निर्भीकता ।

१४. – नीलकमल = ज्ञान, मोक्ष, तापन, निर्वाणपद ।

१५. – ज्ञानमुद्रा = ज्ञान ।

१६. – कुण्डल = श्रवणशक्ति ।

१७. – बाजु = बाहुवल ।

१८. – पुष्पमाला = लक्ष्मी, ऐश्वर्य ।

१९. – सिंह — राजचिह्न, ज्ञान ।

२०. – मुकुट = राजचिह्न, साम्राज्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain..Digitization by eGangotri.Funding: MIDF

उपसंहार

स्व-स्थ स्वस्थानी दिव्य शक्तिको पहिचान, मात्र शास्त्रले हुँदैन । निरन्तर साधनापथमा हिँड्नुपर्दछ यो कुरा आर्ष वाङ्मयमा निर्देशित छ । मात्र आचार र विचारमा रूमल्लिदाँ समर्पणभाव जन्मदैन । अतः स्व-भावका साथ साधना-सङ्गममा स्नान गर्दा सो भाव र भक्तिको मूल फुट्दछ । यस्तो सान्दर्भिक विषयवस्तु सन्तको जीवन-साहित्यमा छ्यासछ्यास्ती देखा पर्दछन् । अतःअन्तमा सन्त तुकारामको तुक्का पक्का जँचेको हुँदा यहाँ सो उल्लेख गर्दछु ।

चतुराई सब चेतना सब चूल्हे में जावे
बस मेरा मन एक ईशचरणाश्रय पावे ।
आग लगे आचार-विचारों के उपचय में
उस विभुका विश्वास सदा दृढ रहें हृदय में ।।
शिवसङ्कल्पमस्तु ।

निर्भय, इच्छाशक्ति, मानसिक शक्ति र सिद्धि

भयावह प्रतित जटिल जीवनका समस्याको प्रतित संकटलाई नजिकबाट हेर्दा नै हुन्छ । यो नै भयको संसार वन्दछ । भयभीतलाई सौचौं, साहसपूर्वक खोजौं, विश्लोषणचिन्तन र मनन् गरौं । यसैको संघर्षले मनोबलमा वृद्धि हुन्छ । भावावेश, सामाजिक वन्धन, रूढि, आक्रोस, विद्रोह, प्रतिशोध र निराशाले घेरिएको मानव जीवन यात्रा विहिन भएको अनुभव गर्दछ । तर सानो समझदारीको कदम-कदममा साहस लिएर रहेको छ । शोकलाई नलिउँ ! वज्र संकल्पबाटै जीवन वीरतातीर लाग्दछ । किनकि साहस सबल इच्छा शक्ति हो । जीवन संघर्षको सफलकडी नै इच्छा शक्ति हो । इच्छाशक्तिबाटै वैज्ञानिक, विचारक साधक, राजनेता सफलताक सिंढिमा हुन्छन् ।

हाम्रो इच्छा शक्तिलाई बढाऔं, अभ्यास गरौं । सहन शक्ति वढाऔं । विचारपूर्वक उपवास, दान, गरौं । निश्चल बसौं । ध्यान गरौं । जप गरौं । प्राकृतिक रस स्वादन गरौं । यसैले इच्छाशक्ति, संयमशक्ति आत्मविश्वासको दृढता मोटाउँछ । अनवरत निष्ठा एकाग्रता, संकल्पबाटै सिद्धि प्राप्त हुन्छ ।

यसर्थ निर्भय हुन निरासालाई त्यागौं । अझ अगाडी वढौं । संघर्षसँग लडौं । उच्च आदर्शको प्रतिक्षा गरौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली समाजमा धर्म र संस्कृतिको समन्वय रूप :

–डा. तुलसीप्रसाद भट्टराई

–राष्ट्रको आन्तरिक स्वरूपको अर्को नाम हो– संस्कृति । कुन राष्ट्रको कस्तो उन्नति भएको छ– सामाजिक, साहित्यिक-अवस्था कस्तो छ– बुझ्न त्यस राष्ट्रको संस्कृतिलाई केलाउनु पर्छ। हिजो, आज-भोलि तीनओटै समय अन्तर्भुक्त रहन्छन् संस्कृतिभित्र। हिजो कस्तो थियो, आज कस्तो छ, भोलि के हुनेछ– यसको दर्पण हो संस्कृति। यसै कारण हामीले यदि कुनै पनि राष्ट्रको इतिहास पल्टायौं भने त्यसभित्र सांस्कृतिक उत्थान-पतनका कुराहरूको उल्लेख पाइन्छ।–कुनै राष्ट्रलाई वा समाजलाई बिथोल्नु छ भने पहिले त्यहाँको धर्म-संस्कृतिमाथि प्रहार गरिन्छ। संस्कृति वा धर्म-विमुख गराएपछि त्यो राष्ट्र स्वतः अधीनमा आउँछ।– संस्कृतिलाई राष्ट्र-शरीरको मुटु मान्न सकिन्छ। मुटु शरीरको अति संवेदनशील अङ्ग हो। मुटुको रोग सबैभन्दा जटिल हुन्छ। मुटु कम्जोर हुँदा शरीर ढलपल हुने स्थिति आए झैं संस्कृति बिथोलिंदा राष्ट्र हल्लिन्छ।

संस्कृति : सम्=राम्रो, कृति=कार्य– अर्थात् राम्रो व्यवहार, असल कार्य। राम्ररी संस्कार युक्त-परिष्कृत भएको कार्य संस्कृति हो। राष्ट्रको अन्तः स्थिति– सभ्यता चिताउने माध्यम संस्कृति भएकाले– समस्त मूल्य, मान्यता, परम्परा, आदर्श, मर्यादा विश्वास, आस्था, श्रद्धा, सम्मान आदि सामाजिक व्यवहारहरू संस्कृतिकै अंग हुन्। 'संस्कृति' बाह्य रचना होइन, आवश्यक नियम कानूनको सीमाभित्र बन्द हुने चीज पनि होइन। मनुष्यले सामाजिक जीवनमा जुन-जुन विषयहरूको आवश्यकता ठानेर रचना गऱ्यो, प्रयोग गर्न थाल्यो, आफ्ना दैनिक व्यवहारमा समावेश गऱ्यो तिनै विषयहरू क्रमशः संस्कृतिका अङ्ग बन्दै गए र कालान्तरमा सामाजिक मान्यता र आदर्शका मूलाधार बनेका हुन्छन्। तसर्थ संस्कृति तत्त्व बाहिर देखिने भौतिक स्वरूप होइन। यो अदृश्य, तर व्यापक तत्त्व हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभिन्न प्रकारका सामाजिक रीतिस्थिति, व्यवहार, परम्परा, भाषा-साहित्य, धार्मिक मान्यताहरू अर्थात् समग्र मानव जीवनपद्धतिलाई संस्कृतिले ढाकेको हुन्छ। हाम्रा समस्त चाड, पर्व, नाचगान, मेला, परम्परागत उत्सव– सबै नै संस्कृतिका अङ्ग हुन्। र ती कुनै न कुनै रूपमा धर्मसँग जोडिएका हुन्छन्। यसरी हाम्रो संस्कृतिसँग धर्मको पनि गहिरो सम्बन्ध छ। सांस्कृतिक मूल्य-मान्यता र विश्वासबाट मात्र राष्ट्रको मौलिक स्वरूप चिन्न सकिन्छ। भौगोलिक स्थिति, धार्मिक स्वरूप, शैक्षिक आधार, जातिगत धारणा, छुवाछूत-वर्ण लिङ्ग आदिको वैभिन्य वा एकत्वबाट सांस्कृतिक समृद्धि-दारिद्रय थाहा पाउन सकिन्छ।

–चारवर्ण-छत्तीस जातको साझा फूलबारी– नेपालले विशेषण पाएको छ। साँच्चै नेपालमा– विभिन्न, धर्म, परम्परा, जातिगत भिन्नता सांस्कृतिक पार्थक्य, भाषिक अनेकता, सामाजिक मूल्य र धारणागत पृथक्ताले घेरिएको भएता पनि– अनेकताभित्र एकता हिन्दूधर्म र संस्कृतिको विशेषता-सार्थक हुन पुगेको छ। नेपालले यसैकारण कहिल्यै कसैको दास हुन परेन।

नेपाली संस्कृतिको आफ्नै विशेषता छ। विशेषताहरूमध्ये धार्मिक सहिष्णुता, हजारौं वर्षदेखि निरन्तर चलिआएका मान्यता र आस्थाहरू, कर्मप्रधान भावना, सनातन प्रवृत्ति, सहनशीलता, साम्प्रदायिकताको अभाव, स्वच्छ-शुद्ध प्रकृति, सुधारात्मक-समयानुकूल परिवर्तनशील प्रवृत्ति– आदि मुख्य हुन्। विभिन्न वेशभूषा, चालचलन, बोली-चालीको समष्टि रूप संस्कृतिका विभिन्न आधारहरू छन्। हाम्रो संस्कृतिमध्ये -शेर्पा, मुनाल, थकाली आदिबाट हिमाली संस्कृतिको विकास भएको छ। त्यस्तै गुरुङ, राई, लिम्बु, तामाङ, मगर आदिबाट पार्वत्य संस्कृति उठेको छ। थारु, दनुवार, चेपाङ, धिमाल, राजवंशी आदिबाट तराईं संस्कृतिले विकसित हुन पाएको छ। काठमाडौं उपत्यकामा नेवारी संस्कृति पनि छ। क्षेत्री-ब्राह्मणहरू यी सबै जात-जाति संस्कृति र परम्परा समेटेर प्राचीन मूल्य र मान्यता समेत समेट्तै-सञ्चालित गर्दै आएका छन्।

सांस्कृतिक मूल्य र मान्यताको विकास-संरक्षण, संवर्धन नभएसम्म राष्ट्रको स्थायित्व, अस्तित्व, शान्ति समेत संरक्षित हुन सक्तैन भन्ने कुरा विभिन्न राष्ट्रहरूमा भएका घटनाहरूबाट प्रष्ट हुन्छ। जनजीवनमा प्रचलित धारणा र विश्वासलाई जवर्जस्ती मेटाउन सकिंदैन। यदि त्यसो गरियो भने सामाजिक बिस्फोट हुन सक्छ। धेरै राष्ट्र धार्मिक, सांस्कृतिक झै– झगडाले गृहयुद्धको स्थितिमा समेत पुगेका छन्। सयौं वर्षदेखिको यस्तो सांस्कृतिक साम्प्रदायिक विभेद, ईर्ष्या, वैमनस्य असहिष्णुता टुङ्गिएको छैन कतिपय राष्ट्रहरूमा।

नेपाल यस अर्थमा एउटा महान् राष्ट्र हो। सृष्टिकालदेखिकै इतिहासमा आजसम्म पनि जातिगत, धार्मिक, सांस्कृतिक झै– झगडा कहिल्यै उठेको छैन। प्रकृति-जल-सम्प्रदायको धनी नेपाल सांस्कृतिक एकता र धार्मिक सहिष्णुताको पनि धनी छ। यही नै यसको आत्मा हो, विकास एवं उन्नति हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धृञ्-धारणे– 'धारण गर्नु' अर्थमा– 'धर्म' को व्याख्या गरिएको पाइन्छ। धारण गर्नुको तात्पर्य-कुनै विशिष्ठ व्यक्ति, पुण्यात्मा र पवित्र भावना भएका महापुरुषबाट पालना गरिने कर्तव्य व्यवहार हो। जुन कुरा गर्नाले अर्कालाई पीर पर्दैन र सर्वजन हिताय कामहुन्छ– त्यही धर्म हो। न्याय, कर्तव्य, विवेक, ऐन, कानून, बुद्धि-अनुसार समुचित कार्य गर्नु धर्मकै परिधिभित्र पर्दछन्। 'धर्म' को अरु सजिलो परिभाषा हो– अर्काको भलो हुने, हितकारक काम गर्नु। व्यास मुनिले अठार ओटै पुराणको सार यही मानेका छन्। 'धर्म' मानव-निर्मित होइन। धर्म अनादिकालदेखि सनातन रूपमा चलिआएको छ। नेपाली सनातन धर्मको मूलश्रोत वेद मानिएको छ। प्राचीन ऋषि मुनिहरूले यसै मूलश्रोत वेदलाई परिमार्जित र समयानुकूल सुधार गर्दै परम्परादेखि चलाएर ल्याए। सनातन अनादि, अविनाशी धर्म हो। यसै सनातनबाट पछि-पछि बौद्ध, जैन, शिख आदि विकसित भएका हुन्। यो धर्म भन्दा सम्प्रदाय बढी हुन पुगे। सनातनत्व सधैं धर्म रह्यो। नेपाली जनजीवन सधैं आफ्नै परम्परा र धर्ममा अडेको छ। यसको मूल आधार हो नेपाली जनजीवन धर्म र संस्कृतिको समन्वयात्मक आधारमा चल्नु। अन्यत्र धर्म र संस्कृति छुट्टा-छुट्टै मानिन्छन् पनि। तर नेपालमा नेपाली जनजीवनमा यी दुवै एक-अर्कामा आश्रित छन्। यहाँ धर्म खिक्ता संस्कृति खिकिन्छ र संस्कृति हटाउँदा धर्म पनि हट्तछ।

धर्म र संस्कृति अन्योन्याश्रित हुनुमा यहाँको धार्मिक स्वरूपको प्रमुख भूमिका रहेको छ। धर्मका लक्षणहरूमा प्राचीन आर्ष-वाणी यसरी मुखरित हुन्छन् :

१. **धृतिः**– धैर्य-जसले मनुष्यलाई आत्मसंयमित पार्दछ। यो मनुष्य संस्कृतिको मर्यादा पनि हो।– धृति-यस अर्थमा धर्मको भूमिका हो। २. **क्षमाः**– धैर्यको अभिव्यक्ति हो क्षमा यसले मानिसमा सहिष्णुता जन्माउँछ। ३. **दमः**– इन्द्रियरोक्ने आधार हो। यसले शान्ति जन्माउँछ। ४. **अचौर्यः**– चोरी नगर्नु– बाहिरी अर्थ भए पनि यसको वास्तविक अर्थ हो– वैभव ऐश्वर्यप्रति नलोभिनु। निष्पृह निराकांक्षा भाव राख्नु। ५ **शौचः**– पवित्रताको परिचायक हो। ६. **इन्द्रिय-निग्रहः**– मानव व्यवहारको प्रमुख आधार यही हो। मन, वचन, कर्मप्रति नियन्त्रण गर्ने प्रेरक तत्त्व हो। सामाजिक इच्छा अनुसार कार्य गर्नाले समाज एवं राष्ट्रकै कल्याण हुन्छ। यो यसर्थ धर्मको प्रमुख तत्त्वभित्र पर्दछ। ७. **धीः**– मनुष्यले आफ्ना आवेग-दुर्भावनाहरू रोकेर कर्तव्या-कर्तव्य- विवेकद्वारा काम गर्न सक्नु हो। ८. **सत्यः**– समग्र व्यवहारको सारतत्त्व-सत्य हो। मन, वचन र व्यवहारको सरलतालाई 'सत्य' भनिन्छ। ९. **विद्याः**– सत्यको सारतत्त्व हो। १०. **अक्रोधः**– क्षमाको अर्को रूप भने पनि हुन्छ, उदार चरित्रको नाम- अक्रोध हो। यतिमात्र हो विभिन्न आर्ष-वचन अनुसार जीवनका समग्र व्यवहारपक्ष धर्मका लक्षणहरूले जेलेका हुन्छन्। यसरी धर्मका १० लक्षण प्रमुख छन्। यी लक्षणले धर्ममात्र नभएर संस्कृति समेत बोकेका छन्। धर्मको विवेचना यस साधारण लेखमा सम्भव छैन न त संस्कृति बारेमा नै विस्तृत विवेचना गर्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मको मूल मर्म मानवीय संस्कृति समेत भएको छ । धर्म सम्बन्धी एउटा छोटो चर्चा पुनः यहाँ राख्नु उपयुक्त हुनेछ जसबाट धर्म र संस्कृतिको अभिन्नता झन् प्रस्टिने छ :

धर्मलाई मनुष्य-स्वरूपको प्रतिष्ठा मानिएको छ । पशुबाट फरक पार्ने मुख्य भेदक तत्त्व धर्म हो । मानवीयता नै संस्कृतिको मापदण्ड हो र यही धर्मको मूल स्वरूप पनि हो । धर्म र मोक्षको समन्वयबाट एउटा कल्याणभावको जन्म हुन्छ । यही हाम्रो धर्मको मूलतत्त्व हो ।

यस धर्ममा पुरुषार्थ चतुष्यको अत्यधिक महत्त्व रहेको छ । धर्म, अर्थ, काम, मोक्ष मध्ये कुनै एउटाको चरम-प्राप्तिले नै मनुष्यजीवन सफल हुन्छ भने चारैतत्त्व एउटैमा समावेश गराउन सक्ने हो भने त देवत्व नै प्राप्त हुनेछ । तर साधारणतया यस्तो हुन सक्तैन । यसैले धर्मको नाउँमा अनेकौं हिंसात्मक क्रियाहरू भएका छन् । जसले गर्दा संस्कृतिमा धर्मको मानवीय स्वरूप देख्न पाइँदैन ।

हिंसा नामक कुतत्त्वको वृद्धिले गर्दा शान्ति र संस्कृति बढ्न सकेको छैन । विश्वका अन्य धर्म झैं अरूलाई जवर्जस्ती हिंसाकाबलमा वा त्यस्तै समस्यामा धर्म परिवर्तन गराउने नीति छैन–यस धर्ममा । त्यसैले यो धर्म प्राचीनकालदेखि नै अहिंसाकै बलमा अडेर आएको छ । अनेकरूपता यस धर्मको विशेषता हो । भक्त-श्रद्धालु स्वेच्छया कुनै देव-देवीलाई मान्न सक्तछ । उदारता र सहिष्णुता अरू मुख्य गुण हुन् । यी दुई तत्त्व मानवीयताका सूक्ष्म र समृद्ध रूप हुन् । प्रेम-यस मानवीय भावको प्रमुख आधार हो । शरीर-मन दुवैप्रति सद्भाव र सम्मान प्रदर्शित गर्ने मूल स्वरूप नै प्रेम हो । क्षमा, दान, दया, त्याग प्रेमका सहयोगी हुन् । यी सबै तत्त्व धर्मका ध्वजा हुन् भनिएको छ ।

धर्मभित्र संस्कृतिको सम्मिश्रण भएको छ । यसैले यहाँ धर्म र संस्कृतिलाई अलग राख्न सकिन्न । धर्म संस्कृतिको बाहक भएको छ भने संस्कृतिले धर्मलाई चिनाएको हुन्छ । यसरी धर्म र संस्कृति दुवै परस्पर अभिन्न छन् । अन्योन्याश्रित छन् । यी दुई तत्वलाई पृथक् मान्नासाथ दुवैको अस्तित्व दुर्बल हुनेछ । यसरी नेपालमा संस्कृति र धर्मको सम्बन्ध अन्योन्याश्रित, अमेय, अखण्डनीय रूपमा रहेको छ ।

卐

दायाँ स्तनबाट पहिले दूध आए, हिंड्दा पहिले दायाँ खुट्टा बढाए, दायाँ आँखा ठूलो लागे, नरम नाम भएको वस्तुको इच्छा गरे, सपनामा पुरुष जाति फल देखे, रौनक अनुहार भए, स्त्री सङ्गतमा बढी रहन चाहे, बायाँपट्टि बढी पेट निक्लिएर, पुरुष जस्तो स्वभाव भए छोरो र विपरित भए छोरी जन्मिन्छे भन्ने शास्त्रको भनाइ छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्व कारण, कर्म र परिणाम (दार्शनिक विवेचना)



-तुलसीराम कुँवर

केही ज्ञातव्य कुराः-

"कसबाट कुन अभिप्रायले र के कस्तो साधनद्वारा सारा जीव र जगत् वा सृष्टि भयो?" यही छ अमूर्खहरूका जिज्ञासा साथै "यहाँ मेरो कर्तव्य के हो ?" को आ-आफैं भित्र वा मौन प्रश्न पनि ।"

उक्त आन्तरिक प्यास मेटाउन, विश्व स्थितिको सक्कलीरूप निदर्शन गराउनु बाहेक अर्को उपाय थिएन । त्यसैको लागि पारदर्शकहरूका दर्शन विचार जान्न त्यसतर्फ केही कष्ट गरियो । फलत: वैदिक कालका ऋषिहरूले योगको सहाराबाट सकल सृष्टिको अध्यात्म पक्षलाई मानसिक वृत्तिले हेरेका र भौतिक भागलाई भौतिक विज्ञानविद्हरूले मणि, यन्त्र, औषधि वा उपायबाट प्रत्यक्ष पार्दै आएको पाइयो । तिनलाई पनि प्रत्यक्ष अनुमान, उपमान, शब्द अर्थापत्ति र अनुपलब्धि प्रमाण समेत तर्कको सहाराले खारी वस्तुस्थितिमा पुगेर पुर्वोक्त गहन समस्याको समाधान रूप उत्तर दिइने प्रयत्न यस ग्रन्थमा गरिएको छ ।

ती दार्शनिकहरू वा सिद्धान्तलाई सारांसले हेर्दा तीनथरी मुख्य वादमा पाइए । ती हुन्-

आध्यात्म वादमा: भौतिक र आभासवादीहरू । आध्यात्मवादमा: "सर्वोपरी ईश्वर, उनैको अपरा शक्तिबाट जगत् र पराशक्तिबाट जीवका उत्पत्ति; जीव भोक्ता औ जगत् भोग्य;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवैका लागि अरू चीजको सृष्टि: त्यही विविध सृष्टि कर्ममा दैवको रमण इच्छा नै विश्व निर्माण हेतु" आदि कुराको उल्लेख पाइयो ।

भौतिक वादमा: "सर्वोपरी परम पदार्थ नै प्रकृति (Nature); त्यसैबाट आकर्षण, विकर्षण शक्ति समेत परमाणुहरू बनि ग्रह, नक्षत्र, तारा आदि ब्रह्माण्डहरूको विस्तार; त्यसपछि तिनैका भित्रबाट चेतन शरीरको उत्पत्ति; तिनैको त्यही प्रकृतिको अनन्त गर्भबाट आ-आफूलाई चाहिने पदार्थ आ-आफ्ना अक्कल बुद्धि अनुसारको आ-आफ्ना किसिमको सुख सुविधा बढाउँदै जाने नियमले यो संसार प्रविद्ध भएको" आदिको कथन छ ।

आभासवादमा: डोरीमा, सर्प भान भएझैं अनादि अविद्याले गर्दा जीवलाई व्यापक ब्रह्ममै नाम रूपमय संसार देखा परिरहेको छ । ती देखिइने सबै प्रतिभास हुन् । यहाँ नाम केही छैन– केवल माया मात्र हो" आदि उल्लेख पाइन्छ ।

त्यस्तै मीमांसा, वेदान्त, न्याय, वैशेषिक सांख्य र योग –षड्दर्शन पनि छन् । उक्त वाद र दर्शन समेत अन्य कैयनमत मतान्तर छन्– ती छन्, तर यहाँ देवादि सुरलोकका मङ्गलमय यात्रालाई जन्मान्तरीय पुरुषार्थ समेतद्वारा अग्रपङ्क्तिमा अधीरता साथ उभिरहेका नर (जीव) ले कुन गति र कस्तो वेग कताबाट कसरी प्राप्त गर्ने हो, त्यो कुरा नितान्त आवश्यक रूपले चाहिएको छ ।

यस ग्रन्थका विषयहरू सरल पनि यहाँ केही शब्दका अर्थ स्पष्ट पारिनु आवश्यक छ–

आत्मा– कुनै पनि चेतन व्यक्तिको आफू स्वयम् (यो अमर छ) । प्रकृति– प्रकृतिमा जो क्रियाशील नियम छ, त्यही हो स्वभाव । त्यसको अस्तित्व परब्रह्मको मूर्तिमान् सङ्कल्प हो ।

'धर्म' (सामान्य अर्थमा) कुनै चीज कुनै वस्तुमा सधैं रहिरहोस्, त्यसबाट त्यो पृथक् हुन नसकोस् त्यही धर्म हो । जस्तै आत्माको नाशरहित धर्म छ– "य: आत्मा अनुच्छित्ति धर्मा" (श्रुति)

धर्मको विशेष अर्थमा कर्मको अनुष्ठान, जसले यहाँ सुख संपत्तिको उन्नत्ति गरावस र परलोकमा कष्टबाट मोक्ष देवोस्– त्यो हो वरपरका भलाई कर्म ।

जे-सुकैको पनि जे-जस्तो स्थिति आदि छ त्यही चलाइएको पुस्तकलाई "शास्त्र" भनिन्छ। त्यसमा संशय, भ्रान्ति, विप्रलम्भ जस्ता दोष कुनै घुसेको हुन हुँदैन । यदि छ भने त्यो शास्त्र होइन । अस्तु,

अशास्त्रले छोपिएको जमानामा विश्व कारण कर्म र परिणाम । विषयक ज्ञान र कर्मको विवेचनात्मक दर्शन ग्रन्थलाई प्रत्यक्ष अनुमानादि प्रमाण र तर्क समेत दिएर समग्र पार्न लेखकलाई निक्कै सोच विचारको आवश्यकता परेको छ । यो ग्रन्थ लेख्दा लेखकको ७२ वर्षिय उमेरले हाल ७५ वर्षमा प्रवेश गरिरहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तावना

ना सदासीन नो सदासित तदानीं
नासित् रजो नो व्योमा परोयत्त ।
किमऽ वखिको कस्य सर्मन्नम् भः
किमा सित गइनं गं भिरम् ।।

—ऋग्वेद—

उक्तश्रुतिको—

त्यस वखत नसत न असत न त गुण न त आकाशादि कुनै भूत थिए । त्यस्तो गहन गम्भीर अवस्थामा के को थियो होला ... ? आदि अचम्म युक्त भाव प्रकट गरिरहेको सुनिन्छ । तर त्यस वखत त्यस्तो सुगम अवस्थामा पनि कोही नभएको भए यो आश्चर्य लाग्दो अखिल विश्वको सृष्टिरूप कर्मको अद्भूत घटना घट्यो कसरी ?

त्यस कारण त्यही आधारवाट यो सिद्ध छ, त्यस अगम अवस्थामा पनि सबै स्वर परम सत्ता थियो— यही निष्कर्ष छ । अतीतका ती गहन अवस्थातिर अब अहिले यहाँवाट मानसिक विचारको तीखा वृत्तिहरू फाल्दा सहेतुक अनुमान हुन्छ ।

नजरमा देखिन आएका यी ब्रह्माण्डहरू रूप र आकारमा आइनु अघि सर्वत्र अन्धकारै अन्धकारको गहनता थियो होला । त्यसवखतको तिमिराच्छन्न सुनसान चकमन्नतामा शान्ति नै शान्तिको अविचल साम्राज्य हुँदो हो त्यसपछि सूर्य जस्ता तप्त औ झलमलाकार पिण्डहरू जन्मँदै गए हुनन् । अनि उज्यालो फैलँदै गयो होला; तव चारैतिर विस्तारै विस्तारै रमाइला दृश्यहरू देखिंदै गए हुनन् ।

त्यस घटनापछि अब अहिले देखिन्छ अनन्त शून्यमा निराधारले रहेर चम्किरहेका अनगिन्ती ताराहरू, त्यता ती छन् भने यता यो भूमण्डललाई यसैका चन्द्र र सूर्यको ज्योत्स्ना, ताप र उज्यालो दिइरहेछन् । तिनैका प्रभावले वसन्तादि ऋतुहरू वारम्वार फिरीरहेछन् । हावा पानी, वादल वर्षा अनि अन्न वनस्पति र कीरा, चरा, पशु, मानिस समेतका जन्म भै यसैमा अँध्यारो, उज्यालो, जाडो, गर्मी, दु:ख, सुख, हर्ष, शोक आदि द्वन्द्वको पनि निवास भइरहेछ ।

त्यस्ता यी विविधतायुक्त जगत र जीवलाई कसरी वनायो होला ? त्यस्तो यो प्रपञ्च रचनामा कस्ता कस्ता धातु, द्रव्य कहाँ कहाँबाट ल्याइए हुनन् ? कसरी कस्ता साधन र अक्कलहरू यींनमा प्रयोग भए हुनन् ? ती सबै घटना वडो अचम्म लाग्दा विषय छन् ।

सबैभन्दा वढी कुरा त यो छ कि, ती सबै मूलभूत पदार्थहरू वने कसवाट र कसका

विश्व कारण ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि ? यही छ परापूर्व कालदेखिको सार्वभौम प्रश्न । झण्डै यिनै भावनाको प्रश्न श्वेताश्वरोपनिषदमा पनि पाइन्छ–

"कि कारणं ब्रह्म कुतःस्म जाता जीवाय
केन क्वच सम्प्रतिष्टाः अधिष्टिता केन
सुखेतरेषु वर्तामहे ब्रह्मविदो व्यवस्थाम्"

अर्थात् के जगत्को कारण ब्रह्म हो ? हामीहरू कताबाट देह-इन्द्रियले युक्त भयौं ? केले बाँच्त छौं ? प्रलय-कालमा कहाँ रहेका थियौं ? कसले नियमित पारेका हुनाले सुख-दुःखका विषयमा लोक यात्राको अनुसरण गर्दछौं ? आदि पूर्वोक्त सबै गहिरा भावयुक्त जिज्ञासाहरू मध्ये नै नजर राखेर सही उत्तरले सो कुरा परितृप्त पार्ने उद्देश्यमा, भौतिक र अध्यात्म विषयक प्रमाणहरूको सहारा ली यो ग्रन्थ आरम्भ हुँदैछ ।

कसैले पनि वस्तुस्थितिको पूर्वापर ज्ञान हासिल गरी प्रविधिलाई अपनाएर आशाले श्रद्धासाथ गरिने कर्म नै यो भूमण्डलमा सर्वोपरि पदार्थ साबित छ । किनकि, त्यसैबाट धर्म या पापको संस्कार स्वतः जन्मी त्यसैले कर्तालाई देव वा दानवको श्रेणीमा उभ्याइदिन्छ । अतः त्यही नै हो हेतु जो मनुष्यले शुभकर्म कर्तव्य ठान्नु उचित छ । तर त्यसका लागि सृष्टिको स्वरूपः परमेश्वरीय अभिप्राय; कर्मको वीर्य र पाइने परिणाम समेतको परिज्ञान आवश्यक हुँदा यो ग्रन्थ त्यसै मङ्गलमय दिशातर्फ जाँदैछ ।

जगत् र परमेश्वर विषयक

(प्रथम खण्ड)

"ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमदुच्यते ।
पूर्णस्यः पूर्णमादाय पूर्णमेवावशिष्यते ॥"

अर्थात् त्यो पूर्ण छ, यो पूर्ण छः पूर्ण पूर्णबाट प्रकट हुन्छ । पूर्णको पूर्णांश लिएर पूर्ण नै शेष रहन्छ ।

परमेश्वरको सृष्टि विषयक सर्वोच्च ज्ञान-कौशलको अमिट प्रभावलाई शुक्ल यजुर्वेदिय वृहदारण्यक उपनिषदको मन्त्रले विशेष वाक्यबाट उक्त निर्गुढ भाव पाइन्छ । पूर्वोक्त महाकौशलद्वारा विश्व रचनापूर्वक जीतलाई झन-झन प्रवेगले सुखी अवस्थातिर अग्रसर गराउँदै आफ्नो विनोद व्रिवर्धन गर्ने दैव इच्छाबाहेक अन्य कुनै प्रयोजनको हेतु विदित हुँदैन ।

तिनै अभिप्रायले रचना भएका प्रत्यक्ष यी सूक्ष्म, स्थूल, भू, जल, अग्नि, वायु, आकाशबाहेक अन्धकार पनि एउटा महातत्त्व देखिन्छ । त्यस्ता ती तत्त्वहरू अखिल ब्रह्माण्डमा के कति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन्, त्यो कुरा अहिले यहाँका हामीहरूलाई स्पष्ट थाहा छैन, तापनि यति अवश्य हो, स्मार्त बचनअनुसार यो अगम संसारमा जति पनि धातु र द्रव्य छन्, ती सब परमेश्वरकै अपराशक्तिको रूपान्तर अवस्था मात्र हो । त्यसो हुँदा ती सारा पदार्थ शक्तिकै अर्को रूप हुन् । यस कुरालाई भौतिक विज्ञानले पनि मन्जुर गरेको छ । अब तिनै महाभूतहरूमध्ये अन्धकारलाई पहिले हेतु र तर्कबाट हेरौं ।

अँध्यारो : यस पदार्थमा अन्धकार बाहेक अन्य धातु द्रव्य कुनै चीज भएको प्रतीत हुँदैन । अन्धकारै पनि भएको भए अवौं सूर्यका किरणले आजभन्दा धेरै अघि नै त्यसलाई नष्ट पारिसक्नु पर्ने, तर सो नभई उल्टै उज्यालो हट्यो कि त्यो तुरुन्तै हाजिर भै हाल्दछ । यसै घटनाबाट यो निश्चय छ । यसमा त्यस्ता नाशवान् चीज कुनै छैन र यसैबाट यो पनि पक्का छ, आकाश र अँध्यारो यी दुवैथरि तत्त्व उस्तै उस्ता पदार्थ हुन् । किनकि आकाशमा शब्द गुण छ भने अँध्यारो मा अन्धकार– यस दृष्टिकोणबाट हेरियोस् यी दुवैमा समानता छ । कुरा त्यसो हो तापनि अन्धकारले रहिने अवकाशको जनक आकाशै भएकाले सृष्टि-क्रममा त्यसैको उत्पत्ति पहिले मान्नु तर्क र व्यवहार अनुकूल विषय छ ।

सृष्टिको मीमांसा गर्नेहरूले अँध्यारोलाई महाभूतमा गणना गरेको पाइँदैन । किन त्यो गरेनन् । सो कुरा उनै जानून् । वास्तवमा यो तत्त्व आकाशै सरहको यौटा व्यापक औ महत्त्वपूर्ण पदार्थ हो । यदि यो नभएको भए उज्यालोको महत्त्व रहने थिएन । दृश्य वस्तुमा मनोहरता आउने थिएन र मनले गहिरो निद्रामा जान नपाउँदा जीवनका जीव नै कष्टमय हुने थियो ।

अब संक्षेपमा पृथ्वी, सूर्य समेत अन्य प्रमुख पिण्डहरूका आकार स्थिति, दूरि समेतलाई वैज्ञानिक नाप, तौल आदि उपायले स्पष्ट गरी ती सबै किन ? कसबाट उत्पन्न भए ? त्यो सृष्टिकर्ताको बारेमा पनि ज्ञानार्थ तर्क प्रमाणहरूलाई अगाडि सारेर मार्ग सरल पारी मनुष्यले कर्मैतर्फ अगाडि बढ्नु नितान्त आवश्यक छ । अन्यथा भ्रम रहिरहन्छ । जब, सत् थिएन; असत् थिएन; गुण थिएन; महत् तत्त्व र आकाशै समेत अन्य केही कुनै पदार्थ थिएन । त त्यस अति-शून्यताको गहन अवस्थामाको औ को थियो होला ? यसको उत्तरमा प्रत्यक्ष प्रमाणको गम पुग्दैन ।

यो सृष्टिको अघि त्यस्तो अवस्था अवश्यै थियो होला, श्रुति त्यसै भन्दछ । तर त्यसै बखत पनि केही न केही कर्ता नभएको भए सबैका आँखै अगाडि वर्तमान यो संसार जन्मियो कसरी ? किनभने कारणको अभावमा कार्यको उत्पत्ति असम्भव छ । त्यसै कारण कोही विचारक भन्दछन् "जगत्को सृष्टि मायाबाट भएको छ" । कोही भन्छन् "भाण – यो शब्दबाट भएको", कोही भन्छन् "ग्याँसै-ग्यास घनीभूत भएकोबाट", अन्य कोही भन्छन् "प्रकृति (Nature) बाट" ।

विश्व कारण...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परन्तु ती उक्तिमा बलियो आधार पाइँदैन, किनकि ती कुनैमा पनि ज्ञानयुक्त चेतन शक्ति भएको प्रमाण पाइँदैन। त्यसै हेतु त्यस महाशून्य दशामा पनि ज्ञान-शक्ति, पराक्रम आदि ऐश्वर्यको हद परम चेतन सत्ताको अस्तित्वमा अनुमान अप्रामाणिक हुन सक्दैन। तर त्यस सर्वोच्च सत्ताको स्थिति र रूप कस्तो छ–त्यो कुरा प्रत्यक्ष प्रमाणको विषय छैन, किनकि मनुष्यका मानसिक वृत्ति त्यहाँ पुग्न सकेको छैन। त्यसै हेतु त्यो सर्वज्ञ परम सत्तालाई शास्त्रको 'अप्रमेय' भनेको हो तापनि जो केही निरुपण गरिन्छ, ती सबै हेतु-युक्त अनुमानले हो।

"जगत् आदि सारा सृष्टि अत्यन्तै मिहिन द्रव्य र विज्ञानकलाको तासिरले बनेको छ। यसभित्रको अपार निधिलाई फोटोन, नेइट्रोन जस्ता चुम्बकीय पदार्थको आविष्कार कर्म झैं अक्कलले खोतल्दै आविष्कार गर्दै जाइयोस्, यसको रहस्य स्पष्ट हुँदै जान्छ– कतिसम्म जान्छ त्यसको सीमै अन्दाजमा आउँदैन। जति झिके पनि नसिद्धिने त्यस्तो यो संसार कसले बनायो होला? यो जिज्ञासामा वैदिककालका ऋषिहरूले ध्यानयोगबाट त्यस कर्ताको खोजी गरे, तर क्रिया, ज्ञान, बलामिकि– यी तीन प्रकारका शक्ति तब मात्र पत्ता लागेको कुरा श्रुतिमा पाइन्छ। यसको अर्थ– परब्रह्मको अभाव होइन, अपितु त्यो सर्वशक्तिमान् पुरुष नभएको भए कारणै समेत महाभूतजनित अर्थपूर्ण यो विशाल संसारको रचना एकदम असम्भव थियो। अतः परमेश्वरको अस्तित्वमा विकल्पको कमी पनि अवसर छैन।"

सृष्टि विषयका निरुपणतर्फ जाऔं!– पृथ्वी

यसलाई शास्त्रले 'मर्त्यलोक' भनेको छ। यसमा जन्मिएका जतिको मृत्यु हुन्छ, तर अभाव हुँदैन। यही निष्कर्ष छ।

आजतक पत्ता लागेको सूर्यका नौवटा ग्रहहरूमध्ये यो पृथ्वी पनि एउटा ग्रह हो। यो भन्दा ठूला ग्रह चार र साना चार छन्। ती मध्ये यसको कद मझ्यौलो छ। यसको फाँट ७९१३.५ र मोटाई ३९३० माइल भई यसको थल ५.७ र जल भाग १३.४ करोड वर्गमाइल क्षेत्रफल छ। त्यस्तो यसलाई ८० माइल बाक्लो वायु मण्डलले सबैतिरबाट घेरेको छ। त्यस वायुमा ७८% नाइट्रोजन, २०% अक्सिजन र २% कार्वोनडाइ अक्साइड आदि ग्यास छन्। यो भूमण्डल निलनीलो वर्णको देखिन्छ। यसको पनि एउटा उपग्रह छ। त्यो हो चन्द्रमा। यो पृथ्वीबाट सूर्य ९.२६ करोड माइल टाढा भएकाले यहाँ सरदर गर्मी १४° सेन्टीग्रेड छ। यसमा केही फुट बाक्लो माटाको तह भएको हुँदा चराचर जीवले खाने कुरा त्यसैबाट पाइरहेछ।

खास गरी यस भूमण्डलको भित्री गर्भमा धातुको अगेनो जस्तो तप्त पदार्थ २१०० माइल मोटो तह गोलाकारले छ। यसको चारैमिर १८०० माइल बाक्लो धातुको घेरा र त्यसको पनि चारैतिर ३० माइल बाक्लो कडा धातुको घेरा भई सबै भन्दा बाहिर केही फुट मात्र माटो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसरी गर्भमा तप्त धातु; त्यसलाई ठीकसँग राख्न चारैतिर अग्निपिधान; त्यसको पनि सबैतिर चट्टानी ढुङ्गा अनि माटो र त्यसको तीनैतिर जल-मण्डलले घेरी बनिएको बज्र पुगेको यस भूमण्डलको बचाउमा– आकाशबाट वर्षने ढुङ्गाहरू रोक्न र सूर्यको बढी ताप र अन्य हानिकारक किरण छेक्न ८० माइल बाक्लो वातावरणसमेतको तजबीज देख्ता भगवान्को अलौकिक ज्ञान, कौशल र शक्ति स्वीकार नगरी धरै छैन।

यो त यौटा नमूना हो। यस्ता ग्रह अरू कति छन्, तिनमा ज्योति नभएको हुँदा दूरवीनको गम पुग्नै असम्भव बुझिन्छ। नमूनै रूपमा अब अर्को तारालाई हेरौं–

सूर्य–

त्वक् र चक्षु इन्द्रियबाट प्रत्यक्ष अनुभव गरिने चराचर समेत भूमि, जल र वायुलाई स्व-कर्ममा गति दिने महामहिम अति प्रोज्ज्वल मण्डलाकार भुवन-भास्करलाई हामी नरलोक निवासी मनुष्यले सूर्य नाम दिंदै आएका छौं। यसको फाँद (Diameter) ८.६४ लाख माइल छ। यसमा अढाई अङ्कको अगिल्तिर ४८ ओटा शून्य थप्दा हुने (टन) परिमाणको खँदिलो हाइड्रोजन र हेलियम ग्यास भएको अनुमान छ। ती ग्यासहरू क्रमशः तप्त भएर प्रोज्ज्वलित हुँदा यसको भित्री तहमा २ करोड डिग्री ताप पैदा भई त्यसको ज्योति ३.६६ अर्ब माइल टाढा प्लुटो ग्रहभन्दा पनि केही परसम्म फैलिरहेको छ। त्यत्तिकै ताप र ज्योतिले यो सूर्य अझै १००० करोड वर्षसम्म चम्किरहने अनुमान छ।

सूर्यको त्यो दीर्घायु; त्यसभित्र रहेका ती अपरिमित द्रव्यहरू र ती बाट चारैतिरका ग्रहहरूलाई भएको महान् लामलाई देख्दा दैवको दयामय कौशलप्रति श्रद्धा–विभोर भइनु स्वाभाविकै छ।

त्यस्तो विभव सम्पन्न यो भास्कर पनि आकाशका ती खरबौं ताराहरूमध्ये एउटा मझ्यौलो तारा हो। किनभने तारामा रातो वर्ण अपेक्षाकृत कम उष्णताको परिणाम हो र नीलो वर्ण भए अत्यन्त तप्त हुन्छ, तर हाम्रो यो सूर्य पहेंलो वर्णको हुँदा "मझ्यौलो" भनिएको हो। वर्णमा मात्र होइन, प्रकाश र आयतनमा पनि यो मझ्यौलै छ। कैयन तारा पृथ्वीभन्दा पनि साना छन् त कैयन तारा ३.२० करोड माइल फाँदका पनि देखिएका छन्।

स्मरण रहोस्, हाम्रो यो सूर्यको फाँद ८.६४ लाख माइल छ। र यसको सबैभन्दा नजीकको अर्को सूर्य जसको नाम अंग्रेजीमा 'प्रोक्सीमा सेन्टावारी' छ, त्यो र यसमा चानचून अङ्कलाई छोडेर ४ प्रकाश वर्ष तकात अनुमान गरिएको छ।

टीका–

भौतिक वैज्ञानिकहरूले आकाशीय पिण्डहरूका आपसी तकात नाप्न प्रकाशको गगन

विश्व कारण...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गतिलाई साधन बनाएका छन् । त्यस अनुसार आकाशमा प्रकाशले १ सेकेण्डमा १ लाख ८६ हजार माइलको दूरि पार गर्दछ । अत: ४ प्रकाश वर्षको अर्थ हो ४५७८३४४०००००० माइल दूरी । त्यही दूरिमा हाम्रो र त्यो सूर्यको तफात छ । यस तथ्यलाई संयुक्त राज्य अमेरिकाको शक्तिशाली 'हेली' दूरबीनले प्रमाणित गरेको छ ।''

हाम्रो यो सूर्यबाट सबैभन्दा नजीकको त्यो सूर्यको तफातलाई प्रकाश वर्षको दूरताले हेरियो । अब त्यो सूर्य, पुञ्ज जसलाई तारापुञ्ज (glascey) भनिन्छ । त्यसको फैलावट र गहिराइ समेतको आकारलाई हेरौं–

तारा पुञ्ज–

फुटकर अंकलाई छोडेर एक तारापुञ्जमा एक अर्वौंताराहरू आ-आफ्ना प्रभाव र परिधिको सेरोफेरो लिएर स्वतन्त्ररूपले आकाशमा भिन्दा भिन्दै मूल्यमा रहेका देखिन्छन् । त्यस पुञ्जको आकार रिकाबी जस्तो भई त्यसको फैलावट १३२४००० र मोटाई ५००० प्रकाश वर्ष परिमाणको अनुमान भएको छ । त्यसरी प्रकाश वर्षको गतिले नापिइने त्यस तारापुञ्जको विशालतालाई ''यत्रो'' भनेर देखाउने उपायनै छैन । त्यस्तो त्यो अति विशाल र गहन तारा पुञ्ज पनि आकाशमा यौटा मात्र छैन – लगभग १ अर्ब अरू भएका अनुमान भएको छ । त्यस्ता ती सबैलाई मिलाएर पुञ्जका पनि पुञ्ज वनाइँदा त्यसको परिमाण कत्रो होला–मनको गम पुग्दैन ।

उपर्युक्त विशाल पुञ्ज मध्ये हाम्रै छिमेकको २७ सौं नम्बरको 'अयान्ड्रोमेडा'' नाम को तारा-पुञ्ज यहाँ यस पृथ्वीबाट लगभग २० लाख प्रकाश वर्षको तकातमा भएको तथ्यलाई भौतिक विज्ञानले अनुमोदन गरेको कुरा Encyclo pedia of Space (L ondon 1967) बाट थाहा पाइएको छ ।

छिमेकी भनिएको तारा-पुञ्ज त त्यति टाढा छ भने अरू टाढाकाहरू कति दूरीमा हुनन् दूरवीनको त कुरै छोडौं, लखैको पनि गम पुग्दैन ।

स्मरण रहोस् ती सारा पुञ्ज वा निहारिका नक्षत्र मण्डल, ग्रह, उपग्रह, मीनतारा, धूम्रकेतु आदि । अनगिन्ती पिण्डहरू नियमित रूपले घुमिरहेका छन् । तिनका चलनफिरलाई समेत चाहिने सेरोफेरोका विशाल अवकाश पनि आकाशैभित्र छ ।

यो हो सृष्टि– यसको कर्ता कुन औ कस्तो विभवको होला, मनैले गमिने कुरा छ ।

टीका–

''पूर्वोक्त भूगोल, खगोलका दिग्दर्शन, तिनैको निरुपण गर्नेमा नभई विश्वको ब्रह्म आकार प्रकार र आकाशको विशालताद्वारा परब्रह्मकै अतुल ऐश्वर्य र पराक्रमको केही झलक निर्देशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराइनुमा केही तात्पर्य छ। यहाँका पूर्वोक्त सबै कुरामा शङ्का निर्मूल पार्ने हेतुको गहन सवाल उठ्छ।'' के विश्वका यही यौटा मात्र संसार छ कि अरू पनि छन् ?

उक्त प्रश्न त्यो सवाल हो, जसको जवाफ दिइने कर्ममा प्रयोग हुने प्रत्यक्ष प्रमाणको आविष्कारक भैज्ञानिक यन्त्र र अडकल आजतक उत्पत्ति भैसकेको छैन, तापनि हेतुयुक्त अनुमानले यति अवश्य भन्न सकिन्छ, 'संसार' भनिने पदार्थ यस सृष्टिमा अनगिन्ती छन्। त्यो कुराको ब्रह्माण्डीय विवरणबाट स्पष्ट छ। वास्तवमा एक एक ब्रह्माण्ड एकेउटा संसार हो। त्यस्तो हो तापनि ती नाना रूप र आकारका विचित्र संसार सबै "आकाश" भनिने अवकाशभित्रै छन् र त्यो आकाश पञ्चतत्त्वमध्ये सबैभन्दा बिशाल र प्रमुख यौटा महाभूत हो– त्यसभित्र अन्धकार समेत 'सकल' शब्दले भेटे जति तमाम भौतिक पदार्थहरू पर्दछन्। यसैमा अर्को प्रश्न उठ्छ "त्यो आकाश भरि नै उपर्युक्त भौतिक जगत्हरू र तिनलाई घुमफिरमा चाहिने अवकाशको सेरोफेरो मात्र छ कि अरू खाली भाग पनि छ ?''

उक्त प्रश्नमा 'हो' खाली भाग पनि छ भनेर उत्तर दिइयोस् "त्यो खाली भाग किन रह्यो ? यो प्रश्न उठ्छ र तर्क निक्लन्छ, "कुनै पनि चीजलाई उपयोगविना त्यसै राख्नु व्यर्थ पारिनु हो, तर ईश्वर जस्ता अप्रतिहत ज्ञानवान्, सर्वज्ञबाट त्यस्तो कर्म होंइने कसरी !''

उक्त तर्कमा 'जगत्का पिण्डै-पिण्डले आकाश भरिभराउ छ' भनेंर जवाफ दिने हो भने "यो भरिभराउको चारैतिर के छ ? यो प्रश्न तुरुन्तै निक्लिहाल्दछ। यसमा पनि चारैतिर ठोसै-ठोस छ भनेर उत्तर दिइने हो भने त्यो ठोस केमा रहेको छ ?'' यो सवाल खडा भै हाल्छ। यसमा, त्यो पनि आकाशैमा छ, भन्ने पर्ला किनकि खाली ठाउँ विना ठोस पदार्थले रहिरहने ठाउँ पाउँदैन। जब त्यहाँ पनि आकाश छ, भनियोस् त "त्यही आकाशमा चारैतिर के छ ?'' यो सवाल फेरि आइलाग्दछ। त्यसमा पनि "ठोसै छ" भनियोस् पुनः उही प्रश्न दोहोरिन्छ "त्यो ठोस केमा छ ?'' त्यसमा पनि 'ठोसपछि आकाश, अनि ठोस फेरि आकाश – यस्तै प्रकारले गइरहन्छ' भन्ने हो भने आकाशको अछिन्नता र व्यापकता सिद्ध हुन आउँछ, तर "तस्माद्वा यतस्मादात्मन आकाश संभूतः '' आदि श्रुतिले 'परमात्माबाट आकाश पैदा भयो' भनेको स्पष्ट छ। यस अनुसार आकाश जब पैदा भएको छ, त अनादि होइने कसरी ? जब अनादि होइन त अनन्त पनि हुनै सक्दैन। जब त्यो छैन त सर्वव्यापक अवछिन्न हुने कसरी ?

अतः उक्त कुराहरू गहन छन्। त्यस्तोमा श्रुतिलाई नमानेर अनुमानलाई नै प्रधान्य दिइने हो भने आकाशलाई सीमा नभएको पदार्थ मान्नु पर्नेछ। र फलतः यसभित्रका सारा चीज पनि त्यस्तै असीम ठहर्ने छन्। अर्थात् आकाश सीमारहित छ र फाल्तू पनि छैन भने यसमा रहेका चीजको भरिभराउपना पनि अनन्तै हुनु पर्नेछ। तर यसमा प्रश्न उठ्छ "आकाशसमेत ती अनन्त पदार्थहरू आफैं बनेका वा अरू कसैबाट ..?''

विश्व कारण...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस प्रश्नमा "आफसे आफ बने" भन्ने हो भने जसमा चेतना छैन त्यस्ता पदार्थले आफैं बन्ने वा अरूलाई बनाउने कसरी ? खास कुरा अचेतनबाट स्वयम् बनी अरूलाई पनि बनाउने कर्म असम्भव छ । किनकि अचेतनमा बन्ने र बनाउने ज्ञान र शिपको अभाव हुन्छ । त्यसो हुँदा "चेतनैले आकाशादि विश्व बनाएको हो" भनियोस्, बन्नु अघिको प्राग प्राक्– अभाव र बनेपछिको परिणामले गर्दा सो विश्व आदि पदार्थ अनादि र अनन्त हूने कसरी ?

वस्तुस्थिति यस्तो भएकोले आकाशलाई 'अनादि' र 'अनन्त' भन्न मिल्दैन । कदाचित् 'सादि र परिमित' भनियोस्, पूर्वोक्त तर्कमा बाधा पर्दछ । अतः प्रातिभ ज्ञानको अभाव छ भने यस्तो कुरा गहन समस्यामूलक बन्न जान्छ र बुद्धिले पार गर्न नसक्दा नै यो सबै माया जाल हो; यहाँ भए, गरिएको केही छैन; यो विश्व सिर्फ स्वप्नवत् हो भन्न पुगिन्छ । तर यो कथनले सक्कली घटनालाई छोएको हुन्न, किनकि आत्माको साक्षित्वमा इन्द्रिय वृत्तिहरूद्वारा भएको अनुभवलाई 'भ्रम या स्वप्न' भन्नु नै भ्रम हो ।

वस्तुतः स्वप्न जस्तो कुनै पनि प्रतिभास पदार्थको जन्य व्यावहारिक सत्तामा निर्भर रहन्छ । तथ्य त्यस्तो भएको हुँदा 'यो सृष्टि प्रपञ्चको जन्म प्रतिभास सत्ताबाट भएको छ' भनेर संसारसाई नायिक सिद्ध गर्न खोज्नु त सत्यबाट बहुतै दूर जाइन्छ ।

यो वास्तवमा भौतिक जगत् र यसमा भएका चराचर प्राणी समेत तिनलाई चाहिने अन्न, पानी, ताप, हावा र आकाश सहितको यो व्यावहारिक विश्वको सत्तालाई नमानी 'नभईकन पनि भएको, भएर नाम रूपले देखा परेको' भन्नेहरूको धारणा सत्य साबित हुन सक्छन् । र अभावबाट भावको उत्पत्ति हुन सक्नु पर्दछ, तर त्यस्तो हुन सक्तैन – अशक्य यसैं हेतुले छ कि नभएकोबाट भएको हुन सक्ने प्रमाण विज्ञान-सम्मत विषय छैन ।

त्यस तथ्यको विरोधमा कोही तर्क दिन्छन् "सन्निपात ज्वर र सपनाका अवस्था स्वयम् नै उपादान कारण नभए पनि अनेकौं विलक्षण चीजको निर्माता हुन सक्दछ । तिनै निर्मित वस्तु देख्नाले गर्दा कोही व्यक्ति बरबराउनुको साथै उसका अङ्ग सो सपनाले घटना स्मरण गरेको देख्दा विषयवस्तु नभईकन पनि भएको देखिने कुरा असम्भव घटना होइन । अतः नभइकन पनि भएको हुन सक्छ" आदि ।

पूर्वोक्त भएका कुराहरू भएको देखिनुमा रहस्य यो छ "भएकै पदार्थ भएकै इन्द्रियहरू- द्वारा अनुभव गरिएको स्मृति नै भएको मनमा हुन्छ र त्यो भएकै पनि मगजमा स्मृति-पट नभएको भए ती पूर्व कुराहरू देख्न सुन्न र त्यही अनुसारले चेष्टा गर्ने कर्म त्यस उन्मादी वा स्वप्नद्रष्टामा हुन सम्भव थिएन । तर यसमा भनिएका 'व्यवहारमा आफ्नो टाउको आफैंले झुण्डचाई हिंडेको आफैंबाट देख्न सकिन्न तापनि सपनामा सो सबै देख्न सकिन्छ । त्यसो हुँदा, यो संसार नभएको भएर पनि भएको भएर देखिइनु असम्भव कुरा होइन । यस कुरामा पनि रहस्य त्यही छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्व जन्ममा वा चीत्रमा साँच्चिकै अथवा कल्पनामा काटिएको शिर कसैले हातमा लिएर हिंडेको देख्दा त्यस घटनाको ग्रहण-शक्ति अनुसारले बनेको स्मृति उसको मनमा रहेको हुन्छ। यता त्यो हुन्छ। उता स्वप्न अवस्थामा पित्त आदि तमोगुणको आधिक्यले उसको स्व-विवेक बुद्धि बोधो हुन जाँदा त्यस व्यक्तिले सो घटनालाई यताउति पारेर आफूमा अध्यारोप गर्दा त्यस्तो खाली सपना पनि देखिन्छ तापनि त्यसमा आधार भएकै घटना वा तसवीर वा उसैको आफ्नो कल्पना समेत जन्मान्तरीय वासनाको अस्तित्व कारण छ। त्यसकारण विश्व प्रपञ्चलाई मायाजाल वा स्वप्न आदि प्रतिभास मान्नमा तर्क र प्रमाण पुग्दैन।''

पहिलेको प्रसङ्गलाई लिएर फेरि अर्को प्रश्न उठ्छ "अवकाश धर्मले युक्त आकाश यौटै छ वा धेरै ... ?" यसमा छोटकरी वाक्यले भन्ने हो भने 'अवकाश धर्मको आकाश यौटै छ', तर सर्वव्यापक होइन। शास्त्रले 'भूतहरू एक पाउमा भई तीन पाउ चोखै अमृत रूपले छ' भनेको र आकाश पनि भूतहरूमध्ये यौटा महाभूत भएकोले यसलाई व्यापक र धेरै भन्न प्रमाण पुग्दैन, किनकि श्रुति वचन छ–

''पादोस्य सर्वा भूतानी त्रिपादस्या मृतन्दि ... आदि।

(क्रमशः)

★ जसको लागि तिमी साथ दिन्छौ
उही तिम्रो निन्दा गर्छ।

★ मान्छे त्यो हो जो समाजको
कल्याण गर्छ।

★ उसले लाखौं गुण गरेको होस्
तापनि मौका परेको बखत मित्रको
गुण बिर्सन्छ।

– अर्जुन विरक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारतको आध्यात्मिक दृष्टि

–प्रा. विष्णुप्रसाद ज्ञवाली

संसारको कुनै पनि वस्तु तीन तहबाट हेर्न सकिन्छ । त्यो तीन तह हो आधिभौतिक, आध्यात्मिक र आधिदैविक । आधिभौतिक रूपले हेर्दा विशालकाय सवालाख श्लोक भएको महाभारत ग्रन्थ हेरिन्छ । त्यो ग्रन्थको ज्ञान, उपदेश, वैशिष्ठ्य आफ्नै पाराबाट झल्किएको छ ।

त्यस्तै अन्य ग्रन्थहरू पनि आफ्नै उपदेश, ज्ञान, वैशिष्ठ्य लिएर आफ्नै पाराबाट अडेका हुन्छन् । वास्तवमा भन्ने हो भने मानवमात्रका स्थूल बुद्धिले उचित र अनुचित छुट्याउन ज्यादै कठीन पर्दछ । अपेक्षाकृत नै उचित र अनुचित, ठूलो र सानो, राम्रो र नराम्रो, जान्ने र नजान्ने भन्ने व्यवहारमा फरक देखापर्दछ । यौटा उदाहरण लिऊँ– बुद्धिमान वकिलले आफ्नो तर्क र ज्ञान गरिमाबाट अनुचित मुद्दालाई सहि पारामा ढालेर जिताउँछ । त्यो मुद्दा सहि नै हो भन्न कर लाग्दछ । कमजोरी मानिसका हातमा परेको सहि मुद्दा भए पनि ज्ञान गरिमा र तर्क बुद्धिको अभावले गर्दा हार्दछ । त्यो मुद्दा बेसहि भन्न बाध्य हुनुपर्दछ । 'अतः सबै वस्तुलाई सबैले आ-आफ्ना पाराबाट हेरेको हुन्छ, बुझेको हुन्छ र जानेको हुन्छ ।'

म यहाँ के भन्न चाहन्छु भने महाभारतको लीला हाम्रो शरीरभित्र पनि छ । विचार गर्ने, सोच्ने, चिन्तन गर्ने विचार बसाल्ने हो भने वास्तविकतातिर पुग्न त्यति गाह्रो पनि हुँदैन । म मेरो विचारको कुरा यही देखाउँछु ।

शरीरभित्र रहेको प्राण पाण्डु हुन् । प्राणका पाँच भेद हुछन्न्– प्राण, पान, व्यान, उदान, समान । पाँच प्राण भनेका युधिष्ठिर, भीम' अर्जुन, नकुल, सहदेव हुन् । पाँचै प्राणसँग अनुकूल भएर रहने बुद्धि हुन्छ । ती बुद्धिकी प्रतिरूप द्रौपदी हुन् । द्रौपदी पाँचै भाइसँग समान रूपले अनुकूल रहेकी थिइन् । विदुर भनेको ज्ञान हो, विदुर ज्ञानी नै थिए ।

महाभारतको...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अज्ञानबाट काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य मुख्य छ शत्रु भनेका- दुर्योधन, दु:शासन आदि छ भाइ र तिनबाट निस्कने शयौं विषय गर्दा दुर्योधन आदि सय भाइ थिए। धृतराष्ट्र अन्धा थिए, अन्धो भन्नु नै अज्ञान हो। धृतराष्ट्रका दुर्योधन आदि गरेका विशिष्ट छ भाइ छोरा र अरू गरेर शय भाइ छोरा थिए। द्रोणाचार्य गुरु भनेको विवेक हो। लोभको वशमा परेपछि विवेक पनि नष्ट हुन्छ। भीष्म पितामह भनेको नैतिक्ता हो। अज्ञानको फन्दामा परेपछि नैतिकता पनि गिरेर जान्छ। शकुनि भनेको छल कपट हो। त्यो दुर्योधनको मामा थियो अर्थात् छल, कपट अज्ञान, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यको फन्दामा परेपछि विवेक र नैतिकता पनि नष्ट भएर जान्छ। शरीरमा सधैं सद्‌विचार र असद्‌विचारको द्वन्द्व अर्थात् झगडा भैरहन्छ। त्यो नै महाभारतको लडाइ हो। केही समय असद्‌विचारको राज्य भए पनि जब मानिस बूढो र अशक्त भएपछि सद्‌विचार र ज्ञानको उदय हुन्छ। युधिष्ठिरहरू-लाई दुर्योधन आदिको निधनको पश्चात्ताप हुनु नै मानिस बूढो र अशक्त भएको अवस्थामा आफूले पहिले गरेका कार्यबाट पश्चात्ताप गर्नु हो। संसारमा मानिसले अपराध गरेपछि मुखले नबके पनि मनमा आफूले गरेका अपराधको पश्चात्ताप नगर्ने मानिस कोही हुनै सक्दैन। यही नै आध्यात्मिक दृष्टिले वैचारिक महाभारत हो।

सुभद्राका छोरा अभिमन्यु थिए। अभिमन्यु भनेको रिस हो। अभिमन्यु चक्रव्यूहमा परी संसारबाट विदा लिए। वृद्धिका पछाडि रिस हुन्छ। रिस जति उठेपनि चारैतिरबाट सबैले घेरेर सम्झाए भने रिस चाँडै नै नष्ट भएर जान्छ। अभिमन्युका छोरा परीक्षित थिए। रिसपछि जीवको ठाउँ आउँछ। योगशास्त्र अनुसार जीवका पनि अठार प्रकारका भेद छन्। ती सबैलाई हटाइ (अर्थात् महाभारत र यदुकूल संहार गरी) परीक्षितलाई हस्तिनापुरको राजा र व्रजनाभलाई मथुराको राजा बनाउन लगाइ श्रीकृष्णले धराधाम छोड्नुभयो। त्यसैदिनदेखि पृथ्वीमा कलि धर्मको प्रवेश भयो। कलिले जताततै धर्म र सौजन्यता नष्ट भ्रष्ट पार्दै गइरहेको छ। मथुरा भनेको ज्ञानको उपज हो। मथुरामा व्रजनाभले राज्य गरे भनेको मानिस सात्त्विक ठाउँमा पुगेपछि ज्ञानी हुन्छ अथवा मानिसमा सङ्कटको घडी खडा भएपछि मात्र ज्ञानको उदय हुन्छ।

परीक्षित भनेको जीव हो। हस्तिनापुर भनेको शरीर हो। जीवको राज्य शरीर नै हो। अर्थात् शुद्ध जीव शरीरमा नै विचरण गर्दछ। शुद्ध जीवले पनि प्रकृतिभित्रको वस्तुमा घुलमेल गर्न खोज्दा सांसारिक प्रभावमा पर्न जान्छ। जीवरूपी परीक्षितले विषय चयन गरी शरीररूपी राज्यमा घुम्दा गाई, गोरुरूपी शक्ति र धर्मलाई कलिले ताडना गरेको देखेर कलिसँग ठूलो घमासान युद्ध भयो। अन्त्यमा कलिले हरेश खाइ आफ्नो सीमित पाँच क्षेत्रको माग गऱ्यो। ती हुन्– झुट्टो बोली, रक्सी, रण्डी, मदिरा, सुन। सबै माग गरे अनुसारको ठाउँ कलिलाई परीक्षितले दिए। तर आफू तिनीहरूबाट बाँच्नलाई ठूलो प्रयास गरे। तर विधिको

महाभारतको ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विडम्बना के भनौं आफू पनि तिनै चीजबाट अलग रहन सकेनन् । आफूले पनि सुनले जडान भएको श्रीपेच धारणा गरेकोले शुद्ध ज्ञानी शमीक महर्षिको अपमान गरी गलामा मृत साँप राखी दिए । यसको तात्पर्य हो– धन, वैभव, प्रतिष्ठा मिलेको समयमा मानिस अन्धो हुन्छ । सहि कुरा सोच्ने क्षमता प्रायः लुप्त भैहाल्छ ।

एकातिर मानिसले नराम्रो काम गर्दछ भने अर्को तर्फबाट तदनुरूपको फल मानिसले पाइहाल्छ । शृङ्ग ऋषिले परीक्षितलाई यही कुराको परिचय दिइ श्राप दिएका थिए । अपराधीको सात दिनका दिन मृत्यु हुनेछ भन्नु नै जीवले शरीर धारण गरेपछि अपराध पनि गर्दछ । सात वारभित्र अवश्य मर्दछ पनि । **जातस्य हि ध्रुवो मृत्यु ध्रुवं जन्म मृतस्य च** भन्ने कुरा गीतामा पनि भनेको छ, जन्मेपछि मर्नु अनिवार्य परिस्थिति संसारमा घुमिरहेको छ ।

परीक्षितलाई श्राप परेपछि अब मरिन्छ भनेर अनेक उपाय सोच्न थाले । महाभारत र देवी भागवत अनुसार राजा परीक्षित् दरबारमा सुरक्षित साथ वसे । तर भागवत अनुसार सात्त्विकरूपले गङ्गा तटमा गएर बसे भन्ने उल्लेख पाइन्छ । यसको तात्पर्य हो– मानिस बूढो भएपछि केही गर्न नसक्ने समयमा मात्र ज्ञान गर्न अर्थात् शान्ति लिन चाहन्छ । त्यो समयमा सबै हितैषीहरू आई आ-आफ्नो बुद्धिअनुसार उपायहरू वताउँछन् । त्यही अनुसार परीक्षित्लाई पनि कर्मका प्रतीक सबै ऋषिगण आइ ज्ञानको उपदेश गर्दछन् ।

अन्त्यमा शुकदेव आइ परीक्षित्लाई सहि ज्ञान उपदेश गरी मुक्ति गराउँछन् भने मर्नेबेलामा मानिसले सबै सांसारिक वस्तुबाट विरक्ति लिएर भगवत्स्वरूपको चिन्तन र ज्ञान गरेपछि मात्र मुक्ति हुन्छ । तर एक्कासि यस्तो ज्ञान प्राप्त गर्न कसैले पनि सक्दैन । तसर्थ पहिलेदेखि नै यसको अभ्यास हुँदै जानु आवश्यक पर्दछ । यस्तो अभ्यास हुनलाई सधैं मानिसमा सद्बुद्धि, विवेक, आचार, नियम, धर्म, ज्ञान भएमा मात्र अन्तिम अवस्थामा सहि ज्ञानको उदय हुन्छ । धमिलो पानीभित्र केही देखा नपरे झैं अज्ञान, लोभ, मोह, आसक्ति, राग, द्वेष आदि दोषले ढाकेको समयमा ज्ञानाङ्कुर निस्कन सक्दैन भन्ने आशय हो । यही नै महाभारतको आध्यात्मिक झलक भन्नमा अत्युक्ति हुँदैन भन्ने नै यो लेखको आशय हो ।

अस्तु शुभम् !

"...पाखण्ड र प्रदर्शन धर्म होइन ।..."

॥ श्रीमद्भागवत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परब्रह्म स्वरूपः अखण्ड ब्रह्मचारी श्रीकृष्ण

– सन्यासी डा. कांँचल प्रसाद चक्रवर्ती

प्रकाशपुञ्ज हिन्दूहरूका प्राणाधार अखण्ड ब्रह्मचारी श्री कृष्णलाई हाम्रो इतिहास-पुराण-शास्त्रहरूले परब्रह्मस्वरूप ईश्वरको ठूलो अवतार मानेका छन्।

घृणा र नास्तिकता भएर मदमा हामीले श्री कृष्णलाई ईश्वर नमाने पनि जब हामी मृत्यु शैय्यामा पुग्दछौं तब प्रभुको चरणारविन्दमा आफ्नो जीवन अर्पण गरेर यो मट्टी चोलाको नश्वर शरीर त्याग गर्दछौ। जुन भगवानको मुखारविन्दबाट दिव्योपदेश स्वरूप अर्जुनलाई बताइएको... 'गीता' जसलाई विश्वले मान्दछ र हिन्दूहरूले आफ्नो उच्चकोटीको आध्यात्मिक ग्रन्थ भनि पूर्ण रूपले सम्झेका छन्। त्यस्ता भगवान्ले १६,१०८ गोपिनीहरूका साथ क्रीडा गरेर जीवन विताए भन्ने कुरा निश्चयनै शंकास्पद मान्नु पर्दछ। अतएवः यस कुरालाई शंकास्पद मान्ने हो भने वेदव्यासले लेखिदिएको ग्रन्थको कुरालाई असत्य सिद्ध गर्न सक्नु पर्दथ्यो, जुन असम्भव झैं हुन आउँछ।

"न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन !
नानवाप्तमवा प्तव्यं वर्तएव च कर्मणि !!"

गीतामा भगवान् श्रीकृष्ण अर्जुनलाई के भन्नु हुन्छ भने-हे ! अर्जुन संसारमा मैले गर्नु पर्ने कुरा केही पनि छैन र कुनै कुराको पनि मलाई लालच छैन तथापि कर्म गर्दै रहन्छु। किनभने म जुन-जुन यात्रा गरी हिड्छु दुनियाँ त्यसैको पछि लाग्दछन्।

यस्तो उच्च आर्दशका पथ-प्रर्दशक भगवान् श्री कृष्णले गोपिनीहरूका साथ रमण गरेर जीवन बिताए भावि सन्ततिको अवनति हुनेछ भन्ने कुरा वहांलाई स्पष्ट नभएको हैन। अर्को कुरा, जैमिनीय भारत अनुसार जब बभ्रूवाहनद्वारा अर्जुनको युद्ध भूमिमा मृत्यु भयो र उनको टाउको रणस्थलबाट लुकाइयो। त्यस समयमा अर्जुनलाई बचाउन उनको टाउको को आवश्यकता

परब्रह्म स्वरूप...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो । भगवान् कृष्ण रणस्थलमा गएर यदि आजसम्म म ब्रह्मचर्यमा रहेको भए अर्जुनको टाउको जहां-जहां जुन अवस्थामा छ मेरो हातमा परोस् भन्दा अर्जुनको टाउको भगवान् कृष्णको हातमा आयो यसबाट पनि भगवान् श्री कृष्ण ब्रह्मचारी हुनु हुँदो रहेछ भन्ने कुरामा स्वतः सिद्ध हुन सक्दछ ।

अर्को कुरा, वेदान्तहरूको अन्तदेखि शुरू र शुरू देखि अन्तसम्म भलिभांती अध्ययन गर्ने हो भने पूर्णलाई पुरूष र अपूर्णलाई स्त्री संज्ञा दिएको प्रतीत हुन्छ, जुन कुरा यर्जुवेदमा पनि परब्रह्म ईश्वरलाई "पुरूष" नामले पुकारिएको देखिन्छ । अतः भगवान् श्री कृष्ण पूर्ण अर्थात्, पूरूष र अन्य सवै स्त्री अर्थात अपूर्ण मानिएको हुनै पर्दछ । यस उसले भगवान् प्रति आकृष्ट सबै भक्तालु गणलाई गोपिनीको संज्ञा दिइएको हो भनेमा फरक पर्दैन । त्यसकारण भागवत् मा चर्चित १६,१०८ पटरानी–गोपिनी भगवान्का रानी होइनन्, वरू भक्त हुन् । अतः भगवान् कृष्णलाई ब्रह्मचारी नै मान्नु पर्दछ । यसमा वाधा मान्नु पर्ला भन्ने चाहिँ लाग्दैन, यो सत्य र तथ्य नै हो । यथार्थतामा निस्पक्षता स्वरूप जागरण र चेतनाका प्रतीक परब्रह्म स्वरूपको तथ्य बुझूं भनी एक दिन जव नारद ऋषि गोपिनीहरूसंगको भगवान् कृष्णको सहवास अध्ययन गर्न आउनु भयो । उहाँले सबै गोपिनीहरूसंग एकैनासको व्यवहार र साथैमा देख्दा आश्चर्य चकित भएर जानु पर्‍यो भन्ने कुरा पनि श्रीभद्भागवतमा वर्णित छ । यस वाट पनि श्री कृष्ण गोपिनी-पति सिद्ध हुन आए पनि वेदान्त अनुसार परब्रह्म स्वरूप भगवान्को महान ब्रह्माण्ड नै पिण्ड ब्रह्माण्डको रूपमा समस्त प्राणीहरू हुन् भन्ने स्पष्ट हुन्छ । यसैले समस्त गोपिनी अर्थात् भक्तहरूमा भगवान् अर्थात् परब्रह्म समान रूपले रहनु भएको छ भन्ने कुरा वेदव्यासले वयान गर्नु भएको हो । यसबाट पनि भगवान् श्री कृष्णलाई ब्रह्मचारी स्वरूप नै मान्नु वाधा हुँदैन ।

कृष्णा नन्द नामका साधुको महात्म्यको पुस्तकमा के छ भने, एउटी महिला साधु एक साधु कहाँ दर्शन गर्न आएको कुराको खबर पुऱ्याउन लगाईछन् । त्यसपछि साधुले स्त्रीजाति को मुख नहेर्ने व्रत लिएका छन् भन्ने खवर सुनेपछि पुनः महिला साधुले यस्तो सन्देश पठाईन्–

"मैले आजसम्म श्री कृष्ण वाहेक अर्को पुरूष यस संसारमा छैन भन्नै ठानेकी थिए, तर यो आश्चर्यको कुरा आज सुन्दा संसारमा दुई कृष्ण भएको भान पर्दछ" यो उक्तिको जानकारी भै-साधुले आफूलाई अपूर्ण ठहराएका थिए । यसवाट पनि पुरूष भन्ने केवल भगवान् मात्र हुनुहुन्छ र उहाँका लेखा प्राणी स्त्री समान मानिन्छन् अतः भगवान् श्री कृष्णका गोपिनीलाई उहाँका अर्धांगिनी नसम्झेर भक्त मान्नु पर्दछ श्री कृष्णलाई ब्रह्मचारी नै सम्झनु पर्दछ ।

यो संसार पूर्ण छ । हामी सवै पूर्ण छौं । सदा सर्वदा पूर्ण छौं । यो तथ्यको स्मरण नै ज्ञान हो । अनि यो यथ्यको विक्रितिपूर्ण विस्मरण नै अज्ञान हो ।

आजको भौतिकवादको समयमा वैज्ञानिकहरूले समेत श्रष्ठा एवं द्रष्ठा औं चतुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजनीतिज्ञ कृष्णलाई महान् वैज्ञानिक सम्झिएका छन् । भौतिकवादका प्रतीकहरूले पनि र सिन्धु धर्मावलम्वी हिन्दुहरूका निमित्त प्राणाधार मानिनु भएका श्री कृष्णको वारेमा विश्लेषण गर्न खोज्नु नदी किनारमा वसेर चिच्याउनु मात्र हो । तार लाग्ने र विश्लेषण गर्न सकिने कुरा र तत्त्व सयमा १ मात्र होला जस्तो मलाई लाग्दछ, जे होस् वेदान्ती एवं विद्योताका विद्वत् वर्गवाट निस्पक्षको यथार्थ विश्लेषण होला । ठोकुवा गरी भन्दछु भगवान् श्री कृष्ण ब्रह्मचारी नै हुँन् ।

यो लेख किन लेखे भन्ने प्रश्न छ ? आर्ष वाङमयका तर्फवाट अर्जुन विरक्ति म संग रचना माग्न आयथे । मैले आर्ष वाङमयको लागि एउटा वैदिक कविता लेख्दै थिए, पत्रिकाको विषयमा चाँही विरक्ति बाबुसंगको तेश्रो पटकको भेट हो । मैले प्रश्न गरें त्यो पत्रिकाको प्रस्तावना पढ्दा औ विषयगत उद्देश्यलाई अध्ययन मर्दा मैले आफुलाई कलियुगमा छु भन्ने एकै क्षण पनि भएन र मैले ४२वर्ष भ्रमण गर्दा आज सत्य युगले र वोधि तत्त्वको सत्य युग झैं यो संसारमा धर्मको प्रतिनिधत्व गर्न र राष्ट्रनिर्माणमा मुलुकको शाश्वतः तत्वको जगेर्नाको लागि फेरी प्रभात भएको छ । विहानी ल्याएको छ आर्ष वाङमयले मैले यही सोचेको छु ।

आर्ष वाङमयको प्रस्तांवना र विषयगत उद्देश्य नै प्राणी जगतको "वाङमय हो" । यस पत्रिकाले दैविक एवं भौतिक विषयका सम्पूर्ण विषयलाई अँगालेको छ । यत्रो यो भव सागरलाई वटुलेर यो पत्रिकाले सफल गर्न सक्ला त ? पत्रिकाको लागि खटीनु पर्‍यो, यसको लागि कुनै कोषको पनि दरकार पर्ला भनि कुरा कोट्याउँदा कर्म गर्दै जाँउ जे जस्तो होला त्रिवेणीको रूपमा हामी ३ जना छौं मेरा जीवनका सवभन्दा नजिकका मित्रहरू वाल प्रसाद शाही, भिष्म जिज्ञासु र म आत्मवल मात्र हाम्रो अरू कोष केही छैन, यो पत्रिका संचालन गर्नु नितान्त आवश्यक छ । आजको तनावपूर्ण वातावरणको लागि र देशको लागि जवाफ यस्तै–यस्तै आदि ।

अतएव: म विश्वास साथ भन्दैछु । यस पत्रिकाका त्रिवेणीहरूले रुढीग्रस्त कुरोको भौतिकवादमा वैदिक पत्रिकाको क्षेत्रवाट विश्वमा एक मात्र हिन्दु राष्ट्रमा सत्य, तथ्य र यथार्थलाई काखि च्यापी धर्ममा आएका विकृत विसंगति ह्रासहरूको पर्दा च्याति प्राणी मात्रको कल्याणार्थ वैदिक क्षेत्रवाट उज्ज्वल प्रतिनिधित्व गर्न सफल हुनेछ । राष्ट्र र राष्ट्रियतामा शाश्वतः तत्वको जर्गेना गर्दै विश्व मै प्रतिनिधित्व गर्न सकोस र यी त्रिवेणीका रूपमा देखा परेका टुसा मुना र कलिला पल्लवहरूलाई यो पत्रिका संचालन गर्न श्री ५ को सरकार र त्यस संगका विभिन्न निकायहरूले यसलाई अटुट रूपमा प्रकाशन गर्न र आफ्ना मातहतका संघ, संस्था लगायत मन्त्रालय एवं कार्यालयहरूमा समेत ग्राहकको व्यवस्था गरी मुलुक भरी मै प्रसार प्रचारको व्यवस्था गराई दिएर माया र ममता पाएका खण्डमा यस पत्रिकाले वैदिक सनातन धर्मको प्रतिनिधित्व गर्न सफल हुने छ– यसलाई सहयोग गर्न विद्वत वर्गवाट पनि सहयोग मिल्ने छ र श्री ५ को सरकार पनि यसलाई हुर्काउनमा पछि हट्ने छैन होला भनि विश्वास लिएको छु ।

परब्रह्म स्वरूप...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस आर्ष वाङमयको भविष्य उज्ज्वल भएर जाग्रोस् भनि सद्भावना प्रदान गर्दै शुभ-कामना व्यक्त गर्दछु ।

अब कुरो गरूँ लेखको विषयमा – वैदिक एवं आध्यात्मिक कुराको चर्चा परिचर्चा हुँदै जाँदा "आश्रममा" कृष्ण ब्रह्मचारी नै हुन् भन्ने मेरो रायमा र विभिन्न विद्वान्हरूको विभिन्न रायमा – अर्जुन विरक्ति जस्तो कलिलो मुनाबाट जिज्ञासापूर्ण जुन खोजी गरियो त्यसैले नै भगवान् श्रीकृष्ण ब्रह्मचारी नै हुन् भन्ने लेख लेखें ।

कृष्ण ब्रह्मचारी हुन् भन्ने विषयमा, कृष्णको मुकुटले नै सिद्ध गर्दछ, म स्वयम् ब्रह्मचारी हुँ भन्ने संकेत कृष्णको मुकुटको मयूरको प्वाँखले नै सिद्ध गरेको छ, तापनि कृष्ण एक नारीको ब्रह्मचारी कि ? सबै पटरानीमा... नियमपूर्वक ब्रह्मचारी – ब्रह्मचारीका धेरै किसिम छन्–

अतएवः अर्जुन विरक्ति बाबुले यो हाम्रो योगीको सभामा कृष्णको मुकुट र मयूरको प्वाँख कृष्णले लगाउनुको कारण र वैदिक युगदेखि नै चलिआएको मुकुटको महत्त्व र मुकुटमा भिन्नता एवं प्रत्येक देवी-देवतादेखि लिएर चलन प्रचलनमा आएको मुकुट र राजा महाराजाका मुकुटको महत्त्व र मुकुटको आविष्कार ... आदिको निकै राम्रो वैदिक एवं आध्यात्मिक जुन राय व्यक्त गरिए त्यसबाट हामी सबै विद्वान्वर्ग निक्कै प्रभावित भै सोधनी गर्दा, म मुकुटको विषयमा वैदिक विवेचनात्मक ऐतिहासिक कुरालाई हाम्रो यो ब्रह्माण्डमा मुकुट सम्बन्धी यो पहिलो कृति प्रदान गर्दैछु र म लेख्दैछु भन्दा अति हर्षित भएका छौं र यसै कृतिले नै विरक्ति बाबुलाई सदा सर्वदा बचाई राख्ने छ भन्ने कुरामा हामी सबै र म पूर्ण विश्वासमा छौं ।

मयूर कहिल्यै सम्भोग क्रिडा गर्दैन तापनि मयूर्नी गर्भवती हुन्छे आदि आदिको तर्क र वैदिक शास्त्र र दर्शनका विषयमा हिन्दी, अंग्रेजी र नेपालीमा फलावदै जाँदा अध्ययनशील विरक्ति बाबुको तर्क र गहिरो विचार गहिराईमा सोच्ने र मिठो जवाफले सबैको हृदय द्रवीभूत भएको देख्दा कसलाई आश्चर्य नलाग्ला ? नपत्याउँदो किसिमको व्यक्तिबाट पत्याउँदो तर्कले नै हामीलाई विश्वास पार्‍यो "आर्ष वाङमयका त्रिवेणीहरूले केही गर्छन् भनेर" ।

चिन्तन मननको सत्सङ्ग सुनेपछि न निन्द्रा न भोकको प्यासी यी विरक्ति प्रकृतिको काखमा विचरण गर्न प्रकृतिले नै जन्म दिएको प्रकृति शास्त्री अर्जुन विरक्ति मनका धनी पीडित साहित्यकार एवं नीति शास्त्रका व्यक्ति रहेछन् । यिनको शिक्षा र प्रमाण-पत्र साम सारिक गतिविधि र प्रकृति नै रहेछ । यीनलाई तथ्यबोधको प्रमाण-पत्र र अजम्मरी बुटी प्रकृतिले नै दिएको रहेछ भन्ने कुरो ५ दिनसम्मको अहोरात्र चिन्तन मननमा थाहा भयो । यी राष्ट्र र राष्ट्रियताको प्रिय भोका रहेछन् । यस्ता प्रेरणाका भोका विरक्ति एवं उनका मित्रद्वय त्रिवेणीलाई, सहयोग र सुझाव दिन तयार छु र आर्ष वाङमयका लागि ममतापूर्णले रचना दिन र अन्य विद्वान्लाई अनुरोध गर्दै यसको भविष्य उज्ज्वल भएर जाग्रोस् भनि जीवन धर्मको बाटोमा प्रण गर्दै जानेछु ।

।। अस्तु ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली समाज-संस्कृति परिशीलन : आस्था तथा विश्वासका दृष्टिमा पुराण

–पूर्णप्रकाश नेपाल 'यात्री'

१. ०. प्राक्कथन :

पौरस्त्य वाङमय-शास्त्रका अनन्तपार भण्डारमा ज्ञान-विज्ञानका समुद्रमा उत्ताल तरङ्गहरू अविकल लहराइरहेका छन् । ती तरङ्गमाथि विचरण गर्ने तरणीको वहना आफ्नै हातमा छ र पनि बहना खियाउने बुद्धिमत्तापूर्ण सीपका अभावमा स्वयं किंकर्तव्यविमूढ बन्नुपर्ने अवस्था छ । वास्तविक ज्ञान-विज्ञानको भण्डारसँग अन्तस्करण दूरस्थ रहेसम्म आत्मवञ्चित रहनुपर्ने अवस्था छ । जसले आफ्ना प्रवेश प्रसङ्गमा नै यस्तो रोमाञ्चक उद्घोषणा गरेका छन्– 'यदिहास्ति तदन्यत्र यन्नेहास्ति नकुत्रचित् [१]' के त यो केवल निरर्थक प्रलाप होला ? अवश्य होइन । पौरस्त्य वाङमय-रूपी कामधेनु दुहुन सके वर्तमान विश्वले के उपलब्धि हासिल गर्ला ? यस्तो जिज्ञासामात्र उर्जश्चेत हुनसके निःसन्देह लाभान्वित होइन्थ्यो ।

पुराणप्रतिका आस्था र अनास्थाका दोधारमा सन्तप्त बनिरहनुभन्दा, विश्वास र अविश्वासका अन्तर्द्वन्दमा धक्का धक्की गरिरहनुभन्दा त्यसतर्फ चासो जगाए केही पाइन्थ्यो कि ? आशान्वित रहँदै एक निश्चित यात्रा तय गर्नुपर्ने कर्तव्य भएको छ ।

संस्कृत पद्यहरूमा यदाकदा 'य पठेत् प्रयतः पुमान' एवं 'धनार्थी लभते धनम्' भनेर पाठकको चित्त लोभ्याइएको हुन्छ । यस्ता सूक्तिहरूको मर्म नबुझेर हाम्रा कन्सिरी तात्तछन् । मर्म बुझनसके कमसेकम यसको आशय सही हो भन्न सकिन्थ्यो ।

१. महाभारत आदिपर्व ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुत प्रसङ्गमा ज्ञान-विज्ञानका अगाध स्रोत सञ्चय गरी दीर्घकालसम्म आफ्ना उत्स सजीव राख्न सफल र समर्थ, जन-जीवनमा अर्थात् जनभावनामा धार्मिक ध्यातव्यमात्र बनेर अब प्रायः व्यावहारिकतादेखि प्रायः दूरस्थ बन्न लागेका पुराणका सन्दर्भमा यत्किंचित प्रकाश पार्नुपर्ने प्रत्येक पुरोधाको कर्तव्य हुन आउँछ । अतएव यसमा प्रस्तुत गर्ने प्रयास भइरहेछ नेपाली समाज-संस्कृति परिशीलनका उपक्रममा 'आस्था तथा बिश्वासका दृष्टिमा पुराण' एक विवेचनात्मक अध्ययन ।

१. १. पुराणको परिभाषाः

'पूरा' नामक अव्यय पदमा कुणन् प्रत्यय लागेर बनेको यस विशेषणवाची शव्दका परिभाषामा विभिन्न अर्थहरू समन्वित हुन आउँछन् । जस्तोः– प्राचीन, पहिलेको, उहिलेको, शिव (ऐश्वर्य), महादेव (इष्टापत्ति प्रसङ्ग), प्राचीन आख्यान्; पुराना कुराहरू; हिन्दूधर्म सम्बन्धी प्राचीन ग्रन्थ जसमा विश्वब्रह्माण्डको सृष्टि, स्थिति, लय आदि घटनाहरू; प्राचीन ऋषिमुनि तथा राजाहरूका कथा; परम्परागत कथाहरूका सङग्रह आदि पाइन्छन् । पुराणहरू अट्ठार छन् । यिनमा विष्णुपुराण, ब्रह्माण्डपुराण, मत्स्यपुराण आदि महापुराणहरूमा सृष्टि-तत्त्व, पुनः सृष्टि, लय, महाप्रलय; देव पितृ तथा मानवका वंशावली; मन्वन्तरका वयान तथा मनुहरूका अधिकार तथा सूर्यवंशी र चन्द्रवंशी राजाहरूका वर्णनसँग सम्बन्धित पौरस्त्य वाङमयका विपुल भण्डारलाई पुराण भनिन्छ ।[२] यिनमा अठार पुराणको नाम यस प्रकार छः– विष्णु, शिव, ब्रह्म, पदम, भविष्य, मार्कण्डय, भागवत्, अग्नि, नारद, ब्रह्मवैवर्त, लिङ्ग, वाराह, स्कन्द, वामन, कूर्म, मत्स्य, गरुड तथा ब्रह्माण्डपुराण । त्यसरी नै उपपुराणको संख्या पनि अठ्ठार छ । जस्तोः– देवी भागवत्, कालिका, नृसिह, हरिवंश, बृहन्नारदीय, कलंकी, नीलमत, स्वयम्भू, पाशुपत, गणेश, सूर्य, साम्व, विष्णुधर्मोत्तर आदि कतिपय विद्वान्हरूको मत यी उपपुराणहरूका रचयिता व्यास बाहेक अरू नै हुन् भन्ने देखिन्छ ।[२]

१. २. पुराणको पृष्ठभूमिः

पुराणको पृष्ठभूमि वेद हो ।[३] वेदका रचनापछि रचिएका महाभारत, पुराण तथा नाट्शास्त्रलाई 'पञ्चम वेद' भनिएकाले यहाँनेर निराकरण गर्न अलि सकस पर्दछ । यद्यपि शैली शब्दावली तथा घटना प्रसङ्गका दृष्टिले भने यिनीहरूको रचनाकाल नाट्यशास्त्र, महाभारत तथा पुराण होला जस्तो अनुमान गर्न सकिन्छ ।[४] नाट्यशास्त्रमा 'भरत नाट्यम्' को प्रयोग निकै प्राचीन

---

२. भार्गव आदर्श हिन्दी शब्दकोश (सन् १९८४ सोह्रौं संस्करण) पृष्ठ ५०१ ।

२. पूर्वोक्त शब्दकोश पृष्ठ ९८ ।

३. इदं भागवतं नाम पुराणं ब्रह्मसम्मितम् । उत्तमश्लोक चरितं चकार भगवानृषि । श्रीमद्भागवत महापुराण प्रथमस्कन्ध अध्याय २ पद्य ४० (गो. पु. सं. २०४२) ।

४. प्रस्तोताको आफ्नो मत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ । भरत नाट्यम्भन्दा महाभारतको शैली केही खारिएको; शब्द वाक्यमा निकै परिष्कृति तथा नवीनता झल्किन्छ । साहित्यमा त्यतिप्रगाढता अनुभव नभए तापनि वर्णनात्मक तथा नीतिगत कुरामा महाभारत अतुलनीय देखिन्छ । महाभारतको भन्दा पुराणको शैली बढी पाण्डित्यपूर्ण, प्रगाढ साहित्यिकता, बौद्धिक परिपाक आशानुकूल देखापर्दछ । अतएव यस क्रमवद्धताका प्रसङ्गमा शाश्वत सत्यता के हो तत्सम्वन्धमा विभिन्न अन्वेषण अपेक्षित हुन आउँछ ।

जसरी 'वेद' भन्नासाथ त्यस विश्ववरेण्य आदि साहित्यको बोध हुन आउँछ र धर्म, न्याय, दर्शन आदि विभिन्न दृष्टिबाट वेदवाणीहरू अविभाजित विश्वका अनुप्राण छन् त्यसरी नै वेदलाई अपौरुषेय वरदान, ईश्वरीय वाणी सम्झिने तथा वेदका मन्त्रहरूमा त्यस्तो सजीवता एवं जीवन्त वस्तु निहित छ भन्ने विश्वास प्रकट गरिन्छ । अतः उहीरूप पुराणमा पनि धर्म तथा ईश्वरलाई सर्वोपरि आस्थाका रूपमा लिइन्छ र आस्था तथा विश्वासलाई समन्वयात्मक भावमा विशेष श्रद्धा गरिन्छ । यसद्वारा प्रतीतिमिल्दछ आर्षसाहित्यका विपुल भण्डारमा महत्त्वपूर्ण स्थान ओगट्ने प्रच्छन्न अंश हो पौराणिक साहित्य ।[५] शीर्षस्थ विपुल साहित्यमा आशातीत प्रच्छन्न सम्पदाका रूपमा स्थापित वैदिक साहित्यका पारावर मान्यताका कोटिमा पौराणिक साहित्य कति प्राज्जल कति विश्वसनीय छ तत्सम्बन्धमा अलग विवेचना हुन सक्छ । यद्यपि वैदिक साहित्य जो एकेश्वरवादमा विश्वास राख्दछ[६] आफ्ना प्रगाढ सम्पन्नता तथा अनन्तपार ज्ञान-विज्ञानजन्य विशेषताका कारणले 'अपौरुषेय साहित्य' अथवा ईश्वरीय वाणी'[१०] मानिएको छ । पुराण वेदकै सार भनेपछि पुराणलाई पनि ईश्वरीय वाणी मान्नु अन्यथा हुने भएन ।[७] यस प्राचीनता तथा शाश्वतताकै कारणले आर्षसाहित्य सार्वकालीन एवं सार्वजनीन मानव सम्पदा सिद्ध भएको हुन सक्छ ।

वेदवाणीमा गूढतम रहस्यको व्याख्या एवं प्रतीकात्मक कथावस्तुका उपोद्घातमा व्यापक प्रकाश पार्ने र नखुलेका शङ्काका गौंडाहरू खुलाउने स्तुत्यकार्य ब्राह्मणग्रन्थ, आरण्यक, उपनिषद् तथा सूत्र ग्रन्थादिद्वारा सशक्त प्रयत्न भएकामा पनि वैभत्यका लागि कुनै औचित्य देखिदैन । अतएव मानवताका उद्गम, विस्तार तथा जीवनदर्शनका विविध पक्षमा विशद प्रकाश पार्न सफल यी

---

५. वेदोपवेव धर्माणामितिहास पुराणयोः ।१।८। २०
इतिहासपुराणानि पञ्चम् वेदमीश्वरः ।
सर्वेभ्यः एव वक्त्रेभ्यः ससृजे सर्वदर्शनः ।३।१२।३९

६. 'एकं सद्विप्रा बहुधा वदन्ति' ऋग्वेद १०।११४।५

१०. अष्टौ श्लोकसहस्राणि अष्टौ श्लोकशतानि च । अहं वेद्मि शुको वेत्ति संजयो वेत्ति वा न वा ।। आदिपर्व

७. पुरा मया प्रोक्त मजाय नाभ्ये, पाद्मे नियण्णाय ममादिसर्गे । ज्ञानं परं मन्महिमावभासम्, यत्सूरयो भागवतं वदन्ति ।३।४।१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थहरूका आ-आफ्नै विशेषताहरू हुन सक्छन् । यी समग्र परिवेशलाई समेट्ने प्रयत्न गर्दै उपनिषदकाल अस्तित्वमा आउनाको पनि आफ्नै प्रकारको महत्त्व होला ।[७]

उपनिषदकालपछि मानवजीवनका सुखदुःख, जयविजय, हर्षशोक, हानिलाभ इत्यादिमा ओतप्रोत आर्षसाहित्यको व्यापक परिवेशको नामाङ्कन भएको देखिन्छ 'महाभारत'[४] यसलाई पूर्ववर्ती विद्वान्हरूले पूरै युगको प्रतिनिधित्व दिंदै 'महाभारत' काल संज्ञा दिएका छन् ।[८] यथा नाम तथा गुण सूक्ति चरितार्थ पार्नमा महाभारत पूर्णरूपेण सफल कारक सिद्ध भएको देखिन्छ । उसले आफ्ना आमुख कथाप्रसँगमा नै यस्तो सारगर्भित मुखर गरेको छ जसको विवक्षा गर्न रौंचिरा प्रयास गर्नैपर्छ । जस्तो 'यन्नेहास्ति नकुत्रचित्'[९] यस सारगर्भित सूक्तिपद्यका अन्तस्करणसँग राम्ररी परिचित नभएसम्म महाभारतको मूल्यबोध होला भन्न असम्भव प्रतीत हुन्छ । वस्तुतः यस सारगर्भित सूक्तिपद्यको अन्तस्करण के होला भनेर महाभारतको क्रमबद्ध अध्ययन गरियो भने महाभारतबाट प्राप्त नहुने मनोरथ सायदै होला भन्न सकिन्छ ।

सायद महाभारतका स्थूल कलेवर एवं विराट् परिवेशमा समेत सर्वसाधारण जनताका दृष्टि तथा पहुँच पुग्न असम्भव प्रतीत भएर हो वा कसो भएर हो महाभारतको रचनापछि भनौं अर्थात् आर्षसाहित्यका दीर्घकालीन यात्राका सर्वान्तिम चरणतिर आएर आर्षसाहित्यका विविध शाखा-प्रशाखाहरू पुराणहरूमा फलित पाइन्छन् । सम्भवतः पुराणहरू एकै समयमा रचिएका होइनन् र रचयिता र प्रवक्ताका नाममा एकरूपता देखा पार्न खोजिए तापनि वास्तवमा कुरो भिन्नै हुन सक्छ । यद्यपि महाभारतका पात्र, गौणपात्र, पात्रचरित्र, उपोद्घात र कथा-प्रसंहरू प्रायः पुराणहरूमा मिल्दछन् जसबाठ विदित हुन आउँछ प्रायः पुराणहरूको पृष्ठभूमि महाभारत नै हो । साथै वातावरण, परिवेश तथा प्रस्तुतीकरणमा समेत एकरूपता दृष्टिगोचर हुने हुनाले महाभारत तथा पुराणका रचनाकालका अवधिमा एक अर्कावीच निकट सामञ्जस्य देखा पर्दछ ।

प्रारम्भमा आठ हजार आठ सय श्लोकसंख्यामा रचित 'जय' नामाख्य इतिहास ग्रन्थलाई पछि परिवर्धित गरी 'महाभारत' नामकरण गरिएको कुरा पनि उल्लिखित छ ।[१०] महाभारतका कथोपकथनका विभिन्न परिप्रसंगहरू तथा स्रोत-सन्दर्भहरू अरु विस्तृत बनून् भन्ने ध्येयले वा तज्जन्य रूचिगत सोस्वले अथवा सहजात आद्रवताले पुराण संहिताहरू रचिएका हुन् भन्ने अनुमान गर्न सकिन्छ । जस्तो महाभारतका सारकथाहरू रामायण, नलोपाख्यान, शकुन्तलोपाख्यान, विदुलोपाख्यान जस्ता कथालिकालाई पुराणहरूमा केही विस्तार गरिएको छ र पछिका काव्यहरूमा

१०. पूर्ववत् ।
४. पूर्ववत् ।
८. वैदिक साहित्य पृष्ठ १२२ (२०४२) पं. रामगोविन्द त्रिवेदी, प्रकाशकः गङ्गा पुस्तकालय वाराणसी ।
९. धर्मे ह्यर्थे च कामे च मोक्षे च भरतर्षभ । यदिहास्ति तदन्यत्र यन्नेहास्ति नकुत्रचित् ।। महाभारत आदिपर्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गहन विस्तार गरिएको छ । यो एक अन्वेषणात्मक द्वार हो भन्ने महशूस हुन आउँछ । वस्तुत: महाभारतका कथावस्तुहरू विस्तार गरेर, सरल गरेर संक्षिप्त-रूपमा प्रस्तुत गर्ने ध्येय थियो भने पनि रचनाकारका दूरदर्शी दृष्टिकोण तथा प्रगाढ पाण्डित्यका कारणले अथवा समसामयिक जनजीवनका अभिरुचिगत कारणले हुन सक्छ पुराणहरू पनि सीमित परिवेशमा नअटाई महाभारत जस्तै विशालकाय बन्न गएका छन् । सम्पूर्ण पुराणहरूको श्लोकसंख्या छन् चार लाख पुगेको उल्लेख छ ।[११]

पुराण ग्रन्थलाई सामान्यत: मुख्य र उप गरी दुई समुहमा विभाजन गरिएको छ । यद्यपि केही अपवादलाई त्यागेर सिंहवलोकन गर्दा वातावरण, परिवेश, जनजीवन तथा समाजका आस्था र विश्वासमा खास अन्तर देखिँदैन । पुराणमा जस्तै उपपुराणमा पनि कथानक, पात्र चरित्र, वातावरण-परिवेश तथ्य घटनाहरूको प्रस्तुतीकरणमा सादृश्य सम्बन्ध पाइन्छ । अतएव वेदका विस्तारमा एउटै स्थूल कलेवर ऋग्वेदबाट जसरी भाग प्रभागमा विभाजन गरी ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद तथा उपवेदमा आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद, स्थापत्यवेद नामकरण गरिए अनि अरू अगाडि गएर ब्राह्मण, आरण्यक, सूत्रग्रन्थ प्रातिसाख्य तथा गणपाठ इत्यादिमा विस्तार गरिए त्यसरी नै पुराणका विस्तारमा पनि विशाल महाभारतका सन्दर्भलाई पुराण, उपपुराण, संहिता, स्मृति, काव्य चम्पू इत्यादिमा विस्तार गरिएको अनुमान गर्न सकिन्छ ।

१. ३. पुराणको निर्दिष्ट परिवेश:

प्राय: पुराणहरूको ध्येय सम्पूर्ण ब्राह्मण्डलाई समेट्ने खालको पाइन्छ । ब्रह्माण्डको उत्पत्ति, पञ्चमहाभूतको उत्पत्ति, तन्मात्रा; जल स्थल नभ आदि तीन लोकको वर्णन; खगोल (नभोलोकको ग्रहमण्डलमा विभाजन) विस्तार; भूगोल (भूमण्डलको विभाजन, सातद्वीप विस्तार, भूखण्ड, प्रखण्डको वर्णन, जनजातिको उत्पत्ति, आस्था तथा विश्वास; धार्मिक सद्‌भावना र सौमनस्य एवं जय पराजय, आमोद-प्रमोद, घात प्रतिघात इत्यादि) विषयमा पूर्ण रूपमा दिग्दर्शन गरिएको छ । साथै आधार आश्रयमा ईश्वरको नैसर्गिक परिकल्पना, परमात्माप्रतिको आस्था, सृष्टि सनातनप्रतिको अकाट्य र अगाध विश्वास, मानवसत्ता धर्मानुप्राण व्यवस्थाप्रति नै केन्द्रित रहेको पाइन्छ ।

मानवसमाजको उत्पत्ति, विस्तार तथा सञ्चालनका समसामयिक अवस्था र तिनको इतिहास, भूमण्डल संस्थानको वर्णन तथा मानवजीवनका सांस्कृतिक महत्ता र साहित्यमाथि विशद प्रकाश पारिएका छन् जसमा प्रस्तुतकर्ताका व्यापक भौगोलिक ज्ञानका परिचयहरू पाइन्छन् । यदाकदा प्रस्तुतकर्ताका अन्तस्करणजन्य पार्थक्यले गर्दा शाब्दिक अतिरञ्जकताको पारावार पाइन्छ । अपितु त्यस्ता अतिरञ्जनालाई यथार्थका तुलनामा तौलन शाब्दिक संकेत, वार्णिक संकेत

---

११. एवं पुराण सन्दोहश्चतुर्लक्ष उदाहृत: । तत्राष्टादशसाहस्रं श्रीभागवतमिष्यते । भा. १२।१३।३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा मात्रा संख्यागत संकेतहरू समेतमा प्रतीकात्मक शैलीहरू प्रयोग भएका छन् । सायद यसलाई अर्को शब्दमा 'भाव' भन्नु पर्ला । तथ्यात्मकताको अभाव खड्कीनाका मुख्य कारण भावबोधको कमी हो भन्ने कुरा निर्भत्सर स्वीकार गर्न सकिन्छ ।

२. ०. पुराणको समसामयिक परिशीलनः

पुराणमा प्रयुक्त शैली एवं शिल्पविधानका दृष्टिले क्रमबद्ध अध्ययन गर्दा महाभारतका व्यापक, परिवेशपछि श्रीमद्भागवत पुराणका निकट सामीप्यको मूल्यवोध हुन आउँछ । महाभारतको शिल्पपरिष्कारसँग लगभग मिल्न आउने र साथै उच्च स्तरीय साहित्यिक सरसामग्री-द्वारा ओतप्रोत रहेका कारणले अन्य पुराणहरूका तुलनामा श्रीमद्भागवतपुराणको परिशीलन लाभदायक प्रतीत हुन आउँछ । अन्य पुराणका परिशीलनबाट श्रीमद्भागवतको व्यापक परिवेश समाहित हुन नसक्ने तर श्रीमद्भागवतका परिशीलनद्वारा प्रायः पुराणहरूका परिवेश तथा दैवी आस्थाहरूमा प्रकाश पार्न सक्ने अन्तर अवान्तर भएजस्तै महाभारत र श्रीमद्भागवतमा पनि सामान्य अन्तर अवान्तर पाउन सकिन्छ । जस्तोः— महाभारतका कतिपय कथाप्रसंगहरू श्रीमद्भागवतमा समन्वित नरहनु तर श्रीमद्भागवतका बहुधा कथावस्तुहरू महाँभारतमा सटीक पाइनु समसामयिक अन्तर अवान्तर हुन् भन्नुपर्ने हुन्छ ।

पाठक तथा गवेषकका मनमा भ्रम पैदा गराउने मूल कारकहरू देखा पर्न आउँछन् महाभारतका व्याख्याता बाबु व्यास देखिन आउँछन् भने श्रोतामा चाहिं श्रीमद्भागवत श्रवणद्वारा मोक्ष प्राप्त राजा परीक्षित्का पुत्र राजा जनमेजय । जनमेजयद्वारा आयोजित सर्पयात्रका प्रसंगबाट महाभारतको उपक्रम शुरू गरिन्छ र प्रारम्भमा नै राजा जनमेजयका अदक्ष शासनको आलोचना गरिएको छ । उता श्रीमद्भागवतका व्याख्यातामा व्यासपुत्र शुकदेव र श्रोतामा राजा परीक्षित् छन् । पाण्डवका महाभिनिष्क्रमणपछि गद्दीनसीन राजा परीक्षित् दिग्विजयमा निस्किन्छन् र शमीक ऋषिका श्रापद्वारा त्रसित राजा परीक्षित् मोक्ष प्राप्तिका उपायमा लाग्दछन् । अन्ततोगत्वा परीक्षित् मोक्षमा प्राप्त भएपछि श्रीमद्भागवतको उपक्रम समाप्त हुन्छ ।

मानववंशका वर्णनमा पनि महाभारतमा सूर्यवंशी र चन्द्रवंशी राजा महाराजा र तिनीहरूका वंशवर्णनको उपक्रम घनीभूत छ परन्तु श्रीमद्भागवतमा मूलतः तीन प्रकारका मानवसृष्टिक्रमको परिवेश छ । जसमा पहिलो क्रम मनुवंशका प्रसंगमा दोस्रो क्रम काश्यपी सन्तानका प्रसंगमा र तेस्तो क्रम सूर्यवंश र चन्द्रवंशका वर्णनना व्यापक बनेको छ । यसबाट कुनचाहिं रचनाको ज्येष्ठताक्रम कसो हो भनेर निराकरण गर्न सकस पर्दछ । भौगोलिक वर्णनमा भने दुवैको प्रस्तुतीकरण प्रायः मिल्दछ । पात्रहरू उनैउनै छन् । यसका साथै दुवैका आख्यानकर्ता सूतपौराणिक र संयोजकमा भार्गवगणका शौनकादि याजकहरू समेत उनै छन् । कथावस्तुको क्रमबद्धता, कथोपकथनका प्रासंगिकता, विश्वसनीयता तथा सम्भाव्यता इत्यादि एकरूपताका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टिले समेत महाभारत र श्रीमद्भागवत एक अर्काका निकट अनुभव गरिन्छन् । श्रीमद्भागवत पुराण सरल सुबोध तथा बहुधा ऐतिहासिक विषयवस्तुका संयोजक उपयुक्तताका दृष्टिले मानवजीवनका नजीक हुन आएको र सामाजिक संरचना; आस्था र विश्वासका दृष्टिले समेत वर्तमान समाजसँग तादात्म्य सम्बन्ध राख्न सफल देखिन्छ । प्रस्तुतीकरणमा सहजता, श्रृंगारिकता एवं शान्त रसप्रधान साथै सुपुष्ठ साहित्यको अपेक्षावदाकार हुने भम्भावनाले श्रीमद्भागवतका कथोपकथनका परिशीलनद्वारा पुराणकालीन समाज वा महाभारतकालीन समाजका सम्बन्धमा आशानुकूल प्रकाश पर्ने अपेक्षा गरिएको हो ।

२. १. पौराणिक समाजः

पुराणमा वर्णित समाजका प्रकृतिहरू सवर्ण र असवर्ण दुवै छन् । समाजको सवर्ण प्रकृति मूलरूपमा भए तापनि असवर्ण समाजको उपेक्षा गरिएको छैन । समसामयिक वातावरण र परिवेशअनुकूल उन्नायक चरित्रमा सवर्ण समाजको प्रतिनिधित्व अपेक्षाकृत वढी देखिन आउँछ र अधिकांश नरशार्दूलहरू सवर्ण समाजका पर्दछन् । मूलतः सवर्ण व्यवस्थाका चरित्रलाई उठाउन त्यसो भएको भए तापनि समाजका नीतिनिर्धारिक तथा देवास्थाका प्रतीकमा ब्रह्मा, विष्णु, महेश्वर तथा विश्वकर्मा एवं मूलनायिकामा जगदम्बालाई उभ्याइएको छ र महेश्वरलाई जातीय संकीर्णताजन्य परिवेशमा पारिएको छैन । कथोपकथनमा अनेक असवर्ण राजाहरूका, गणहरूका उल्लेखद्वारा पनि सामाजिक प्रकृतिमा समान आचरण गरिएको छैन भन्नुपर्ने कारण देखिन आउँदैन । प्रमाणका रूपमा दैत्यराजे प्रह्लाद, किरातराज जितेदस्ती, भगदत्त र वर्बरिकहरू दानवीर, धर्मवीर, रणवीर तथा न्यायविदका रूपमा उपस्थित गराइएका कथाप्रसंगहरू पर्याप्त समन्वित छन् । यसका अतिरिक्त सवर्णप्रधानमा देवता-आदित्य र असवर्णप्रधानमा राक्षस दैत्य आदिद्वारा सृष्टि सनातनका समग्र परिवेशको नेतृत्व वहन गरिएतर्फ पनि मननीय हुन आउँछ । अतएव सप्तर्षि सिद्धान्तमा प्रादुर्भूत मानवसमाजका गोत्रात्मक समष्टिसम्मका मानवप्रकृतिहरू वर्तमान सनवसमाजमा व्याप्त रहेकाले पुराणकालीन समाजमा सवर्णसमाज तथा असवर्णसमाज दुवैको समान प्रतिनिधित्व थियो भन्ने कुरामा सन्देह रहँदैन ।

२. २. आस्था तथा विश्वासका दृष्टिमा पुराणः

समीक्षित विषयवस्तुमा केन्द्रित रहँदा पुराणको आस्था के हो ? र विश्वसनीयताका दृष्टिले पुराणका प्रस्तुतीकरणमाथि कुन सीमासम्म विश्वास गर्न आवश्यक छ ? भन्ने मूलभूत प्रश्नका उत्तरको अपेक्षा रहन्छ । पूर्वविवेचना अनुसार पनि महाभारतकालीन समाज, पुराण कालीनसमाज तथा वर्तमानकालीन समाजका बीचमा निकै ठूलो अन्तर पाइनु अस्वाभाविक होइन तदनुरूप महाभारतकालीन समाज तथा पुराणकालीन समाजमा संरचनात्मक भिन्नताको दूरी असीम रहनु आश्चर्य होइन । अतएव महाभारतकालका मानवसमाजका आस्था र विश्वाससँग पुराणकालका समाजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आस्था र विश्वास कुन सीमासम्म समान हुन सक्छ तत्सम्बन्धमा परिशीलन गर्नु कर्तव्य भएको छ ।

महाभारत र पुराणको ईश्वरीय आस्थाको चरमविन्दू अवतारवाद हो । यसमा पुरुषसत्ता र नारीसत्ताका उन्नायकहरू पृथक् देखिन्छन् । सामान्य हिसाबले अवलोकन गर्दा नारी नेतृत्वको पुरुषप्रधान समाजले उपेक्षा गरेको देखिन आउँछ । तापनि पुरुषहरूका पुरुषार्थका चरमोत्कर्षमा सहायक हुन नारी नेतृत्व नै सदा अग्रसर पाइन्छन् । जस्तोः– महाभारतमा नायक युधिष्ठिरले वनवास गुप्तवास जस्ता पाउनसम्मका हरण पाइसकेपछि अन्तिम त्राणकारकका रूपमा जगदम्बा भगवतीको आराधना गर्न पुग्दछन् ।

श्रीमद्भागवतमा प्रथम प्रसंग छ– कृष्णागण्डकीका पश्चिम तटस्थित पुलहाश्रमबाट जडभरतलाई नरवली दिने उद्देश्यले शूद्रराजद्वारा अपहरण गरियो । कालिकाका मन्दिरमा पुऱ्याएर नरवलीको उपचार गर्न लाग्दा अकस्मात् कालिका प्रकट भइन् र जडभरतको रक्षा गरिन् ।[१२] यसरी नरवलीका सम्बन्धमा प्रथम प्रसंग जडभरतसँग जोडिएको कथाप्रसंग आउँछ । दोस्रो प्रसंग छ राजा हरिश्चन्द्रका नरमेध यज्ञमा बली दिननिम्ति उपस्थित गराइएका भार्गवकुमार शुनःशेपःका उद्धारमा अग्रसर विश्वामित्रले उनलाई जगदम्बाको आराधना गर्न लगाएका छन् र तेस्रो प्रसंग कृष्णजन्मसँग सम्बन्धित योगमायाको उत्पत्ति छ । सारांशमा विष्णुपरायणमा शिवपरायण मानिएका पुराणमा पनि नारी नेतृत्वका प्रशस्त प्रमाणहरू उपलब्ध हुन आउँछन् । मार्कण्डेयपुराण त शक्तिप्रधान भएकोले प्रायशः नारीनेतृत्वका कथाहरू पढिन्छन् ।

यसद्वारा स्पष्ट हुन खोजिएको आशय हो प्रायः पुराणहरू ईश्वरास्तित्त्वमा अनुप्राणित छन् र कतै विष्णु कतै शिव अनि कतै शक्ति उपासना र साधनासँग सम्बन्धित हुन आउँछन् । श्रीमद्भागवतमा गोवर्द्धनपर्वतको प्रसंग कृषि र पशुपालन व्यवसायसँग सम्बन्धित रहेको र नन्दद्वारा आयोजित इन्द्रयागको प्रसंगले आस्थापरायण मानवसमाज पद-पदमा आस्था र विश्वासका सामीप्यलाभको पक्षपाती छ भन्ने प्रमाणित गर्दछ । त्यसरी नै मानवसमाज ईश्वरप्रति आस्थान्वित, सद्धर्मप्रति तन्मय; सृष्टि सनातनप्रति सदा द्रवित रहेका आभासहरू पाइन्छन् र वर्तमान मानवसमाज बीच पुराणकालीन आस्था र विश्वासका छापहरू प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै रूपमा जीवन्त छन् ।

पुराणका उक्तिहरू कति प्रामाणिक छन् र कुन हदसम्म विश्वसनीय छन् भन्ने सम्बन्धमा कतिपय कुरा त पहिलेका चर्चामा परिसकेकाले पुनउल्लेखको आवश्यकता रहेन तथापि प्रायजसो

---

१२. भृशममर्षरोषावेशरभस विलसित भ्रुकुटी[१] विटपकुटिल द्रष्टारूणेक्षणाटोपातिभयानकवदना हन्तुकामेवेदं महाट्टहासमतिसंरम्भेण विमुञ्चती तत उत्पत्य पाणीयसां दुष्टानां तेनैवासिना विहवण शीर्ष्णां गलात्स्रवन्तमसृगासवमत्युष्णं सह गणेन निपीयातिपानमदविह्वलोच्चैस्तरां स्वपार्षदैः सह जगौ ननर्त च विजहार च शिरः कन्दुकलीलया ।।१८।। पञ्चमस्कन्ध अ. ९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भौगोलिक नामहरू भुवनकोश वर्णनअनुकूल अद्यावधि सामान्य अन्तर अवान्तरमा मिल्दैरहेकाले पुराणहरू आस्था र विश्वासका शिलाधर हुन् भन्न सकिन्छ ।

पुराणप्रति आस्था र विश्वास हुनु नै महाभारतप्रतिको आस्था र विश्वास हो । अतएव पुराणप्रतिको आस्था र महाभारतप्रतिका आस्थामा खास अन्तर अवान्तर छैन भन्ने भएपछि पूर्वोक्त पुराणभित्रका धारणात्मक भिन्नता पनि जान्नुपर्नेमा पर्दछन् । ईश्वरका अस्तित्वमा अनन्य रहे तापनि पुराणहरू सम्प्रदायगत, कल्पगत तथा इष्टप्रधानताका दृष्टिले प्रसस्त भिन्नताहरू विद्यमान रहेका हुन सक्छन् । यद्यपि पौराणिक विशेषता मानौं केही अपवादलाई त्यागेर समग्रमा हेर्दा एकेश्वरवाद मुखर भएर पनि अरू प्रधानताप्रति घृणा फैलाउने र विद्वेष पैदा गर्ने जस्ता दुर्गुणहरूले पुराणमा प्रश्रय पाएको देखिन आउँदैन । ईश्वरका समान अनुयायी देवगण र दानवगणका बीच नेतृत्व तथा शक्तिदीर्घाको होडबाजीका क्रममा परस्पर होच्याउने र ह्रासाह्रास गर्ने स्वभावजन्य कारण रहे तापनि ब्रह्मा, विष्णु, महेश्वर तथा शक्तिमा आफ्ना आस्था र विश्वासहरू, कालक्रमिक नेतृत्व वहन गरिएकामा आलोचनाको औचित्य देखिँदैन । पुनश्च पुराणहरू अवतारवादका प्रकीर्ण भएका र 'नमो गोभ्य वत्सतरेभ्य' सम्म शालीनता र विनयशील रहेकाले 'नमो त्रयोत्रिंसत्कोटिद्वेभ्यः पनि भनेको पाइन्छ । अर्थात् तेत्तीसकोटि देवताको अस्तित्व स्वीकार गर्ने पुराणहरू सबैका सबै एकेश्वरवादी थिए भन्न पनि मिल्दैन ।

विश्वसका कसौटीमा ढालेर तीरक्षीर विवेचना गर्दा पनि महाभारत र श्रीमद्भागवत पुराण आद्योपान्त पुनर्जन्मवादमा विश्वास राख्ने शब्दार्णव हुन भन्दा अतिशयोक्ति हुँदैन । यी दुई शब्दार्णवहरू आपसमा एक अर्काका पूरक तथा पक्षपोषकजस्ता लाग्दछन् । यी दुवै शैली वर्णनात्मक रहेर पनि प्रौढता तथा परिपक्वता स्निग्ध र मनोहारी रहेको छ । विषयवस्तुको प्रतिपादन, पात्रपात्रा वीच पाइने चारित्रिक समानता, व्यावहारिक सामञ्जस्य, सामाजिक संरचनागत प्रवृत्तिहरू तदाकार दृष्टिगोचर हुन आउँछन् । अतएव यिनै समानताका आधारमा आदिमध्यावसानेषु समाज-संस्कृतिको परिशीलन गर्ने उपक्रममा पुराणकालको गाढा छाप रहेको अनुभव गर्न सकिन्छ ।

३. समाज संस्कृति परिशीलनमा पुराणको भूमिकाः

३. १. पुराण लक्षणः

श्रीमद्भागवत पुराणअनुसार पुराण ग्रन्थलाई पाँचौं वेद भनिएको छ ।[१३] ऋग्वेद, यजुर्वेद, सामवेद तथा अथर्ववेदको रचना गरेपछि तिनै वेदहरूका सार खिचेर इतिहासतर्फ महाभारत र साहित्यतर्फ पुराणको रचमा गरियो । विश्वस्तताका उपक्रममा अर्का प्रसंगमा

---

१३. ऋग्यजुः समाथर्वाख्या वेदाश्चत्वार उद्धृताः । इतिहास पुराणं च पञ्चमो वेद ईच्चते ।। प्रथमस्कन्ध अ. ४ श्लोक २० (गो. पु. सं. २०४३) पृष्ठ ६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमद्भागवतलाई चाहिं वेदको प्रतिनिधि भनिएको छ ।[६] महाभारतले पनि आफूलाई 'जयनामेतिहासोयम्' भनेर घोषणा गरेको छ ।[१४] यस आधारबाट महाभारत र श्रीमद्भागवत थोरै कालावधिका फरकमा रचिएका रचना हुन् भन्न मिल्दछ । कतिपय शास्त्रहरूमा पुराणको प्राचीनता वेदका प्राचीनतासँग दाँजिएको छ ।[१५] कतै कतै पुराणलाई वेद, वेदलाई पुराण पनि भनेको पाइन्छ ।[१६]

विषयवस्तुमा केन्द्रित रहनका लागि श्रीमद्भागवत् पुराणलाई अपनाइएकाले यहाँनेर यही नै किन रुचिअनुकूल हुन आयो भन्ने जिज्ञासा गर्न सकिन्छ सतर्थ न्यूनातिरिक्त प्रकाश पार्नु लाभदायक हुनेछ– श्रीमद्भागवत चरित्रप्रधान पुराण हो । मानवकल्याण खातिर पृथ्वीमा अवतरित भगवान् श्रीकृष्णका पावनलीलारसमा प्रवाहित लोकन्यायका पक्षमा विकसित भक्तिरसद्वारा ओतप्रोत उत्सर्गलीलामय काव्य हो । भागवत काव्यका कोमल विलासमय ललित पदावलीहरू सर्वजयी छन् । विषयवस्तु धाराप्रवाह बहेको छ । आदिदेखि अन्तसम्म सम्वादात्मक शैलीमा सहज गाम्भीर्य बन्दै संगीतमय मधुर सुसेलीहरू गुञ्जिएका छन् । जसले आफूलाई वैष्णवजनका मूल सम्पत्तिका रूपमा वरण गरेको छ जसका पदलालित्य तथा रसनिर्भरताका भाव प्रणवको वर्ननातीत प्रवाह छ जसका उत्स सामाजिक स्वरूप अद्यावधि जीवन्त अनुभव गरिन्छन् बश, यसभन्दा बढी के आवश्यकता पर्ला ?

पुराणभित्र के कस्ता विषयवस्तुहरू समन्वित छन् तथा पौराणिक संस्तुवन र संयोजनको अन्तस्करण के हो ? प्रत्या भूति के हो ? जस्ता प्रश्नहरू अनुत्तरित रहेका छैनन् न त शङ्का समाधान गर्न साथै क्रमबद्ध अध्ययनको क्रमिकता के हो भन्ने जान्न सजिलाका लागि पुराणले आफूलाई कदाचित् अस्पष्ट राखेको देखिँदैन । लगभग प्रारम्भिक चरणमा नै आपना क्रमबद्धताको उद्घाटन यसरी गरिदिएको छ–[१७] पुराणमा सर्ग, प्रतिसर्ग, स्थान, पोषण, अति, मन्वन्तर, ईशानुचरित, निरोध, मुक्ति र आश्रय आदि लीलामय विषयवस्तुहरू लक्षणका रूपमा प्रपतिपादित छन् । यिनै दश लक्षणमा लक्ष्यित भगवल्लीलाहरू पुराणका आधारशिला हुन् । यी आधारशिला-

---

६. पूर्ववत् ।

१४. महाभारत आदिपर्व–

नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ।।

१५. ऋचः सामानि छन्दांसि पुराणं यजुषा सह । अथर्ववेद संहिता ७१।७।२४

१६. पुराणं वेदः शतपथ ब्राह्मण १३।४।३।१३

१७. अत्र सर्गो विसर्गश्च स्थानं पोषणमूतयः । मन्वन्तरेशानुकथा निरोधो मुक्तिराश्रयः । श्रीमद्भागवत द्वितीय स्कन्ध अ. १० श्लोक १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्र पनि प्रवृत्तिमार्ग र निवृत्तिमार्ग गरी दुई भेद छन् ।[१८] व्यवसायमूलक प्रेय चरित्रहरू तथा भक्तिमार्ग प्रधान श्रेय चरित्रहरू यस वर्गीकरणका आधार हुन् । **स्वभावतः सर्गलीला,** प्रतिसर्गलीला, पोषणलीला, मन्वन्तरलीला, ईशानुचरित अर्थात् अवतारलीला तथा निरोधलीलाहरू प्रवृत्ति मार्गमा र बाँकी लीलाहरू निवृत्ति मार्गसँग सम्बद्ध देखिन्छन् । यसरी लीलागत स्वभावका आधारमा याथार्थिक, पारमार्थिक, कल्पनातीत, मान्यतागत तथा अतिरञ्जनात्मक प्रस्तुतीकरणको छायाङ्कन गर्न सुगम हुन सक्छ । यसनिम्ति लीलागत चरित्रहरूका सम्बन्धमा संक्षिप्त प्रकाश पार्नु लाभदायक हुनेछ ।

३. २. लीलागत लक्षणको तात्पर्य:

कथोपकथनका मर्म– भेद खोतल्नाको तात्पर्य हो लीलागत लक्षणको महत्त्व बोध गराउनु । वस्तुवस्तु संस्कृत वाङमयका सर्वाङ्गीण प्रतिनिधि ग्रन्थमा वाङमयका बहुविध विषय समाभेश हुनु स्वाभाविक हुन जान्छ । त्यस्ता अवस्थामा कुन विषयको अध्ययन कसरी गर्ने भन्ने प्रश्न तीव्र रहन्छ । यस अर्थमा लीलागत लक्षणको तात्पर्य बोध गर्न सकिन्छ ।

सर्गलीला: जगन्नियन्ता परमात्माका लीलीनुग्रहद्वारा पञ्चमहाभूत अर्थात् पृथ्वी, जल, अग्नि, वायु र आकाशको उत्पत्ति अनि त्यस्ता महत्तत्त्वमा अंगी भूत शब्द, रस, स्पर्श, गन्ध, रूप आदि तन्मात्राको वर्णन; इन्द्रिय, मन, बुद्धि, अहङ्कार एवं महत्तत्त्व आदिका उत्पत्ति प्रसंगहरू सर्गलीलामा पर्दछन् ।[१९] यसमा काल्पनिकताको प्रश्रय रहँदैन ।

विसर्गलीला: परमात्मा विराटपुरुषका इच्छानुग्रहद्वारा उत्पन्न कमलोद्भव ब्रह्माद्वारा सृष्टि गरिएका चराचर ब्रह्माम्ड, जड चेतन स्थावरादिका वर्णन प्रसंगलाई प्रतिसर्गलीलामा लिइएको छ । यसमा पनि 'अणोरणियान्महतोमहियान जस्ता सूक्तिपरकतामा आधारित सांख्यिकीय विषयवस्तुको प्रस्तुतीकरण हुँदा काल्पनिकताको प्रश्रय रहने कुरा आएन ।

---

१८. निवृत्ति मार्ग: कथित आदौ भगवता यथा । क्रमयोगोपलब्धेन ब्रह्मणा पदसंसृतिः । प्रवृत्ति लक्षणश्चैव त्रैगुण्यविषयो मुने । यो ऽ सावलीन प्रकृतेर्गुणसर्गः पुनः पुनः ।।५।।१।।२।। षष्ठ स्कन्ध अ. १

१९. महाभूतानि पंचैव भूरापोग्निर्मरून्नभः । तन्मात्राणि चतावन्ति गन्धारीनि मतानिमे ।१।२।३
स्थिति वैकुण्ठ विजयः पोषणं तद्नुग्रहः मन्वन्तराणि सद्धर्म ऊतयः कर्मवासना: ।४
अवतारानुचरित्तं हरेश्चास्यानुवर्तिनाम् । सतामीशकथाः प्रोक्ता नानाख्यानोपवृंहिता:।५
निरोधो ऽ स्यानुशयनमात्मनः सहशक्तिभिः मूर्तिहित्वान्यथारूपं स्वरूपेण व्यवस्थितिः ।६
आभासश्च निरोधश्च मतश्चाध्यवसीयते । स आश्रयः परंब्रह्म परमात्मेति शब्द्येतिः ।७
यो ऽ ध्यात्मिकोयं पुरुषः सो ऽ सावेवाधिदैविकः । यस्तत्रोभयाविच्छेदः पुरुषो ध्याधि भौतिकः ।८
एकमेकतराभावे यदा नोपलभामहे । त्रितयं यो वेव स आत्मा स्वायाश्रयः ।९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थानलीलाः पदपद विनाशोन्मुख जाने पतञ्छील सृष्टिक्रमलाई एक निश्चित मर्यादापूर्ण सीमामा स्थिर राखेर संसृतिलाई गति दिन समर्थ परमात्मा भगवद्धाम विष्णुका वैकुण्ठादि स्थितिको निश्चित हुन्छ । सुख र ऐश्वर्यका दृष्टिले जसको तुलना हुन सक्दैन । वास्तविकता त्यसो भए तापनि भक्तवत्सल परमात्माद्वारा सम्पूर्ण चराचरको स्थान निश्चित गरिन्छ । यस आधारमा स्थानलीला भनिएको हो । भगवद्धर्नकुशलवर्ती वर्णन हुनाले यसमा अतिरञ्जकताको पुर रहे पनि क्षम्य हुन सक्छ ।

पोषणलीलाः स्थानलीलानुराग प्रसंगपछि पोषणलीलाको महिमा रहन्छ । कारण सर्जित सृष्टिक्रमलाई चालु राख्दै यस अनन्त जडचेतनको भरणपोषण पनि गर्नै परेकोछ । परमात्माका यथोपयुक्त अनुग्रहका अभावमा भरणपोषणको दायित्व साकार हुन सक्दैन र संसृतिमा गतिरोध आउन सक्छ ।

मन्वन्तरलीलाः प्रत्येक मनुको प्रादुर्भाव, मन्वन्तरको सञ्चालन, मन्वन्तरका अधिपतिहरूको उन्नयन र नीति निरूपण, धर्मानुदेशन परा तथा मनोनयन सम्बन्धी उहाँपोहलाई मन्वन्तरलीला नामकरण गरिएको छ । पराक्रम सम्बन्धी प्रशंसा संस्तुति आदिमा कियदंश अतिरंजकता आउन सक्छ ।

ईशानुचरित वा अवतारलीलाः अवतारवाद पुराणको स्पन्दन हो । प्रायः पुराणहरू अवतारवादका प्रसंगदेखि विमुक्त छैनन् जसमा भगवद्धामका विविध अवतारहरूका रोचक प्रसंगहरू पर्दछन् । अवतारपुरुषका चरित्रचित्रण, अवतारको औचित्य; विभिन्न मानववंशका उत्पत्ति प्रसंग र सृष्टिक्रममा उपलब्ध योगदान इत्यादि प्रसंगलाई ईशानुचरित वा अवतारलीला नामकरण गरिएको छ । अवतारलीलामा अतिरञ्जकता र यथार्थिकताका अतिरिक्त प्रतीकात्मकताको बाहुल्य पाइन्छ ।

ऊतिलीलाः परमात्मा पनि यदाकदा मायाका बशमा पर्दछ । मायाबशवर्ती बनी योगनिंद्रामा प्राप्त भएपछि अनेक वासनाबद्ध तथा मुक्तबद्ध आचरणका भेदहरू खुल्दछन् । कारण जीवहरू स्वभावतः वासना र कर्मका माध्यमद्वारा भवबन्धनमा बाँधिएका हुन्छन् । यसकारणले परमात्मा सदा प्राणीमाथि असीम अनुग्रह गर्दछ भन्ने दर्शाउनु ऊतिलीला हो । उतिलीलामा चारित्रिक आरोह र अवरोहसँगै जीवन यथार्थ चित्रणमा अनुरक्त रहन्छ ।

निरोधलीलाः चराचर ब्रह्माण्डको उत्पत्ति परिकल्पना वा उत्थानका प्रसंगलाई सृष्टि संरचना नामकरण गरिएजस्तै यस चराचरको निरन्तर अभिवृद्धि प्रलयका नजीक पुगेर थामि नसक्नु हुन जान्छ । त्यसो भएका खण्डमा परमात्माद्वारा प्रलय महा प्रलय जस्ता विनाश लीलाहरू एकीभ्दत गराएर आफू पनि मायामोहवश भई योगनिद्रामा शयनस्थ रहन्छ । त्यसपछि यी सारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खगोचरहरू अगोचरका लीलालीन बन्दछन् । यस उपक्रमलाई निरोधलीला नामकरण भएको छ । स्वभावत: प्रतीकाश्रय हुनाले यसमा अतिरञ्जकताको लेश रहँदैन ।

मुक्तिलीला: अज्ञानकल्पित अहंता वा जडान्धताका कारणद्वारा भ्रमित बनी म कर्ता हुँ म भोक्ता हुँ जस्ता अनात्मभावहरू जीवात्माभित्र पैदा हुन्छन् । त्यस्ता अनात्मभावको पूर्णरूपेण परित्याग नगरेसम्म जीवात्माका मूक्तिको अपेक्षा कल्पनातीत हुन जान्छ । त्यस अवस्थामा जीवात्मामा चेतनाको विकास गरेर वास्तविक स्थिति परमात्मा स्वयं आफूमा लीन गराउँछ ।

आश्रयलीला: यस विश्व ब्रह्माण्डको उत्पत्ति र प्रलय जुन अदृष्य शक्तिद्वारा उद्भासित र प्रकाशित हुन्छ जसलाई मोक्षशास्त्रले 'परमात्मा' संज्ञा दिएको छ जसलाई समस्त मुमुक्षुहरू 'मोक्षधाम' मान्दछन् त्यस प्रसंगलाई आश्रयलीला भनिएको छ ।

अन्ततोगत्वा जो नेत्रादि इन्द्रियको अभिमानी द्रष्टा जीव हो तिनै इन्द्रियादिका अधिष्ठाता सूर्य चन्द्र आदिका रूपमा ऊर्जञ्चेता रहेका छन् । तिनै नेत्रादि विभिन्न अवयवद्वारायुक्त देहादि आकार छन् यिनीहरू नै आधिदैविक र आधिभौतिक भेदमा दृष्टि गोचर हुन्छन् । यद्यपि आध्यात्मिक पुरुषका अनुग्रह वेगर आधिदैविक र आधिभौतिक उपलब्धिको अपेक्षा असम्भव प्रतीत हुन जान्छ । अत: जसमा यी तीनै तत्वको सत्ता र ज्ञानशक्ति निहित छ जसलाई नै शास्त्रले 'परमात्मा' अनुमोदन गरेको हो । र त्यही परमात्मा दृश्य जगत एवं अदृश्य जगतका आश्रय तत्व हो जसलाई असीम परा शक्तिले व्याप्त पार्न सकेको छैन ।

४. निष्कर्ष:

पुराणमा विषयवस्तुको वर्गीकरण गर्दा पूर्वोक्त हिसाबले वर्गीकरण गरेको देखिन्छ । सम्भवत: यसको तात्पर्य श्रीमद्भागवत बाहेक अरू पुराणमा न्यूनातिरिक्त लक्षणहरू समन्वित रहेका हुन सक्छन् जस्तो:– शिवपुराण, गुरुपुराण, सत्स्य पुराण तथा मार्कण्डेयपुराणहरूलाई मन्वतरलीलाका अपवादका रूपमा स्वीकार गर्न सकिन्छ साथै रागात्मकतादेखि पनि सर्वथा मुक्त मान्न सकिन्छ ।

अन्ततोगत्वा यसरी नुक्तायुक्त वर्गीकरण गरेको देखिनाले संसय निवारणार्थ यथाप्रसंग बोधगम्य गरेरमात्र पुराणभित्र यथार्थ जगतका वास्तविक आलोकहरूको अपेक्षा गर्नु लाभदायक हुने देखिन्छ । प्रसंगबश वर्णनात्मक अविधामूलक कथाप्रसंग र प्रतीकात्मक लाक्षणिक कथाप्रसंगको मूल्यबोध गर्न सकिएन भने स्वत: भ्रम पैदा हुने कुरामा सन्देह छैन । अध्ययन मननमा कार्य तथा कारणहरूको राम्ररी निर्केवल हुन नसक्नाकै कारणले पौरस्त्य वाङमयको पारावर विपुल भण्डार पौराणिक साहित्य वर्तमान मानव जगतका सरस जिज्ञासु मानसिकताभित्र भिज्न नसकेको हुन सक्छ । अस्तु ।

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्ष वाङ्मय

– तुलसी प्रसाद चौंलागाईं

आर्ष वाङ्मयको परिचय दिन खोज्नु त्यति सजिलो छैन । यो एक दुस्साहस मात्र हो भनेमा अत्युक्ति नहोला । तर पनि हामी नेपाली हिन्दू जातिले हाम्रा अति प्राचीन कालदेखि हालसम्म पनि रहेको सभ्यता र संस्कृतिका मूल मानिएका हाम्रा धर्मग्रन्थहरू सत्मार्ग निर्दिष्ट अति पवित्र ऋषिमुनिहरूको जानकारी हुनु हाम्रो पहिलो कर्तव्य हुन आउँछ । यसै परिप्रेक्ष्यमा यहाँ सामान्यतया हाम्रा धर्मग्रन्थहरूको परिचय दिइन्छ ।

(१) वेद– हामी हिन्दू जातिको भनौं या त संसारभरिकै पहिलो साहित्य वेद नै हो । यसमा कसैको दुई मत छैन । वेदको उत्पत्तिबारेमा कहिले ? कहाँ ? र कसले गरे भन्ने कुराहरूको आजसम्म पनि यसको टुङ्गो छैन । यो विवादकै विषय बनिरहेकै छ । वेदव्यास, महाभाष्यकार पतञ्जलि र वेदान्त दर्शनका प्रथम भाष्यकार शङ्कराचार्य समेतले पनि वेदलाई अपौरुषेय हो भन्नुभएको छ । अपौरुषेयको अर्थ हो कुनै पुरुष या व्यक्ति विशेषबाट नबनेको । सृष्टिको शुरूमा स्वयम् भगवान्‌बाट ब्रह्माजीमा र ब्रह्माबाट वशिष्ठ इत्यादि ऋषिमुनि हुँदै श्रुति परम्परा (गुरुले चेलालाई सुनाउने, सुनेर कण्ठ गर्ने परम्पराबाट) चल्दै आएको हुँदा वेदलाई 'श्रुति' पनि भनिन्छ । वेद शाश्वत छ नित्य, सत्य र भ्रम रहित छ । असीम ज्ञानको भण्डार, अनन्त शास्त्र, कला, उन्नति, ज्ञान, विज्ञान इत्यादि सम्पूर्ण कुराको खानी वा भण्डार मानिएको छ । हाम्रो अति उच्च तथा पवित्र विचारबाट तथा परम शुद्ध अन्तःकरणको वृत्ति विशेष वा विवेकबाट मात्र बोधगम्य छ । नत्र अशुद्ध विचार तथा भौतिक दृष्टिबाट वेद अगम्य मानिएको छ । साधारण मानिसबाट वेदको सत्यार्थ वा तात्त्विकार्थ उद्‌घाटन हुन सम्भव छैन, अति अगम्य छ । यसरी वेदको महिमा अपरम्पार छ ।

वेद चार प्रकारका छन् । १. ऋक्, २. यजुः, ३. साम ४. अथर्व यसमा यजुर्वेद दुई प्रकारका छन्– १. शुक्ल यजुर्वेद र २. कृष्ण यजुर्वेद ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) उपवेद– उपवेद पनि चार प्रकारकै मानिएको छ। १. आयुर्वेद, २. धनुर्वेद, ३. गान्दर्व वेद ४. स्थापत्य वेद। ऋग्वेदको आयुर्वेद, यजुर्वेदको धनुर्वेद, सामवेदको गान्दर्व वेद र अथर्ववेदको स्थापत्य वेद। यसरी चार उपवेदहरू मानिएको छ।

(३) ब्राह्मणग्रन्थ– प्रत्येक वेदका एक-एक ब्राह्मणग्रन्थ भनिएको छ। १. ऋग्वेदको ऐतरेय ब्राह्मण, २. यजुर्वेदको शतपथ ब्राह्मण, ३. सामवेदको साम ब्राह्मण र ४. अथर्ववेदको गोपथ वेद। यसरी वेदका ब्राह्मण ग्रन्थहरूमा कर्मकाण्डको प्रचूर मात्रामा विवेचना गरिएको छ। असल कर्मबाट नै संसिद्धि प्राप्त हुने हुनाले यो ज्यादै महत्त्वपूर्ण विषय मानिएको छ।

(४) उपनिषद्– उपनिषद् वेदको ज्ञानकाण्ड मानिएको छ। कर्मयोगबाट चित्तशूद्ध भएपछि उपनिषद्को शब्द, अर्थ र स्वरूप जान्नमा अधिकारी हुन्छ। धर्म, अर्थ, काम र मोक्ष यी चतुर्विध पुरुषार्थमा मानिसको अन्तिम भनौं या मानव जीवनको सारतत्त्व मोक्ष प्राप्त गर्नुमा नै छ। मोक्ष ज्ञानबाट मात्र सम्भव छ न कि कर्म। त्यसैले उपनिषद्लाई नै श्रवण मनन निधिध्यास गर्नु मानिसको परम कर्तव्य मानिएको छ। उपनिषद्हरूमा जम्मा १००० एक हजार भन्दा पनि बढी थिए भन्ने अनुमान लगाएका छन्। तर काल क्रमले गर्दा अहिलेसम्म प्राप्त उपनिषद्हरू जम्मा १०८ छन्। यी १०८ उपनिषद्हरूमा प्रमुख ११ वटा उपनिषद् मानिएको छ। १. ईशापास्य, २. केन, ३. कठ, ४. प्रश्न, ५. मुण्डक, ६. माण्डुक्य, ७. तैत्तिरीय, ८. ऐतरेय, ९. छान्दोग्य, १०. बृहदारण्यक ११. श्वेताश्वोत्तर हुन्। यी उपनिषद्हरू वेदको अन्तिम काण्ड वा आखिरी भाग मानिएको छ।

(५) वेदाङ्ग– वेदका प्रमुख अङ्ग ६ भागमा बाँडिएका छन्। १ शिक्षाशास्त्र, २. कल्पशास्त्र, ३. निरूक्तशास्त्र, ४. छन्दशास्त्र, ५. ज्योतिषशास्त्र र ६. व्याकरणशास्त्र, यसरी वेदका ६ अङ्ग छन्। छन्दशास्त्र खुट्टा, कल्पशास्त्र हात, निरूक्तशास्त्र कान, शिक्षाशास्त्र नाक, ज्योतिषशास्त्र आँखा र व्याकरणशास्त्र मुख गरीकन वेदका अङ्गहरूको रूपमा विभाजन गरिएको छ।

(६) वेदोपाङ्ग वा षड्दर्शन– षड्दर्शनलाई वेदको उपाङ्गका रूपमा लिइएको छ। षड्दर्शनमा १. न्याय, २. वेशेषिक, ३. मीमांस, ४. सांख्य, ५. योग ६. वेदान्त। यी दर्शनका प्रणेता ऋषिहरू पनि निम्न प्रकारले मानिएको छ। न्यायदर्शन महर्षि गोतम, वैशेषिक महर्षि कणाद, मीमांस वा पूर्वी मीमांसा महर्षि जैमिनी, सांख्य दर्शन महर्षि कपिल, योग दर्शन महर्षि पतञ्जलि, उत्तर मीमांस वा वेदान्त दर्शन महर्षि वेदव्याद मानिएको छ।

(७) पुराण– पुराणहरू जम्मा (७२ बहत्तर) वटा छन् भन्ने विश्वास गरिएको छ। ७२ पुराणहरूको क्रम यस प्रकारको छ– महापुराण १८, पुराण १८, उप पुराण १८ र सहायक पुराण १८ गरी जम्मा ७२ पुराण छन् भन्ने प्रमाण छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी पुराणहरू लक्षण अनुसार विभाजित गरिएको हो। यी पूराणहरू महर्षि वेदव्यासले नै रचना गरेका हुन् भन्ने मानिएको छ।

(८) महाभारत– संसारकै एक ठूलो महाकाव्य भनिएको छ। यसमा १८ पर्व छन्। १८ पर्वभित्र पनि विभिन्न उप पर्वको बयान गरिएको छ। महाभारतमा जम्मा १००००० (एक लाख) श्लोक संख्या मानिएको छ। त्यसैले यसलाई "सतसहस्र संहिता" मानिएको छ। महाभारत पनि व्यासकै रचना मानिएको छ।

(९) रामायण– रामायणका रचनाकार महर्षि बाल्मीकि हुन्। बाल्मीकि संस्कृत साहित्यका आदिकवि मानिन्छन्। "जाते जगति वाल्मीकि कविरित्यभिदा भवेत्" भन्ने महाकवि क्षेमेन्द्रको उक्तिले पनि बाल्मीकिबाट नै कविको संज्ञा मिलेको पाइएको छ। बाल्मीकि रामायणमा जम्मा २४००० (चौबीस हजार) श्लोक संख्या भनिएको छ।

(१०) योग वाशिष्ठ– योग वाशिष्ठ पनि महर्षि बाल्मीकिकै रचना हो। योग वाशिष्ठमा जम्मा ६ प्रकरण छन्। ३२००० (बत्तीस हजार) श्लोक संख्या छ। वशिष्ठ ऋषिले रामलाई अद्वैत वेदान्तको उपदेश गर्नुभएको कुरा उल्लेख छ।

(११) अरू रामायण– रामायणहरू शतकोटी छन् भन्ने कुरा उल्लेख छ। तर बम्बई वेङ्कटेश प्रेसका अनुसार हालसम्म ९० वटा रामायण भएको कुरा उल्लेख गरिएको छ। सबै रामायण बाल्मीकिले मात्रै रचना गरेका होइन र व्यासदेखि तुलसीदास समेत रामायणका रचनाकार मानिएका छन्।

महाभारत र रामायणलाई ऐतिहासिक महाकाव्यको रूपमा मानिएको छ।

(१२) गीता– गीता भन्नाले मुख्य श्रीमद्भागवत् गीता मानिएको छ। अष्टावक्र गीता, राम गीता, शिव गीता, ब्रह्म गीता, देवी गीता, पाण्डव गीता, अर्जुन गीता, गर्भ गीता इत्यादि धेरै गीताको उल्लेख छ। यी सबै गीताहरूको लक्ष्य परमार्थ वस्तु बुझाउनु नै छ र तत्सम्बन्धी कुराको विस्तृत विवेचना गरिएको छ।

(१३) प्रस्थान त्रय– प्रस्थान त्रय भन्नाले हिंड्ने वा अनुशरण गर्ने तीन मार्ग छन् भन्ने बुझिन्छ। परमार्थ वस्तु बुझाएर त्यसमा पुऱ्याउनु नै यसको लक्ष्य छ।

१. श्रुति प्रस्थान – उपनिषद् मार्ग
२. न्याय प्रस्थान – ब्रह्मसूत्र वेदान्त सूत्र मार्ग (दार्शनिक प्रस्थान)
३. स्मृति प्रस्थान – श्रीमद्‌वगवद्‌गीता मार्ग

यी प्रस्थान त्रयको विभिन्न भाष्यकारहरूले भाष्य गर्नुभएको कुरा पनि प्रमाणित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४) स्मृति ग्रन्थ– स्मृतिहरू पनि १८ वटा छन् । स्मृतिकारहरू पनि विभिन्न प्रकारकै मानिएको छ । प्रमुख स्मृतिहरूमा– मनु स्मृति, याज्ञवल्क्य स्मृति, पराशर स्मृति आदि प्रमाणित छन् । स्मृतिहरूमा प्राय: वर्णाश्रम धर्मको नै संरक्षण र संवर्द्धन गर्ने आदि नीति नियमहरूको उल्लेख छ ।

यसरी आर्ष वाङ्मयको मात्रै पनि परिचय दिएर साध्य छैन । शास्त्र अनन्त छन् । जान्नु, बुझ्नुपर्ने कुरा अनन्त छ । हाम्रो जीवनको छोटो अवधि छ । त्यसकारण प्रमुख शास्त्रहरूको सारतत्त्व मात्र ग्रहण गरी आफ्नो जीवन सार्थक तुल्याउनु नै बुद्धिमानी हुन आउँछ ।

"एक बेदस्यचाज्ञानाद् वेदास्ते बहवोभवान् । सत्यैकस्यच राजेन्द्र सत्यकश्चिदवस्थित:" भन्ने महाभारत उद्योगपर्वको भनाइमा पनि संवित्, वेद, सत्य जे भने पनि आखिर सत्य एउटै छ । एक सत्य बोध गराउन सृष्टिको शुरूमा चार वेद खडा भए । चार वेद बुझाउन अरू उपनिषद् षड्शास्त्र, षड्दर्शन, पुराणादि हजारौंको संख्यामा शास्त्रहरू प्रकट भए । यी सबैको आशय एउटै छ । लक्ष्य एउटै छ । विभिन्न बाटाहरूको वर्णन भए पनि गन्तव्य स्थान त्यो सत्य परमार्थ वस्तुमा नै छ भन्ने कुराको प्रमाणित हुन्छ ।

स्थूल दृष्टि वा भौतिक दृष्टि हुने मानिसलाई कर्म प्रधान, सूक्ष्म दृष्टि तथा भावुक हृदयलाई भक्ति प्रधान र अति सूक्ष्म दृष्टि उच्च विचार भएकाहरूलाई ज्ञान प्रधान गरी वर्णन गरिएको छ । यसरी आर्ष वाङ्मयलाई जान्न हामी सबै हिन्दूहरूको कर्तव्य हुन आउँछ । यसैमा नै जीवनको उच्चाता, आदर्शता, मूल्य र मान्यता छ । उक्त वाङ्मय जान्न हामी सबैको जिज्ञासा र श्रद्धा उत्पन्न हुनु आवश्यक छ ।

।। अस्तु ।।

योग समस्त बुद्धिको सार हो !

– गीता

गिद्ध सारै माथि उड्दछ तर उसका आँखा मूर्दाको खोजीमा नै तल्लीन भएको हुन्छ ।

– विवेकानन्द

ब्राह्मण व्यवहारले बनिन्छ ।

– युधिष्ठिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक सनातन वर्णाश्रमधर्मका केही शंकामा विचार

– डा. दुर्गा प्रसाद दवाडी

वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।
यं नत्वा कृत कृत्याः स्युस्तं नमामो-गजाननम् ।।

हाम्रो धर्म वैदिक सनातन वर्णाश्रम धर्म हो । त्यस्को आधुनिककालमा व्यावहारिक नाम 'सनातनधर्म'' अथवा ''हिन्दू धर्म'' पनि भन्ने गरिन्छ । त्यस धर्मको सम्वन्धमा अनेक संशय, विपर्यय, तर्क र जल्प वितण्डा कथा उठाउँदै गरिएका हुन् । उनीहरूको उत्तर पनि दिनेगरिएको हो । प्राचीन कालमा चार्वाक, जैन, वौद्ध र आधुनिक कालमा ब्रह्म समाज, आर्य समाज जस्ता संस्थाहरूले यस्ता प्रश्न उठाएका हुन् । त्यसै सन्दर्भमा झिल्को पूर्णाङ्क ९ वैशाख ०४५ मा ''विश्व शान्तिको लागि हिन्दू धर्म कति प्रेरक'' लेखको संशयमा–के साँच्चै वौद्ध धर्म हिन्दू धर्म कै शाखा हो ? के हिन्दू धर्म शान्तिकामी धर्म हो ? के यो मानव धर्म हो ? भनेर विना प्रमाण उल्लेख गरेको पाइयो । तथ्यहरूले जे भन्छ आखिर सत्यत त्यही हुन्छ । यसमा पूर्वपक्ष हठ रहनु पर्छ । विश्व हिन्दू सम्मेलनको प्रसङ्गमा वुद्धमार्गानुयायी जनलाई हिन्दूहरूबाट पृथक गर्न, समाजमा विभेद खडा गर्न यो प्रश्न पठाइएको जस्तो देखिन्छ । यद्यपि वर्णाश्रम व्यवस्था र वेद प्रमाण्य स्वीकार नगर्नाले वौद्ध मार्गलाई वैदिक धर्म भन्न मिल्ने हैनतापनि यो सनातय धर्मको एक शाखानै हो भन्न मिल्छ । किनकि यसले सनातनधर्मका अनेक कुरालाई मानेर पुकारा गरेको छ ।

न हि वेरेन वेरानी सम्मन्तीध कुदाचन ।
अवेरेन च सम्मन्ति एस धम्मो सनन्तनो ।।

–(धर्मपद यमक वर्ग ५)

वैर (शत्रुता) द्वारा वैरको शान्ति हुँदै, अवैरद्वारानै शान्ति हुन्छ । यो नै सनातन धर्म हो । स्वयं वौद्ध मार्गका प्रवर्तक सिद्धार्थ गौतमलाई शाक्य वंशमा उत्पन्न भएको मानिन्छ । उनका पिता सुद्धोदन नेपालका एक क्षत्रिय राजा हुन्भन्नै मानिन्छ । हाम्रो वैदिक सनातन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णाश्रम धर्म शान्ति कामी धर्म हो। जस्लाई "द्यौ शान्ति रन्तरिक्षम् शान्तिः" इत्यादि वैदिक वचन र "सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःख भाग्जनः" को सबै सुखी, रोगरहित हुन्, सबैको कल्याण देखुन्, कोही पनि दुःखी न बनोस्। आदि लौकिक वचनले सर्वत्र शान्ति र सुखको कामना गरेको बुझिन्छ। इतिहास साक्षी छ। यस धर्मले अन्य कुनै पनि सम्प्रदाय माथि धर्म प्रचारको नाममा आक्रमण गरेन, धर्म मान नमाने मर्न तैयार होउ! भनेन। यसर्थ यो "मानव धर्म" हो। दानव र पशु धर्म हैन। मानव धर्म नभएको भए "धर्मेण हीनाः पशुभिः समानाः॥ धर्मले हीन व्यक्ति पशुतुल्य हुन्छ भन्ने संस्कृत उखान चल्ने थिएन। यसलाई मानव धर्म नमान्दा नेपाली मानव, दानव वा पशुतुल्य हुन पुग्ने छ।

वैदिक समाज़मा जातपात आदि नभएको भनी उठाइएको समाजको प्रश्नलाई वेदको–

ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः
उरू तदस्य यद् वैश्य पद्भ्यां शुद्रोऽजायत॥

भन्ने उल्लेख छँदा-छँदै अघिल्लो वैदिक समाजमा जातपात आदि भेद थिएन भन्नु प्रमाण विपरीत कुरो हो। यस्तै भारत वर्षमा आर्य पछि आएका हुन्, मूल निवासी (द्रविड आदिवासी आदि) अर्कै हुन्, मूल निवासी अनार्य (काला रङ्ग भएका) असभ्य र असंस्कृत भन्नु समेत प्रमाण विपरित नै ठहर्छ। एक त आर्य र अनार्य भेद, रङ्ग, रूप, त्वचा (छाला) आकृति आदिको आधारमा गर्न हुन्न। आर्य अनार्यको आचारसित सम्वन्ध छ। रावण ब्राह्मण भएर पनि अनार्य थिए। निषाद राज अन्त्यज भए पनि आर्य थिए। कदाचित आर्य भनेर वैदिक धर्मानुयायीलाई लिने हो भने आज आफूलाई आर्य मान्ने पाश्चात्य जगतका मानव अनार्य बन्न पुग्दछन्। तथाऽपि "तुष्यतु दुर्जन न्यायेन" हामी आजका हिन्दूहरू नै आर्य हौं भने पनि भारतवर्षका आदिवासी हैनौं। हाम्रो प्राचीन अनादि कालीन मान्यताको प्रमाण नै छ। "सा प्रथमा संस्कृति विश्ववारा" को उद्घोषक आर्य असभ्य असंस्कृत थियो भन्नु वदतो व्याघात हो। वेद मन्त्रद्रष्टा ऋषिको घरमा गृह कार्य नै हुँदैनथ्यो भन्नु पनि त यौटै प्रमाण (सम्भव) विपरितनै कुरो हो। धर्म भनेको त्यसबेलाका ऋषिमुनिहरूद्वारा रचित स्मृति, पुराण, भाष्य, टीका आदि नै थिए। यो यौटै अविचारित कथन हो। स्मृति, पुराण, भाष्य टीका नै धर्म हैनन्। यी ग्रन्थहरूले वेद प्रतिपादित धर्मको मात्रै व्याख्या गरेकाछन्। यिनीहरूको कुनै श्रुतिसँग विरोध भयो भने अप्रमाण्य हुन्छ भन्ने कुरामा यी ग्रन्थको अध्ययन कर्ताले बुझ्न सक्दछ।

धर्मको तत्त्व अत्यन्त गहन छ, गहन विषयमा गहन अध्ययनको आवश्यक हुन्छ। केवल टिपुवा कुराले धर्मको सम्बन्धमा आधिकारिक रूपमा निर्णय दिने स्थिति हुँदैन। यो अन्य विषयमा पनि लागू हुने कुरा हो। कुनै शास्त्रीको कथन उपाधीमात्र हुन सक्दैन। यो शास्त्रको गहन अध्ययनमा निर्भर गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमाण विना धर्मका निन्दात्मक वचनहरूको प्रयोग स्वप्रतिज्ञाको विरोध गर्छ । हिन्दू धर्म विश्वमा प्राचीन धर्म भनेर आधुनिक गवेषकहरूले स्वीकार गरेकै कुरो हो ।

"बुद्धले पूनर्जन्ममा विश्वास राख्दैनथे" भन्ने तथ्यलाई बौद्ध दर्शनले चार्वाक दर्शनको खण्डनले धर्म, कर्म र पूनर्जन्म प्रतिको आस्थालाई समेटेकै छ । "बौद्ध सम्प्रदाय पशु हिंसा विरोधी कृषि र व्यापारको विकास गर्ने" भन्ने तर्कलाई सनातन वैदिक वर्णाश्रम व्यवस्था नै कृषि र व्यापारको विकासक हो ।

'माताऽहम् पुत्रोऽहम् पृथव्या" म पृथ्वीमाताको पुत्र हुँ, म भूमि पुत्र हु" भन्ने वैदिक सनातन वर्णाश्रमको यथार्थता हो ।

सुखं चेहेच्छतानित्यं यो ऽ धर्मो दुर्वलेन्द्रियै ।।७९ ।
यस्मात्त्रयो ऽ व्या श्रमिणो ज्ञानेनान्नेन चान्वहम्
गृहस्थे नैव धार्यन्ते तस्मा ज्ज्येष्ठा श्रमो गृही ।।७८।
यन्न वायुं समाश्रित्य वर्तन्ते सर्वजन्ततः ।
स सन्धार्यः प्रयेत्नन् स्वर्गय क्षयमिच्छता ।।
तरच गृहस्थमाश्रित्य वर्तन्ते सर्व आश्रमा ।।७७।।

मनुस्मृति- ३।७७।७९।

जस्तै जीवन वायुमा आश्रित छ त्यस्तै अरू (ब्रह्मचर्य, सन्यासादि) आश्रमहरूको गृहस्थाश्रमले निर्वाह हुन्छ । गृहस्थ देखि भिन्न अरू आश्रम ज्ञान दान र अन्नदानद्वारा गृहस्थहरू-बाटै उपकृत हुन्छन् । गृहस्थाश्रम जेष्ठाश्रम हो । स्वर्ग चाहने र यस लोकमा सुख चाहनेले गृहस्थाश्रम धारण गर्नुपर्दछ । जुन दुर्बलेन्द्रियहरूद्वारा धारण गर्न सकिंदैन । यसरी सर्व संसारको उपकार गर्ने गृहस्थ श्रेष्ठ छ ।

"हिन्दू धर्ममा विसंगति" लेखमा उल्लेख भएको वैदिक कथामा हामी इतिहासबाट पीडित छौं । इतिहासलाई विकृतरूपमा उपस्थित गरेर हामीलाई होच्याउने पाश्चात्यहरूको रङ्गमा रङ्गिए शब्दावलीको विश्लेषण विनाको प्रयोग हो । वर्णाश्रम वादी व्यवस्थाले हजारौं, लाखौं, करोडौं अनन्त-अनन्त वर्षसम्म सुसंगठित समाज चलायो । आज पनि चलाएकै छभने "यसबाट सुसंगठित समाजको निर्माण र विकासमा अवरोधहरू खडा हुँदै गए ।" भन्नु विचार्णीय छ । हाम्रो देशमा र भारत, पाकिस्तान, बङ्गलादेश, ब्रह्मदेशादिमा हिन्दू समाज सुसङ्गठित रूपमा छँदैछ । "आफूलाई दाना पानी दिने जगतलाई मिथ्या र काल्पनिक ब्रह्मलाई सत्य मान्ने अद्वैतवादी शङ्कराचार्य आफ्नै स्थापनामा असफल र विसंगत भएर टुङ्गिए" भन्नु इतिहासको अपलाव हो । शङ्कराचार्यको सफलता नै नेपाल र भारतमा आज पनि छँदैछ । चीन, जापन, वर्मा, श्रीलङ्कासम्म फैलिएको श्रमणवाद आफ्नै जन्म भूमिबाट उखेलिएको सफल प्रवल प्रमाण हो । उनको दार्शनिक स्थापना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाश्चात्य दार्शनिक पनि सर्वश्रेष्ठ मान्दछन् । स्थापित पिठहरू समय-समयमा सनातन वैदिक वर्णाश्रम धर्मको सम्बन्धमा मार्ग दर्शन गर्दै आएका छन् । चाहेको खण्डमा मार्गदर्शन गर्छनहोला । सनातन वैदिक (हिन्दू) धर्मलाई विकासको गत्यवरोधक तमाम विसंगतिको भण्डार भन्नु अप्रमाणिक हुन जान्छ ।

यावद्भ्रियेत जठरं तावत् स्वत्वं हिदेहिनः
अधिकं यो ऽभिमन्येत स स्तेनो दण्डमर्हति ।

जतिले पेट भोकै रहँदैन त्यतिमात्रै व्यक्तिको धन हो । जसले त्यसभन्दा अधिक अभिमान गर्छ त्यो चोर हो त्यसलाई दण्ड दिनु पर्दछ ।

सर्वेभवन्तु सुखिनः सर्वेसन्तु निरामयाः
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्जन

संसारमा सबै प्राणी सुखि हुन्, कुनै पनि दुःख नहोस् भनेर उद्घोषण गर्ने हिन्दू धर्ममा शोषण दमनको अभाव, विश्व वन्धुत्व विश्वशान्ति जस्ता आजका आवश्यकताहरू अटाउँदैनन् भन्नु स्वयं विसङ्गत कुरो हो । "हिन्दू धर्म आफ्नो अलग्गं दार्शनिक आधारमा हुर्केको स्वतन्त्र धर्म हैन" भन्नु तथ्य विपरित हुन्छ । यसको दर्शनहरूका तार्किक आधार स्वतन्त्र छन् । देवतातत्वविवेचना केवल भौतिक आधारमा मात्रै हैन अधिदैविक आध्यात्मिक आधारमा गर्नुपर्दछ ।

देवतत्व विवेचन एक गम्भिर विषय हो । सिन्धु घाटीको सभ्यता मोहन्जोदडो र हरप्पाको संस्कृतिको अध्ययन पाश्चात्य दृष्टिले मात्रै भएको छ । प्राच्य दृष्टिकोणले अध्ययन गर्न अवशिस्ट नै छ र हाम्रो मान्यता अनुसार त्यो संस्कृति वैदिक सनातन संस्कृति भन्दा पुरानो र त्यसभन्दा पृथक् हैन । अवतारवादको कुरो पनि पछिको हैन, इतिहासको अध्ययन हाम्रो दृष्टिकोणले हुन अवशिष्ट नै छ । "देवताहरूको संख्या थपिँदै गयो" भन्नु अयथार्थ हो । देवता जतिछन् तिनीमा केही परिवर्तन कहिल्यै भएन । वेदमा जुन देवता भनिएका छन् उनै उनै देवता पुराण र स्मृतिहरूमा पनि बताइएका छन् । अवतारवादको पनि नयाँ प्रादुर्भाव हैन, वेदको कुरो नै पुराणहरूले व्याख्या गरेका हुन् । कुनै पनि वैदिक देवताको पुराणमा अरू कुनै शास्त्रिय ग्रन्थमा महत्त्व घटेको छ भन्नु शास्त्रको सम्पन्न अध्ययन नभएको फल हो । वैदिक धर्म सरल थियो मात्र हैन सरल छँदैछ । त्यसमा केही जटिलता कुनैले थपेका छैनन् । जटिलताको आरोप निराधार हो । "स्वभावो धर्म उच्चते" यसको वास्तविक भाव बुझ्नु आवश्यक छ । त्यसको अर्थ जड प्रकृति धर्म हो भन्न मिल्दैन, प्रवृत्ति पनि धर्म, निवृत्ति पनि धर्म अवस्था अनुसारले हुन्छ । एतावता विसंगति भन्न मिल्दैन । विवाहित नव युवकको प्रवृत्ति हुनु सांसारिक कृत्यम विशेष संलग्न हुनु उचित छ । वृद्ध पुत्र पौत्रायुक्त पुरुष निवृत्ति परायण हुनु नै उचित हुन्छ । सर्व समर्थ व्यापक विष्णुले पनि युद्ध गर्नु पर्ने कुरो असङ्गत हैन, स्वयं परमेश्वर पनि धर्मको अधिनमा छन् भन्ने कुरो त्यसबाट अभिव्यक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । प्रामार्थ रूपमा जगत असत्य हो प्रवल तर्कद्वारा सिद्ध पनि छ र श्रुतिद्वारा प्रतिपादित पनि छ । साथै जगतको व्यावहारिक सत्तालाई न श्रुतिले गरेको छ नता तर्क पनि उपस्थित गरिएको छ । तान्त्रिक पञ्चमकारको अर्थ गहन छ । त्यसमा प्रवेश नभएकाले अनर्थ बुझ्नु स्वाभाविक हो । "नार्मस्तु पुज्यन्ते" भन्नु ठीक हो भने "भगादिकुच्छ पर्यन्ते संविद्धि नरकार्णाम्" भन्नु पनि सर्वथा उचित हो । अवस्था अनुसार दुवै सत्य हुन् । विषमज्वर पीडित भएकाको लागि भात विष हो तर सबैले विष मान्ने हो भने मानवहरू भोकै मर्न सक्छन् । गवालम्भनको विधानमा पनि भाव नबुझेर शङ्का गरिन्छ । त्यो याज्ञिय प्रक्रिया एक दिनको एक पृष्ठले बुझ्न सकिन्न । अध्ययन र तपस्याको आवश्यकता पर्दछ । परस्त्री गमनका उदाहरण प्राय: देवयोनिमा दिइएका छन् । तिनीहरूको एकता मानव भिन्न भएकाले मानव धर्म उनीहरूमा लगाउन मिल्दैन । वोका र साँडेले आफ्नै दीदी-बैनीमा मैथुन गर्छन् भनेर मानवमा त्यो कार्य लगाउन खोज्नु ठूलो पाप, भ्रष्टता, बुद्धि रहित मानिनेछ । गाई पुज्य लौकिक वाक्यले मात्रै हैन वैदिक वाक्यले पनि मानिएकी छन् । "माता रूद्राणां दुहिता वसूनां स्वसादित्यानाम" आदि वैदिक वाक्यले पनि "मा गा मनागां वधिस्ठ" उनको हत्याको निषेध पनि वेदले नै गरेको छ । केवल पुराण अथवा स्मृतिले मात्रै गाईको महत्त्व प्रतिपादन गरेको छ भन्न मिल्दैन । विष्णुको वृन्दा गमन दैविक हो मानवीय हैन । वृहस्पति ताराको पनि त्यस्तै हो । तैजस प्रधान शरीर भएका देवताको यथार्थ स्वरूप बुझेर नै त्यस विषयक प्रश्न उठाउन उचित हुन्छ । पहिले नारी स्वच्छन्द हुन्थे भन्नु यो कुनै स्थान विशेषको निमित्त हो । केवल शय वर्ष पूर्वसम्म स्नानादि, शौचाचार, ज्ञान शून्य पश्चिम जगत त्यस्तै थिएन र नियोग पनि समय विशेष स्थान विशेषको निमित्त निर्दिष्ट सर्व कालिक सर्वात्रिक हैन । हीन विवाह निषेध शास्त्रीय नै हो । इतिहास धर्ममा प्रमाण हुँदैन, विधि नै प्रमाण हुन्छ । असाध्य व्रणादि विशेषज्ञ चिकित्सकद्वारा प्रयोग योग्य शल्य चिकित्साका उपकरणहरूको कुनै अनाडीले प्रयोग स्वस्थ अवस्थामा नै गऱ्यो भने त्यसको परिणाम जस्तो हुन सक्छ त्यस्तै केही व्यक्तिले दुरूपयोग गरेर हिरोसिमा र नागासाकीमा विमानले अणुबम खसाल्यो भनेर विमानको नै प्रयोग बन्द गर्ने मन्त्रणा दिनु अनुपयुक्त नै हुन्छ ।

बाल विवाह र सती प्रथा पनि त्यस्तै रीतिले बुझ्नु पर्छ । कुनै व्यक्ति विशेषले कामुक्ता वश अनार्य आचरण गऱ्यो भने त्यो व्यक्ति दण्डनीय हुन्छ । अनार्य आचरण गरिएका मानिस नै समाप्त भए अनार्य हुनैपाउँदैन भने जस्तो तर्क अनुपयुवत नै ठहर्छ । वर्ण व्यवस्था र आश्रम व्यवस्थाको वैज्ञानिकत्व पाश्चात्यहरूले पनि स्वीकार गरेकै छन् । हिन्दू धर्ममा विश्वबन्धुत्वको भावना पर्याप्त मात्रामा हुनाले तथा राजनीतिक आर्थिक प्रवन्धको क्षमता भएर नै हजारौं वर्षसम्म आरोह अवरोहको चंगुलबाट पनि बाँचेकै छ । अन्यथा अरू संस्कृतिले आफ्नो अस्तित्व जोगाउन सकेनन् । यस धर्मको जेष्ठता श्रेष्ठतामा गौरब प्रकट गर्नु सम्भवत: हाम्रो निमित्त सर्वथा अनुचित नहोला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्च पाण्डव प्रतिको प्रश्नमा "महाभारत पनि हिन्दूधर्मको विसंगतिको एउटा विशद उदाहरण हो । यहा वर्णित पुरुषहरू प्राय: जारज (जारवाट जन्मेका) छन् । वेद व्यास जस्ता युग प्रतिष्ठित व्यक्ति आफ्नै भाइ बुहारीमा गर्भाधान गर्छन् । पाण्डू आफू अक्षम भएकाले आफैले श्रीमतीलाई मनाएर परपुरुषद्वारा गर्भाधान गराउँछन् ।" आदि । महाभारत एउटा इतिहास ग्रन्थ हो । अत: उसमा मानव शिक्षार्थ मानव शिक्षणपयोगी घटनाहरूको उल्लेख छ । पाण्डवहरूको उत्पत्ति वरदानद्वारा भएको हो । देवता र मानुषीको संगम हुनु सम्भव छैन । तेज: पुञ्ज स्वरूप देवताहरूको आसिर्वादले पाण्डवको उत्पत्ति हो ।

"प्रसूति वरंदानजा" भनेर पाण्डवहरूको उत्पत्ति देवताको वर प्रसादले भएको मानिन्छ । मानुषी देवताको संयोगद्वारा सन्तानोत्पति सम्भव छैन । के मनुष्य र पशुको संयोगद्वारा सन्तानोत्पतिको कुनै उदाहरण पाइएको छ ?

यस्तै वेद व्यासको प्रसादले धृतराष्ट्र पाण्डू विदुरको उत्पत्ति हो । हिन्दूधर्मका कुनै व्यक्तिले केही गऱ्यो भने त्यसको दोष धर्ममाथि कसरी जान्छ ? हिटलर (इसाइ) ले लाखौं यहुदीहरूको सामूहिक हत्या गऱ्यो । एतावता इसाई धर्मको के दोष ? हाम्रो वैदिक सनातन धर्ममा व्यक्तिको दोष कसरी आरोप गर्न सकिन्छ ।

पौराणिक सुचरित्रहरूको अपलाव गरेर आपातत: देखिने कुचरित्रलाई जन समक्ष राखेर के गर्न खोजिएको हो । राम जस्ता पितृभक्त, हरिश्चन्द्र जस्ता सत्यवादी, उशीनर जस्ता देह त्यागी, वाताम्बु, वर्णाशन, मुनिहरू ध्रुव जस्ता भक्त बालक, सती सावित्री, सीता जस्ता पतिव्रताहरू पनि ता पुराणहरूबाट ज्ञान हुन सक्छन् । भीष्म हनुमान् जस्ता ब्रह्मचारीहरू पनि हाम्रा ग्रन्थहरूबाट ज्ञात हुन सक्छन् ।

धर्मको कुरो अति गहन छ, गुहामा निहित छ । एक देश, एक काल, एक पात्र, एक योनी, एक जाति, एक आश्रम, एक आयु, एक आस्था, एक कुल, एक शाखामा, जुन कर्म दोष अथवा पाप मानिन्छन् । उनै कर्म दोश्रो देश, दोश्रो काल, दोश्रो पात्र, दोश्रो योनी, दोश्रो जगत, दोश्रो आश्रम, दोश्रो आयु, दोश्रो अवस्था, दोश्रो कुल दोश्रो मात्को दोष पाप मानिदैन । युद्ध चलेको बेलामा यदि कुनै शैनिकले युद्ध स्थलमा सत्रु पक्षका सैकडौं व्यक्तिको हत्या गऱ्यो । त्यो परमवीरको पदवीले भूषित हुन्छ तर त्यसै व्यक्तिले युद्धातिरिक्त बेलामा शान्त भएर धर्म चर्चा गर्न लागेका सैकडौं मानिसको निरपराध तलवारले शिरच्छेदन गऱ्यो भने त्यो आततायी भनिन्छ र आततायीको निमित्त "आततायिनमायान्तं हन्मादेवाविचारयन्" आततायीलाई देख्ने वित्तिकै विचार नगरीकन मारिदिनु भन्ने आदेश पनि छ । त्यसो हुनाले हिन्दू धर्म (वैदिक सनातन वर्णाश्रम धर्म) अत्यन्त सुसंगठित छ । त्यसमा विसंगतिको दर्शन देश काल पात्र आदिको विचार नगर्नेले नै देख्न सक्छ । स्वामी शङ्कराचार्यले नै यो कुरो भन्नु भएको छ– "अयंधर्मोऽयम धर्म इति शास्त्रमेव

वैदिक सनातन ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विज्ञाने कारणम् अतिन्द्रिय 'त्वात्तयोः' । अनियत देशकाल निमित्तत्वाच्च । यास्मिन देशेकालं निमित्ते चयो धर्मोऽनुष्ठीयते स एवं देशकाल निमित्तान्तरेषु अधर्मो भवति । तेन श्मस्त्रादृते धर्माधर्म विषयं विज्ञानं न कस्याचिदास्ति'' । (वेदान्तदर्शन ३।१।२५ शाङ्कर भाष्य)

अर्थात् यो धर्म हो, यो अधर्म हो । यस्तो ज्ञानमा केवल शास्त्र नै कारण हुन सक्छ । किन-भने धर्म र अधर्म अतीन्द्रीय विषय हुन । जुन देश काल निमित्तमा कुनै (कर्म) धर्म हुन्छ भने तेस देखिभिन्न देशकाल निमित्तमा त्यो अधर्म पनि बन्न सक्छ । त्यसो हुँदा । शास्त्रभित्र अरू कुनैले (कस्तो तार्किक, बुद्धिमानले भए पनि) बताएको धर्म मान्न सकिंदैन । युगौं विधर्मीको दास भएर पनि भारत वर्ष पुनः उठ्न सक्यो । त्यसमा पनि हिन्दू धर्म नै मुख्य कारण हो । सत्याग्रह आन्दोलनमा जेल जानु पनि धर्म बन्यो र त्यसैले भारत स्वतन्त्र पनि भयो । यो के विस्मृत हुने कुरो हो । त्यसो हुँदा ''हिन्दू धर्ममा विश्व बन्धुत्वको भावना र राजनीतिक तथा आर्थिक प्रबन्ध क्षमता भएको भए भारत वर्षले युगौंसम्म विदेशी र विधर्मीहरूको शासनमुनि च्यापिएर निसासिई रहनु पर्ने थिएन'' भन्ने कथन अनुभव विरुद्ध हो । मुसलमान शासनको विरुद्ध राजपूत शक्ति र मराठा शक्ति उठेर नै लगभग भारत स्वतन्त्र भई सकेको थियो । बीचमा अंग्रेजी चालकले आएर १५० वर्षसम्म शासन गरे । त्यस पछि पनि महात्मा गान्धीको सत्य र अहिंसा रूप धार्मिक अस्त्रद्वारा सविनय अवज्ञा आन्दोलनमा कारागार गमन रूप धर्म अपनाउनाले भारत स्वतन्त्र भयो । हिन्दू धर्ममा आक्षेप सर्वथा निराधार हो ।

हाम्रो वैदिक सनातन वर्णाश्रम धर्मका क्षत्रिय राजा श्री ५ पृथ्वीनारायण शाहदेवद्वारा नेपालको एकीकरण पश्चात यस नेपाल खाल्डोबाट विदेशी धर्म प्रचारकहरूको निस्काशनद्वारा हाम्रो नेपाल देशमा अनादि कालबाट चलिआएको यस धर्मको संरक्षण भएको कुरा हाम्रो समक्ष टडकारो रूपमा प्रत्यक्ष नै छ । आज हाम्रो राजगद्दीमा आसिन हुने त्यही बंशमा उत्पन्न हुनु र सनातन वैदिक (हिन्दू धर्मको) अनुयायी हुनु वैदिक विधि समेतले मानिआएको कुरो हो । हाम्रो देशमा यस रीतिले यस धर्मको प्रतिष्ठा देख्दा देख्दै यो धर्म सुसङ्गठित हैन भन्नु प्रत्यक्षको अपलाप हो । हाम्रो राजवंशले यस धर्मको सदा प्रतिष्ठा गर्दै आएको र गरि राख्ने कुरामा हामो विश्वस्त छौं र नेपाल सदैव स्वतन्त्र र स्वाधीन नै रह्यो र छ । आज पनि विश्वको एकमात्र हिन्दू अधिराज्यको रूपमा विश्वमा हिन्दू धर्मको आदर्श राख्न तत्पर छ । —क्रमशः—

''समय जतिको बलवान बज्रपनि हुँन सक्तैन त्यसैले समयलाई जित्ने पुरुष र नारी–ब्रह्माण्डमा कोही जन्मन सक्तैन''

''संसारमा बुझेर गरेको पाप लाग्छ नबुझी गरेको पाप लाग्दैन'' —अर्जुन विरक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तारको प्रतीक्षा

१– ईश्वर र भगवान्‌को नाम र रूपको थालनी र कारण के हो ?

२– आत्म हत्या, देहहत्यामा अन्तर भए हत्याले हुने चोला के हो ?

३– प्राकृतिक प्रकोप र दैवि प्रकोपले के बुझाउँछ ?

४– आदिराज स्वयंभूव मनुको जन्म, राज्य रोहण र राज्यभिषेक भएको "स्थान" केन्द्र कुन हो ?

५– थुतुर्की वेद भन्ने पनि गर्छन् भए कस्तो वेद हो ?

६– वेदको भाष्य गर्ने रावण वाहेक अरू थिए थिएनन् ?

७– गोत्रले के बुझाउँछ ? प्रत्येक मानवको गोत्र छ छैन ?

८– रामायणको प्रथम काव्य कुन हो ?

९– मिथिला राज्यका जनकको दरवारमा शिव धनुष उठाउने निमन्त्रणा, राजा दशरथलाई गएको थियो थिएन ? थिएन भने किन ?

१०– प्रत्येक जातिका मान्छेहरूको थरहुन्छ, थरको प्रचलन कहिलेदेखि आयो ?

११– कश्यप ऋषिका सन्तानहरूमा गोत्रको भिन्नता कसरी आयो ? गोत्रको भिन्नताले सगोत्रीको (सवर्ण) अन्त्य भयो भएन ?

१२– क्षत्रिय वंशका भगवान् बुद्धले ब्रह्मपास धारण गरेका थिए थिएनन् ? भए सबै बुद्धमार्गी ब्रह्मपास धारण गर्दछन् गर्दैनन् ?

प्र. सम्पादक
आर्ष वाङ्मय, परिवार

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव-विवाहमा विद्या र बुद्धिका प्रतीक गणेश्वरको पूजा

—अर्जुन विरक्ति

हाम्रो प्राचीन (वैदिक सनातन धर्मले) हर क्षेत्रमा आध्यात्मिकताको-अधिकतम महत्त्व प्रदान गर्दै आएको छ, पथ-प्रदर्शकको रूपमा,——… ।

हिन्दूहरूको सर्वाधिक पूजा आरधाना गरिने गणेशको महत्त्व शिला, (कुश, सुपारी, देखि विशाल मन्दिरसम्म पाइन्छ । प्रत्येक वैदिक कार्यका अधिस्ठात्री तथा सर्वप्रथम पूजा गरिने देव हुन "गणेश"

जिवात्माको ग=ज्ञानमार्गद्वारा ण=मूक्ति प्राप्त गराउनु पति=आदि अन्तरहित परमात्मामा लिन गराउने गणपति नै हुन् । उनको प्रत्येक कल्पकाल, मन्वन्तरादि, सम्वत्सरादिमा अवतारहरू भएको पाइन्छ । यसमा वाल गणपति, तरुण गणपति, भक्त गणपति, वीर गणपति, शक्ति गणपति, द्विज गणपति, सिद्धिया (पिंगल) गणपति, उच्छिष्ट (उतिस्ठ) गणपति, विघ्नराज (भूवनेश), क्षिप्र गणपति, हेरम्ब गणपति, लक्ष्मी गणपति, महा गणपति, विजय गणपति, नृत गणपति, उर्ध्व गणपति समेत १६ प्रमुख स्वरूप मानिन्छन् ।

यी सर्व सुलभ गणदेव, गजानन नकतु, एक दन्त, महोदर, लम्बोदर समेतको अरूण, लालिमा, धवल, अरूणीमा, श्वेत, स्वर्णिम, लाल, पित, सुहावनी लालिमा, हरियो, जस्ता अनेक वर्णहरूका साथका एक गणेशको उग्रभयावह, संरक्षक, आलिगन, मोदक देवी सहित आलिंगन, श्री संस्मृति देवीका साथ, वरदायी, सिंहवाहनमा आरूढ, उर्ध्वमुखी, दुवै पार्श्वमा दुई देवीको आलिंगन, सुन्दर गजवदन, त्रिनेत्र, हरियो वर्णको देवीको आलिगन, काखमा देवी विराजमाना मुसा वाहनमा आरूढ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्पवृक्षमुनि, उभिएको, अभय, एक खुट्टामा उभिएको नर्तन आदि-आदि स्वरूप र मुद्राहरुको वर्णन पाइन्छ ।

यस्तै केरा, आँप, कटहर, मोदक, पास, अंकुश, कपित्थ फल, जामुन फल, भाँचिएको हात्तीको दाँत, धानको बाला, नरिवल, खीर भरिएको कलस, वेताल, भाला, धनुष, चक्रयुध, खड्ग, ढाल, हथौडा, गदा, नाग, शुल, कुंद, ध्वजा, पुस्तक, रुद्राक्षमाला, कमण्डलु, योग दण्ड, पुष्पगुच्छा, इख, वीणा, पुष्प, अनार, शङ्ख, वाण, चक्र, कल्पलता, रत्न घटित, अक्षमाला, लौह मुशल, सुगा, माणिक जडित कलश, निलो कमल, चन्द्रकला, चमक्दार चक्र, मुसल आदि इत्यादि प्रतीकहरू सांकेतिक तत्त्वनै तत्त्वहरूले शुशोभित भएका रूपहरू आ-आफ्नै महत्त्वका शासक छन् ।

समूह वाचक अर्थात् समूह (गण) को स्वामीको रूपमा शात्विक वर्णन हुने हुन्छ । यजुर्वेदमा केही उल्लेख भए पनि ऋग्वेदमा ब्राह्मणस्पतिलाई नै गणपति मानिएको पाइन्छ । गणपति उपनिषद्, तैत्तेरिय मैत्रायणी सहितामा प्रत्यक्ष तत्त्व कर्ताधर्ता, एकमात्र हर्ता मानिएको छ । गणेश पुराणमा ब्रह्मा, विष्णु, महेश भन्दा श्रेष्ठ मानिएको छ । नर र नारायणको सापेक्ष र निरपेक्ष प्रतीक तथा तत्त्वको संयोजित रूपमा पनि लिइएको छ ।

स्कन्द पुराणमा उल्लेख राजकुमार अभिनंदनको विशाल यज्ञमा इन्द्रले निमन्त्रणा नपाएकोमा यज्ञ विध्न गर्न पठाइएको विघ्नासुरले अभिनंदनको हत्या समेत गरिदिएकाले वशिष्ठ समेत ऋषि ब्रह्माकहाँ विघ्नबाट मुक्तिका लागि जाँदा गणेशसँग संपर्क राख्ने आदेश दिएका थिए ।

गणेशले विघ्नासुरलाई युद्धमा जिती दास बनाएकाले विघ्नका देवता मानिएको छ । यसर्थ कुनै शुभ कार्य आरम्भ गर्दा सर्वप्रथम उन्कै प्रार्थना र पूजा गरिने गरिन्छ। उनलाई मांगलिक देव पनि भनिन्छ ।

मौद्गल पुराण, शिव पुराण, स्वस्थानी जस्ता ग्रन्थहरूमा उन्का अनेकौं आख्यायानहरू पाइन्छन् । सूँड, दाँत, मुसा, कान, आदि आ-आफ्नै अस्तित्व र कामका प्रतीक भएर रहेका छन् । यस्तै मन्त्र प्रतीक ॐ पनि नर र नारायणको प्रतीक भएर रहेको छ। मूर्तिमान ईश्वरत्वको विग्रह छ ।

हुनत शास्त्रहरूले यी पार्वती नन्दन गणेशका १००८ रूपको वर्णन उल्लेख गरेको भएता पनि, प्राचीन, अर्वाचिन कालमा ६४ रूपसम्मको परिचय पाइएको छ। यिनै गणेशको रूप अनुसार त्रिकाल प्रतिदिन युक्ति पूर्वक पूजा अर्चना गर्दा विघ्न, सङ्कट, भय, नाश भई सुख, शान्ति र मुक्ति प्राप्त गरो महान ज्ञानी बन्दछ । यो प्रतिदिनको स्मरण र बन्दनामा भरपर्ने कुरा हो ।

शिव विवाहमा ..

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै प्रथम कल्पको दैवी आराधना समेतका विविध क्षत्रगत क्षत्रज्ञ र विषयमा श्री शिवजीको विवाहमा श्री गणेशको पूजा हुनुको कारण तथा गणेशका अलग-अलग रूप भए नभएको कारण र प्रमाणले ज्ञान अनुभूतिमा समेट्ने वास्तविकता हो ।

किनकि प्रत्येक कल्पमा-अवतार ऋषि, इन्द्र इत्यादि भिन्न-भिन्न तिथिमा भिन्न-भिन्न देहमा अवतार हुन्छन् । वक्रतुण्डं र कृष्णपिङ्गाक्षं गजवक्त्रं भिन्न-भिन्न रूपमा पदारुढ भएको हो । त्यसैले अवतार ऋषि, इन्द्र आदि पद हो । पदको नियुक्ति भगवान् महाविष्णु गर्नु हुन्छ र १०० अश्वमेध यज्ञ त्यसकालमा जुन राजाले गर्दथे उनि नै मनुमा इन्द्र हुन्थे । मनु-मन्वन्तर एक बडो ठूलो कालखण्डको 'रूप' नाम हो । अतः इन्द्र पदारुढ देह १०० अश्वमेध यज्ञ हुन सक्तैनथ्यो । यदि आग्रहपूर्वक यज्ञ भए पहिलो देह इन्द्र पदवाट हट्नु पर्दथ्यो र नयाँ देहमा (पदमा) नयाँ देहका इन्द्र बन्दथे । उनैमा इन्द्र पदको योग्यता प्राप्त हुन्थ्यो । तथापि भगवान महा विष्णु सर्वोपरि हुनु भएर नै इन्द्र बन्न पनि सक्नु हुन्थ्यो । जस्तै वलीराजाले (शत) १०० अश्वमेध पूर्ण भएर पनि त्यो देह इन्द्र बन्नका लागि महा विष्णु नारायणले रोक्नु भएको पनि पाइन्छ । "आउने मनुमा तिमी इन्द्र बन्ने छौं, तिम्रो दान र त्याग देखि कैयन अश्वमेध यज्ञसम्म तिमी सफल छौ अहिलेलाई पाताल जाऊ . . . . . . आदि-आदि" ।

यसैले सप्तर्षि इत्यादि कल्पभेदबाट भिन्न-भिन्नै रहन्छन् । श्री गणेशको जन्म कुनै एक कल्प (प्रथम) मा भाद्रपद शुक्ल चतुर्थीका दिन भएको थियो । त्यसैले श्री गणेशजी– श्री शिवजीको पुत्र भएर पनि शिवजीकै विवाहमा गणेशनामद्वारा कसरी पुजिनु भयो भन्ने प्रश्नमा पूजिनु भएका श्री गणेश (कल्पक) नामक थिए । तिनै शिवको विवाहमा सर्वोपरी भई पूजिनु भएको थियो । कल्प-कल्पको आधारमा ती गणपति शिवकै पुत्र हुन् । यसमा दुईमत हुन भने सक्तैन । अब यस कल्पमा जब गणेशको जन्म हुन्छ तब पहिलो कल्पको गणेश अवतार पूर्ण भई गएपछि हामी विविध नाममा अर्को कल्पमा फेरि पार्वती नन्दन पार्वती पुत्र भँनि चिन्दछौं– चिनिनेछन् । तव पहिलो कल्पको गणेश अवतार पूर्ण हुन्छ– कल्प भेद अनुसार । यस उसले प्रत्येक कल्प-कल्पमा यस प्रकार सबको कल्पभेद पूर्ण "जन्म" व्यवस्था हुन्छ . . . भन्ने यथार्थतालाई–

अक्षरात्संभवतीह विश्वम् ! अविनाशीबाट विश्व (संसार) प्रकट हुन्छ . . . आदि ।

अस्तु ।

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक वाङ्मय र अर्थः

— लोकनाथ आचार्य

कुनै वीज प्ररोहण र फलीभूत हुनको लागि सुक्षेत्र, खनजोत आदि संस्कारको आवश्यक पर्छ। त्यस्तै ब्रह्मक्षेत्रज आचारनिष्ठ ज्ञानी जननै 'आचार्य' पदले विभूषित हुन सक्तछन्। अन्नाऽनुसार कर्माणि बुद्धिः कर्माऽनुसारतः, आहार अनुसार कर्म-आचरण र आचार अनुसारको बुद्धि बन्न जान्छ। त्यसैले कुकर्माजित अन्न कसैवाट लिएर ब्राह्मणले नखानु भनिएको हो। आचारनिष्ट ब्रह्मक्षेत्रज ज्ञानी नै गुरु हुन सक्तछन्। गुरु, आचार्य नाममात्रधारीवाट आचारको ठाउँमा अनाचार हुन जान्छ। त्यस्ताले 'गुरुर्ब्रह्मा, गुरुर्विष्णु, गुरुदेवो महेश्वर' भनिएकोले पनि म गुरु नै ब्रह्मा, विष्णु, महेश्वर आदि देवता हुँ भन्छ। अरूलाई नमान म आफैं देवता हुँ भनेर त्यस्तै आचरण गर्छ; अन्ततोगत्वा वेदज्ञ किन्तु सदाचार सद्विचारहीन अतिगर्वी रावण झैं उसको पनि विनाश अवश्यम्भावी छ। सत् क्षेत्रज गुरु, आचार्य गुरुले अज्ञानान्धकार गर्भवाट नवजीवन उत्पन्न गरिन्छन्, रक्षाको साथै अपूर्णतामा आवश्यकीय ज्ञान-पूर्ति गर्दछन्' एवं अज्ञान असद्भावलाई नष्ट पनि गरिदिन्छन्। यस स्थितिमा सृष्टि-स्थिति-संहारकर्ता, ब्रह्मा, विष्णु, रुद्र समान मानिन्छन्। त्यसैले क्षेत्र-जन्म र आचार पवित्र नै आचार्य गुरु ब्राह्मण हुन सक्तछन्। त्यस्ता गुरुवाट 'अपरा' नामा सद्विद्या (वेद) को मर्मवोध हुन सक्तछ। वेदको मर्म वा आशय जान्नको लागि सामान्य भाषा, बुद्धि संस्कारले भेट्टाउन्न। जसको सद्गुरुद्वारा छन्द, व्याकरण, शिक्षा, कल्प, निरुक्त आदिमा यथार्थ दृष्टि पुग्न सकेको छ, त्यसैले 'वेद'को ठीक आशय अनुरूप अनुवाद गरेर बोध गराउन सक्तछ। वेदको अर्थ गर्न निरुक्तादि शास्त्र ज्ञान भएर पनि पूर्वाऽपर मन्त्र कर्मज्ञान पनि थाहा पाएकै हुनुपर्छ। **कसैलाई रिझाउन वा रिझिन अतिरञ्जक स्तुति वा निन्दा गरेर क्षुद्र स्वार्थ पूर्तिको लागि 'वेद'लाई हतियार बनाउन पनि हुन्न;** जस्तै—

श्रीश्चतेलक्ष्मीश्च्च पत्न्यावहोरात्त्रे पार्श्वेनक्षत्त्राणि रुपमश्विनौव्व्यात्तम् इष्णन्निषाणामुम्मऽइषाण सर्व्वलोकम्मऽइषाण ॥ यर्जु : ३१/२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस मन्त्रमा देदीप्यमान् आदित्य– नारायण जो ब्रह्मको अवयवी भूत स्वरूप प्रत्यक्ष दर्शनमा अवयवी ब्रह्म उपासना गरिएको प्रसङ्ग छ। यसलाई कुनै सामान्य वा विशेष जीव (व्यक्ति)को स्तुति गर्छ भने त्यो अतिरञ्जन ठहर्दछ। त्यसको प्रतिफल अतिरञ्जक र ब्रह्मबाट प्रकाशित आदित्यनारायणबाट दण्डित हुन जानेकुरा वेद प्रमाणित छ। अतः विद्वान् ब्राह्मण गुरु पुरोहितले कसैलाई बढाई-चढाइ यो मन्त्र स्वार्थ साधक बनाइनु हुन्न जहाँ जस्तो छ त्यस्तै नै वेदको अर्थबोध गर्न गराउन सके मात्रै सबैको कल्याण छ।

मन्त्रको अर्थः

हे स्व प्रकाश स्वरूप आदित्य देव। श्रीः=चपलाजन आश्रयणीया लक्ष्मी तथा सौन्दर्य (शोभा) ते=तपाइका, पत्न्यौ=जाया स्थानीय छन्; जहाँ सुन्दरता, कोमलता, मृदुता, शीतलता, ऐंकान्तिकता र पवित्रता छ त्यहीं लक्ष्मी निवास गर्दछिन्। त्यहाँ उनको शोभा पनि हुन्छ नै। च=र। अहोरात्रे=दिन र रात, पार्श्वे=दुईकोल्टे छन् (एउटा कोल्टोमा प्रकाश र अर्कोमा अन्धकार छ)। नक्षत्राणि=सर्वत्रव्याप्त आकाशमा रहेका नक्षत्र गण। रूपम्=तपाइँको स्वरूप हो। (ती सबै नक्षत्र तपाइँबाटै प्रकाशित छन्।) अश्विनौ=स्वर्ग र मर्त्यलोक, ते=तपाइँको, व्यात्तम्=मुखमा व्याप्त छन्। इष्णान्=कर्मफलको इच्छा गर्दै। इषाण=इच्छा गर्नुहोस् अमुम्=स्वर्गलोक, मे=म उपासकको लागि। इषाण=इच्छा गर्नुहोस् अर्थात् मेरो लागि परलोक गति राम्रो होस् भन्ने अमोघ इच्छा गर्नुहोस्। सर्वम्=म सर्वलोकात्मक हुँ अर्थात्– म मूक्त हुने इच्छा, मे=मेरो लागि। इषाण=इच्छा गर्नुहोस्॥ २२॥

सरल अर्थः

श्री र लक्ष्मी, शोभा वा कान्ति र सम्पत्ति यी तपाइँ आदित्यनारायणको पत्नी रूप हुन्। दिन र रात दुवै तपाइँको दायाँ-बायाँ भएर रहन्छन्, तपाइँको रूपले नै नक्षत्र रूपवान् छन्, स्वर्ग र मर्त्यलोक तपाइँको शरीरको रक्षकत्व रूपले सावधान भएर तपाइँमा दृष्टि दिई व्याप्त भएर रहेका छन्। यदि तपाइँले इच्छा गर्नुभयो भने यो लोकता तपाइँकै इच्छानुगत भएर रहेको छ। यति मात्र होइन सम्पूर्ण लोक नै तपाइँको इच्छानुगत छन्। म उपासकलाई ब्रह्मलोक प्राप्ति होस् (मुक्त हुँ) सर्वत्र तपाइँ नै रहेको मैले अनुभव गरौं॥

○

"हे देवी सबै किसिमका विद्याहरू तपाइँकै विभिन्न रूप हुन्। संसारका सबै स्त्रीहरू तपाइँकै प्रतिमूर्तिहरू हुन्।"

॥ दुर्गा सप्तसती ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनौठो दीक्षा

–फणिन्द्र प्रसाद निरौला

विश्वमा एकमात्र हिन्दू राष्ट्र नेपाल भाषा साहित्य कला संस्कृतिमा आधारित वैदिक सिद्धान्तका आधारमा जलचर, थलचर, स्थावर जङ्गम, किट पतङ्ग, गुरूवा, कुसुण्डो, वनमान्छे, वनझाँक्री यति, हिम मानव, जडीबुटी लगायत आदि इत्यादिले गर्दा तत्वनै तत्वले परिवेष्ठित जगत हो भन्ने कुरामा विश्वास लिन सकिन्छ।

ओखलढुंगा माझ किरात रावाखोला कुभिण्डे थुम्केमा मेरो व्रतवन्धको दिन ००३ वि. सं. जेष्ठ शुक्ल पक्ष पूर्णिमाका राती मलाई दाज्यूभाईहरू सँगै सुतेको ठाउवाट कतिखेर निदाएको निदायै कुनै तत्वले उठाएर वा उडाएर लगेछ। ब्यूँझदा अनकन्टार वनको सुनसान वादर लड्ने पहराको ओर्लने उक्लने बाटो समेत नभएको अध्याँरो गुफामा लगेर राखेको रहेछ। आफ्नो घरको वाटो, दुरी र दिशा पत्ता पाउन सकिएन।

मन मष्तिस्कमा शुन्यदेखि चट्याङ सम्म वज्रन्थे। आफ्नो गतिमा आफै चकित थिंए। डर, त्रासले काँप्दै म रोएछु। रोएछु सुस्तरी अनि वेस्करी। यसरी रोएको देखेर मान्छे भन्दा अग्लो मान्छे जस्तै मान्छे भन्न पनि नसकिने मान्छेको आकृतिको छ। शरीर भरी खैरा भूल्लैभूत्लाले छोपिएको वनमान्छे जस्तो, लुगा नलगाएकोले मलाई फकाउंदै केही फलफुल खान दियो। इसारा र बुझिने भाषामा संझाउदै नरोउ भनि आँसु पुछि दियो। म रण भूल्ल भएँ। सत्य तथ्यको केही वोध भएन।

रातको समयमा मन्त्र, तन्त्र, यन्त्र, ज्योतिषको शिक्षा र जडीबुटी, ढयाङ्ग्रो, डमरू दिएर उसैको तालमा काम्ने, नाच्ने, गाँउने, हास्ने र हँसाउने गरि भुलाई दियो। विर्सेछु घरपनि। उसैसंग यस्तै कार्यमा व्यस्त रहें। कहीं कतै आउन जान वन्द थियो।

उ वाहिर जादा अँध्यारो हुन्थ्यो। आउँदा उज्यालो हुन्थ्यो। ल्याएर दिएको खाइन्थ्यो। एक दिन यसै गरि हाडेलसुन जस्तो गानु खान दियो खाँदा पिरो भएर खान सकिएन। खान नसके वापत कुटाई पनि खाइयो। ३ दिनमा एक पटक छहरा जस्तोमा नुहाउन पाइयो। अरु केही जान्न सकिएन। राती–राती मन्त्र, विद्या पठाउने र बाजा वजाउन सिकाउथ्यो। सवैको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपकार गर्ने अर्ति दिन्थ्यो । भनेको कुरा नमान्दा कुटाई खानु पर्दथ्यो । केटाकेटी अवस्था डर पनि लाग्ने, सोध्न पनि नसकिने जे भने पनि मान्नै पर्ने । पढाएको कुरा एकै पटकमा कण्ठ गर्नू पर्दथ्यो । धेरै जसो कन्ठ पनि हुन्थ्यो । सकेको कन्ठ पनि गरियो, केही बिर्सियो संझे अनुसारमात्र जानकारी दिने जमर्को गरेको हुँ ।

घरबाट लिएर गएको ९ दिन पछि मन्त्र, तन्त्र, यन्त्र, ज्योतिष, जडीबुटी, ढ्याङ्ग्रो, डमरू आदि दिदै रोगी र दुःखीको उपकार गर्नू, भनेका र सिकाएका कुरा नबिर्सनु, कर्म गर्नू रोग, शोक निदान हुनेछ भनेर सोही राती नै पहिले सुतेकै जसरी घरमा ल्याई सुताई दियो । कसरी, कताबाट ल्याई कहाबाट घरभीत्र पुऱ्यायो म भन्न सक्तिन । भोलीपल्ट हराएको छोरा शरीर भरी काँडाले कोरिएको र झ्याउ लहरा वेहरा लागेको ओछ्यानमा देख्दा आमा अचम्म पर्नू भयो । आमाले नुहाई दिई तेल घ्यूले मालिस गर्दै चुप्प-चुप्प म्वाईं खानु भयो ।

घर परिवार छर छिमेकमा भएका वेली विस्तर लाएँ । आदेश बमोजिक आजका दिनसम्म कर्म र सेवा गर्दैछु ।

"मान्छेले मान्छे लाइनै ठगीगर्छ त्यसमा अर्को वस्तुले मान्छेलाई सताउँदैन ठग्दैन काट्दैन र दाश वनाउँदैन मान्छेले दानवको मति लीएर दैवी वज्रको वेग नपुग्ने गरी मान्छे माथिनै हुनहारको दूःखमय पञ्जरमा पारी आपनो स्वार्थ पूर्तिगर्छ । त्यसैले संसारमा जे जति प्राणीहरूछन ती प्राणी मध्ये सबभन्दा मूर्ख प्राणी मान्छेनै हो"

—अर्जुन विरक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो आर्ष भूमि

– रत्ननिधि रेग्मी

हाम्रो देवल विश्वशान्ति पथको निर्माणको यो घर
भत्किन्थ्यो किन युद्धवाट सजिलै नाघेर विश्वस्तर, –
यो हो आर्यपना, सनातन लिने, जाज्वल्य ज्योति छुने
हाम्रा शङ्कर-पार्वती मनभरी आएर आभा दिने ।

हामी विन्दु र सिन्धु हौं, जगतका सोत्पत्तिका सत् कला
हामी शाश्वत घाम-पुञ्ज किरणी वल्ने उज्याला खुला
ऐले आर्य-अनार्य जात जतिको साझा छ यो देवल
हाम्रा देव र देवताहरू सबै छन् हामिमै निर्मल ।

हाम्रो गान, बजान आद्य डमरू सङ्गीत-साहित्यको
हाम्रो वेद-विधान उच्च-तहको हो भेष प्राचीनको
हाम्रो मन्त्र र आशयँ छ सवको रक्षार्थमा तत्पर
हामी शान्ति र कान्तिका अवनिका खम्बा न हौं आखिर ।

हाम्रो देश सफा सधैं पृथिविको हो उच्च यो संस्कृति
आएनन् यसभित्र द्वेष नमिठा काला कुरा विकृति
जे होस् आखिर चढ्दछन शिखरका कैलाशका मास्तिर
हाम्रो आर्यथला विशाल बिजुली वाल्छन् अँध्यारो तिर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो पावन पुण्य योग्य भूमिमा को बन्छ जाली, छली ?
सारा सत्य उठेर बर्जिन सके, दुष्कृत्य जान्छन् ढली
मर्छन् रोग, निरोघ गर्छ बुटिले श्री भस्मले लेपन
गर्छन् धर्म-विरोध, शोधहरूले पार्छन् शयौं कम्पन ।

हाम्रै तीर्थ र धामका नजिकमा छन् सौम्य वन्यस्थली
छन् ओंकार-प्रकार भित्र त्यसमा आकाशका मञ्जरी
यौटै शङ्कर देव-देविहरूका हुन् आर्यका द्योतक
हामी हौं तिनबाट शान्ति पथमा लाग्ने स्वयम् प्रेरक ।

हाम्रा सम्पति छन् विशाल वनमा भू-गर्भका वक्षमा
हामी छौं धनधान्ययुक्त र सफा सत्कार्यका पक्षमा
मर्छौं धर्म र कर्मले, वचनले सेवी सबैको बनी
राख्छौं रक्षित यो हिमालमुनिको हो देश साझा भनी ।

★ आत्मा एउटै हो सबै प्राणीको यो संसार सञ्चालन गर्ने पनि एउटै छ त्यो परब्रह्म स्वरूप तत्त्व हो जो ब्रह्माण्डमै घुमिरहन्छ ।

★ यो प्रकृतिमा रङ्गमञ्चको वर्णन गर्न र यथार्थ पत्ता लगाउँन कसैले पनि सक्तैन र प्रकृतिलाई जित्न सक्ने पुरुष र स्त्री कोही जन्मन सक्तैन ।

–अर्जुन विरक्ति

★ एकाग्रमै बुद्धि र विवेक चियाउँछ ।

–भिष्म जिज्ञासु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामायणकाल पछि पनि कैयौं राम र रावण छन् हुँदैरहन्छन्

–प्रा. ऋषिराम पोखरेल

ए ! १० बजे र २५ मिनेट गइसकेछ । अब सुत्नुपर्छ । भोली रात झन् रामायणको सत्रौं शृङ्खला आउँछ । निदाउन पाइन्न । आज धेरै रात बस्नु ठीक भएन । चाँडै सुतौं क्यारे ! टाउको पनि अलि अलि दुखेको छ ! । जुरुक्क उठेर ढोका बन्द गरें । ओछ्यानमा बसें । एक मनले एक चिलिमतमाखु खाएर सुतौं भन्यो तर अर्को मनले भन्योहैन त्यो नाथे तमाखु न खाए पनि त निन्द्रा आइजान्छ नि ? । ठीक हो तमाखु नै खानु पर्छ भन्ने के छ र ? । एक पटक पानी त खाऊँ ? । अंखोराको पानी १ चौथाई घुट्क्याएर पल्टी सिरकले छोपिएर हात लम्काई बत्ती निभाउँछु । अनि सुत्ने बेला द्वारकावासीलाई संझन खोज्दा अयोध्यावासी रामलाई संझन पुग्छु । राजा नभएको मुलुकमा बस्नु हुँदैन भन्ने बचन संझन्छु । साथै रामले रावण मारेको पनि संझन्छु । रावण पनि कम थिएन उसको घूनमा । तर रामको नाम चाहीं अमर छ । सबै रामकै नाम लिन्छन् ता पनि रामकथासँग रावण त बाँचेकै छ । फरक के त दुवै अमरै त भए ? ।

तब म सोच्छु रामको नाम लिंदा श्रद्धा हुन्छ । रावणसँग घृणा, अश्रद्धा हुन्छ । राम जस्तो हुन मन लाग्छ । रावण बन्न मन मान्दैन । किन र ? आखिर प्रसिद्धि त दुवैको उत्तिकै त छ नि?। होइन, होइन ? म मेरी छोरीबेटी अरूले जवर्जस्ती हरेर लगेको हेर्न रुचाउँदिन । रावण बने पछि मैले पनि अरूको छोरी बेटीमा बलात्कार गर्नु पर्दछ । शोषण, अन्याय र अत्याचार गरी ढुकुटी भर्नु पर्दछ र सूनै सुनको लङ्का बसाउनु पर्छ । तर नाइँ सुवर्णप्रिय बन्नुनै पऱ्यो । अथवा राम आएर मलाई मारे भने के गर्नु नि ? । भैगो रामै बन्नु पर्ला । तर खै ? राम बन्ने अनुशासन म सँग छ त ? राम बन्ने रहर मात्र गरेर कहाँ सम्भवछ ? । काम पनि त रामकै जस्तो गर्दै जान पऱ्यो ?

रामायणकाल ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलाई निन्द्रा आएन। अर्को कोल्टो फर्कन पनि भएन । किन भने राती सुत्ने बखत देब्रे हात थिचेर याने देब्रे कोल्टो परेर सुत्नु पर्छ । पाकस्थलीलाई पाचन क्रिया गर्न सजिलो पर्छ । अनि रातभरमा मेरु पर्वतको प्रदक्षिणा गरेको पुण्य पनि पाइन्छ । मेरु पर्वत देवमन्दिर हो । देव भूमि हो । तेत्तीसकोटि देव-देवीको प्रदक्षिणा गरेको फल पनि मिल्ने स्वास्थ्य पनि ठीक रहने भएकोले म पहिले नै देब्रे कोल्टो परेर सधैं झैं सुतेको छु । अर्को कोल्टो किन फेर्ने ? । अब फेरि मनले राम र रावणको अन्तर खोतल्न थाल्यो । दुवैको चरित्रको यथामति तुलना गर्दै गएँ । रावण आफ्ना छोरा, भाई, बन्धु बान्धव सबै रामबाट मारिए पछि पनि रामलाई मारेर सीता र मन्दोदरी रानी तुल्याई लङ्काको सुख भोग गर्न खोज्छ । तर राम चाहीं चारै भाइ नङ मासु झैं एक अर्काको बखान गर्दछन् । एकको अभावमा अर्को पानी विनाको माछो झैं छटपटिन्छ । राम एक पत्नी व्रती र सत्य प्रतिज्ञ छ । तर रावण परपत्नीमा लोभ गर्छ । परधनमा लालची छ । दाजु कुबेरलाई लुटेर पुष्पक विमान र लङ्काको राज्य हडप्छ । उता एउटा भाइ राज्य दिन्छ, अर्को भाइ फिर्ता गर्दछ । स्त्री चरित्रको माया जालको केहीं जोर चल्दैन । १ दिनमात्र निश्चित १४ वर्ष भन्दा बढी भएमा अग्नि प्रवेश गर्न भरत तम्सन्छन् । आखिर त्यो पनि त सौतेलो भाइ नै थियो तर खै त ? त्यसलाई त्यो भेदबुद्धि आएन ? । रावण नाता-गोताका भरमा मन्त्री, सेनाप्रति लगायत राष्ट्रका बडे बडे ओहदा दिन्छ । उसकी बैनी शूर्पनखा, खर, त्रिशिर, दूषण, ताटका, मारीच, सुवाहु आदि सबै धर्म कर्म, यज्ञ-अनुष्ठान, सेवा उपकारको बदला ती सत्कार्यको नाश गर्दै हिंड्छन्, तर रामका मन्त्री, भाइ भारदारमा राज़भक्ति, जनभक्ति र कर्तव्यनिष्ठाको त्रिवेणी छ । राम पक्षका प्रत्येक पात्र सच्चा, इमान्दार र अनुशासित छन् तर रावणतिरका पात्रमा चाहीं मर्यादा छैन । भाई-भाइमा फूट, झूट र करतूत मिसिएको छ । लङ्कामा सर्वत्र शङ्का, त्रास र जलन छ । अन्याय र अत्याचार गरी निमुखा तपस्वी समेत लुटेर, तिनीहरूको रगत र पसीना समेत हरणगर्छ रावण तर राम ती वनवासी तपस्वीहरू, दुःखी, शोषित-पीडितहरूको रक्षा निम्ति सागरमा समेत पुल बाँधेर लङ्कापुगी विश्व सम्राट् रावणसँग मामूली बानर र भालुका फौजलिएर लडी विजय प्राप्त गर्दछन् । लक्ष्मण मूर्छा हुँदा राम पनि मर्न तयार हुन्छन् । भाइ न भएको, बन्धु नभएको देश स्वर्ग पनि तुच्छ मान्छन् । उता रावण चाहीं कुम्भ कर्णमरे पछि पनि रामसँग लड्दै हुन्छ ।

रावणलाई आफैं मात्रमा पनि बाँच्ने र नाच्ने इच्छाले बचाइएको छ । कवि शिरोमणी लेखनाथको तरुण तपसीभित्रको दुर्जन राढ झैं होम साधनामा लागेर रामलाई जित्ने रहर अझै पनि गर्दै रहन्छ । म विचार गर्दा गर्दै उठेर वस्छु र लेख्दै जान्छु सुरुदेखिकै कुराहरू । अनि कवि वाल्मीकिको चमत्कारले राम र रावणको व्यक्तित्व उत्तर र दक्षिण ध्रुव झैं विपरीत अथवा भनौं रात र दिन झैं वेमेलको बानाएको हो भन्ने ठान्न पुग्छु । कविले पक्षपात गर्न न हुने हो । तर-तर फेरि म संभालिन्छु । हैन आदि कवि यथार्थ हो । उसले जो जस्तो छ, उस्तै देखाइदियो । राम र रावणको बीचमा रोजाई पाठकको हो । हुन सक्छ यहाँ संसारमा रावणलाई मन पराउने पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै छन् र त आज यहाँ यत्रो शोषण, अन्याय र अत्याचार व्यभिचार, पापाचार, दुराचार, भइरहेछ। रामको अवतरणलाई साधु सन्त, दीन-दु:खी, सीधा-सादा, निर्धन-निर्बलले पर्खि रहेछन् । हो त नि? मरेर स्वर्ग जाँदा पनि आफूसँगै जान खोज्ने जनतालाई स्वर्ग लाने वाचुन्जेल पनि जनताकै निम्ति बाँच्ने राजारामलाई को न रुचाउने होला ? तर पनि रावणलाई चाहीं राम मन पर्दैन नै । किनभने रामसँग हैन रामभित्रको विश्व बन्धुत्व, सह- अस्तित्वसँग रावण विरोध गर्दछ । लोकलाई दु:ख र कष्ट, शोषण र उत्पीडनका क्रन्दन, आर्तनाद गराउनाले उसको नाम रावण (रुवाउने) र लोकलाई आनन्दित पार्ने हुँदा राम (आनन्ददिने) नाम रहन गएको तथ्य रामायणका प्रत्येक पाठकलाई थाहा हुनु पर्दछ भनेर नै वाल्मीकिले नामवाटै उसका चरित्रको पहिचान दिएका छन् ।

अब चाहीं म निदाउन पुरै विर्सीसकेको हुन्छु । एकरात न सुतेर के हुन्छ र ? । विचार आउँछ भने त्यो किन दबाउने । मौकामा १/२ गाग्रा पानी भरी राखे धारा सुकेको बेला, अथवा मरुभूमिमा त काम आउन सक्छ नै । सो नभए पनि यात्रीबन्धुहरूको तीर्खा मेट्न त काम लाग्छ नि ? । जे होस् धनले पदले, प्रतिष्ठाले, धाक-धम्कीले, लाठीमुग्री गर्ने लिडे शक्तिले, थिचो मिचो गर्नेले पनि रावणक भैं जानै पर्छ । विश्वमा रामायण पछि पनि त कैयौं राम रावण भएर गइसकेका छन् । हुन त राम पनि जानु भो–रावण पनि । तर रावण जाँदा बन्धु-वान्धव, सहयोगी, मित्र आफन्त सबैलाई पैले मराएर स्वास्नीलाई विधवा पारेर, स्वदेशलाई तहस-नहस पारेर गयो तर राम चाहीं ठीक त्यसको विपरीत हाँसीखुशीले छोराहरुलाई उत्तराधिकार दिई विश्वभर सुनाम र सुव्यवस्था बाँधी, धर्म पत्नी अगीलाई भाइबन्धु र स्नेही एवं इच्छुक जनता समेत लिएर सदेह स्वर्ग जानु भो, कसको ज्वाई राम्रो त ? ।

मलाई कुत कुती लागि नै रह्यो आखिर रावणत धनी थियो किन उसले कवि, लेखक, विद्वान र दार्शनिक भएर पनि भौतिक वादी बाटो लिएर आध्यात्मिक पक्षलाई सधैं कुल्चिई राख्यो ? के उसले कुनै कवि लेखकलाई धन पद प्रतिष्ठा र शक्तिको भरमा किनेर आफ्नो नाम कवि, लेखक र दार्शनिकको रूपमा चिनाउन सक्दैन थियो र कुरा ता हो, तर उसबेलाका कवि लेखक किनिदैन थिए होलान् ? नत्र त देवगुरुले नै लेखे दैत्यगुरु र शण्डामर्कत्तो थिए नि तर। तिनीहरूले पनि त्यति लेखेनन् म तर्क वितर्क गर्दै रहन्छु। एक छिन पछि सोच्छु। "भोली जे सुकै होस्, आजै अहिल्यै खाऊपीऊ, मोज गर" भन्ने चार्वाक् चारुवाक् मिठो वचन बोली नास्तिक दर्शनको अनुयायी भएर शरीर र यसको अस्तित्व भएसम्म मात्रको संसार हो भन्ने मूर्ख कोरो भौतिकवादी रावण थियो । यसकारण उसले भोली के हुन्छ न सोचेको हुनुपर्दछ । अथवा भनौं जो भोली सोच्दैन, भविष्य निर्माण गर्दैन उ रावण हो । भूतलाई हेरी वर्तमानलाई राम्ररी सपारेर भविष्यलाई सुन्दर शान्त, बिशाल र शिवमय बनाउने व्यक्तित्वको प्रतीक राम हो ।

ज्ञान-विज्ञान समन्वयवादी आध्यात्म प्रदीप वाला सोच्दा सोच्दै म टुङ्गोतिर पछि लाग्छु । रामचरित्र नै मलाई मन पर्छ भन्ने धेरै छन् । सम्भवत: सबै छन् । वस्तुत: भित्रभित्रै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रावण भए पनि खुल्ला रूपमा राम बन्न खोज्ने चाहीं आजको दुनियामा छैनन् नै भन्ने र किटान चाही गर्न गाह्रै छ। वालकँकालदेखि रामचरित्र पढ्दै, सुन्दै, गुन्दै र जीवनमा त्यसलाई व्यावहारिक रूपमा उतार्दै जादा राम्रो हुन यस जुनिमा न सके पनि रामको सेवक अनुयायी भएर विश्व शान्तिको सास फेर्न त अवश्यै पनि सकिन्छ नै भन्ने विश्वास लिएर विश्वका तमाम बालवालिकालाई बालविज्ञान वालकथाका रूपमा रामायण र महाभारत अनुवाद गरी पढाउन विश्व संस्था युनेस्कोले सन् १९७३ फरवरी, मार्च ताका सर्व सम्मतिबाट गरेको निर्णय झलक्क सम्झन्छु। आदि कवि वाल्मीकिले भौतिक र आध्यात्मिक दुई मार्गलाई चिनाई दिएका हुन्। यी दुईमा जुनबाटोबाट इच्छा छ हिंड तर लडखडाउन चाहीं पटक्कै हुँदैन।

विश्वमा रोजाई आफ्नो, सोचाई आफ्नो अवश्य हुनु पर्दछ। किन भने चरित्र शिक्षाको धनी रामायण विद्याको खानी वेद भए झैं मानिस विश्वको श्रेष्ठ चिन्तनको धनी छ, उसको स्वतन्त्र चिन्तन मनन, अभिव्यक्ति र आचरणलाई छेकेर थुनेर सकिदैन। वेदे लगायत सनातनी हिन्दू धर्म र दर्शन स्वतन्त्रतावादी सनातन नीतिशास्त्रमा –"येनेष्ट तेन गम्यताम्" भनिएको कुरा विश्वकै निम्मि साह्रै घत लाग्दो भएको हुनु पर्दछ। यी नै सबै कुरा उतार्दा उतार्दै मसी सकिएर आयो के राम कथाको सारांश पनि करीब करीब पूर्ण भए झै भयो होला। निद्रा देवी प्रसन्न भएर मेरा परेला बटार्दै पाल्नु भएको अनुभव हुन्छ। तेतिखेर मैले सोच्न, देख्न र लेख्न सकिन। रातको १/१५ बजेको सम्म सम्झन्छु। त्यसपछि चाहीं अनि कुन्नि के भो विज्ञ पाठकहरू स्वयं नै बुझ्नु हुनेछ।

श्रीराम शरणं समस्त जगतां
रामं विना का गतिः।

卐

---

१) "यो संसारको सृष्टि सूक्ष्म तत्वबाट भएको छ। सूक्ष्म नै ठूलोको पिता हो र सृष्टिकोक्रममा चेतनाको पिता जड हो, किनकिं संसारको सृष्टिको प्रक्रियालाई अघि बढाउन जडकै ठूलो महत्त्व छ। जीवको मृत्यु हुँन्छ तर जडको मृत्यु छैन, अविनाशी छ।

त्यसैले– प्राण नभएकोले नै संसारको पालन र लय गरेको छ। संसारको सृष्टि गर्ने निर्जीव हो। कुनै पनि प्राणीको जन्महुँदा सूक्ष्मकै महत्त्वले ठूलोको रूप लिएर पैदा हुन्छन् र मृत्यु निखन्दा ती सूक्ष्ममै गएर लीन हुन्छन्। किन्तु–यदि प्राण भएकोले संसारको सृष्टि गरेको भए त्यो पनि नाश हुन्थ्यो तर प्रकृति अविनाशी छ त्यसैले यो निर्जीव छ।

अर्जुन विरक्ति

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—स्व. पूर्णप्रसाद ब्राह्मण

साहित्यिक एवं राजनैतिक पथ-प्रदर्शक श्री ब्राह्मण एक परिचय

—अर्जुन विरक्ति

स्व पूर्णप्रसाद ब्राह्मण र स्मृति समारोह जन्मः वि. सं. १९७९ आषाढ शुक्ल एकादशी गोरखा काफल डाँडा निधनः २०४६/२/३२ को प्रभात कालीन समय त्रि. वि. वि. शिक्षण अस्पताल महाराज गञ्ज, काठमाडौं ।

"ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत्"

जो, जे यस संसारमा छ त्यो परमात्माबाटै ओत प्रोत भएको हुन्छ । आज जो हाम्रो सामु हुनुहुन्न उनैको सम्झनामा हृदयका धड्कनहरूलाई धैर्य गराई सानो जानकारी दिने जमर्को गर्दै छु ।

सच्चा ब्राह्मण स्व. पूर्णप्रसाद ज्यू सँगको मेरो वसउठ २०३१ सालदेखि नै भएको हो । उहाँ भाषा, साहित्य कला र संस्कृतिप्रति अति नै माया ममता र श्रद्धा गर्ने पथ-प्रदर्शक हुनुहुन्थ्यो । म पनि पूर्वीय दर्शन, भाषा, साहित्य, कला र संस्कृतिप्रति आस्था राख्ने लेखक भएको हुँदा उहाँको र मेरो अत्मीयता गौण रूपमा थियो । तापनि उहाँ मलाई अति नै माया गर्नु हुन्थ्यो ।

जीवनलाई आशापूर्ण हथियार बनाएर उहाँ सदैव "जयतु संस्कृतबाट प्रेरित हुनुहुन्थ्यो" । राष्ट्र, राष्ट्रियता र राजमुकुटप्रति आस्था राख्दै जनहितको रक्षा गर्ने लक्ष्यपूर्तिको लागि आशापूर्ण भविष्यको चिन्ता गर्दै "तन्मे मनः शिव संकल्पमस्तु" प्रण गर्दै भद्र भावनाले– भद्रभाषामा आर्ष तत्त्व र साहित्यिक कृतित्वहरू प्रदान गर्दै भयरहित छहारीको विश्राम दिन खोज्नु हुन्थ्यो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्रान्तिको लागि उहाँ भौंतारिनु हुन्थ्यो । जीवन यात्रामा अधिक वर्षसम्म ज्ञानको उत्कृष्ट उन्नति पुष्ठि दृढता प्राप्त गर्न र आनन्दमय साहित्यको खोजी गर्न सबै सामु राष्ट्र भावले विभूषित हुनु हुन्थ्यो । मङ्गलको लोभले पुरुषार्थ गर्नुहुन्थ्यो भौतिक सुविधामा भोको नभएर । जसको रक्तमा आशा र उत्साहको खोजी थियो । आशा आकाश कुसुममा आधारित भयो किन्तु: ज्ञान युक्त कर्ममा आधारित हुने प्रभातको पुरुष अरण्य-रोदन गरेर जीवन बिताए आफ्नो मृत्यु निखने बन्धकी राखेको काललाई निखनेर उत्साह अभिलाषाहरू सपना बनाएर आशापूर्ण भविष्यको पर्दा खस्यो असन्तोष नै असन्तोष थुपारेर ब्राह्मण ज्यू प्रकृतिमा बिलानुभयो । उहाँलाई अलिकति चिन्ता पर्‍यो कि विरक्ति शर्मा जी ! बझाङ्गी फयाँलजी, भाइसाहब जी भनेर मेरो डेरातर्फ आइपुग्नु हुन्थ्यो । म उहाँका जान्थे– जोगीको घरमा पाहुना भएर । उहाँ मकहाँ आउनु हुन्थ्यो जोगीको घरमा भिक्षार्थी बनेर यसरी नै म उहाँसँग भाषा, साहित्य र संस्कृतिको लागि तराई र मधेश गरिहिड्थें । उहाँ, पनि मलाई लिएर हिड्न खुशी हुनुहुन्थ्यो र धेरै जसो उहाँ नारायण शर्मा न्यौपाने दाज्यूलाई र बद्रि चन्द्र खनाल दाज्यूलाई लिएर म कहाँ आउनु हुन्थ्यो । म उहाँको अनुरोधमा आफ्नो कथा, कविताहरू सुनाउथें, उहाँ पनि मलाई आफ्ना रचना सुनाउँदै टिप्पणी गर्न लगाउनु हुन्थ्यो र ऋषि, महर्षि, बुद्ध, क्राइष्ट, कवि म. वी. वि. शाह, गान्धी, विनोबा भावे, कार्ल मार्कस, लेनिन जस्ता पथ-प्रदर्शकको कुरा कानी गर्नु हुन्थ्यो र केही न केही कार्यक्रम सभाहरू गर्नमा रुचि राख्नु हुन्थ्यो र भन्नु हुन्थ्यो "निराश नहुँनु विरक्ति भाइसाहब ! हाम्रो समय आउँछ भनेर" मलाई धैर्य धारण गराउनु हुन्थ्यो । म मुटु र पेटको रोग, ग्रस्त हुँदा उहाँलाई साह्रै पीरपरेको थियो र कति दिन त उहाँले नै डा., वैद्य कहाँ मलाई पुर्‍याउनु भयो ।

उहाँ म संग भाइको नाता राख्नु हुन्थ्यो, मलाई सुख दुःखमा मायागरेर ब्राह्मणलाई ब्रह्मश्व लाग्दैन भनेर आफूसँग भएको रुपैयाँ पैसा मलाई दिएर जानु हुन्थ्यो र कहिले कांही उहाँसँग पैसा नभएको बखत "विरक्ति भाइसाहब ! मलाई औषधि खाने खर्च पनि छैन भनेर भन्नु हुन्थ्यो म दिन्थे । कतै गएर आउँदा सर्वप्रथम मलाई भेटेर घण्टौ-घण्टा मेरो डेरामा बसेर साहित्यिक र राजनैतिक कुरा गर्नु हुन्थ्यो र सान्त्वना दिनु हुन्थ्यो । म पनि त एक साहित्यिक एवं राजनैतिक राष्ट्र प्रेमको तत्वबोध जिज्ञासु भएकोले भाइसावलाई 'मैले गरेर हुँनि सहयोग गरौंला' भनेर हुतासिएको 'पीडित म अर्जुन शर्मा विरक्तिलाई' ब्राह्मणज्यू आशावादी माला गाँस्नु हुन्थ्यो र मलाई फूर्लुङ्ग पार्नु हुन्थ्यो । तर उहाँको जिज्ञासा र आशावादी हथियारमा चुल्हो सधैं सीम हुन्थ्यो । उहाँको नीधन अघि एक महिना पहिला उहाँको र मेरो भेट भएको थियो । त्यतिखेर मैले उहाँलाई जापानिज डा. र कोरियन डा. कहाँ पुर्‍याउँन मद्दत गरेथें र उहाँकै कोठामा औषध खर्च छैन भन्ने उहाँको वाक्यले निराश भएर म जस्तो पीडितबाट केही हप्तालाई पुग्ने औषध खर्च छोडेथें । त्यतिखेर बद्रिचन्द्र खनाल हुनुहुन्थ्यो । मैले "आँसु आश लिएर" नामको कविता पढी सुनाएथें । त्यस्तै अन्तरालको पश्चात म पनि मुटु र अलसरले गर्दा ग्रस्त भई २०४५/१२/२१ देखि अस्वस्थ्य भएकाले आफै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औषध गराउदै थिएँ । त्यतिखेर कवि एवं कलाकार जीवन आचार्य, भूपि शेरचन, पूर्ण प्रसाद ब्राह्मण र म श्वास, प्रश्वास, मुटु र अल्सरको रोग हामी ४ जना लेखकलाई मात्र लागेकोमा जीवन आचार्यजी विते ब्राह्मण ज्यू विते, भूपि विते म चैं मृत्यु निखन्न नसकी आजसम्म जीइरहेछु । ब्राह्मण वितेको खबर थाहा पाएँ । 'मनो अस्ति श्रुतं बृहत्' भनेर चीर निद्रा अंगालेका ब्राह्मणको आशापूर्ण महत्त्वको पर्दा खसेर विश्रान्ति पाएको बुझें– अतितको याद गर्दै गएँ । ब्राह्मण ज्यूले 'सत्या मनसो मे अस्तु' गरेको बुझें । उनले आफ्नो कामना पूरा भयो भन्ने बुझाएर हामीलाई टुहुरो पारेर प्रकृतिमै लीन भएर सेवाको लागि निराशावाद चिन्ता शक्तिबाट आनन्द प्राप्त गरे । उहाँ मलाई बारम्बार भन्नु हुन्थ्यो 'विश्वाहा वयं सुमनस्य माना : अश्मा भवतु' हाम्रो शरीर पत्थरको समान छ आदि।

उहाँले राष्ट्र सेवामा र समाज सेवामा आफ्नो जीवनलाई आन्तरिक मुक्ति र वाह्य मुक्ति प्राप्त गर्नु भएको छ । यही तथ्यलाई हामीले ग्रहण गरी उहाँलाई राष्ट्रिय विभूतिको रूपमा सदा सर्वदा मान्यता दिंदै ब्राह्मणज्यूको योगदान र उहाँका अप्रकाशित कृतिहरूको प्रकाशन गराउँदै परिमार्जन गर्ने कुरामा हामी पछि नहटौं । किन्तु: उहाँको प्रेरणा र शुभ चिन्तन हामीमा दान भएको छ । फलाउँने फूलाउँने कर्तव्य हाम्रो र हामी पछीका नवीन वर्गमा छ ।

अतएव: अतीतलाई क्रमवद्धता नियमित रूपमा राख्ने पुस्ताको आवश्यक सबै पक्षबाटै इतिहास बन्दछ । त्यसैले यस्ता विद्वानको कृतित्व र व्यक्तित्वको संरक्षण सम्वर्द्धन गरेमा सम्वद्ध रहेका स्व. पूर्ण प्रसाद ब्राह्मणको सामन्य परिचयको प्रस्तुति गरिएको हो । हुनत दिवंगत घेरै भए, ब्राह्मणकै किन ? भन्ने प्रश्नै आर्ष वाङमय हो .... ---। आर्ष वाङमय जस्तो वैदिक एवं धार्मिक पत्रिका प्रकाशन गर्ने विषयलाई लिएर म अर्जुन विरक्तिको संयोजकत्वमा विभिन्न विद्वान एवं त्रि. वि. वि. रं अन्तर्गतका प्राध्यापकहरू, वालिमकी विद्यापीठका प्राध्यापकहरू समेत भएको विचार गोष्ठीको आयोजना गरिएको कार्यक्रमबाट निर्णय भए भनुसार आर्ष वाङमयका तर्फबाट पथ-प्रदर्शक श्री पूर्णप्रसाद ब्राह्मणलाई प्रमुख सल्लाहकार राख्ने निर्णय भए अनुसार श्री ब्राह्मणज्यूलाई आर्ष वाङमयको प्रमुख सल्लाहकारको रूपमा रहनु हुँदै, हाम्रो प्राचीन संस्कृत क्षेत्रमा हिम्मत नहार्ने जोश र आशाको होस लिएर बाँचेका एक राजनीतिज्ञ एउटा राष्ट्र सेवक, एक अद्वितीय प्रतिष्ठित लेखक हुन् । उहाँको कृतित्व एवं व्यक्तित्व निम्न प्रकार छ–

पिता– पं. देवीदत्त शर्मा दुवाडी, माता रूक्मिणी देवी शर्माको गर्भबाट पैदा भई भाषा, साहित्य र संस्कृत साहित्यको क्षेत्रमा अविराम गतिले सेवा गर्दै आएका व्यक्तित्व हुन पूर्णप्रसाद ब्राह्मणज्यू ।

१. शिक्षा–मीमांसा विषय लिएर काशीको आचार्य परीक्षामा उत्तीर्ण
२. नेपाली साहित्यमा पनि प्रगतिशील रूपले धर्मप्रति माया गर्दै राजभक्त र देशभक्ति प्रक्रियामा पथ-प्रदर्शक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. २००७ मा क्रान्ति अगाडि संसदको शिक्षा सदस्य छानिनु भएको र फेरि ००७ साल अगाडिको क्रान्तिमा पनि केही भाग लिएको र प्रजातन्त्रको प्राप्तिमा योगदान गरेको ।

४. जयतु संस्कृतम् आन्दोलनमा सक्रिय कार्यकर्ता र संस्थापक सदस्य भई त्यससँग सम्बद्ध

५. निर्वाचन आयुक्त भई सेवा गरेको र राजसभा सदस्य भई राष्ट्रसेवामा अविराम गतिले योगदान दिएको ।

६. प्रजातन्त्र पश्चात राष्ट्र भाषा नेपाली हुनु पर्ने विदेशी भाषा हिन्दीलाई नेपालमा राष्ट्र भाषा गराइनु हुन्न भनेर सक्रिय रूपमा अग्रसर भई योगदान दिएको ।

७. भाषा, साहित्य, कला, संस्कृति एवं राष्ट्रका शाश्वत मूल्यको जगेर्ना गर्ने धार्मिक प्रक्रिया अनुसार गठन गरिएको यथार्थवादी मोर्चाको प्रमुख सल्लाहकार २०४३

८. नेपाल साहित्यिक परिषद्को प्रमुख सल्लाहकार २०४१

९. आर्ष वाङमय धार्मिक पत्रिकाको गठनमा प्रमुख सल्लाहकार २०४५

उहाँका प्रकाशित कृतिहरू

(१)	००३ मा एक्काइस कथा	(२)	००८ मा झिल्का
(३)	अगुल्टो	(४)	म लोग्ने हुँ ।
(५)	सत्य हरिश्चन्द्रम् (महाकाव्य)	(६)	ईशावास्य वृत्ति
(७)	तदर्थमेव	(८)	कुन्तीको समाचार
(९)	अध्यक्ष उमा	(१०)	एक कथा
(११)	राजतन्त्रं सदा जीव्यात्	(१२)	एघार कथा
(१३)	जयतु संस्कृतम् भावना कार्यन्वयन महासभाको विधान	(१४)	एकतीस कथा
		(१५)	एक्काइस कथा

विभिन्न पत्र पत्रिकामा स्वदेश तथा विदेशबाट कथा, कविता, निबन्धहरूको प्रकाश भएको अनगिन्ती रचनाहरूका साथै उहांका अप्रकाशित कृतिहरू निम्न छन्–

(१)	राम राज्यम्	(२)	श्रीकृष्ण श्रीराम चरितादर्श
(३)	राजा पुरञ्जन	(४)	कविता सङग्रह
		(५)	निबन्ध सङग्रह

समेत गरी ५ कृतिहरूको प्रकाशन हुन बाँकी छन् ।

यस्ता दार्शनिक एवं सुधारवादी संस्कृत साहित्यका अग्रगण्य कवि ब्राह्मणले सदाचारलाई मथेर नौनी लिनमात्र खोज्ने कविको शैली जोशीलो, भावपूर्ण, गहिरो र वीर रसको उष्णतामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करुणालाई वाफिलो बनाएर छलंङ्ग पारी अङ्गालेको प्रस्टै रूपमा हुन्थ्यो र मर्यादा पुरुष राम, बुद्ध युधिष्ठिर र गान्धीको आदर्शतालाई स्वीकारेर आध्यात्मिक एवं साहित्यिक यात्रा गर्नु हुन्थ्यो– त्यही यात्रामा मुटु र श्वास प्रश्वास रोगको कारण निमित्त हृदयगति बन्द हुन गयो । जीवन यात्राको क्रममा साहित्यिक फाँटका साथी सङ्गी र २ पत्नी ७ छोरा ७ छोरी समेतलाई प्रकृतिको रङ्गमञ्चमा अभिनय गर्न छोडी आफूलाई सदा दिनको लागि अभिनयबाट अन्त गरी प्रकृतिको काखमा चीर निद्रारूपी विश्रान्ति लिन जानु भयो......... ।

अन्तमा कविज्यूकै कविता

गरीबहरूको बुझन भित्री त्यो मर्म वेदना
गरीबै होउँ तिनमा मेरो होस् ईश भावना ।

हजार शत्रु हुन् मेरा, तिनको पाउमा परी,
देखाउन सकूँ चित्त शान्तिको जीवनै भरी ।

हुन आमा सौतिनी मेरी, भक्तिले ती प्रसन्न हुँन,
मैलाई अर्को जुनिमा छोरो होस् भनि संझिउँन ।।

संकष्टमय हुँन् मेरा जीवनका यी क्षण,
पाईरहुँ सधैं गर्न प्रभुको आर्त चिन्तन ।

मेरा जीवनका लक्ष्य नपुगून् कहिल्यै पनि,
पाउँ पुकार प्रभुमा गर्नलाई सधैंभरी ।

घाँटीरेटी निर्दयीका सेवामा नै वितुन दिन,
पाउँ निः स्वार्थ सेवामा आफ्नो आत्मा कजाउन ।

सुकोस् बुढ्याइँले अस्थिपञ्जर यो बाँकिहोस्,
संसारको अनित्यत्व सधैं हृदय संझियोस् ।

चलोस् संकष्टको आँधि कतै एक्लो कराउँ म,
विरक्तिले हराउन् ती जगतका ममता भ्रम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मौकामा रोग दुर्भिक्ष, आदि दुष्कर्म सूचन,
पाउँ विश्वनियन्ताको पूरा अस्तित्व संज्ञन।

वनूँ कोदो मकै फाँडो अचेतन भएपनि
भोको वर्गमहाँ काव्य अलाप्ने नवनूँ कवि

भ्यागुतो होउँ वनमा, नहुँ मानव व्यर्थमा,
कराई जल सन्देश सकूँ गर्न तृषार्तमा ।

! इति !

पुण्य स्मृति समारोह साझा श्राद्ध

सम्वत् ०४५।०४६ ताका दिवंगत भएका विद्वानहरूको सम्झनामा काठमाडौं २०४६ आषाढ २३ गते आर्ष वाङमय परिवार, नेपाल साहित्यिक परिषद्, वृ. आ. परिषद् नरहरिनाथ योगी समेत अर्जुन विरक्तिको संयोजकत्वमा आयोजना गरिएको समारोहको सभापतित्व भू. पू. प्रधान मन्त्री श्री लोकेन्द्रवहादुर चन्दज्यूबाट मृगस्थली गोरक्षपीठमा भएको थियो ।

समारोहको आरम्भमा वैदिक स्वस्तिपाठ शान्तिध्वनि र शंखनादको गुञ्जायमान गरी साहित्यिक एवं राजनैतिक महारथी स्व. पूर्णप्रसाद ब्राह्मण कवि एवं कलाकार जीवन आचार्य, स्व. कवि भूपि शेरचन, कवि कुमुद देवकोटा, संगीत शिरोमणि यज्ञराज ढकाल, कवि एवं सम्पादक काशिबहादुर श्रेष्ठ, तथा पूर्वाञ्चल क्षेत्रमा (प्रकृति प्रकोप) भूकम्पमापरि दिवंगत भएका र आंधिवेरी असीना पानीबाट दशरथ रङ्गशालामा अकाल मृत्यु निखन्नेहरूप्रति साझा रूपमा उहाँहरूप्रति पुष्प गुच्छाहरू अर्पण गरिएको थियो। वैदिक प्रक्रिया अनुसार शोकमनाउँदा तीन पटकसम्म ॐकार शब्द उच्चारण शोक ध्वनि गरेर मृतात्माको सम्झनामा विभिन्न क्षेत्रबाट आएका कवि तथा कवयित्रीहरूले आ-आफ्नो कविता पाठ गरेका थिए र विद्वान, लेखक, प्राध्यापकहरूले स्वर्गीय विद्वान कविहरूको चर्चा-परि चर्चा गर्दै– आर्ष वाङमयका प्रमुख सल्लाहकार स्व. पूर्णप्रसाद ब्राह्मणज्यूको व्यक्तित्व र कृतित्वको जानकारी गराउनु भएको थियो ।

स्मृति समारोहको कार्यक्रम भू. पू. प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्दज्यूको सभापतित्वमा भएको थियो र सो स्मृति समारोहको शोक पुस्तिकामा हस्ताक्षर गर्नेहरूमा भू. पू. प्रधानमन्त्री श्री लोकेन्द्र बहादुर चन्दज्यू, माननीय भूमि सुधार तथा व्यवस्था मन्त्री श्री जय प्रकाशज्यू, माननीय श्री दीर्घराज प्रसाईज्यू, माननीय श्री सीतादेवी गर्गज्यू, माननीय श्री सुश्री चन्दा शाहज्यू, प्रा. डा.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री दुर्गाप्रसाद दवाडी, त्रि. वि. वि. का प्राध्यापकहरू, महेन्द्र संस्कृत विश्व विद्यालयका प्राध्यापकज्यूहरू, सर्व श्री नवीनराय चौधरी, लेखक गोवर्धनबहादुर कार्की, वैकुण्ठनाथ खनाल, प्रा. शिवहरि मरहट्टा, लेखक नारायण प्रसाद शर्मा न्यौपाने, समरबहादुर, प्रा. वसन्तकुमार शर्मा नेपाल, चद्रि, विक्रम थापा, पशुपति सुधार समितिका सभापति देवीप्रसाद चापागाई, हरि मन्जु श्री, शिवराज उप्रेती, तुलाचन, सत्यानन्द, शम्भूप्रसाद अर्याल, मोहन विक्रम थापा, का. न. प. वाड नं. ८ का वडा अध्यक्ष सुवर्ण वैद्य, तथा का. न. प. का वडा अध्यक्ष र कार्यकर्ताहरू, भू. पू. अञ्चलाधीश टेकबहादुर रायमाझी, नेपाल आर्य समाजका प्रतिनिधिहरू, ने. सा. परिषद्का प्रतिनिधिहरू, आर्ष वाङ्मयका, संम्पादक, सल्लाहकार, सहयोगी र प्रतिनिधिहरू, भीष्म जिज्ञासु, बालप्रसाद शाही, देवीप्रसाद ढकाल तथा कवि शिवत्त ढकाल, लेखक समालोचक, सम्पादक डा. तुलसीप्रसाद भट्टराई, डा. प्रवीण रायमाझी, युवराज नयाँघरे, टङ्क सिद्धार्थ, तथा विविन्न पत्र-पत्रिकाका सम्पादकहरू, समालोचकहरू र विभिन्न जिल्लाबाट पाल्नु भएका विद्वान महानुभावहरू, वेद-वेदाङ्ग विद्याश्रमका गुरु तथा विद्यार्थीहरू र सोम आश्रमका गुरु तथा छात्रहरू समेत गरी शोक पुस्तिकामा हस्ताक्षर गर्नेमा पाँचसय छब्बिस जनाको उपस्थित थियो र छयानब्बे जनाले आ-आफ्ना भावनाहरू शोक सभामा व्यक्त गरेका थिए ।

सो सभाको कार्यक्रममा विभिन्न विद्वानहरूले आ-आफ्नो तर्फबाट शोकाकुल श्रद्धाञ्जलि अर्पण गर्नु भएको थियो र कार्यक्रमको अन्तमाः सभाका सभापति भू. पू. प्र. म. श्री लोकेन्द्र बहादुर चन्दज्यूले ने. सा. परिषद्, आर्ष वाङ्मय परिवार, वृ. आ. परिषद्का तर्फबाट अर्जुन विरक्तिको संयोजकत्वमा गरिएको स्मृति समारोहको महत्त्वप्रति धन्यवाद ज्ञापन गर्दै सभाको विसर्जन गर्नु भएको थियो ।

अन्त्यमा वैदिक स्वस्ति वाचन, शान्तिपाठ गरी शोक सन्तप्त परिवारहरूलाई सान्त्वना प्रदान गरिएको थियो ।

"सर्वं परवशं दुःखं सर्वमात्मवशं सुखम्
एतद् विद्यात् समासेन लक्षणं सुख-दुःख योः"

स्मृति समारोहको सारांश जानकारी यत्ति नै ।

प्रधान सम्पादक

आर्ष वाङ्मय

हाम्रो अनुभव भोगमै रहन्छ । वास्तविकता हामी भोग्दैनौं । भोगले हामीलाई भोग्दछ । हामी साधना तपस्या गर्दैनौं । पापले हामीलाई जलाइरहेको छ । हामी काल व्यतित गर्ने चिन्तन मात्र गर्छौं तर काल स्वयं हाम्रो लीला समाप्त गरी दिन्छ । अनेक तरहले हामी शरीरलाई जीर्ण र रोगयुक्त बनाई दुःख भोग्छौं । यसर्थ सन्मार्गमा चलिहालौं ।

अर्जुन विरक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्ष वाङ्मयको विज्ञापन दर

अन्तिम बाहिरी पृष्ठ–		पूरा	–	७०००।–
दोस्रो कभर	"	"	–	५०००।–
" "	"	आधा	–	३०००।–
तेस्रो "	"	पूरा	–	४०००।–
" "	"	आधा	–	२५००।–
भित्री "	"	पूरा	–	२०००।–
" "	"	आधा	–	१५००।–
" "	"	चौथाई	–	१०००।–

"वेद पुराण शास्त्रको खोजिमा जीवन लीला पनि साथै रहने हुँदा पालनाको पहिलो सिंढिनै श्रेष्टतम मार्ग हुनेछ। कौतुहल र जिज्ञासामात्र निर्णायक सार बन्दैन। संसय गरे पनि नगरे पनि आखिर नाश अवश्यं भावी छ। आ-आफ्ना बुद्धि र तर्कमा अलमलिनु भन्दा आफ्नो बुद्धि र विवेक पूर्वक सत्मार्गमा कर्तव्य पालना गर्नु श्रेष्टतम उपाय हुन्छ।"

–भीष्म जिज्ञासु

९२८०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्ष वाङ्मय

त्रिवेणीका महत्त्वपूर्ण प्रकाशोन्मुख कृतिहरू:-

१. राजमुकुटको रोशनी (वैदिक एवं आध्यात्मिक महत्त्व र दर्शनमा मुकुट सम्बन्धी प्राचीनता आदि तथ्य)

२. शान्ति सन्देश र विश्व भावना (शान्ति दर्शन र विवेचना)

३. नेपाली, कला, संस्कृति र संस्कार (प्रारम्भिक दर्शन)

४. जन्मोत्सवको महत्त्वमा आध्यात्मिक तथ्य र परम्परा (आध्यात्मिक दर्शन र प्रारम्भिक ज्ञान)

५. हाम्रो राष्ट्र र राष्ट्रियता (ऐतिहासिक तथ्य र रहस्यमय दर्शन)

६. राजतन्त्र, राजसंस्था र सूत्रवत् विधान (पौराणिक महत्त्व र विश्लेषणात्मक रश्मि)

७. ऋषि, महर्षि, देवर्षि र हिन्दु अधिराज्य नेपाल (ऐतिहासिक महत्त्व र आध्यात्मिक तथ्य)

८. दैवी वरदान र राजसंस्था (वैदिक एवं आध्यात्मिक महत्त्व)

९. युवराजाधिराज, पृथुलाधीश, राज्याभिषेक र राज्यारोहण (प्राचीन एवं आध्यात्मिक दर्शन)

१०. वैदिक ध्वजः राजतिलक, राजचिह्न, सिंहासन र राजदण्ड (वैदिक, आध्यात्मिक, लौकिक एवं धार्मिक महत्त्व)

वृहद् विशेषाङ्कको प्रतीक्षा गर्नुहोला ।

हिन्दु संस्कारमा राजा-वेदमाराजा र युवराजाधिराज, पृथुलाधीश, सम्बन्धी आदि आर्षत्व तथ्यले परिपूर्ण विशेषाङ्क पाठक समक्ष आउँदै छ ।

—आर्षवाङ्मय "त्रिवेणी"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एष सर्वेश्वर एष सर्वज्ञ एषोन्तर्याम्येष
योनि : सर्वस्य प्रभवाप्ययौ हि भूतानाम्।

चैतन्य स्वरूप यो आत्मा, आध्यात्मिक आधिदैविक आधिभौतिक सबै भेदहरूको, ईश्वर छ। यही आत्मा सबै अवस्था भेदलाई जान्ने हुनाले सर्वज्ञ छ। यो आत्मा भित्र रही सबै प्राणीको नियन्ता हुनाले अन्तर्यामी छ। यो आत्मा सबै जगत्को कारण छ। यसैले सारा प्राणीहरूको उत्पत्तिको कारण र प्रलयको पनि कारण यही आत्मा छ।

This is the Lord of all. This is omniscient. This is the controller within. This is source of all, the origin and the dissolution of beings.

अयमात्मेदं शरीरं निहत्याविद्यां गमयि -
त्वान्यमाक्रममाक्रम्यात्मानभुपसंहरति।

यो आत्माले यस शरीरलाई नाश गरी अविद्या (अज्ञान) मा पारी अर्को आश्रय लिएर आफूलाई सार्दछ।

The Self, throwing away this body and making it senseless, takes hold of another approach and draws himself to that (body).

अयमात्मेदं शरीरं निहत्याविद्यां गमयि -
त्वान्यन्नवतरं कल्याणतरं रूपं कुरुते।

यो आत्माले यस शरीरलाई नाश गरी अचेतन गराई अरू नयाँ बढी कल्याण रूप रचना गर्दछ।

This Self, throwing away this body and making it senseless, makes another newer and better form.

आर्ष वाङ्मय विशेषाङ्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu